*२०७८ मंसिर ४ दशौं गाउँसभाबाट स्वीकृत*

# नौकुण्ड गाउँपालिका

## प्रथम आवधिक योजना

## (२०७८/७९- २०८२/८३)



## नौकुण्ड गाउँपालिकाको कार्यालय

**सरमथली**

**रसुवा**

**बागमती प्रदेश**

**मङसिर, २०७८**

# कृतज्ञता ज्ञापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यस गाउँपालिकाले पहिलो पञ्चवर्षीय आवधिक योजना तर्जुमा गरी सार्वजनिक गर्न पाएकोमा गौरवान्वित महसुस भएको छ । नेपालको संविधानमा व्यवस्था भएबमोजिम स्थानीयतहको कार्यजिम्मेवारी र स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था भएको कार्यक्षेत्र, पन्ध्रौं योजना, बागमती प्रदेशको प्रथम आवधिक योजना, दिगो विकासका राष्ट्रिय लक्ष्यलाई तथा विषयगत एवं अन्तरसम्बन्धित विषय क्षेत्रलाई आधारमा लिई स्थानीयकरण गर्ने कार्यका साथै सान्दर्भिक विषयलाई आधारमा लिँदै यो योजना तर्जुमा गरिएको छ । राष्ट्रिय योजना आयोगबाट स्थानीय तहको लागि जारी भएको योजना तर्जुमा दिग्दर्शन, २०७५ (नमुना) मा उल्लिखित निर्दिष्ट प्रक्रिया अवलम्बन गरी यो योजना तयार गरिएको छ ।

**योजनाबद्ध विकासद्वारा** नौकुण्डवासीको समष्टिगत आर्थिक र सामाजिक जीवनस्तर सुधारका लागि आर्थिक वर्ष २०७८/७९ देखि २०८२/८३ सम्मका लागि प्रथम पञ्चवर्षीय आवधिक गाउँपालिकाको योजना तर्जुमा गरी कार्यान्वयन गर्ने **प्रतिबद्धता** समेत व्यक्त गरिएको छ।

आवधिक योजना तर्जुमाका विभिन्न चरणमा गाउँ कार्यपालिकाका उपाध्यक्ष श्री सिर्जना लामा, सबै वडाका अध्यक्षज्यूहरू लगायत सबै कार्यपालिका सदस्यज्यूहरू, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरू, गाउँ सभाका सदस्य, शिक्षक, **बुद्धिजीवी** एव अन्तर्राष्ट्रिय र राष्ट्रिय गैरसरकारी, निजी र सहकारी क्षेत्र, विभिन्न संघ-संस्थाहरू एवं नागरिक समाजका प्रतिनिधिको सक्रिय सहभागिता, सुझाव र योगदानका लागि आभार व्यक्त गर्दछु । यसैगरी आवधिक योजना तर्जुमामा महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्नु हुने प्रमुख प्रशासकीय अधिकृत श्री नेत्रराज गिरी तथा योजना तर्जुमामा संयोजन गर्नु हुने योजना शाखा प्रमुख श्री बिष्णु कुमार अधिकारी तथा सूचना शाखाका प्रमुख श्री सुमित कुमार संग्रौला लगायत गाउँपालिकाका सबै शाखा प्रमुख एवं समस्त कर्मचारीप्रति हार्दिक धन्यवाद प्रकट गर्दछु ।

यस महत्वपूर्ण कार्यमा सहयोग प्रदान गरेर स्थानीयतहको विकास प्रयासमा योगदान पुऱ्याउनु भएकोमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, बागमती प्रदेश नीति योजना आयोगका पदाधिकारीज्यूहरू तथा विज्ञ, पूर्णिमा परियोजना (Mott MacDonald) का सिनियर गभर्नेन्स मेनेजर श्री सन्तोष विष्ट, श्रीमती सीमा रजौरिया, परियोजनाका क्षमता विकास विशेषज्ञ श्री सरोज श्रेष्ट, योजना सल्लाहकार श्री गेहेन्द्र बम र इन्जिनियर श्री पवन डंगोल र अन्य विज्ञहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । यसै गरी गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्न विशेषज्ञ सेवा प्रदान गर्ने सेमिड नेपाल (CEMID Nepal) सबै विज्ञहरूलाई लाई विशेष धन्यवाद दिन चाहन्छु ।

अन्तमा यस गाउँपालिकाले तर्जुमा गरेको आवधिक विकास योजना कार्यान्वयनमा सबै क्षेत्र, समुदाय, निकाय तथा साझेदारहरूका सद्भाव, सहयोग र क्रियाशीलताको अपेक्षा गरेको छु ।

मङसिर, २०७८

**(नुर्बु स्याङबो घले)**
अध्यक्ष
नौकुण्ड गाउँपालिका

# धन्यवाद ज्ञापन

नौकुण्ड गाउँपालिका रसुवा जिल्लाको दक्षिण पूर्वमा अवस्थित छ। आफ्नै वेशभूषा, भाषा संस्कृति रहनसहन, रीतिरिवाज यहाँका मौलिक पहिचान हुन्। लाङटाङ राष्ट्रिय निकुन्ज लगायतका दशौं खोला नालाहरू, बहुमूल्य औषधीजन्य जडीबुटीहरू, मनोरम प्राकृतिक स्थानहरू, सुन्दर विभिन्न जंगली जनावरहरूले गर्दा यस क्षेत्रलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नका लागि ठूलो सम्भावना बोकेको छ। सीमित श्रोत साधन, अल्पकालीन सोच, भौगोलिक विकटता, नेतृत्वमा अनुभवको कमी लगायत यावत कारणले गाउँपालिकाको विकास कछुवाको गतिमा बढी रहेको अवस्थामा नौकुण्ड गाउँपालिकालाई आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक तथा पर्यटकीय रूपमा रुपान्तरण गरी समृद्ध नौकुण्ड निर्माण गर्ने दीर्घकालीन सपना सहित नौकुण्ड गाउँपालिकाको प्रथम पञ्चवर्षीय आवधिक गाउँ विकास योजना तयार भई कार्यान्वयनको चरणमा रहेको छ।

नौकुण्ड गाउँपालिकालाई विकसित गाउँपालिका बनाउनका लागि आधार योजनाको रूपमा यो योजना आर्थिक वर्ष २०७८/०७९ देखि २०८२/०८३ सम्म **"सुन्दर, सुखी, सुरक्षित - सुसंस्कृत र समृद्ध, नौकुण्ड"** भन्ने दीर्घकालीन सोच सहित तयार गरिएको छ। यसले नौकुण्ड गाउँपालिकाको इतिहासमा **योजनाबद्ध** विकासको थालनीको प्रयास गर्नेछ। आगामी दिनहरूमा पनि हामी यसकै जगमा रहेर कार्य सञ्चालन गर्नेछौं ।

यस महत्वपूर्ण कार्यको अभिभावकत्व प्रदान गर्ने यस गाउँपालिकाका अध्यक्ष नुर्बु स्याङबो घलेज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु। यस क्रममा सक्रिय सहभागिता जनाई सहयोग गर्नु हुने गाउँ सभाका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरू, कार्यपालिकाका सदस्यज्यूहरू, गाउँपालिकामा कार्यरत कर्मचारीहरू, **बुद्धिजीवी**, शिक्षक, राजनीतिक दलका प्रतिनिधिहरू, सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरू, स्थानीय क्लब, आमा समूह, महिला समूह लगायत सरोकारवाला सबैलाई धन्यबाद दिन चाहन्छु। यस महत्वपूर्ण कार्यमा स्थानीय सरकारको विकास प्रयासमा सहयोग गर्ने एफ.सि.डि.ओ/मट-म्याक डोनाल्ड पूर्णिमा कार्यक्रम र यससँग सम्बद्ध वरिष्ठ सुशासन व्यवस्थापक, योजना सल्लाहकार र इन्जिनियरप्रति हार्दिक आभार व्यक्त गर्दछु। यसै गरी गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्दा विशेषज्ञ सेवा प्रदान गर्ने सेमिड नेपाल र सम्बद्ध टिमलाई विशेष धन्यवाद दिन चाहन्छु। अन्तमा यस आवधिक योजनाको कार्यान्वयनको चरणमा यहाँहरू सबैको सकारात्मक सहयोग रहनेछ भन्ने विश्वास लिएको छु।

धन्यवाद ।

मङसिर, २०७८

(सिर्जना लामा)
उपाध्यक्ष
नौकुण्ड गाउँपालिका

# आभार ज्ञापन

रसुवा जिल्लाको दक्षिण पूर्वमा अवस्थित नुवाकोट तथा सिन्धुपाल्चोक जिल्ला सँग सिमाना जोडिएको नौकुण्ड गाउँपालिका भौगोलिक रूपमा निकै नै सुन्दर र रमणिय गाउँपालिका हो। हाल पक्की सडक संजालले जोडिने अवस्थामा रहेको र जिल्ला सदरमुकामबाट ४ देखि ५ घण्टाको यातायात दुरीमा गाउँपालिकाको केन्द्र र अन्य वडाहरूमा पुग्न सकिन्छ। लामा, तामाङ, घले जातीको बाहुल्यता रहेको यस गाउँपालिकामा धार्मिक रूपमा हिन्दु, बुद्ध धर्मालम्बीहरूको बाहुल्यता रहेको छ। नौकुण्डका तालहरू, झरना, वनस्पति र वनजन्तुको प्राकृतिक सौन्दर्य सहित लाङटाङ राष्ट्रिय निकुञ्जका साथै पैदल मार्गका कारण पर्यटकीय हिसाबले महत्वपूर्ण मानिए तापनि यसको व्यापक प्रचार प्रसार हुन सकिरहेको अवस्था छैन। यसका साथै सामाजिक रूपमा पछाडी परेको, आर्थिक रूपमा कमजोर, राजनीतिक रूपमा केन्द्र सरकारसम्म पहँुचको कमी, सांस्कृतिक रूपमा पछौटेपनका कारण विकासको दृष्टिकोणमा यो गाउँपालिका अलि पछाडि नै छ। यी यावत कुराहरूलाई मध्यनजर गर्दै गाउँपालिकाको समग्र विकास र समृद्धिका लागि दीर्घकालीन परिकल्पना **"सुन्दर, सुखी, सुरक्षित - सुसंस्कृत र समृद्ध नौकुण्ड"** को सपना साकार पार्नका लागि आ.व. ०७८/०७९ देखि ०८२/०८३ सम्म कार्यान्वयन गर्ने गरी प्रथम पञ्चवर्षीय आवधिक गाउँ विकास योजना तयार गरी विकासको प्रतिफल नागरिकसम्म पुर्‍याउने प्रयासको थालनी गरिएको छ।

नेपालको संविधानले स्थानीय तहलाई संविधान र कानुन बमोजिम राज्य शक्तिको प्रयोग गर्ने अधिकार प्रदान गरेको छ। यस अनुसार स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहको आफ्नो क्षेत्रको विकासका लागि आवद्यिक, वार्षिक, रणनैतिक र विषय क्षेत्रगत योजनाहरू तर्जुमा गरी लागु गर्नुपर्ने भनी उल्लेख गरिए बमोजिम नौकुण्ड गाउँपालिकाको प्रथम पञ्चवर्षीय आवधिक गाउँ विकास योजना निर्माण गरिएको हो। दक्ष जनशक्तिको अभाव, स्रोत साधनको कमी, प्रविधिको पहुँचमा कमी, भौगोलिक कठिनाइका बाबजुद पनि गाउँपालिकालाई समृद्धिको बाटो हिँडाउनका लागि आवधिक योजना तयार गर्न पाउँदा मैले आफैलाई भाग्यमानी ठानेको छु र गौरवान्वित महसुस गरेको छु।

आवधिक योजनाको तयारी चरणदेखि दस्तावेजीकरणसम्म अभिभावकत्व प्रदान गर्ने यस गाउँपालिकाका अध्यक्ष नुर्बु स्याङ्बो घले र उपाध्यक्ष सिर्जना लामाज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु। यस क्रममा सक्रिय सहभागीता जनाई सहयोग गर्नुहुने गाउँ सभाका सदस्यहरू, वडा अध्यक्षज्यूहरू, कार्यपालिकाका सदस्यज्यूहरू, गाउँपालिकामा कार्यरत कर्मचारी साथीहरू, राजनीतिक दलका प्रतिनिधिहरू, सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरू, स्थानीय क्लब, आमा समूह, महिला समूह लगायत सरोकारवाला सबैलाई धन्यवाद दिन चाहन्छु। यस

महत्वपूर्ण कार्यमा स्थानीय सरकारको विकास प्रयासमा सहयोग गर्ने एफ.सि.डि.ओ./मट-म्याक डोनाल्ड पूर्णिमा कार्यक्रम र यससँग सम्बद्ध वरिष्ठ सुशासन व्यवस्थापक, योजना सल्लाहकार र इन्जिनियरप्रति हार्दिक आभार व्यक्त गर्दछु। यसै गरी गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्दा विशेषज्ञ सेवा प्रदान गर्ने सेमिड नेपाल र सम्बद्ध टिमलाई विशेष आभार व्यक्त गर्न चाहन्छु।

अन्तमा, यस आवधिक योजनाको सोचलाई सार्थक तुल्याउन र आवधिक योजनाको शतप्रतिशत लक्ष्य प्राप्त गर्नका लागि यस योजनाको कार्यान्वयनको चरणमा यहाँहरू सबैको तह र तप्काबाट सहयोग, सदभाव, सुझाव र समन्वयको अपेक्षा गर्दछु।

धन्यवाद।

नेत्रराज गिरी

कार्तिक, २०७८

प्रमुख प्रशासकीय अधिकृत

# विषयसूची


| क्र.सं. | शीर्षक | पेज नम्बर |
|---|---|---|
| **१.** | **परिच्छेद - १ : परिचय** | **१** |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | आवधिक योजना तर्जुमाको उद्देश्य | १ |
| १.३ | आवधिक योजना तर्जुमाको विधि र प्रक्रिया | २ |
| १.४ | योजना तर्जुमाका आधारहरू | ५ |
| १.५ | हालसम्मको विकास समीक्षा | ५ |
| १.६ | सीमाहरू | १० |
| **२.** | **परिच्छेद - २ : गाउँपालिकाको वस्तुगत अवस्था** | **११** |
| २.१ | परिचय | ११ |
| २.२ | भौगोलिक अवस्था | ११ |
| २.३ | जनसंख्या | १२ |
| २.४ | जीवनस्तर | १२ |
| २.५ | आर्थिक अवस्था | १२ |
| २.६ | भौतिक पूर्वाधार | १४ |
| २.७ | सामाजिक क्षेत्र | १४ |
| २.८ | वन तथा वातावरण | १५ |
| २.९ | संस्थागत सुशासन | १५ |

**खण्ड - एक : आवधिक योजना तर्जुमा**

| | | |
|---|---|---|
| **३.** | **परिच्छेद - ३ : दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य** | **१६** |
| ३.१ | पृष्ठभूमि | १६ |
| ३.२ | सबल, कमजोर पक्ष तथा अवसर र चुनौती विश्लेषण | १६ |
| ३.३ | दीर्घकालीन सोच | १९ |
| ३.४ | समष्टिगत लक्ष्य | १९ |
| ३.५ | समष्टिगत परिमाणात्मक लक्ष्य | २० |
| ३.६ | समष्टिगत उद्देश्य | २० |
| ३.७ | समष्टिगत रणनीति | २१ |
| ३.८ | विकासमा क्षेत्रगत भूमिका | २१ |
| **४.** | **परिच्छेद - ४ : समष्टिगत आर्थिक नीति** | **२४** |
| ४.१ | कुल गार्हस्थ उत्पादन र क्षेत्रगत योगदान | २४ |

| | | | |
|---|---|---|---|
| | ४.२ | कुल गार्हस्थ उत्पादनको मूल्य अभिवृद्धि र लगानी | २५ |
| | ४.३ | स्रोत साधनको अनुमान | २६ |
| | ४.४ | सार्वजनिक खर्च | २७ |
| | ४.५ | सार्वजनिक खर्च बेहोर्ने स्रोतहरू | २९ |
| **५.** | **परिच्छेद - ५ : आर्थिक विकास** | | **३२** |
| | ५.१ | पृष्ठभूमि | ३२ |
| | ५.२ | समष्टिगत आर्थिक विकास | ३२ |
| | ५.३ | कृषि तथा पशुपालन | ३३ |
| | ५.४ | पर्यटन तथा संस्कृति | ४० |
| | ५.५ | उद्योग, व्यापार तथा व्यवसाय | ४३ |
| | ५.६ | वित्तीय तथा सहकारी क्षेत्र | ४८ |
| | ५.७ | श्रम, रोजगारी तथा सुरक्षित आप्रवासन | ५१ |
| **६.** | **परिच्छेद - ६ : सामाजिक विकास** | | **५५** |
| | ६.१ | शिक्षा | ५५ |
| | ६.२ | आधारभूत स्वास्थ्य र पोषण | ६२ |
| | ६.३ | लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा लक्षित वर्ग | ६७ |
| | ६.४ | युवा तथा खेलकुद | ७२ |
| **७.** | **परिच्छेद - ७ : पूर्वाधार विकास** | | **७६** |
| | ७.१ | यातायात | ७६ |
| | ७.२ | आवास, भवन तथा बस्ती विकास | ८० |
| | ७.३ | सिंचाइ तथा नदी नियन्त्रण | ८३ |
| | ७.४ | विद्युत् तथा वैकल्पिक ऊर्जा | ८६ |
| | ७.५ | सूचना तथा सञ्चार प्रविधि | ८९ |
| | ७.६ | खानेपानी तथा सरसफाइ | ९३ |
| **८.** | **परिच्छेद - ८ : वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन** | | **९६** |
| | ८.१ | वन, वातावरण, जैविक विविधता तथा फोहरमैला व्यवस्थापन | ९६ |
| | ८.२ | जलवायु परिवर्तन र विपद् व्यवस्थापन | १०२ |
| **९.** | **परिच्छेद - ९ : सुशासन तथा संस्थागत विकास** | | **१०६** |
| | ९.१ | सुशासन तथा संस्थागत विकास | १०६ |
| | ९.२ | तथ्याङ्क तथा योजना | ११३ |
| | ९.३ | अनुगमन तथा मूल्याङ्कन | ११७ |
| | ९.४ | आन्तरिक राजस्व परिचालन | १२४ |

**१०. परिच्छेद - १० : नतिजा खाका** **१३१**
१०.१ पृष्ठभूमि १३१
१०.२ विषयगत तर्कबद्ध खाका १३२
१०.३ विषयगत तर्कबद्ध खाका १३४

## खण्ड - दुई : पुनरुत्थान योजना

१. पृष्ठभूमि १६५
२. वस्तुगत अवस्था १६५
३. प्रमुख समस्या १६६
४. अवसर र चुनौती १६६
५. लक्ष्य १६७
६. उद्देश्य १६७
७. रणनीति १६७
८. कार्यनीति १६७
९. प्रमुख कार्यक्रमहरू १६९
१०. अपेक्षित उपलब्धि १६९

## खण्ड - तीन : मध्यकालीन खर्च संरचना

३.१ परिचय १७०
३.२ मध्यकालीन खर्च संरचनाको सोच, लक्ष्य, उद्देश्य तथा रणनीति १७१
३.३ वित्तीय व्यवस्था १७२

## अनुसूचीहरू

अनुसूची १ गाउँपालिका स्तरमा आवधिक गाउँ विकास योजना तर्जुमाका लागि पूर्व तयारी गोष्ठी १९१
अनुसूची २ गाउँ/नगरपालिकाको पार्श्र्वचित्र/आवधिक योजना तयारीको लागि आवश्यक तथ्यांक संकलन दुई दिने अभिमुखीकरण/तालिम कार्यक्रममा उपस्थित सहभागीहरूको विवरण १९२
अनुसूची ३ गाउँपालिका स्तरमा आवधिक गाउँ विकास योजना तर्जुमाका लागि विद्युतीय माध्यमबाट संस्थागत तथ्यांक संकलन एवं फोकस ग्रुप छलफल कार्यक्रम १९४
अनुसूची ४ गाउँ विकास योजना तथा वस्तुगत विवरण सम्बन्धी जिल्लास्तर सुझाव संकलन तथा अन्तरक्रिया कार्यक्रम १९६
अनुसूची ५ गाउँपालिका स्तरमा दुई दिने प्रथम आवधिक योजना तर्जुमा दीर्घकालीन सोच निर्धारण तथा योजना तर्जुमा सम्बन्धी कार्यशाला गोष्ठी १९८

| | | |
|---|---|---|
| अनुसूची ६ | विषयगत समिति अनुसार आवधिक विकास योजना तर्जुमा कार्य<br>विषयगत समितिबाट योजना तर्जुमा कार्यमा उपस्थित सहभागीहरूको विवरण | २०० |
| अनुसूची ७ | आवधिक योजना तर्जुमासँग सम्बन्धित उपस्थित सहभागीको दृश्यहरू | २०२ |
| अनुसूची ८ | नौकुण्ड गाउँपालिकाको आवधिक विकास योजना तर्जुमाका क्रममा सम्पन्न चरणहरू | २०९ |
| अनुसूची ९ | परियोजना बैंक | २१० |
| अनुसूची ९क | स्थानीय क्षेत्रगत योजना | २१२ |

## तालिका विवरण

| क्र.सं. | विवरण | पेज नम्बर |
|---|---|---|
| तालिका २.१ | गाउँपालिकाको संक्षिप्त जानकारी | ११ |
| तालिका ४.१ | कुल गार्हस्थ उत्पादन | २४ |
| तालिका ४.२ | कुल गार्हस्थ उत्पादनमा वृद्धि प्रतिशत | २४ |
| तालिका ४.३ | कुल गार्हस्थ उत्पादनमा क्षेत्रगत योगदान प्रतिशत | २५ |
| तालिका ४.४ | मूल्य अभिवृद्धि | २५ |
| तालिका ४.५ | योजनामा आवश्यक लगानी | २६ |
| तालिका ४.६ | विभिन्न क्षेत्रको लगानी | २६ |
| तालिका ४.७ | सार्वजनिक खर्च | २८ |
| तालिका ४.८ | सार्वजनिक खर्च बेहोर्ने स्रोतहरू | ३० |
| तालिका ९.४.१ | आन्तरिक राजस्वको प्रक्षेपण | १२९ |

## ग्राफचित्र विवरण

| क्र.सं. | विवरण | पेज नम्बर |
|---|---|---|
| चित्र २.१ | गाउँपालिकाको प्रशासनिक विभाजन | ११ |
| चित्र ४.१ | बजेट खर्च | २७ |
| चित्र ४.२ | विकास खर्चको क्षेत्रगत खर्च | २८ |
| चित्र ४.३ | सार्वजनिक खर्चको स्रोत | ३१ |

# परिच्छेद- १

# प्रारम्भिक

## १.१ पृष्ठभूमि

नेपालको संविधानले राज्यको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहमा रहने व्यवस्था गरेको छ। २०७४ सालमा सम्पन्न निर्वाचनपश्चात् जननिर्वाचित प्रतिनिधि संविधानबाट परिलक्षित दिगो शान्ति, सुशासन, विकास र समृध्दिको आकांक्षा पूरा गर्न तीनवटै तहमा क्रियाशील रहेका छन्। राज्यका तीनवटै तहले संविधान र कानुन बमोजिम एकल तथा साझा अधिकारको प्रयोग गर्न पाउनुका साथै आ-आफ्नो क्षेत्रमा कानून तथा बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार र कार्यान्वयन गर्ने, संविधान प्रदत्त मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व एवं अन्तरराष्ट्रिय **प्रतिबद्धतानु**रूप दिगो विकासको लक्ष्यलाई पनि स्थानीयकरण गर्नुपर्ने व्यवस्था रहेको छ।

यसै सिलसिलामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले "गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा **विकासका** लागि आवधिक विकास योजना बनाई लागू गर्नुपर्ने" व्यवस्था गर्नुका साथै यसरी योजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य र प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समवेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने विषय समेत निर्देशित गरेको छ।

आवधिक योजना तर्जुमाका सिलसिलामा, राष्ट्रिय योजना आयोगले जारी गरेको योजना तर्जुमा दिग्दर्शन (नमुना), २०७५, पन्ध्रौं योजना र बागमती प्रदेशको प्रथम आवधिक योजनाको मूलभूत पक्षलाई समेत सन्दर्भमा राखी नौकुण्ड गाउँपालिकाले सरोकारवालाको सहभगितामा यो आवधिक विकास योजना (२०७८/७९- २०८२/८३) तर्जुमा गरेको छ।

## १.२ आवधिक योजना तर्जुमाको उद्देश्य

"**समृद्ध नेपाल सुखी नेपाली**" को राष्ट्रिय तथा "**स्वस्थ, सुसंस्कृत र सुखी जनता र समाजवाद उन्मुख समृद्ध प्रदेश**" भन्ने बागमती प्रदेशको सोचलाई योजनाबद्ध, दिगो एवं विवेकपूर्ण रूपमा स्थानीयकरण गर्नु, गाउँपालिकामा प्राप्त हुने विभिन्न आयस्रोतलाई चरणबद्ध रूपमा परिचालित गर्दै नौकुण्डवासीको आर्थिक तथा सामाजिक जीवनस्तरमा सुधार ल्याउनु, विकास प्रक्रियालाई संस्थागत गर्दै "**सुन्दर, सुखी, समृद्ध, सुरक्षित र सुसंस्कृत नौकुण्ड**" को दीर्घकालीन सोच हासिल गर्नु यस आवधिक योजनाको प्रमुख उद्देश्य रहेको छ।

### १.३ आवधिक गाउँपालिका विकास योजना तर्जुमाको विधि र प्रक्रिया

गाउँपालिकाको आवधिक विकास योजना तर्जुमा गर्दा देहायका चरणमा निम्न विधि र प्रक्रिया अवलम्बन गरिएको छ:

**१. प्रारम्भिक चरण**

**क) मन्त्रालय र प्रदेशसँग समन्वय बैठक:** योजना तर्जुमाका सिलसिलामा बागमती प्रदेश सरकार र संघीय सरकारसँग विभिन्न चरणमा छलफल गरिएको थियो।यसै सन्दर्भमा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका योजना तथा वैदेशिक सहयोग समन्वय महाशाखा प्रमुख सँग मंत्रालयमा मिति २०७७।१०।२० गते तथा प्रदेश नीति तथा योजना आयोगका बिज्ञ र प्रदेश सुशासन केन्द्रका कार्यकारी निर्देशक, निर्देशक तथा विषय विज्ञसँग २०७७।१०।२८ गतेका दिन बागमती प्रदेश सुशासन केन्द्र (PCGG) मा बैठक बसेको थियो। उक्त बैठकहरूमा आवधिक योजना तर्जुमा गर्दा निम्न विषयमा विशेष ध्यान पुरयाउने निर्देशन प्राप्त भएको थियो;

अ) आवधिक योजनालाई spatial बनाउने र प्राथमिकता प्राप्त रुपान्तरणकारी कार्यक्रम/ योजनामा स्रोत साधनलाई सके सम्म केन्द्रित गरी लगानी गर्ने,

आ) मध्यकालीन खर्च संरचना (MTEF) खाका समेत तयार गरी वार्षिक योजना र आवधिक योजना बीच तालमेल मिलाउने व्यवस्था गर्ने,

इ) दिगो विकासका लक्ष्यहरूलाई स्थानीयकरण गरी योजनामा प्रतिबिम्बित गर्ने,

ई) आवधिक योजनाले लिइएका लक्ष्य र उद्देश्य हासिल हुने गरी वार्षिक योजना तर्जुमा गर्ने व्यवस्था मिलाउने,

उ) प्रदेश नीति तथा योजना आयोगले जिल्लास्तरीय र प्रादेशिक विषयक्षेत्रगत कार्यालयहरूसँग समन्वय स्थापनामा सहजीकरण गर्ने र आवस्यक अध्ययन सामग्री उपलब्ध गराउन सहयोग पुर्याउने ।

**ख) गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीसँग परिचयात्मक कार्यक्रम:** आवधिक योजना तर्जुमा गर्ने कार्यको औपचारिक थालनी गर्न मिति २०७७।१०।२५ गतेका दिन गाउँपालिकाका पदाधिकारीहरू तथा कर्मचारीसँग परिचयात्मक कार्यक्रम गाउँपालिकाको कार्यालयमा आयोजन गरिएको थियो। उक्त कार्यक्रम पश्चात योजना तर्जुमा प्रकयालाई सहजीकरण गर्न सम्पर्क व्यक्ति तोकिनका साथै स्थानीय तह योजना तर्जुमा दिग्दर्शन (नमूना) बमोजिम निर्देशक समिति, विषयक्षेत्रगत समिति पाँचवटा र प्राविधिक समितिको गठन गर्ने निर्णय गरिएको थियो । यसैगरी यस पालिकाको बस्तुगत विवरणलाई अध्याविधिक गर्ने निणय हुनका साथै योजना शाखा प्रमुख र सूचना प्रविधि शाखा प्रमुखलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तयार गरिएको सफ्टवेयर एप (Ko BO Collect) को प्रयोग सम्बन्धी तालिम तालिम समेत प्रदान गरिएको थियो । तालिममा संघीय मामिला तथा सामान्य प्रशासन मंत्रालय (MoFAGA) का **सम्बद्ध** पदाधिकारी र प्रादेशिक तथा स्थानीय शासन सुदृढिकरण कार्यक्रम

(PLGSP) प्राविधिक टीम एवं CEMID-NEPAL का विज्ञहरूले प्रशिक्षण दिनु भएको थियो।**(उपस्थिति अनुसूची १ मा छ)**

२. **गाउँपालिका स्तरमा आवधिक गाउँविकास योजना तर्जुमाका लागि विद्युतीय माध्यमबाट सस्थागत तथ्यांक संकलन अभिमुखीकरण एंव फोकस ग्रुप छलफल कार्यक्रम चरण**

अ) CEMID-N का सबै विषय विज्ञहरूलाई २०७७।१२।2 गते देखि 3 गाउँपालिकाका वडा, वस्तिमा रहेका विभिन्न मुख्य जानकार व्यक्ति (key informants), जिल्लास्थित जिल्ला/प्रदेशस्तरिय कार्यालयहरू र गाउँ/नगरपालिकाका पदाधिकारीसँग अन्तरक्रिया गरी व्दितीय तहको (secondary data/information) र अन्य विबरण संकलन गरिएको थियो। **(उपस्थिति अनुसूची २ मा छ)**

आ) जिल्ला प्रदेश स्तरीय कार्यालय संगको अन्तरक्रिया: यसै सिलसिलामा नौकुण्ड गाउँपालिका र प्रदेश नीति तथा योजना आयोगले सहजीकरण गरी २०७७।१२.०4 गते रसुवाको धुन्चेमा जिल्लास्तरीय/ प्रदेशस्तरीय कार्यालयहरूसँग सूचना आदान प्रदान सम्बन्धी बैठक आयोजन गरिएको थियो। उक्त बैठकमा सम्बन्धित पालिकाकाका जिम्मेवार निर्वाचित पदाधिकारी र पुर्णिमा कार्यकार्यक्रमका योजना सल्लाहकार र बरिष्ट क्षमता विकास विशेषज्ञ, नुवाकोटको समेत उपस्थिति रहेको थियो।**(उपस्थिति अनुसूची ३ मा छ)**

इ) **वस्तुगत विवरण अध्ययन र पृष्टपोषण**: नौकुण्ड गाउँपालिकाले तयार गरेको वस्तुगत विवरणको अध्ययन गरी त्यसमा देखिएका सूचना र तथ्यांक अध्यावधिक गर्न बुँदागत रूपमा सुझाव सम्बन्धित गाउँपालिकामा पठाइ अनुरोध गरिएको थियो।

ई) **जानकार व्यक्तिसँगको छलफल (KII&FGD)**: द्‌वितीय तहको सूचना र तथ्यांक बिज्ञहरूले समेत २०७७।१२।०१ देखि २०७७।१२।०३ सम्म गाउँपालिका विभिन्न वडा र वस्तिमा समेत गई जानकार व्यक्तिहरूसँग छलफल गर्नु भएको थियो र अन्य उपलब्ध दस्तावेज समेत संकलन गरिएको थियो।

३. **योजना तर्जुमा चरण**

**दीर्घकालीनसोच तथा योजना तर्जुमा कार्यशालाको आयोजना**

अ) मिति २०७८.५.८ र ९ गते नौकुण्ड गाउँपालिकामा सोच कार्यशालाको आयोजना गरिएको थियो। जसमा 40 जना सहभागी/पदाधिकारीको उपस्थिति रहेको थियो। (उपस्थिति अनुसूची ४ मा) रहेको छ।

उक्त कार्यशाला दुई भागमा बाँडिएको थियो, पहिलो दिन औपचारिक शुभारम्भ सत्र पछि प्राविधिक सत्रमा वस्तुगत विवरण गाउँपालिकाबाट प्रस्तुत गरिएको थियो र त्यसमा छलफल पछि त्यसको पुष्टिकरण गर्दै नपुग भएको व्दितीयतहको छूट भएको सूचना तथा तथ्यांक समावेश गरी वस्तुगत विवरणमा अन्तिम रूप दिने गरी पारित गरिएको थियो।

आ) आवधिक योजना को अवधारणा, मध्यकानीन खर्च संरचना (MTEF), लैङ्गिक समानता र सामाजिक समाबेशीकरण (GESI) र पूर्वाधार सम्बन्धी विषय प्रस्तुत गरी छलफल गरिएको थियो।

इ) **दीर्घकालीन सोचको निर्धारण प्रक्रिया**: पहिलो दिनको अन्तिम सत्रमा सोचको अवधारणा र सहभागितामूलक विधिबाट सोच निर्धारण गर्ने तरिका प्रस्तुत गरिएको थियो। यस प्रक्रियामा सबै सहभागी लाई एक-एकवटा विचार मेटाकार्डमा लेखी प्रस्तुत गर्न अनुरोध गरिएको थियो। कार्ड संकलन पश्चात प्रतेक सहभागीका विचार संकलन गरी छलफल गरिएको थियो। छलफल पश्चात कार्डहरूलाई विभिन्न समूहमा छुट्ट्याई यी विचारहरूलाई संयोजन गरिएको थियो।

यसरी प्राप्त कार्डलाई सत्रका संयोजकज्यूको संयोजकत्वमा सात सदस्यीय कार्यदल गठन गरी अर्को दिनको विहान ८ बजे चारवटा सोच प्रस्तुत गर्न अनुरोध गर्दै पहिलो दिनको सत्र समापन भयो।

दोस्रो दिनको पहिलो सत्रमा कार्यदलका संयोजकज्युले विभिन्न चारवटा बिचार प्रस्तुत गरी मष्तिष्क मन्थन पश्चात, **"सुन्दर,सुखी, समृद्ध, सुरक्षित र सुसंस्कृत नौकुण्ड"** को सोच निर्धारण गरिएको थियो।

ई) समष्टिगत लक्ष्य र उद्‌देश्य निर्धारण: गाउँपालिकाको समष्टिगत लक्ष्य र उद्‌देश्य निर्धारण गर्ने तरिकाको अवधारणात्मक प्रस्तुति विज्ञबाट गरी नौकुण्ड गाउँपालिकाको ५ बर्षे लक्ष्य र उद्‌देश्य सबै सहभागिको संलग्नतामा (plenary session) बाटनै निर्धारण गरिएको गरिएको थियो। तत्पश्चात सबै सहभागिहरूलाई निम्न विषयक्षेत्रगतसमूहमा छलफल गर्न ५ वटा समूह गठन गरिएको थियो। समूहका सदस्यको उपस्थिति, तस्बीर तथा परिमार्जित कार्ययोजना अनुसूची ५ र 6 मा राखिएको छ।

- उक्त आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन, वातावरण विकास,सुशासन र संस्थागत विकास क्षेत्र गरी पाँच विषयक्षेत्रगत समितिले आ-आफ्नो विषयक्षेत्र/उपक्षेत्रले नै सबल, कमजोर पक्ष, अवसर र चुनौतीको बिश्लेषण समेत गर्ने । यसका साथै विषयक्षेत्र/उपक्षेत्रगत लक्ष्य, उद्‌देश्य,रणनिति, कार्यनीति, प्रमुखकार्यक्रम, पाँच वर्षको सूचकहरूको आधारमा लक्ष्य (target) र क्षेत्र/उपक्षेत्रगत बजेट समेत प्रस्तुत गर्ने गरि कार्य जिम्मेवारि तोकिएको थियो
- सबै समूहले तयार गरेको आ-आफ्नो समूहको प्रस्तुति plenary बाट अनुमोदन गरियो ।
- प्राविधिक सत्रको अन्त्यमा आवधिक गाउँपालिका विकास योजना तर्जुमा सम्बन्धी परिमार्जित कार्ययोजना (अनुसूची-७ ) समेत अद्यावधिक गरिएको थियो।
- अन्त्यमा कार्यशालामा सहभागी प्रतिनिधिहरू, वडा अध्यक्ष, गाउँपालिकाका उपाध्यक्ष, गाउँपालिकाका अध्यक्ष ज्यूबाट मन्तव्य सहित कार्यशालाको समापन गरिएको थियो।

**४.** आवधिक योजना तर्जुमाका प्रारम्भिक मस्यौदामा गाउँपालिकाबाट सुझाव तथा पृष्ठपोषण प्राप्त भएअनुसार योजना दस्तावेजमा सुधार गरी मिति ०७८।८।.. मा गाउँपालिकामा प्रस्तुत गरिएको

थियो । सो कार्यक्रममा प्राप्त सल्लाह र सुझावहरू समावेश गरी आवधिक योजनालाई अन्तिम स्वरूप प्रदान गरिएको छ ।

## १.४ योजना तर्जुमाका आधारहरू

नौकुण्ड गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्दा निम्न दस्तावेजको अध्ययन गरिएको थियो।

- नेपालको संविधान,
- पन्ध्रौं योजनाको दस्तावेज,
- नेपालको दीर्घकालीन सोचपत्र २१००(सन २०४३),
- दिगो विकासका लक्ष्यहरू तथा तिनले निर्धारण गरेका प्रमुख क्षेत्रहरू,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
- सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
- नेपाल सरकारका क्षेत्रगत नीतिहरू, विषयगत रणनीतिहरू,
- विपदव्यवस्थापन सम्बन्धी नेपाल सरकारका नीति तथा रणनीतिहरू,
- नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका निर्देशनहरू,
- आवधिक योजना तर्जुमा दिग्दर्शन (नमुना), २०७५
- गाउँ/नगर वस्तुगत विवरण तयारी कार्यविधि, २०७४
- बागमती प्रदेश सरकारको पहिलो आवधिक योजना, वार्षिक नीति, कार्यक्रम तथा क्षेत्रगत नीति तथा कार्यक्रमहरू,
- स्थानीय तहमा क्रियाशील प्रमुख राजनीतिक दलको घोषणापत्र,
- स्थानीय राजनीतिक दलका प्रतिनिधि, बुद्धिजीवी, निजी, गैरसरकारी तथा नागरिक समाजबाट प्राप्त सुझाव हरू
- प्रदेश तथा जिल्लास्तरीय कार्यालयका कार्यक्रम तथा अन्तरक्रियाबाट प्राप्त सुझावहरू
- सहकारी, वन उपभोक्ता समूह तथा नागरिकबाट प्राप्त सुझावहरू
- गाउँपालिकाका गत विगत वर्षका वार्षिक कार्यक्रम, बजेट, नीति, निर्देशिका तथा कानूनहरू
- गाउँपालिकाबाट अध्ययन गराइएका विभिन्न कार्यक्रम, नीति, बजेट तथा सम्बन्धित दस्तावेजहरू

## १.५ हालसम्मको विकास समीक्षा

नेपालको संविधान अनुसार राज्यको पुन:संरचना भएपश्चात गठित यस पालिकामा संघीय गणतान्त्रिक व्यवस्था अन्तर्गत पहिलो पटक २०७४ सालमा सम्पन्न आम निर्वाचन बमोजिम निर्वाचित जनप्रतिनिधिले कार्यभार सम्हालेको झन्डै ४ वर्ष नाघेको छ । यसरी निर्वाचित जनप्रतनिधिको कार्यकालको यो अन्तिम वर्ष भई यसै आर्थिक वर्षभित्र स्थानीयतहको नयाँ निर्वाचन समेत हुने व्यवस्था रहेको छ। यस गाउँपालिकाको आर्थिक वर्ष २०७४/७५को आधाररेखा तथ्यांक उपलब्ध हुन नसकेको अवस्थामा प्रथम आवधिक योजनाको शुरुवात आर्थिक वर्ष

२०७८/७९लाई पहिलो वर्षको रूपमा लिंदा आर्थिक वर्ष २०७७/७८ सम्म प्राप्त उपलब्धिलाई सूचकको रूपमा लिई समीक्षा गरिएको छ।

**१. समीक्षा अवधिमा प्राप्त आय**

**२०७४/७५ देखि २०७७/७८ सम्मको को यथार्थ आय र कुल आयको प्रतिशत**

| क्र.सं | शीर्षक | आ.व. २०७४/७५ को यथार्थ | आ.व. २०७५/७६ को यथार्थ | आ.व. २०७६/७७ को यथार्थ | आ.व. २०७७/७८ को यथार्थ | कुल जम्मा रु हजारमा |
|---|---|---|---|---|---|---|
| १ | आन्तरिक राजस्व | ४४८ | ९६५ | २०५० | २०० | ३६६३ |
| २ | अनुदान (समानीकरण, ससर्त, विशेष, सम्पूरक) संघ | ० | १६७०४० | १८२३०० | २२३९८४ | ५७३३२४ |
| ३ | राजस्व बाँडफाँट | ० | ० | ३२५०० | ४०९५९ | ७३४५९ |
| ४ | अनुदान (समानीकरण, ससर्त, विशेष, सम्पुरक) प्रदेश | ० | १४२५४६ | १२०११ | ४२७७९ | १९७३३६ |
| ५ | राजस्व बाँडफाँट | ० | ० | ६४२१ | ६६०८ | १३०२९ |
| ६ | राजस्व बाँडफाँट र अनुदान (समानीकरण, ससर्त, विशेष, समपूरक) संघ र प्रदेश | १६०७१६ | ३१०५५१ | २३५२८२ | ३१४५३० | १०२१५२७ |
| कुल आयमा आन्तरिक राजस्वको प्रतिशत | | ०.२८ | ०.३१ | ०.८७ | ०.०६ | ०.३६ |
| कुल बजेट (पुँजीगत) रु. करोडमा | | - | - | १२.२७ | १२.८० | |
| कुल खर्च (पुजीगत) रु. करोडमा | | | | ९.२० | १०.१८ | |
| खर्च प्रतिशतमा | | | | ७५ | ८० | |

उपरोक्त विवरण अनुसार आन्तरिक आयको भाग निकै नै न्यून देखिन्छ भने संघीय र प्रादेशिक अनुदान र राजस्व बाँडफाँटबाट प्राप्त आम्दानीको भर पर्नुपर्ने अवस्था रहेको छ ।

तलको चित्रमा यस गाउँपालिकाको गठन भए देखि हालसम्मको विभिन्न वित्तीय स्रोतको योगदान प्रस्तुत गरिएको छ। आ.ब. २०७४/७५ को स्रोतगत विवरण प्राप्त हुन नसकेको कारण आ.ब. २०७५/७६ देखि आ. ब. २०७७/७८ सम्मको वित्तीय स्रोत मात्र प्रस्तुत गरिएको छ। चित्रमा देखाए अनुसार उक्त तिन बर्षमा यस गाउँपालिकाको वित्तीय स्रोतमा आन्तरिक राजस्वको हिस्सा कुल वित्तीय स्रोतको १ प्रतिशत भन्दा कम छ। संघीय सरकारको अनुदान सबै भन्दा बढी ६७%, प्रदेश सरकारको अनुदान २३%, संघबाट राजस्व बाँडफाँड ९% र प्रदेश बाट राजस्व बाँडफाँड १% रहेको छ ।

गाउँपालिकाले राजस्व सुधार कार्य योजना स्वीकृत गरिसकेको हुनाले उक्त योजनालाई कार्यान्वयनमा ल्याई सम्भाब्य स्रोत परिचालन गर्नुपर्ने अत्यावश्यक देखिएको छ। पुँजीगत खर्च गर्ने क्षमता २०७६/७७ मा सरदर ७५ प्रतिशत रहेको थियो भने २०७७/७८ मा करिब ८० प्रतिशत देखिएको छ जुन औषत नेपालको सन्दर्भमा राम्रै मान्न सकिन्छ ।

**२. समष्टिगत आर्थिक र सामाजिक सूचक तथा उपलब्धि**

यस गाउँपालिकाकोकुल गार्हस्थ उत्पादन आर्थिक वर्ष २०७७/७८ को मूल्यमा रु. एक अर्ब २० करोड ४७ लाख रहेको छ भने प्रति व्यक्ति गार्हस्थ उत्पादन रु. ८१,७२१ रहेको छ। गाउँपालिकाको कुल आम्दानी आर्थिक वर्ष २०७७/७८ को मूल्यमा रु. एक अर्ब ५५ करोड २६ लाख रहेको छ भने प्रति व्यक्ति आय रु. १,०५,३१५ रहेको छ।

यस गाउँपालिकाको जीविकोपार्जनको मुख्य आधार कृषि तथा पशुपालन हो। यहाँका करिब ८५% घरपरिवारको जमिन कृषिमा प्रयोग भएको छ। त्यसको ९०% ले कृषि उपज बिक्री गर्ने गरेका छन्। यस गाउँपालिकामा २ वटा तरकारी पकेट क्षेत्र (वडा५ र ६) र फलफुल (वडा५), कफी (वडा ४) र लसुन (वडा १) कुखुरा पकेट क्षेत्र (वडा नं ५), करिब १२००० वटा बाख्राहरू गाउँपालिकाभरि पलान गरिएका छन्। हाल ७ जना बन्दा, काउली र टमाटर उत्पादन गर्ने व्यावसायिक कृषक रहेका छन्। गाउँपालिकामा २२ वटा कृषक समूह, ४२ वटा घरधुरी चौंरीपालक कृषक तथा १२ वटा कृषि तथा पशु फार्म दर्ता छन् भने वडा नं ४ मा तिमुर तथा कफी खेती, वडा नं २ मा ३ जना कृषकले भेडी गोठमा ४०० जति भेडा पाल्ने गरेका छन् । तर हाल गाउँपलिक्मा ९४ वटा कृषक समूह सञ्चालनमा छन्। यस गाउँपालिकाभित्र १६ वटा चरन क्षेत्र रहेका छन्। यहाँ मुख्यतया किसानहरूले व्यावसायिक रूपमा तरकारी र नगदे बालि लगाउने गरेका छन् । मुख्यतया आलु, टमाटर, लसुन, कोदो, मकै, धानको उत्पादन र पशुपालन हुने गरेको छ। यो गाउँपालिकाको वडा नम्बर १,२ र ६ मा चौंरीपालन हुने गरेको छ। यस गाउँपालिकामा संघीय सरकारको चौंरी प्रवर्द्धन कार्यक्रम सञ्चालनमा छ। हाल करिब ८०० भन्दा बढी चौंरी पालिएका छन्।

**३. उद्योग व्यवसाय**

हाल यस गाउँपालिकामा २०९ वटा उद्योग व्यपार र व्यवसाय रहेका छन्। ती उद्योग व्यवसायमा ५५२ जना संलग्न छन् (आर्थिक गणना, २०७५)। जिल्ला स्थित घरेलु उद्योग कार्यालयमा हालसम्म यस गाउँपालिकालाई कार्यक्षेत्र बनाएर कुल १९३ उद्योग दर्ता भएका छन्। तीमध्ये उत्पादन मुलक २५, कृषि तथा बन जन्य ११०, निर्माण ७, पर्यटन ७ र सेवामूलक ४७ उद्योग छन्।चौंरीको दूधको छुर्पी, चीजजस्तालघु तथा कफी प्रशोधन जस्ता घरेलु उद्योग सञ्चालनमा रहेका छन्।

यस गाउँपालिकामा एउटा बाणिज्य बैंकको शाखा रहनुका साथै र ८ वटा बचत समूह रहेका छन्। यी सबै वडा नम्बर १,३ र ४ मा केन्द्रित छन्। करिब ६१ प्रतिशत घरपरिवारको बैंक खाता रहेको छ। गाउँपालिका ८५४ जनाले जीवन बिमा गरेको पाइएको छ। साना किसान बैंकबाट सञ्चालित सक्रिय साना किसान कृषि सहकारीहरू हाल चालु अवस्थामा रहेका छन्।

वैदेशिक रोजगारमा २.८२ प्रतिशत (४१७ जना) छन्। ९६७ जनाले कुनै न कुनै प्रकारको सीपमूलक तालिम लिएको देखिन्छ। यस गाउँपालिकामा वार्षिक रु ३५ करोड विप्रेषण आय भित्रिने गरेको अनुमान छ। विप्रेषण आयको अधिकांश हिस्सा दैनिक उपभोगमा खर्च हुने गरेको छ। गाउँपालिकाभित्र न्यून मात्र रोजगारीको अवसर उपलब्ध छ।

### ४. गरिबी निवारण

कुल जनसंख्याको करिब ८२ प्रतिशत मात्र बसोबास गरिरहेका छन् भने देशको अन्य भागमा १५ प्रतिशत र बिदेशमा ३ प्रतिशत बसिरहेका छन्। यस गाउँपालिकाका ५.०३ प्रतिशत नागरिकहरू पूर्ण बेरोजगार छन्। कोभिडको कारण वैदेशिक रोजगारीबाट हाल युवाहरू गाउँ फर्किएका छन्। जीविकोपार्जनमुखी कृषि क्षेत्रमा ३३.२ प्रतिशत काम गरिरहेका छन्। यसरी यस गाउँपालिकामा बेरोजगार, अर्धबेरोजगार जनसंख्याको हिस्सा करिब ३८ प्रतिशत रहेको छ।

### ५. शिक्षा

यस गाउँपालिकाको कुल साक्षरता दर ७८ प्रतिशत रहेको छ । ९२ प्रतिशत पुरुष साक्षरता र ६४ प्रतिशत महिला साक्षर रहेका छन् । ५ प्रतिशत बालबालिका हालसम्म विद्यालयको पहुँचभन्दा वाहिर रहेका छन् भने ९६ प्रतिशत युवा साक्षर रहेका छन् । गाउँपालिकामा २९ वटा सामुदायिक विद्यालय, १ वटा संस्थागत विद्यालय गरी कुल ३० वटा विद्यालय सञ्चालनमा रहेका छन्। ३ वटा सामुदायिक सिकाई केन्द्र सञ्चालनमा रहेका छन् । आधारभूत तहमा खुद भर्ना दर ८२ प्रतिशत रहेको छ भने माध्यमिक तहमा ९३ प्रतिशत रहेको छ । आधारभुत तहमा शिक्षक विद्यार्थी अनुपात १८ र माध्यमिक तहमा २८ प्रतिशत रहेको छ । आधारभूत तहमा विद्यालय छाड्ने दर १० प्रतिशत छ भने माध्यमिक तहका विद्यालय छाडने दर ६ प्रतिशत रहको छ । आधारभूत र माध्यमिक तह गरी अध्ययन गर्ने कुल विद्यार्थीको संख्या ३२७४ रहेका छन् ।

### ६. स्वास्थ्य तथा पोषण

हाल गाउँपालिकामा ५ शैय्याको अस्पताल निर्माणाधीन रहेको छ भने ३ वटा स्वास्थ्य चौकी, ४ वटा सामुदायिक स्वास्थ्य इकाई रहेका छन् । यार्सा, भोर्ले र पारच्याङ्ग गरी जम्मा ३ वटा स्वास्थ्य संस्थामा बर्थिङ्ग सेन्टर रहेका छन् । जम्मा २३ जना स्वास्थ्यकर्मीहरू स्वास्थ्य संस्थामा कार्यरत छन् भने ३ जना एस बि ए तालिम प्राप्त महिला स्वास्थ्यकर्मी छन् । यी स्वास्थ्य संस्थामा आवश्यक प्राविधिक जनशक्तिका साथै मापदण्ड बमोजिमका उपकरण, ल्याब आदि सामग्री आपूर्ति गर्नुपर्ने नितान्त आवश्यकता देखिएको छ।

त्यस्तै गरी जम्मा ६० जना महिला स्वास्थ्य स्वयंसेविकाहरू रहेका छन् ।दुईवटा स्वास्थ्य संस्थामा ल्याब सेवा सञ्चालनमा ल्याएको छ ।चार पटक गर्भवती जाँच गराउने महिला ४०.८ % रहेका छन् भने तालिम प्राप्त स्वास्थ्य कर्मीहरू बाट सुत्केरी गराउने केवल ३३.१% भएको पाइन्छ । संस्थागत सुत्केरी ३३.५ % रहेको छ । नौकुण्डलाई खुल्ला तथा दिशामुक्त क्षेत्र घोषणा गरिसकेको छ । जम्मा ९०% घरपरिवारले मात्र तीस मिनेट भित्र स्वास्थ्य संस्थामा पुग्न सक्ने देखिन्छ । यस गाउँपालिकामा एउटा एम्बुलेन्स रहेको छ ।

**७. सडक यातायात**

यस गाउँपालिकामा अम्बास-भोर्ले- पारच्याङ १३.५ किमि र स्याउबारी लोकिल-वडा नं १ हुदै यार्सा सम्म २६ किमि, करिब ४० किमि सडक प्रदेश सरकार अन्तर्गत निर्माणाधीन छन् । यसका साथै पालिकामा १३.५ किमि ग्राभेल सडक र २९ वटा पालिकास्तरको १२९ किमि कच्चि धुले सडकहरू सचालित छन् ।कच्चि सडकको ट्र्याक पालिकाका सबै वडाको केन्द्रमा पुगेको छ । हाल ८ वटा झो पु र २ वटा सडकपुलहरू (केन्द्रिय स्तर ) निर्माणाधीन हुनुका साथै १० वटा घोडेटो बाटो हरू सञ्चालनमा रहेका छन् । गोसाइकुण्ड जाने पर्यटकीय पदमार्गका साथै अन्य ३ वटा अन्य पर्यटकीय पदमार्गहरू पनि सञ्चालनमा रहेका छन् ।

**८. सिंचाइ**

गाउँपालिकामा कृषियोग्य जमिन ३३३५ हेक्टर छ र त्यस मध्ये सिंचाइ योग्य जमिन करिब २००० हे. रहेको देखिन्छ। हाल यस पालिकामा ९ वटा सिंचाइ योजनाहरू सञ्चालनमा रहेका छन्। यसरि सञ्चालित नहर,कुलोबाट नियमित सिंचाइ हुने जमिन झन्डै ७३५ हे र अन्य प्रणाली बाट झन्डै १५ हे गरी ७५० हेक्टर जमिनमा मात्र सिंचाइ सुविधा पुगेको देखिन्छ ।

**९. ऊर्जा**

यस पालिकाका ६ वटै वडाहरू राष्ट्रिय प्रसारण लाइनमा जोडिएका छन् ।गाउँपालिकामा बत्तिको लागि बिजुली प्रयोग गर्ने घरधुरी २७९४ छन्, मट्टितेल प्रयोग गर्ने घरधुरी छैनन् र सोलार प्रयोग गर्ने १२० घरधुरी (वडा नं ३,४,२मा) छन् । प्राय सबै परिवारले वत्ति बाल्न जल विद्युत र शौर्य उर्जाको प्रयोग गरिरहेका छन्। यस पालिकाको २३९० घरधुरीहरूले इन्धनको लागी दाउरा प्रयोग गर्दछन्, २८२ घरले यल पी ग्यास,९७ घरले बायोग्यास र बाँकीले अन्य स्रोत प्रयोग गर्दछन् ।यस पालिकामा रसुवा जल विद्युत् ५ मे वा, बेत्रावती जलविद्युत् १४.७ मे. वा. निर्माणाधीन भए पनी हाल यिनीहरूको निर्माण काम कारणवश बन्द छ ।

**१०. खानेपानी तथा सरसफाइ**

यस गाउँपालिकामा २०७६ मा खानेपानी तथा सरसफाइ गुरु योजना तयार भइ कार्यान्वयनमा आइ सकेको छ । गुरु योजना अनुसार कुल खानेपानीको स्रोत मध्ये हाल ९१ वटा स्रोतहरूबाट खानेपानी सञ्चालन भइ ८३.९६% घरधुरिमा सफा खानेपानी नियमित सञ्चालनमा रहेकोमा १२ वटा छुटपुट घरधुरि बाहेक २९१८ वटा घरधुरीमा पाइप धाराको सफा खानेपानी सञ्चालनमा रहेको छ। ९९.४२% ले व्यवस्थित पिउने पानीको सुविधा उपभोग गरिरहेका छन्। हाल गाउँपालिका सबै घरधुरिले शौचालय प्रयोग गर्ने गरेका छन्।

**११. वन तथा वातावरण**

यस गाउँपालिकामा वन क्षेत्र कुल भूमिको ६५ प्रतिशत रहेको छ र यस अन्तर्गत ८१७.९७ हेक्टर क्षेत्रफल र २३ वटा सामुदायिक वन रहेका छन्। गाउँपालिकामा स्थानीय विपद् व्यवस्थापन समिति गठन भई, विपद जोखिम प्रतिकार्य योजना २०७७ समेत तर्जुमा भई कार्यान्वयनमा रहेको छ

## १२. संस्थागत विकास

सघीय मन्त्रालयबाट यस गाउँपालिकाको प्राप्त संगठन संरचना अनुसार कुल २५ वटा स्वीकृत दरबन्दी मध्ये १५ वटा मात्रै कार्यरत रहेका छन् र कुल ६ वटा वडा सचिवको दरवन्दीमा २ वटा मात्र कार्यरत रहेकाछन भने वाकि अन्य कर्मचारीलाई वडा सचिवको जिम्मेवारी तोकी सेवा प्रवाह भैरहेको छ । हाल ३ वटा वडाले आफनै वडा भवन (साविकका गाविस) बाट सेवा प्रवाह गरिरहेका छन् भने वाकि २वटा वडा कार्यालयका भवन निर्माणाधीन अवस्थामा रहेकाछन र एउटा वडाको वडा भवन निर्माणको पहल भएको छैन । स्थानीय तह संस्थागत क्षमता स्व–मूल्यांकन कार्यविधि २०७७ अनुसार कुल अंकभार ६१ प्राप्त गरेको छ । ७ वटा विकास साझेदार र ५ वटा गैर सरकारी संस्था यस गाउँपालिका भित्र क्रियाशिल रहेका छन् । हालसम्म कुल ४२ वटा ऐन, निर्देशिका, कार्यविधि/मापदण्ड र नीति तथा मार्गदर्शन स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यसैगरी स्थानीय सञ्चित कोष स्थापना भई सुत्रमा आधारित वित्तीय कारोबार सञ्चालन भएको, पञ्जिकरण, योजना, जिन्सि, र वस्तुगत विवरण आदि जस्ता कार्य स्पटवेयरको प्रयोगबाट सञ्चालन भइरहेको पाइएको छ।

## १.६ सीमाहरू

1. आवधिक योजना तर्जुमाका क्रममा कोभिड १९ ले बन्दाबन्दीको अवस्था सृजना भएकाले छलफल र अन्तरक्रियाका कार्यहरू सीमित मात्र हुन सक्यो ।
2. बन्दाबन्दी र सीमित संख्यामा मात्र उपस्थित हुन सक्ने सरकारी मापदण्डको परिवेशमा योजना तर्जुमा गोष्ठीहरूको समय सीमा र उपस्थितिमा सीमितता रह्यो ।
3. वस्तुगत विवरण गाउँपालिका आफैले तयार गरेको हुनाले केही थप तथ्यांक र सूचनाको कोभिडका कारणले पूर्ति हुन सकेन।
4. पुराना गाविस एक आपसमा गाभिएर गाउँपालिका बनेकाले पुराना तथ्याङ्कहरू प्राप्त हुन सकेन र जिल्लास्थित कार्यालयहरूका तथ्याङ्कहरू समेत पालिकागत रूपमा तयार हुन नसकेकाले सीमित सूचनाका आधारमा योजना तर्जुमा गर्नुपर्ने अवस्था सृजना भयो ।

# परिच्छेद- २

## गाउँपालिकाको वस्तुगत अवस्था

### २.१ परिचय

नौकुण्ड गाउँपालिका बागमती प्रदेश रसुवा जिल्लाको दक्षिण-पूर्व दिशामा रहेको छ । साविकका भोर्ले, यार्सा र सरमथर्ली गाविस मिलेर बनेको यस गाउँपालिकाको क्षेत्रफल १२६.९९ वर्ग किमि रहेको छ।यस गाउँ कार्यपालिकाको कार्यालय सरमथर्ली वडानं. ३ मा रहेको छ।

**तालिका २.१ गाउँपालिकाको संक्षिप्त जानकारी**

| | | |
|---|---|---|
| समावेश भएका साविक गा.वि.स.हरू | भोर्ले, यार्सा, सरमथली गाविस | स्वीकृत केन्द्र: |
| जनसंख्या | १४७४२ | |
| क्षेत्रफल | १२६.९९ वर्ग कि.मि. | सरमथली |
| केन्द्र | साविक सरमथली गाविसको कार्यालय | |
| वडा संख्या | ६ | |
| सिमाना | | |
| पूर्व | गोसाईंकुण्ड गा.पा. र नुवाकोट जिल्ला | |
| पश्चिम | कालिका गा.पा. | |
| उत्तर | गोसाईंकुण्ड गा.पा. | |
| दक्षिण | नुवाकोट जिल्लाको सिमाना | |

*स्रोत : नेपाल सरकार, नेपाल राजपत्र २०७३ फागुन २७ गते संख्या ५८ र गाउँपालिकाको पार्श्व चित्र २०७६*

### २.२ भौगोलिक अवस्था

गाउँपालिका समुन्द्र सतहबाट करिब तीन हजार फिटदेखि करिब १२ हजार फिटसम्मको उचाईमा अवस्थित रहेको छ। गाउँपालिकाको कुल क्षेत्रफलमध्ये २४.१५ प्रतिशत (३०.६७ वर्ग कि.मि.) कृषियोग्य जमिन र ३०.०३ प्रतिशत (३८.१४ वर्ग कि.मि.) वन जंगलले ढाकेको छ भने ४५.८१ प्रतिशत (५८.१८ वर्ग कि.मि.) अन्य क्षेत्र छ। पूर्व र दक्षिणमा नुवाकोट जिल्ला, उत्तरमा रसुवाको गोसाइँकुण्ड गाउँपालिका र पश्चिममा रसुवाको कालिका गाउँपालिका भित्रको क्षेत्रमा अवस्थित यो गाउँपालिका हिमाली क्षेत्रसम्म फैलिएको छ।

**चित्र २.१ गाउँपालिकाको प्रशासनिक विभाजन**



## २.३ जनसंख्या

यस गाउँपालिकामा कुल २९१८ घरपरिवार बसोबास गर्छन्। कुल जनसंख्या १४७४२(महिला ७२८३ र पुरुष ७४५९) रहेको छ भने प्रति बर्ग कि.मि. जनघनत्व करिब ११६ जना रहेको छ। औसत परिवार संख्या ५.०५ जना रहेको छ। कुल जनसंख्याको वृद्धि दर वार्षिक ३.२० प्रतिशत छ। जनसंख्याको करिब एक-तिहाई (३२%) १४ वर्ष सम्मको बालबालिका छन्। आर्थिक रूपले सक्रिय उमेर समूह (१५देखि ५९ वर्ष) का आधा भन्दा बढी (५१%) र ६० वर्षभन्दा बढी उमेरका जनसंख्या १७% छन्।

तामाङहरूको बाहुल्य रहेको आदिवासी जनजाति (९४.२८%), ब्राम्हण, क्षत्री (3.८३%) र दलित समुदाय (१.९९%) को बसोबास रहेको छ। तामाङ भाषी ८६.६३%, नेपाली भाषा बोल्ने १२.६५% र अन्य भाषाहरू बोलिन्छ। मुख्यतया तीन वटा धर्म मान्ने नागरिकहरूको बसोबास रहेको छ। बुद्ध धर्म मान्ने नागरिकहरू ८८.९९%, हिन्दु धर्म ८.९९%, र क्रिस्चियन धर्म मान्नेहरू १.६०% छन्। करिब ८१.९६% पालिकाभित्र नै बसिरहेका छन् बाँकी १४.९५% देशको अन्य भूभागमा र ३.०७% विदेशमा छन्।

## २.४ जीवनस्तर

टिनको छानो भएका घर ८६.७८%, आरसिसी १२.२९% र ढुंगाको छानो भएका घर १० वटा वटा छन्। ६१.३१% घरहरू गाउँपालिकाले तोकेको मापदण्ड अनुसारको बनेका छन्। करिब दुइ-तिहाइ (६५.८३%) घरहरूमा सडकको पहुँच छ। ३१.२५% को जग्गामा मात्र कुलोको सिंचाई छ भने ३९.४६% परिवार सिंचाइको लागि बर्षाको पानीमा निर्भर गर्नु परिरहेको। खाना पकाउने ईन्धनको रूपमा दाउरा र गुइठा प्रयोग गर्ने घरपरिवार ८१.९% छन् र १४५ परिवारले साधारण भुसे चुलो प्रयोग गरिरहेका छन्। २६.३२% घरपरिवारको साधारण शौचालय छ भने १६५ परिवारको शौचालय छैन। ९९.४२% ले व्यवस्थित पिउने पानीको सुविधा उपभोग गरिरहेका र प्राय सबै परिवारले वत्ति बाल्न जल विद्युत र शौर्य उर्जाको प्रयोग गरिरहेका छन्।

## २.५ आर्थिक अवस्था

यस गाउँपालिकाको आर्थिक विकासको अवस्था धेरै पछाडि छ।जम्मा एउटा बैंकको शाखा सञ्चालनमा छ। यो गाउँपालिकाको अर्थतन्त्र मुख्य रूपमा कृषिमा आधारित रहेको र जीविकोपार्जनमा विप्रेषण आयको उल्लेख्य भूमिका रहेको छ। यस गाउँपालिकाको कुल गार्हस्थ उत्पादन रु. एक अर्ब २० करोड ४७ लाख रहेको छ। जसमा कृषि क्षेत्रको ४५.२५%, उद्योग क्षेत्रको १०.४५% र सेवा क्षेत्रको ४४.३०% रहेको छ। कुल आय रु. १ अर्ब, ५५ करोड २६ लाख रहेको छ। तसर्थ पालिकाको प्रतिव्यक्ति गार्हस्थ उत्पादन रु. ८१,७२१ छ।

**क.	कृषि तथा पशुपालन**

यस गाउँपालिकाको जीविकोपार्जनको मुख्य आधार कृषि तथा पशुपालन हो। मुख्यतया आलु, टमाटर, लसुन, कोदो, मकै, धानको उत्पादन र पशुपालन हुने गरेको छ। यहाँका करिब ८५% परिवारको जमिन कृषिमा प्रयोग भएको छ। त्यसको ९०% ले कृषि उपज बिक्री गर्ने गरेका छन्। यस गाउँपालिकामा २ वटा तरकारी पकेट क्षेत्र, एक-एक वटा फलफुल, कफी र लसुन, कुखुरा पकेट क्षेत्र (वडानं ५) छन भनें करिब १२००० वटा बाख्रा पालिएका छन्। हाल ७ जना कृषकहरूले व्यावसायिक कृषि खेती गरिरहेका छन्। गाउँपालिकामा २२ वटा कृषक समूह, ४२ वटा घरधुरी चौरीपालक कृषक तथा १२ वटा कृषि तथा पशु फार्म दर्ता छन् भने वडा नं ४ मा टिमुर तथा कफी खेति, वडा नं २ मा ३ जना कृषकले भेडी गोठमा ४०० जति भेडा पालि रहेका छन्। १९ वटा कृषक समूह र ८ वटा कृषि तथा पशु फर्म दर्ता छन्। तर ९४ वटा कृषक समूह सञ्चालनमा छन्। गाउँपालिकाभित्र १६ वटा चरन क्षेत्र छन्। किसानहरूले व्यावसायिक रूपमा तरकारी र नगदे बाली लगाउने गरेका छन्। यहाँ करिब ८०० भन्दा बढी चौंरी पालिरहेका छन्। हाल यहाँबाट बंगुर र बाख्रा निकासी हुने गरेको छ।

**ख,	उद्योग व्यवसाय**

यहाँ २०९ वटा व्यवसायमा ५५२ जना संलग्न भएका छन्। यस गाउँपालिकालाई कार्यक्षेत्र बनाएर कुल १९३ उद्योग दर्ता भएका छन्। तीमध्ये उत्पादन मुलक २५, कृषि तथा बन जन्य ११०, निर्माण ७, पर्यटन ७ र सेवामूलक ४७ उद्योग छन्। चौंरीको दूधको छुर्पी, चीज जस्ता लघु तथा कफी प्रशोधन जस्ता घरेलु उद्योग सञ्चालनमा रहेका छन्। यहाँ अर्ग्यानिक कफी खेती शुरु भएको छ।

**ग,	पर्यटन**

यस पालिकामा साहसिक पर्यटन (रक क्लाइम्बिङ्ग) विकास गर्ने स्थल बिजुली ढुंगा र जुरे ढुंगा अवस्थित छन् । पार्क बनाउन सकिने पार्च्याेङ र सरमथली, चौरी महोत्सवको लागि उपयुक्त लारच्याङटार, वडा नम्बर २ मा अवस्थित प्राकृतिक सुरुङ रहेका छन्। यस गाउँपालिका हुँदै गोसाईंकुण्ड जाने पदमार्ग जिरो-भोर्ले-सेर्सुंङ-दोक्लाम हुँदै गोसाईंकुण्ड जाने पदमार्ग हाल २ दिनको हिंडाइबाट पुगिन्छ भने यसलाई छोट्याएर १ दिनको हिंडाईमा गोसाईंकुण्ड पुग्ने गरी विकास गर्न सकिने सम्भावना रहेको छ। यो गाउँपालिका तामाङ मौलिक र विशिष्ट संस्कृतिको पनि धनी छ। यस गाउँपालिकामा आन्तरिक पर्यटक वार्षिक करिब १ हजार आउने गरेका छन्। तर पर्यटकीय सुविधाका लागि आवश्यक पूर्वाधारहरू बनि सकेका छैनन्।

**घ.	वित्तीय पहुँच**

गाउँपालिका स्थापना भएदेखि नै वाणिज्य बैकको शाखा सञ्चालनमा आएको छ र ८ वटा बचत समूह रहेका छन्। ६१% घरपरिवारको बैंकमा खाता छ। गाउँपालिका ८५४ जनाले जीवन बिमा गरेका छन्। साना किसान बैंकबाट सञ्चालित सक्रिय साना किसान कृषि सहकारीहरू चालु रहेका छन्।

## २.६ भौतिक पूर्वाधार

हाल यस पालिका भित्र १३.५ कि.मि. ग्राभेल सडक छ। १२९ कि. मी. स-सानो र ठूलो गरी २९ वटा धुले सडकहरू छन्। गाउँपालिका केन्द्रबाट ६ वटै वडा केन्दसम्म सडक ट्र्याक नीर्माण भइ सकेको छ। धुलेसडकहरू को संजाल लगभग तयार भइसकेको अवस्था छ। २ वटा पक्की पुलहरू, ८ वटा झो. पुलहरू सञ्चालित छन्। निर्माणाधीन हुनुका साथै १० वटा घोडेटो बाटोहरू सञ्चालनमा रहेका छन् । गोसाईंकुण्ड जाने पर्यटकीय पदमार्गका साथै अन्य ३ वटा अन्य पर्यटकीय पदमार्गहरू पनि सञ्चालनमा रहेका छन्। गोसाईंकुण्ड पर्यटकीय पदमार्गको डिपिआर समेत तयार भइसकेको छ ।

## २.७ सामाजिक क्षेत्र

### क. शिक्षा

पालिकामा साक्षरता दर ७८ प्रतिशत (पुरुष ९२ र महिला ६४ प्रतिशत) रहेको छ।कुल ३० वटा विद्यालयमध्ये २९ वटा सामुदायिक विद्यालय, एउटा संस्थागत विद्यालय रहेका छन्।साथै ३ वटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेका छन्। आधारभूत तहमा खुद भर्ना दर ८२ प्रतिशत रहेको छ भने माध्यमिक तहमा ९३ प्रतिशत रहेको छ । आधारभुत तहमा शिक्षक विद्यार्थी अनुपात १८ र माध्यमिक तहमा २८प्रतिशत रहेको छ । आधारभूतहमा विद्यालय छाड्ने दर १० प्रतिशत छ भने माध्यमिक तहका विद्यालय छाडने दर ६ प्रतिशत रहको छ । आधारभूत र माध्यमिक तह गरी अध्ययन गर्ने कुल विद्यार्थीको संख्या ३२७४ रहेका छन् ।

### ख. स्वास्थ्य

एउटा ५ शैयाको अस्पताल (निर्माणाधीन) र तीन वटा स्वास्थ्य चौकी रहेका छन्। जम्मा २३ जना स्वास्थ्य कर्मीहरू स्वास्थ्य संस्थामा कार्यरत छन् भने ३ जना एसबीए तालिम प्राप्त महिला स्वास्थ्यकर्मी छन् । त्यस्तै गरी जम्मा ६० जना महिला स्वास्थ्य स्वयंसेविकाहरू रहेका छन् । दुईवटा स्वास्थ्य संस्थामा ल्याब सेवा सञ्चालनमा ल्याएको छ । गाउँपालिकामा एउटा एम्बुलेन्सको व्यवस्था छ। परिवार नियोजनको प्रयोग दर ७९ % रहेको छ । चार पटक गर्भवती जाँच गराउने महिला ४०.८ % रहेका छन् । तालिम प्राप्त स्वास्थ्यकर्मीहरूबाट सुत्केरी गराउने केवल ३३.१% र संस्थागत सुत्केरी ३३.५ % रहेको छ । १५.८ % महिलाले सुत्केरीपश्चात् ३ पटक जाँच गराउने गरेका छन् । मातृमृत्यु संख्या शून्य रहेकोले छ र नवजात शिशु मृत्यु संख्या ४ रहेको छ ।सम्पूर्ण खोप लगाएका बालबालिका ९२.१% छन् । शत प्रतिशत बालबालिकाले हेपाटाइटिस बी सहितको पेन्टाभ्यालेन्ट खोपको तीनवटै मात्रा लगाएका छन् । कुपोषणको संख्या ३ रहेको छ । नौकुण्डलाई खुल्ला तथा दिशामुक्त क्षेत्र घोषणा गरिसकेको छ । जम्मा ९०% घरपरिवारले मात्र तीस मिनेटभित्र स्वास्थ्य संस्थामा पुग्न सक्ने देखिन्छ ।

## २.८ वन तथा वातावरण

यस गाउँपालिकामा वन क्षेत्र कुल भूमिको ६५ प्रतिशत रहेको छ र यस अन्तर्गत ८१७.९७ हेक्टर क्षेत्रफल रहेको २३ वटा सामुदायिक वन रहेका छन् । गाउँपालिकामा स्थानीय विपद् व्यवस्थापन समिति गठन भई, नौकुण्ड गाउँपालिकाको विपद जोखिम प्रतिकार्य योजना २०७७ समेत बनेको छ जस अनुसार कोभिड-१९, तथा अन्य ससाना आउने विपद् कार्यको व्यवस्थापन गर्ने गरिएको छ ।

## २.९ संस्थागत सुशासन

संघीय मन्त्रालयबाट प्राप्त संगठन संरचना अनुसार कुल २५ वटा स्वीकृत दरबन्दीमध्ये १५ वटा मात्रै कार्यरत रहेका छन् । स्थानीय तह संस्थागत क्षमता स्व-मूल्यांकन कार्यविधि २०७७ अनुसार कुल अंकभार ६१ प्राप्त गरेको छ । ७ वटा विकास साझेदार र ५ वटा गैरसरकारी संस्था यस गाउँपालिकाभित्र क्रियाशील रहेका छन् ।

यस गाउँपालिकाले हालसम्म कुल ४२ वटा ऐन, निर्देशिका, कार्यविधि/मापदण्ड र नीति तथा मार्गदर्शन स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यसैगरी स्थानीय सञ्चित कोष स्थापना भई सुत्रमा आधारित वित्तीय कारोबार सञ्चालन भएको, पञ्जिकरण, योजना, जिन्सि, र वस्तुगत विवरण आदि जस्ता कार्य स्पटवेयरको प्रयोगबाट सञ्चालन भइरहका छन् ।

गाउँ कार्यपालिका, गाउँसभा, न्यायिक समिति र वडा समितिहरू सहित १० वटा समितिहरू आफनो जिम्मेवारी अनुसार क्रियाशील रहेका छन्। गाउँपालिकाले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याकन (LISA) मा कुल अंकभार ६१ प्राप्त गरेको छ।

# खण्ड- १

# परिच्छेद- ३

# दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

## ३.१ पृष्ठभूमि

नेपालको संविधानद्वारा प्रदत्त अधिकारलाई आ-आफ्नो तहमा कार्यान्वयन गर्दा तिनै तहका सरकार बीच आपसी सहकार्य, सहअस्तित्व र समन्वयका आधारमा गर्नुपर्ने व्यवस्था गरेको छ। यसरि जिम्मेवारी र दायित्व निर्वाह गर्दा प्रत्येक तहगत सरकारले आ-आफ्नो तहमा नीति, ऐन, कानून, योजना, कार्यक्रम, मापदण्ड निर्धारण गरी गर्न सक्ने अधिकार समेत सम्बन्धित सरकारमा रहेको छ।

यसै सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ ले "गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा गाउँपालिकाकको समष्टि तथा समन्वयित विकासकालागि आवधिक, वार्षिक, रणनीतिगत एवं विषयक्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था समेत गरेको छ। यसै सन्दर्भमा नौकुण्ड गाउँपालिकाले सहभागितात्मक र समावेशी प्रक्रिया अबलम्बन गरी यो आवधिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने प्रतिबद्धता समेत व्यक्त गरेको छ।

## ३.२ सबल, कमजोर पक्ष तथा अवसर र चुनौती (SWOC) विश्लेषण

गाउँपालिकामा आयोजन गरिएको कार्यशालाका सहभागीहरूसंगको छलफलबाट निम्न सबल, कमजोर पक्ष तथा अवसर र चुनौती (SWOC) का क्षेत्र पहिचान गरिएका छन्।

| सबल पक्ष | कमजोर पक्ष |
|---|---|
| • आफ्नो क्षेत्राधिकारको विषयमा नीति, कानून, योजना, मापदण्ड आदि वनाउने अधिकार गाउँपालिकामा रहेको,<br>• निर्वाचित जनप्रतिनिधिलाई गाउँपालिका सञ्चालनको विगत चार वर्षको अनुभव हासिल भएको<br>• गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तयार भएको<br>• वस्तुगत विबरण तयार गरिएको<br>• गाउँपालिकामा इन्टरनेट सुविधाको उपलब्धताबाट केही विषयमा विद्युतीय शासन सेवा (online services) को शुरुवात हुनु<br>• लेखाप्रणाली SUTRA सँग आबद्ध रहनु | • राजस्व सुधार योजना देखाएका सम्भाव्य राजस्वका स्रोत अनुसार राजस्व असुलीमा सक्रियता नरहनु<br>• बर्तमान संगठन संरचनानुसारको पनि कर्मचारी दरबन्दी सबै परिपूर्ति नहुनु<br>• प्राविधिक कर्मचारीको कमि रहनु<br>• सहकारी र कतिपय गैरसरकारी संस्थाहरूका कार्यक्रम र बजेट गाउँपालिकाको योजना प्रक्रियामा समावेश हुन न सक्नु<br>• मध्यवर्ति क्षेत्रबाट प्राप्तहुने आय तथा बजेट गाउँपालिकाको बजेट प्रक्रियामा समावेश हुन नसक्नु<br>• बाझो, पर्ति जग्गामा बृक्षारोपण हुन नसक्नु |

| | |
|---|---|
| • सहकारी र वाणिज्य बैंकको स्थापना भई वित्तीय सेवा सुचारु रहेको<br>• आर्थिक सूचकांक राम्रो रहनु<br>• वन संरक्षण समितिहरूको गठन हुनु<br>• खानेपानीको गुरुयोजना बन्नु<br>• खानेपानीको स्रोत पर्याप्त रहनु<br>• शिक्षा, स्वास्थ जस्ता सामाजिक सेवा र कृषि, उद्योग व्यवसायमा संघ, प्रदेश सरकारको लगानी वृद्धि हुनु<br>• करारमा भए पनि स्वास्थ्यकर्मीको पदपूर्ति भई सेवा सुचारु रहनु<br>• ३० मिनेटको दुरि भित्र ९०% भन्दा बढी जनसंख्याको स्वास्थ सेवामा पहुँच हुनु<br>• एम्बुलेन्स सेवा सञ्चालनमा रहनु<br>• पूर्ण खोपयुक्त गाउँपालिका कायम राख्न निरन्तरता हुनु<br>• भूकम्प पुनर्निर्माण परियोजनाबाट, सार्वजनिक, निजी र सरकारी पूर्वाधार निर्माणमा सहयोग रहनु<br>• गैरसरकारी संस्था र विकास साझेदारसँग सहकार्य रहिरहनु | • वन संरक्षण समितिको क्षमताको अभावले सक्रिय हुन नसक्नु<br>• सर्बयाम चल्ने सडक संजाल तयार भइ नसक्नु<br>• कमजोर नेटवर्कका कारण इन्टरनेट सेवा प्रभावकारी हुन नसक्नु<br>• गाउँपालिकाका समितिहरू आफ्नो कार्य सम्पादनमा अझै सक्रिय हुन नसक्नु<br>• बिध्द्युत सेवाको बहुउपयोग (उद्योग, व्यवसाय र खाना पकाउन आदि) हुन नसक्नु<br>• दाउराको अत्यधिक उपयोगले वनमा दवाव बढ्नु<br>• स्थानीय अनुकुलन कार्ययोजना (Local Adaptation Plan of Action) पारित गरी कार्यान्वयनमा ल्याउन नसकिनु<br>• जानकारीको कमीका कारण सरकारबाट सहुलियतपूर्ण कर्जाको उपयोग हुन नसकिनु<br>• विदेशबाट सीप सिकेर आएका युवाहरूका लागि ब्यवस्थित व्यवसाय योजना लागू हुन न सक्<br>• विद्यालय भर्ना दर न्यून हुनु र कक्षा छोडने दर बढी हुनु<br>• कम सिकाइ उपलब्धि हुनु<br>• प्राविधिक शिक्षाको विकास हुन नसक्नु र रोजगारीसँग शिक्षाको सम्बन्ध कायम हुन नसक्नु<br>• सुशासनका सबै औजारको प्रभावकारी कार्यान्वन हुन नसक्नु<br>• योजना तथा अनुगमन प्रणाली व्यवस्थित हुन नसक्नु र सा-साना योजनाको बाहुल्यता रहनु<br>• अधिकांश नागरिकको पेशा कृषि भएता पनि खाद्यान्न, फलफूल, तरकारी, मासु, दूध आदिमा आत्मनिर्भर हुन नसक्नु<br>• सिंचाइ योग्य कृषि भूमिमा सिंचाइ सुविधा पुर्याउन नसकिनु<br>• एकघर एक धारा र एक चर्पिको लक्ष्य पूर्ति गर्न न सकिनु |

| | |
|---|---|
| | • कृषि कार्यका लागि समयमा मल, बीउ, कर्जा सेवा, सिंचाइ, प्रविधि हस्तान्तरण र प्राविधिक ज्ञान, सीप र प्रचार प्रसार सेवामा कृषकको पर्याप्त पहुँच हु न सक्नु<br>• विपद्जन्य पूर्व तयारीको कमी र संस्थागत क्षमताको विकास हुन नसक्नु<br>• स्वास्थकर्मीको कमी रहनु<br>• माग अनुसार पर्याप्त बर्थिङ केन्द्रको कमी |
| **अवसर** | **चुनौती** |
| • गाउँपालिकामा ५१.९ प्रतिशत युवा जनशक्ति रहनु<br>• संघीय र प्रदेश सरकारको सडक यातायात लगायतका भौतिक पूर्वाधार निर्माण प्राथमिकतामा रहनु<br>• पासाङ्ग ल्हामु राजमार्ग नजिक भएकोले तिब्बत (चीन) सँगको ब्यापर को सम्भावना बढ्नु<br>• पालिकाको केन्द्र र सबै वडा कार्यालयसम्म मौसमी सडक यातायातको पहुँच रहेको<br>• राष्ट्रिय विद्युत प्रसारणलाइनबाट विद्युत् सेवा उपलब्ध भइरहेको<br>• गाउँपालिकाको भू बनौट, हवापानी र राम्रो रहेकोले कृषि व्यवसायीकरणको सम्भावना बढी रहनु<br>• बिदुर, धुन्चे र काठमाडौं बजार नजिक रहेकोले कृषि उत्पादनको बजारीकरण गर्न सहज हुनु<br>• लामटाङ राष्ट्रिय निकुञ्जको कार्यक्षेत्रभित्र भएकोले वन तथा वन्य जन्तु संरक्षणमा रहनु र मध्यवर्ती क्षेत्रको विकासमा सहकार्य हुन सक्नु<br>• राष्ट्रिय योजना बैंकमा सहभागिता जनाएर थप स्रोत साधन परिचालन हुन सकिनु<br>• सूचना प्रविधिको पूर्ण उपयोग गरी विद्युतीय सुशासन लागू गर्न सक्ने<br>• प्रादेशिक लोकसेवा आयोगबाट आफ्नो स्वीकृत संगठन तालिका बमोजिम कर्मचारी नियुक्त गर्न सकिनु | • यातायात पूर्वाधारको विकास र विस्तार गरी सुरक्षित सर्बयाम सडक यातायात सुचारु गराउनु<br>• युवामा रोजगार मूलक सीप विकास गरी रोजगारी श्रृजना गर्नु<br>• स्वास्थ्य पूर्वाधार विकास गर्नु<br>• सबै परिवारमा स्वास्थ बीमाको पहुँच पुर्याउनु<br>• विकास व्यवस्थापनमा अन्तरतह समन्वय जुटाउनु<br>• वित्तीय संस्थाबाट गरिने लगानीलाई ब्यवस्थित गरी गरिबि निवारण र रोजगारी श्रृजनामा परिचालित गराउनु<br>• वाताबरणीय क्षति, जलवायु परिवर्तन र विपद् व्यवस्थापनको जोखिम न्यूनीकरण न्यूनीकरण गर्नु<br>• भूक्षयका साथै बाढीपैरोको जोखिम नियन्त्रण गर्नु<br>• बन डढेलो नियन्त्रण गर्नु<br>• जलवायु परिवर्तन अनुकूलनता अभिवृद्धि गर्नु |

| | |
|---|---|
| • पर्यटकीय आकर्षणका केन्द्रहरूको विद्यमानता<br>• मौलिक भाषा संस्कृति<br>• जलस्रोतको प्राचुर्यता<br>• राष्ट्रिय निकुञ्जसँग सहकार्यबाट खाली जग्गामा बनको क्षेत्र विस्तार गरी हरियालीयुक्त गाउँपालिका बनाउन सकिने र जडिबुटीको खेतिबाट मध्यवर्ती क्षेत्रका परिवारको आयआर्जनमा सघाउ पुर्याउन सकिने | |

**३.३ दीर्घकालीन सोच**

**"सुन्दर, सुखी, सुरक्षित-सुसंस्कृत र समृद्ध नौकुण्ड"**

**सुन्दर:** सफा, स्वच्छ, वातावरणीय दृष्टिले हराभरा व्यवस्थित एवं मनोरम गाउँ, बस्ती तथा बजार क्षेत्र

**सुखी:**

१. परिस्कृत तथा मर्यादित जीवन (Well-being and decent standard of living)

२. सभ्य र न्यायपूर्ण समाज (Civilized and just society)

३. स्वस्थ र सन्तुलित पर्यावरण (Healthy and balanced ecology)

४. सुशासन (Good Governance)

५. सबल स्थानीय लोकतन्त्र (strong local democratic Values and principles)

६. आपसी एकता र सम्मान (mutual unity and dignity)

**सुरक्षित:** जीवन निर्वाहका लागि चाहिने न्यूनतम खाद्य सुरक्षा,आवास,आधारभूत स्वास्थ, शिक्षा, स्वतन्त्रता र मानव अधिकारको सम्मानको प्रत्याभुति सहित भेदभाव विना शान्तिपूर्वक जीवन निर्वाह एवं आफ्नो पेशा, व्यवसाय सञ्चालन गर्न पाउने वातावरण

**सुसंस्कृत:** शिक्षित, स्वस्थ, संस्कारयुक्त, साँस्कृतिक विविधताको सम्मान, समयको पालना, शिष्ट बोली र वचन, अर्काको व्यक्तित्वको सम्मान र आपसी सदभाव

**समृद्ध:**

१. उच्च र समातमूलक आय वृद्धि

२. मानव विकास सूचकाङ्कमा वृद्धि

३. प्राप्त अवसरको अधिकतम उपयोग गरी कृषि तथा औद्योगिक उत्पादन र उत्पादकत्वमा वृद्धि, स्वच्छ व्यावसायिक प्रतिस्पर्धा

४. लगानीका अवसरमा वृद्धि र रोजगारी सृजना

५. भौतिक तथा सामाजिक पूर्वाधारमा सर्वकालीन सबैको सहज पहुँच र आबद्धता (Connectivity) (राष्ट्रिय योजना आयोग)

**३.४ समष्टिगत लक्ष्य**

**"सुशासनको प्रत्याभूति हुने गरी कृषि र पर्यटनमा जोड दिंदै सामाजिक आर्थिक पूर्वाधारको दिगो विकास सहित नागरिकको जीवनस्तरमा सुधार भएको हुनेछ"**

## ३.५ समष्टिगत परिमाणात्मक लक्ष्य

| क्र सं | नतिजा सूचक | इकाई | आधार वर्ष २०७७/७८ | २०८२/८३ |
|---|---|---|---|---|
| १ | कुल गार्हस्थ उत्पादन (0७७/७८ को मूल्यमा) | रु. करोडमा | 120.47 | 182.72 |
| 2 | प्रतिव्यक्ति गार्हस्थ उत्पादन (0७७/७८ को मूल्यमा) | रु. हजारमा | 81.72 | 106.5 |
| 3 | कुल आय (0७७/७८ को मूल्यमा) | रु. करोडमा | 155.26 | 232.65 |
| 4 | प्रतिव्यक्ति आय( 0७७/७८ को मूल्यमा) | रु. हजारमा | 105.31 | 134.82 |
| 5 | वार्षिक आर्थिक वृद्धि दर | प्रतिशत | 3.1 | 11.2 |
| 6 | कृषि क्षेत्रको वृद्धिदर | प्रतिशत | 3.9 | 9.5 |
| 7 | उद्योग क्षेत्रको वृद्धिदर | प्रतिशत | 4.1 | 20 |
| 8 | सेवा क्षेत्रको वृद्धिदर | प्रतिशत | 5.8 | 10.5 |
| 9 | अति गरिब घरपरिवार | प्रतिशत | 5.१२ | ० |
| 10 | आफ्नो उत्पादनले ३ महिनाभन्दा कम खान पुग्ने घरपरिवार | प्रतिशत | ६० | २५ |
| 11 | गाउँपालिका भ्रमण गर्ने बाह्य पर्यटक | संख्या | 1000 | 100000 |
| १२ | बेरोजगारी | प्रतिशत | 5.3 | 2 |
| 13 | वैंकमा खाता भएका परिवार | प्रतिशत | 61 | 100 |
| १४ | विप्रेषण आय | रु. करोडमा | 35 | 100 |
| 15 | विद्यालयमा अध्ययन गर्ने ५ देखि १५ वर्षका बालबालिका | प्रतिशत | 96 | 100 |
| 16 | आधारभूत तहमा खुद भर्ना दर | प्रतिशत | 82 | 100 |
| 17 | साक्षरता दर | प्रतिशत | 78 | 100 |
| 18 | स्वास्थ्य संस्थामा सुत्केरी गराउने महिला | प्रतिशत | 33.5 | 42 |
| 19 | लैंगिक विकास सूचकांक | सूचकांक | 0.931 | 0.945 |
| 20 | सर्वयाम सडक | कि.मि. | 23.5 | 50 |
| 21 | सुरक्षित आवास तथा एकीकृत बस्ती विकास | संख्या | 2 | 2 |
| 22 | भूकम्प प्रतिरोधी मापदण्ड अनुसार बनेका भवन | घरधुरी | 2221 | 2900 |
| 23 | सिंचाई सुविधा पुगेको कृषियोग्य भूमि | प्रतिशत | 750 | 1500 |
| 24 | विद्युत् उपयोग गर्ने घरपरिवार | संख्या | 2794 | 2918 |
| 25 | खाना पकाउने इन्धनमा विद्युत् प्रयोग गर्ने परिवार | प्रतिशत | | १५ |
| 26 | खानेपानी तथा शौचालय सुविधा भएको घरधुरी | प्रतिशत | 94 | 100 |
| २७ | LISA को औसत प्राप्तांक | प्रतिशत | 61 | 85 |

## ३.६ समष्टिगत उद्देश्य

१. उत्पादन र उत्पादकत्वमा वृद्धि गरी नौकुण्डवासीको समष्टिगत जीवनस्तर सुधार गर्नु
२. समतामूलक, समावेशी र भेदभावरहित शिक्षा, स्वास्थ लगायतका सामजिक क्षेत्रको विकास गर्नु
३. गुणस्तरीय र वातावरण मैत्री भौतिक पूर्वाधारको विकास र विस्तार गर्नु,
४. वन वातावरण, जैविक विविधता को संरक्षण र प्रवर्द्धनका साथै जलवायु परिवर्तन अनुकुलन र विपद् व्यवस्थापन सम्बन्धी कार्यबाट विकास र वातावरण बीच सन्तुलन कायम गर्नु,
५. नागरिकलाई सुशासनको प्रत्याभूति महसूस हुने गरी संस्थागत सुदृढीकरण गर्नु ।

## ३.७ समष्टिगत रणनीति

1. कृषिको उत्पादन उत्पादकत्व वृद्धि गर्नुका साथै ब्यवसायीकरण गर्ने
2. उद्यमशीलताको विकासका साथै स्थानीय कच्चापदार्थमा आधारित उद्योग, व्यापार तथा व्यवसायको प्रवर्द्धन गर्ने
3. आधारभूत र माध्यमिक शिक्षालाई प्रविधिमा आधारित गराउँदै गुणस्तरीय र रोजगारीमूलक बनाउने
4. आधारभूत स्वास्थ्यसेवामा नागरिकको सहज पहुँच हुने व्यवस्था गर्ने
5. विकास प्रक्रियाका सबै चरणमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि गर्ने,
6. यातायात, विद्युत, सिंचाइ, भवन, सञ्चार जस्ता पूर्वाधारको विकास र विस्तार गरी समयको बचत गरिनुका साथै लागत घटाउने
7. विकास र वातावरण बीच सन्तुलन कायम गर्ने
8. जलवायु परिवर्तन अनुकुलन कार्य योजना अनुसार विकास कार्य सम्पादन गरिनुका साथै विपदको प्रभावकारी व्यवस्थापन गर्ने
9. विकास र सेवा प्रवाहमा सुशासन कायम गर्ने ।

## ३.८ विकासमा क्षेत्रगत भूमिका

### ३.८.१ सार्वजनिक क्षेत्र

**"सुन्दर, सुखी, सुरक्षित-सुसंस्कृत र समृद्ध नौकुण्ड"** गाउँपालिकाको सोच सहितको विकासका लक्ष्यहरू प्राप्त गर्न सार्वजनिक क्षेत्रले अग्रणी भूमिका निर्वाह गर्नेछ । कृषिमा आधारित उद्योगका साथै पर्यटनको विकास र विस्तार मार्फत उच्च र दिगो आर्थिक वृद्धि गर्न निजी, सहकारी र सामुदायिक क्षेत्रलाई लगानी र सहभागिताका लागि उत्प्रेरित गर्न यस क्षेत्रको अहम् भूमिका

हुनेछ । यस क्षेत्रले आवश्यक नीति, योजना, रणनीति तथा मापदण्डको तर्जुमा, कार्यान्वयन,

अनुगमन र नियमन गर्नेछ ।

**(क) गाउँपालिका**

संविधानले संघ, प्रदेश र गाउँपालिकाबीचको सम्बन्ध सहकारिता, सह-अस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था गरेको छ । आफ्नो सोच, लक्ष्य र उद्देश्य प्राप्त गर्न यस गाउँपालिकाले संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहसँग समन्वय, सहयोग र सहकार्य गर्नेछ । संघ र प्रदेश सरकारको सोच, लक्ष्य, उद्देश्य र रणनीतिसँग सामन्जस्य र परिपूरक हुने गरी स्थानीय अर्थतन्त्रको विकास र विस्तारबाट समृद्धिको आधार निर्माण गर्ने लक्ष्यका साथ् यो योजना तयार गरिएको छ । सो अनुसार प्रभावकारी सेवा प्रबाह र विकास व्यवस्थापनको आधार केन्द्रको रूपमा रही नागरिकलाई सार्वजनिक सेवा सुविधाको प्रत्याभूति दिन मुख्य भूमिका खेलिनेछ । यसरि नागरिकलाई सकेसम्म वडास्तरबाट नै सेवा उपलब्ध हुने गरी व्यवस्था गरिनुका साथै जसको लागि निजी, सहकारी, गैरसरकारी तथा सामुदायिक क्षेत्रसँग सहकार्य गरिनेछ ।

**(ख) प्रदेश**

गाउँपालिकाको आवधिक योजना कार्यान्वयनमा प्रदेशको भूमिका समन्वय, सहकार्य सहजीकरण गर्ने हुनेछ । गाउँपालिकलाई तोकिएको विभिन्न अनुदान उपलब्ध गराउने साथै योजना कार्यान्वयनका लागि आवश्यक नीति तथा कानून निर्माण गर्ने हुनेछ । यसैगरी पालिकालाई जिल्ला सदरमुकामसम्म जोड्ने सर्वयाम सडक, उच्च शिक्षा, विशिष्टीकृत सेवा प्रवाह, क्षमता विकास आदि क्षेत्रका साथै विभिन्न अनुदान, राजस्व बाँडफाँटबाट स्रोत, साधन उपलब्ध गराई प्राविधिक सहयोग पुर्याउनमा समेत प्रदेशको भूमिका महत्वपूर्ण हुने छ ।

**(ग) संघ**

संघले संविधान कार्यान्वयनको सिलसिलामा आवश्यक बाँकी कानून निर्माण गर्ने र गाउँपालिकाले तय गरेको योजना कार्यान्वयन गर्न आवश्यक सहजीकरण, समन्वय र सहकार्य गर्नेछ ।गाउँपालिकाको योजना, अनुगमन तथा प्रतिवेदन प्रणाली र राजस्व असूली लागयतका सेवा प्रवाहसँग सम्बन्धित सफ्टवेयर विकास गरी जडान गरिनु कासाथै सेवाप्रवाहको प्रभावकारिता वृद्धि गर्न समेत सहयोग गर्ने छ। गाउँपालिकालाई अत्यावश्यक योजनामा बिशेष अनुदानका साथै समपूरक अनुदान समेत उपलबध गराउने कार्यमा समेत सहयोग परयाउने छ। गाउँपालिकाको योजना कार्यान्वयन गर्न बैंकिंग क्षेत्र, निजी क्षेत्र साथै विकास साझेदार सँग आवश्यक समन्वय र निर्देशन गर्नेछ ।

### ३.८.२ निजी क्षेत्र

गाउँपालिकाको आर्थिक र सामाजिक विकासमा सहकार्य र सहयोग गर्न निजी क्षेत्रको अहम् भूमिका हुनेछ । निजी क्षेत्रले आफ्नो प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्दै सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार अथवा स्वतन्त्र ढंगले कृषि, उद्योग, निर्माण, पर्यटन प्रबर्द्धन र

अन्य सेवा क्षेत्रमा लगानी बढाई रोजगारी श्रृजना गर्नमा सहयोग पुरयाउने अपेक्षा गरिएको छ । साथै गुणस्तरीय बस्तु तथा सेवा उत्पादन, सहज र सुलभ आपूर्ति व्यवस्थापन, गुणस्तरीय पूर्वाधार निर्माण तथा उत्पादनशील र मर्यादित रोजगारी सिर्जना गर्न महत्वपूर्ण भूमिका खेल्ने छ ।

### ३.८.३ सहकारी क्षेत्र

सहकारी क्षेत्रले सहकारी संस्थामा सुशासन कायम गर्दै स्थानीय स्रोत-साधन, श्रम, सीप र पुँजीलाई ब्यापक रूपमा परिचालन गरी गाउँपालिकामा रोजगारी तथा आय वृद्धि र गरिवी निवारण गर्न सहयोगीको भूमिका निर्वाह गर्नेछ। साथै यस क्षेत्रले मानवीय आवश्यकताका जस्तै कृषि सामग्रीको सहज बिक्री एवं वस्तु तथा सेवा उत्पादन, प्रशोधन र बजारीकरण गर्दै नागरिकहरूको सामाजिक-आर्थिक र सांस्कृतिक रुपान्तरण तथा समाबेशी आर्थिक वृद्धि हासिल गर्न सहयोग पुर्याउनेछ । वचत तथा कर्जा सेवामा संलग्न सहकारीले लघु, तथा घरेलु उद्योगको विकास ब्यापार र व्यवसाय गर्नका साथै सहकारीका सदस्यलाई सहज कर्जामा पहुँच बढाउन सहकारी क्षेत्रको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यसरि सहकारी गाउँपालिकाको विकासको महत्वपूर्ण सहयात्रीको रूपमा रहनेछ ।

### ३.८.४ गैरसरकारी संस्था र सामुदायिक क्षेत्र

गैरसरकारी संस्था र सामुदायिक क्षेत्रले गाउँपालिकाको विकास प्रक्रियामा सहयोगीको भूमिका खेल्ने छन् । यस क्षेत्रले गाउँपालिकाको विकास लक्ष्य तथा प्राथमिकताको समन्वयित तथा एकिकृतरूपमा कार्यक्रम सञ्चालनमा आफ्नोतर्फबाट योगदान गरी जन चेतना अभिवृद्धिका साथै स्थानीय विकास निर्माण, गरिवी निवारण तथा क्षमता अभिवृद्धि गर्नमा सहयोग गर्ने छ । सामुदायिक संस्था, उपभोक्ता समिति वा लाभग्राही समुदाय सहितको सामुदायिक क्षेत्र स्थानीय शासन प्रक्रिया र विकास सहयात्री/साझेदारको रूपमा सक्रिय भूमिका निर्वाह गर्नेछन् । आवधिक विकास योजनाको कार्यान्वयन र विषयक्षेत्रगत लक्ष्य प्राप्तिमा गैरसरकारी क्षेत्रको महत्वपूर्ण भूमिका हुने अपेक्षा गरिएको छ ।

# परिच्छेद- ४

# समष्टिगत आर्थिक नीति

## ४.१ कुल गार्हस्थ उत्पादन र क्षेत्रगत योगदान

आर्थिक वर्ष २०७७/७८ मा यस गाउँपालिकाको कुल गार्हस्थ उत्पादन रु. १ अर्ब २० करोड ४७ लाख रहेको र योजना अवधिमा वृद्धि भई अन्तमा रु. १ अर्ब ८२ करोड ७२ लाख पुग्ने अनुमान गरिएको छ। आधार वर्षमा कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान ४५.२%, उद्योग क्षेत्रको १०.५% र सेवा क्षेत्रको योगदान ४४.३% रहेकोमा योजना अवधिको अन्तमा कृषि क्षेत्रको ४२.६%, उद्योग क्षेत्रको १२.५% र सेवा क्षेत्रको योगदान ४४.९% रहने अनुमान छ। यो योजना अवधिमा कुल गार्हस्थ उत्पादन वार्षिक औसत ८.७% ले वृद्धि हुने अनुमान गरिएको छ भने कृषि क्षेत्रको ७.४%, उद्योग क्षेत्रको १२.७% र सेवा क्षेत्रको ९% वृद्धि हुने अनुमान छ। विस्तृत रूपमा यी सूचकहरू तालिका ४.१, ४.२ र ४.३ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.१ : कुल गार्हस्थ उत्पादन रु. लाख**

| क्षेत्र | योगदान % | आधार वर्ष २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|---|---|
| कृषि | 45.2 | 5,451 | 5,724 | 6,067 | 6,522 | 7,109 | 7,784 |
| उद्योग | 10.5 | 1,259 | 1,341 | 1,462 | 1,637 | 1,899 | 2,279 |
| सेवा | 44.3 | 5,337 | 5,711 | 6,167 | 6,753 | 7,429 | 8,209 |
| **कुल** | | **12,047** | **12,775** | **13,696** | **14,912** | **16,436** | **18,272** |

माथिको तालिकाले योजना अवधिमा हुने अपेक्षा गरिएको कुल गार्हस्थ उत्पादन र कृषि, उद्योग र सेवा क्षेत्रको गार्हस्थ उत्पादन देखाएको छ। जस अनुसार आ.व. २०७७/७८ बाट योजना अवधिको अन्तमा कृषि क्षेत्रको गार्हस्थ उत्पादन रु. ५४ करोड ५१ लाखबाट रु. ७७ करोड ८४ लाख, उद्योग क्षेत्रको रु. १२ करोड ५९ लाखबाट रु. २२ करोड ७९ लाख र सेवा क्षेत्रको रु. ५३ करोड ३७ लाखबाट ८२ करोड ९ लाख पुग्ने अनुमान गरिएको छ।

**तालिका ४.२: कुल गार्हस्थ उत्पादनमा वृद्धि प्रतिशत**

| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | औसत |
|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ उत्पादन | 6.04 | 7.21 | 8.9 | 10.2 | 11.2 | 8.7 |
| कृषि | 5 | 6 | 7.5 | 9 | 9.5 | 7.4 |
| उद्योग | 6.5 | 9 | 12 | 16 | 20 | 12.7 |
| सेवा | 7 | 8 | 9.5 | 10 | 10.5 | 9 |

तालिका ४.२ मा कुल गार्हस्थ उत्पादन र विभिन्न क्षेत्रको गार्हस्थ उत्पादनको वृद्धिदर दिइएको छ। जस अनुसार योजना अवधिमा कुल गार्हस्थ उत्पादनको वार्षिक वृद्धि ६.०४% देखि ११.२% सम्म, कृषि क्षेत्रको वृद्धि ५% देखि ९.५% सम्म, उद्योग क्षेत्रको वृद्धि ६.५% देखि २०% सम्म र सेवा क्षेत्रको वृद्धि ७% देखि १०.५% सम्म रहने आकलन गरिएको छ। स्थानीय चुनाव हुने र योजना कार्यान्वयनको तयारी गर्नु परेकाले योजनाको शुरुका वर्षहरूमा गार्हस्थ उत्पादनको वृद्धि केही कम र योजना पूर्ण रूपमा कार्यान्वयनमा जाने भएकाले केही उच्च हुने अपेक्षा गरिएको छ।

तालिका ४.३ मा कुल गार्हस्थ उत्पादनमा विभिन्न क्षेत्रको योगदानको प्रस्तुत गरिएको छ। तालिकामा देखाए अनुसार योजना अवधिमा कृषि क्षेत्रको योगदान हालको ४५.२% बाट घटेर ४२.६%, उद्योग क्षेत्रको १०.५% बाट बढेर १२.५% र सेवा क्षेत्रको योगदान ४४.३% बाट बढेर ४४.९% पुग्ने अनुमान गरिएको छ।

**तालिका ४.३: कुल गार्हस्थ उत्पादनमा क्षेत्रगत योगदान प्रतिशत**

| | आधार वर्ष २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|---|
| कृषि | 45.2 | 44.8 | 44.3 | 43.7 | 43.3 | 42.6 |
| उद्योग | 10.5 | 10.5 | 10.7 | 11.0 | 11.6 | 12.5 |
| सेवा | 44.3 | 44.7 | 45.0 | 45.3 | 45.2 | 44.9 |
| | 100 | 100 | 100 | 100 | 100 | 100 |

## ४.२ कुल गार्हस्थ उत्पादनको मूल्य अभिवृद्धि र लगानी

यस गाउँपालिकाको प्रथम आवधिक योजना अवधिमा हुने कुल गार्हस्थ उत्पादनको मूल्य अभिवृद्धि र त्यसको लागि गर्नुपर्ने लगानीलाई तालिका ४.४, ४.५ र ४.६ मा प्रस्तुत गरिएको छ। जस अनुसार योजना अवधिमा कुल मूल्य अभिवृद्धि आ.व. २०७७/७८ को मूल्यमा रु. ६२ करोड २५ लाख हुने अनुमान गरिएको छ। जसमा कृषि क्षेत्रको मूल्य अभिवृद्धि रु. २३ करोड, ३३ लाख र गैर कृषि क्षेत्रको रु. ३८ करोड ९१ लाख रहेको छ।

सीमान्त पुँजी उत्पादन अनुपातको आधारमा यो योजना अवधिमा हुने मूल्य अभिवृद्धिका लागि कुल रु. २ अर्ब, ९३ करोड ३५ लाख लगानी आवश्यक पर्ने अनुमान छ। नेपालको पन्ध्रौँ योजना र बागमती प्रदेशको पहिलो आवधिक योजनामा लिइएको सीमान्त पुँजी उत्पादन अनुपातको आधारमा गणना गर्दा कृषि क्षेत्रका लागि रु. ७७ करोड र गैरकृषि क्षेत्रका लागि रु. २ अर्ब १६ करोड ३५ लाख लगानी आवश्यक पर्नेछ। उक्त आवश्यक लगानीमध्ये सार्वजनिक क्षेत्रबाट ८०%, निजी क्षेत्रबाट १६%, सहकारी क्षेत्रबाट ३% र सामुदायिक क्षेत्रबाट १% लगानी हुने अपेक्षा गरिएको छ।

**तालिका ४.४: मूल्य अभिवृद्धि रु. लाखमा**

| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | योजना अवधिको जम्मा |
|---|---|---|---|---|---|---|
| **क. कृषि** | **273** | **343** | **455** | **587** | **675** | **2,333** |

| ख. गैरकृषि | | | | | | |
|---|---|---|---|---|---|---|
| उद्योग | 82 | 121 | 175 | 262 | 380 | **1,020** |
| सेवा | 374 | 457 | 586 | 675 | 780 | **2,872** |
| **गैरकृषि** | **455** | **578** | **761** | **937** | **1,160** | **3,891** |
| **जम्मा (क+ख)** | **728** | **921** | **1,216** | **1,524** | **1,835** | **6,225** |

**तालिका ४.५: योजनामा आवश्यक लगानी रु. लाखमा**

| | **सीमान्त पुँजी उत्पादन अनुपात** | **२०७८/७९** | **२०७९/८०** | **२०८०/८१** | **२०८१/८२** | **२०८२/८३** | **योजना अवधिको जम्मा** |
|---|---|---|---|---|---|---|---|
| कृषि | ३.३ | 899 | 1,133 | 1,502 | 1,937 | 2,229 | **7,700** |
| गैरकृषि | ५.५६* | 2,532 | 3,211 | 4,233 | 5,211 | 6,448 | **21,635** |
| **जम्मा** | **4.95** | **3,432** | **4,344** | **5,734** | **7,148** | **8,677** | **29,335** |

* बागमती प्रदेशको सीमान्त पुँजी उत्पादन अनुपातको आधारमा भारित औसत विधिबाट गणना गरिएको

### ४.३ स्रोत साधनको अनुमान

गाउँपालिकालाई अफ्नो कार्यजिम्मेवारी अनुसारको कायर्सम्पादन गर्न स्रोतको आवश्यकता पर्दछ। संविधानप्रदत्त अधिकारको सूचीको कार्यान्वयनमा खासगरी सार्वजनिक सेवा प्रवाह, आर्थिक सामाजिक विकास र अन्य क्षेत्रको परिचालन गरी गाउँपालिकाले लिएको विकासका लक्ष्य हासिल गर्न लगानी तथा खर्चको आवश्यकता पर्दछ । यस्तो खर्च व्यहोर्ने स्रोतहरूमा सार्वजनिक, निजी, सहकारी, सामुदायिक क्षेत्र पर्दछन् ।

योजना अवधिमा कुल २ अर्व ९३ करोड ३५ लाख लगानी आवश्यक पर्ने अनुमानित प्रक्षेपण रहेको छ। उक्त स्रोतमा सर्वाधिक ८७% लगानी सार्वजनिक क्षेत्रको रहेको छ भने निजी क्षेत्रबाट ८%, सहकारी क्षेत्रबाट ४% र सामुदायिक क्षेत्रबाट १ प्रतिशत लगानी हुने प्रक्षेपण गरिएको छ। आ. ब. २०७८/७९ को गाउँपालिकाको खर्च प्रक्षेपण अघिल्लो बर्षको यथार्थ खर्चको तुलनामा अत्यधिक बढी भएकोले त्यसलाई आधार मान्नुपर्ने बाध्यात्मक अवस्थाको कारण तालिका ४.६ मा देखाइएको आ.व. २०७८/७९ र २०७९/८० मा सार्वजनिक क्षेत्रको लगानी प्रक्षेपण तालिका ४.५ मा उल्लेखित आ.ब. २०७८/७९ र २०७९/८० को कुल आवश्यक लगानीभन्दा बढी देखिन आएको छ।

**तालिका ४.६: विभिन्न क्षेत्रको लगानी (रु. लाखमा)**

| **लगानी** | **२०७८/७९** | **२०७९/८०** | **२०८०/८१** | **२०८१/८२** | **२०८२/८३** | **योजना** | **लगानी** |
|---|---|---|---|---|---|---|---|

| **प्राप्त हुने क्षेत्र** | | | | | | **अवधि** | **प्रतिशत** |
|---|---|---|---|---|---|---|---|
| सार्वजनिक | ४,६२५ | ५,०९७ | ५४६५ | 5,८५९ | ६,२६२ | २७,३०८ | 8७ |
| निजी | ० | ० | २०० | ७५० | १,500 | २,४५० | ८ |
| सहकारी | ० | ० | ६९ | ४५० | ८०० | १,३१९ | ४ |
| सामुसायिक | ० | ० | ० | ८९ | ११५ | २०४ | 1 |
| **जम्मा** | **४,६२५** | **५,०९७** | **5,734** | **7,148** | **8,677** | **29,335** | **100** |

## ४.४ सार्वजनिक खर्च

यस गाउँपालिकामा पहिलो योजना अवधिमा सार्वजनिक क्षेत्रबाट २ अर्ब ७३ करोड ८ लाख खर्च हुने अनुमान गरिएको छ । सो मध्ये गाउँपालिकाको सञ्चित कोषबाट रु. २ अर्ब २९ करोड ६८ लाख र संघ तथा प्रदेशबाट प्रत्यायोजित कार्यक्रमअन्तर्गत रु. ४३ करोड ४० लाख खर्च हुने प्रक्षेपण गरिएको छ । उक्त खर्चका लगानीको क्षेत्र र सो को लागि जुटाइने स्रोतको विस्तृत विवरण तालिका ४.७ र ४.८ मा दिइएको छ । तालिकामा दिइए अनुसार योजना अवधिमा गाउँपालिकाको सञ्चित कोषमार्फत हुने लगानी रु. २ अर्ब २९ करोड ६८ लाखमध्ये पुँजीगततर्फ ४०% र चालुतर्फ ६०% खर्च हुने अनुमान गरिएको छ (चित्र ४.१)। गाउँपालिकाको आर्थिक कारोवारको अभिलेखीकरण गर्दा वडा मार्फत भएको खर्चलाई चालु खर्चको रूपमा लेखिएको कारण प्रक्षेपित खर्चमा चालु खर्चको हिस्सा बढी र पुँजीगत खर्चको हिस्सा कम देखिन आएको छ। तर वडा मार्फत हुने खर्च मध्ये अधिकतम् पुँजीगत खर्च हुने भएकाले यसलाई पुँजीगत खर्चको रूपमा अभिलेखीकरण गर्ने अभ्यास थालेको खण्डमा यो हिस्सामा परिवर्तन आउने छ। गाउँपालिकाले आ.ब. २००७७/७८ को यथार्थ खर्चको तुलनामा आ.ब. २०७८/७९ मा अनुमान गरेको बजेट अत्यधिक वृद्धि गरेकोले सोही अनुसार लगानी प्रक्षेपण गरिएको छ।

**चित्र ४.१**




आवधिक योजना अवधिमा गाउँपालिकाको सञ्चित कोषबाट हुने कुल खर्च रु.२ अर्ब २९ करोड ६८ लाखमध्ये रु.१ अर्ब ८२ करोड ९९ लाख (८०%) विकास खर्च र रु. ४६ करोड ६९ लाख (२०%) कार्यसञ्चालन खर्च हुने अनुमान छ । विकास खर्चमध्ये आर्थिक विकास क्षेत्रमा रु.१८ करोड ६० लाख (१०%), सामाजिक क्षेत्रमा रु. ९९ करोड ६ लाख (५४%), पूर्वाधार क्षेत्रमा रु. ५९ करोड ५१ लाख (३३%), वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रमा रु. ३ करोड ४० लाख (२%), तथा संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्रमा रु. २ करोड ४२ लाख (१%) खर्च हुने अनुमान गरिएको छ (चित्र ४.२)।

**चित्र ४.२**




**तालिका ४.७ सार्वजनिक खर्च**

**आ.व. २०७७/७८ को मूल्यमा (रु. लाखमा)**

| | | आधार वर्ष २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | योजना अवधिको |
|---|---|---|---|---|---|---|---|---|
| **क) स्थानीय सञ्चित कोष अन्तर्गत गाउँपालिकाको बजेट खर्च** | | | | | | | | |
| १ | कूल बजेट खर्च | २९,१९ | ३९५७ | ४३०६ | ४५८९ | ४८९५ | ५२२१ | २,२९,६८ |
| १.१ | चालु बजेट | १९,०१ | २३७४ | २५८४ | २७५३ | २९३७ | ३१३३ | १३७८१ |
| १.२ | पुँजीगत बजेट | १०,१८ | १५,८३ | १७,२२ | १८,३६ | १९,५८ | २०,८८ | ९१,८७ |
| २ | विकास बजेट खर्चको क्षेत्रगत बाँडफाँट | १८,२५ | ३१,१२ | ३४,१९ | ३६,५७ | ३९,१७ | ४१,९४ | १,८२,९९ |
| २.१ | आर्थिक विकास | 279 | ३,०६ | ३,४० | ३,६९ | ४,०४ | ४,४१ | १८,६० |
| २.२ | सामाजिक विकास | 576 | १७,९२ | १८,८२ | १९,७६ | २०,७६ | २१,८० | ९९,०६ |
| २.३ | पूर्वाधार विकास | 889 | ९,७५ | १०,७७ | ११,८२ | १२,९६ | १४,२१ | ५९,५१ |
| २.४ | वातावरण तथा विपद् व्यवस्थापन | 54 | १३ | ७२ | ७८ | ८५ | ९२ | ३,४० |
| २.५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | 27 | २६ | ४८ | ५२ | ५६ | ६० | २,४२ |
| २.६ | कार्यसञ्चालन खर्च | 1094 | ८,४५ | ८,८७ | ९,३२ | ९,७८ | १०,२७ | ४६,६९ |
| **ख) संघ र प्रदेशबाट स्थानीय सञ्चित कोष मार्फत सशर्त अनुदानको रूपमा वा सोझै उपलब्ध हुने प्रत्यायोजित कार्यक्रम अन्तर्गतका खर्चहरू** | | | | | | | | |
| ३ | **"ख" को जम्मा प्रक्षेपित खर्च** | **590** | **668** | **791** | **876** | **964** | **1041** | **4340** |
| ४ | **कूल प्रक्षेपित खर्च ("क" +"ख")** | **3509** | **४६,२५** | **५०,९७** | **५४,६५** | **५८,५९** | **६२,६२** | **२,७३,०८** |

*स्रोतः संघ र प्रदेशको आ.व २०७८/७९ को अन्तर सरकारी वित्तीय हस्तानतरण, पालिकाको आर्थिक वर्ष २०७७/७८ को एकीकृत आर्थिक विवरण र आर्थिक २०७८/७९ को बजेट अनुमानको क्षेत्रगत विवरण, आर्थिक वर्ष २०७७/७८ को SuTRA को वर्गीकृत बजेट तथा खर्चको आँकडालाई आधार लिई प्रक्षेपण गरिएको ।*

## ४.५ सार्वजनिक खर्च बेहोर्ने स्रोतहरू

नौकुण्ड गाउँपालिकाको आवधिक योजनाको लक्ष्य तथा उद्‌देश्यहरू प्राप्तिका लागि आवश्यक स्रोतहरूको व्यवस्थापन गर्न सार्वजनिक क्षेत्र अन्तर्गत मौजुदा तथा सम्भाव्य स्रोतहरूको आकलन एवं पहिचान गरी परिचालन तथा उपयोग गरिनेछ । संविधान एवं प्रचलित कानूनको दायरामा रहेर यस गाउँपालिकाले आवधिक योजना अवधीमा निम्न बमोजिमका वित्तीय स्रोतहरू परिचालन गर्नेछः

**(क) आन्तरिक राजस्व**

आवधिक योजनामा गाउँपालिकाको आन्तरिक राजस्व परिचालनलाई क्रमिक रूपमा बढाउँदै लगिनेछ । बाह्य स्रोतहरूमाथिको अत्यधिक निर्भरतालाई क्रमिक रूपमा घटाउँदै लैजान आन्तरिक राजस्व संकलनको विद्‌यमान स्थितिमा व्यापक सुधार गरिनुपर्दछ। यसका लागि गाउँपालिकाको आन्तरिक राजस्व परिचालनको सम्भावना एवं क्षमतामा वृद्‌धि हुनु अपरिहार्य देखिन्छ। गाउँपालिकाको आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्‌धि गर्ने उद्‌देश्यले आर्थिक वर्ष २०७७/७८ मा तयार गरिएको राजस्व सुधार कार्य योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । गाउँपालिकाको प्रथम आवधिक योजना अन्तर्गत आन्तरिक राजस्व परिचालनवाट रु. ४ करोड ५७ लाख (गाउँपालिकाको संचित कोष अन्तर्गत कूल प्राप्ति अनुमानको २ प्रतिशत) प्राप्त गर्ने प्रक्षेपण रहेको छ ।

**(ख) अन्तर सरकारी वित्तीय हस्तान्तरण**

गाउँपालिकालाई संघ र प्रदेशवाट विभिन्न अनुदानका रकमहरूमा समानीकरण (निशर्त), सशर्त, समपूरक र विशेष अनुदानहरू नियमित रूपमा उपलब्ध हुने अनुमान गरिएको छ । समानीकरण र सशर्तको अनुदानको रकम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगद्‌वारा निर्दिष्ट आधारमा सिफारिस गरे बमोजिम संघ र प्रदेशबाट गाउँपालिकालाई प्राप्त हुनेछ । संघबाट उपलब्ध हुने समपूरक र विशेष अनुदानहरू गाउँपालिकाद्‌वारा पेश गरिने प्रस्तावहरूलाई राष्ट्रिय योजना आयोगद्‌वारा मूल्यांकन गरी सिफारिस गरे बमोजिम र प्रदेशको हकमा सम्वद्‌ध प्रदेशद्‌वारा निर्धारित प्रक्रिया बमोजिम गाउँपालिकालाई उपलब्ध हुनेछ। गाउँपालिकाको आवधिक योजना अन्तर्गत रु. १ अर्ब ९६ करोड ९० लाख (गाउँपालिकाको संचित कोष अन्तर्गत कूल प्राप्ति अनुमानको ८६ प्रतिशत) अन्तर सरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त हुने अनुमान गरिएको छ। (तालिका ४.८)

**(ग) प्रत्यायोजित कार्यक्रमहरूबाट प्राप्ति**

आवधिक योजनाको अवधिमा संघ र प्रदेशवाट प्रत्यायोजित कार्यक्रमहरूका लागि करिव रु. ४३ करोड ४० लाख प्राप्त हुने अनुमान गरिएको छ । संघ र प्रदेशवाट प्रत्यायोजित कार्यक्रमहरूका लागि उपलब्ध हुने रकमहरू गाउँपालिकाको सञ्चित कोष मार्फत सशर्त अनुदानको रूपमा वा जिल्ला/प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयद्‌वारा सिधै भुक्तानी गरिनेछ ।

**(घ) वैदेशिक सहायता**

गाउँपालिकलाई वैदेशिक सहायता अन्तर्गत अनुदानतर्फ अर्थ मन्त्रालयको संयोजनमा क्षेत्रगत आधारमा प्राप्त हुन सक्ने र यस्तो रकम सम्भवतः संघको अनुदान रकमहरू अन्तर्गत

समायोजन हुन सक्ने अनुमान गरिएको छ । वैदेशिक ऋणको हकमा स्थानीय तहसँग सहायक ऋण सम्झौता गरेर मात्र गाउँपालिकालाई वैदेशिक ऋण उपलब्ध हुन सक्ने प्रावधान प्रावधान भएको र यसवाट पालिकालाई वित्तीय भार बढ्ने भएबाट आवधिक योजनामा वैदेशिक ऋण प्राप्त गर्ने अनुमान गरिएको छैन ।यसर्थ आवधिक योजनामा वैदेशिक सहायतालाई अलग्गै स्रोतको रूपमा उल्लेख गरिएको छैन ।

**(ङ) बैंक मौज्दातको उपयोग**

गाउँपालिकाले सञ्चित कोष अन्तर्गत हुने बजेट खर्चको न्यून पूर्तीका लागि अघिल्लो आर्थिक वर्षको बाँकी बैंक मौज्दातबाट आवश्यता अनुसार बेहोर्ने अनुमान गरिएको छ । बार्षिक बजेटमा न्यून वित्त परिचालनका लागि पालिकामा बिगत वर्षहरूबाट जिम्मेवारी सरी आउने नगद मौज्दात लाई उपयोग गर्ने गरी आवधिक योजना अवधिमा रु. २८ करोड २१ लाख (गाउँपालिकाको संचित कोष अन्तर्गत कूल प्राप्ति अनुमानको १२ प्रतिशत) हुने अनुमान गरिएको छ। (तालिका ४.८)

**(च) ऋण**

संविधानतः स्थानीय तहलाई आन्तरिक ऋण लिने अधिकार रहेको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले स्थानीय तहले उठाउन सक्ने ऋणको सीमा समेत निर्धारण गरेको छ । कानूनतः नेपाल सरकारको सहमतिमा स्थानीयतहले आन्तरिक ऋण लिन सक्ने भए तापनि यस सम्बन्धी कानूनी व्यवस्थाको अभावमा कार्यान्वयनमा आउन सकेको छैन । नगर विकास कोषबाट प्रवाह हुने ऋण हाल गाउँपालिकामा प्रवाह भएको नदेखिएकोले यसमा समावेश गरिएको छैन ।

**तालिका ४.८: सार्वजनिक खर्च बेहोर्ने स्रोतहरू रु. लाखमा**

| क्रसं | विवरण | ०७७/७८ यथार्थ | ०७८/७९ अनुमान | ०७९/८० प्रक्षेपण | ०८०/८१ प्रक्षेपण | ०८१/८२ प्रक्षेपण | ०८२/८३ प्रक्षेपण | योजनाको अवधि |
|---|---|---|---|---|---|---|---|---|
| **(क) स्थानीय सञ्चित कोष अन्तर्गतको प्राप्ति** | | | | | | | | |
| **१.१** | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | ३२,४२ | ३४,६५ | ३६,८५ | ३९,२१ | ४१,७३ | ४४,४६ | १,९६,९० |
| १.१.१ | संघीय अनुदान | २२,४० | २४,९६ | २६,३१ | २७,७३ | २९,२४ | ३०,८६ | १,३९,१० |
| १.१.२ | संघीय राजस्व बाँडफाँट | ४,०९ | ४,५० | ४,९५ | ५,४५ | ५,९९ | ६,५९ | २७,४८ |
| १.१.३ | प्रदेश अनुदान | ४,२८ | ४,४६ | ४,७९ | ५,१५ | ५,५३ | ५,९५ | २५,८८ |
| १.१.४ | प्रदेश राजस्व बाँडफाँट | ६६ | ७३ | ८० | ८८ | ९७ | १,०६ | ४,४४ |
| **१.२** | आन्तरिक स्रोत | २ | ४,९२ | ६,२१ | ६,६८ | ७,२२ | ७,७५ | ३२,७८ |
| १.२.१ | आन्तरिक राजस्व | २ | ७४ | ८६ | ९० | ९९ | १,०८ | ४,५७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १.२.१ | नगद मौज्दातको उपयोग | – | ४,१८ | ५,३५ | ५,७८ | ६,२३ | ६,६७ | २८,२१ |
| **२** | **जम्मा “क” को प्राप्ति** | **३२,४४** | **३९,५७** | ४३,,०६ | ४५,८९ | ४८,९५ | ५२,२१ | २,२९,६८ |
| **(ख) संघ र प्रदेशवाट स्थानीय संचित कोष मार्फत सशर्त अनुदानको रुपमा वा सोझै उपलव्ध हुने प्रत्यायोजित कार्यक्रमह अन्तगतका प्राप्ति** | | | | | | | | |
| **३** | **“ख” को जम्मा प्रक्षेपित प्राप्ति** | **५,९०** | **६,६८** | **७,९१** | **८,७६** | **९,६४** | **१०,४१** | **४३,४०** |
| **४** | **कूल प्राप्ति (“क” +“ख”)** | **३५,०९** | **४६,२५** | **५०,९७** | **५४,६५** | **५८,५९** | **६२,६२** | **२,७३,०८** |

स्रोतः नेपाल सरकारको आ.व २०७८/७९ को अन्तर सरकारी वित्तीय हस्तान्तरण, बागमती प्रदेशको आ.व २०७८/७९ अन्तर सरकारी वित्तीय हस्तान्तरण, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको जानकारी पुस्तिका, पालिकाको आय विवरण र SuTRA Data.

द्रष्टव्यः आ.व २०७८/७९ को कूल प्राप्ति रु. ३५.०९ करोड भए तापनि कूल खर्च भने रु. २९.१९ करोड मात्र भएको ।

सार्वजनिक क्षेत्रबाट प्रथम आवधिक योजना अवधिमा लगानी गर्ने अनुमान गरिएको रकम रु. २ अर्ब ४४ करोड ६३ लाखमध्ये सबैभन्दा बढी अन्तर सरकारी वित्तीय हस्तान्तरणबाट ८०%, संघ तथा प्रदेशबाट प्रत्यायोजित कार्यक्रमको रूपमा प्राप्त हुने स्रोतबाट १८% र सबैभन्दा कम आन्तरिक स्रोतबाट २% प्राप्त हुने अपेक्षा गरिएको छ (चित्र ४.३)।




यस गाउँपालिकाको नेतृत्वमा तीनै तहको संयुक्त प्रयास तथा निजी, सहकारी गैसस एवं सामुदायिक क्षेत्रको लगानी तथा प्रयासबाट यस योजना अवधिमा गाउँपालिकाका आर्थिक, समाजिक विकास र सुशासनका परिसूचकहरूमा सकारात्मक प्रभाव पर्न गई अपेक्षित विकासको लक्ष्य प्राप्त हुने अनुमान गरिएको छ।

# परिच्छेद- ५
# आर्थिक विकास

## ५.१ पृष्ठभूमि

मानव समृद्धिको महत्वपूर्ण आधारको रूपमा रहेको आर्थिक विकास उत्पादनका साधनको अधिकतम् उपयोग र प्रतिफल प्राप्तिमा आधारित हुन्छ। एकातिर नागरिकहरूलाई समृद्ध बनाउनु नै विकासको उद्देश्य हो भने अर्कोतिर मानव संशाधननै विकासको एक प्रमुख साधन पनि हो। विकासको लक्ष्य प्राप्तिमा यसको अधिकतम उपयोग गरी बेरोजगारी न्यूनीकरण गर्नुका साथै आर्थिक क्षेत्रको विकासबाट नै आयको अभिवृद्धि र रोजगारी सिर्जना भई समष्टिगत आर्थिक विकासका सूचकहरूमा सुधार हुने भएकोले यस योजनाको प्रभावकारी कार्यान्वयनबाट तय गरिएका सूचकहरूमा गुणात्मक सुधार हुने अपेक्षा गरिएको छ। आर्थिक विकासको विषयगत क्षेत्रमा कृषि, पर्यटन, उद्योग व्यापार, व्यवसाय, सहकारी र वित्तीय तथा श्रम र रोजगार क्षेत्र लाई समेटिएको छ।

## ५.२ समष्टिगत आर्थिक विकास

यस गाउँपालिकाको आर्थिक विकासको अवस्था धेरै पछाडि छ। जम्मा एउटा वाणिज्य बैंकको शाखा सञ्चालनमा छ। प्राय अधिकांश नागरिकहरू पालिका बाहिरको बैंक सँग कारोबार गर्दछन्। आर्थिक र वित्तीय सुविधाको पूर्वाधार विकासको आधारमा विश्लेषण गर्दा यो गाउँपालिकामा बस्तु विनिमयको अवस्थाबाट अलिकति मात्र बिकसित भएको पुरातन अर्थ व्यवस्था रहेको अर्थतन्त्रको धेरै बिशेषता रहेको पाइन्छ। यस गाउँपालिकाको कुल गार्हस्थ उत्पादन आर्थिक वर्ष २०७७/७८ को मूल्यमा रु. एक अर्ब २० करोड ४७ लाख रहेको छ भने प्रतिव्यक्ति गार्हस्थ उत्पादन रु. ८१,७२१ रहेको छ। गाउँपालिकाको कुल आम्दानी आर्थिक वर्ष २०७७/७८ को मूल्यमा रु. एक अर्ब ५५ करोड २६ लाख रहेको छ भने प्रतिव्यक्ति आय रु. १,०५,३१५ रहेको छ।

योजनाले परिकल्पना गरेका आर्थिक, सामाजिक लक्ष्य प्राप्ति हुने हो र पूर्वाधारमा लगानी भई सुशासन कायम गर्न सक्ने हो भने योजना अवधिको अन्तमा कुल गार्हस्थ उत्पादन आर्थिक वर्ष २०७७/७८ को मूल्यमा रु. १ अर्ब ८२ करोड ७२ लाख र प्रतिव्यक्ति गाहर्स्थ उत्पादन रु १०६,५०० पुग्ने अनुमान गरिएको छ। त्यस्तैगरी गाउँपालिकाको कुल आम्दानी आर्थिक वर्ष २०७७/७८ को मूल्यमा रु. २ अर्ब ३२ करोड ६५ लाख र प्रति व्यक्ति आय रु १३४,८२० पुग्ने अनुमान गरिएको छ। उक्त समयमा वार्षिक आर्थिक वृद्धि दर ११.२%, कृषि क्षेत्रको वृद्धि दर ९.५%, उद्योग क्षेत्रको वृद्धि दर २०% र सेवा क्षेत्रको वृद्धिदर १०.५% हुने आंकलन छ। गाउँपालिकाका नागरिकहरूको आयको स्तर अनुसारको तथ्यांक उपलब्ध नभएकाले Gini सूचकांक र Palma Ratio गणना र प्रक्षेपण गरिएको छैन।

| नतिजा सूचक | इकाई | आधार वर्ष २०७७/७८ | २०८२/८३ |
|---|---|---|---|
| कुल गार्हस्थ उत्पादन (077/७8 को मूल्यमा) | रु करोडमा | 1२0.४७ | १८२.७२ |
| प्रतिव्यक्ति गार्हस्थ उत्पादन (०७७/७८ को मूल्यमा) | रु. हजारमा | ८१.७२ | १०६.५ |
| कुल आय (077/७8 को मूल्यमा) | रु करोडमा | १५५.२६ | २३२.६५ |
| प्रतिव्यक्ति आय (०७७/७८ को मूल्यमा) | रु. हजारमा | १०५.३१ | १३४.८२ |
| वार्षिक आर्थिक वृद्धि दर | प्रतिशत | 3.1 | 11.2 |
| कृषि क्षेत्रको वृद्धि दर | प्रतिशत | 3.9 | 9.0 |
| उद्योग क्षेत्रको वृद्धि दर | प्रतिशत | 4.1 | 20.० |
| सेवा क्षेत्रको वृद्धि दर | प्रतिशत | ५.8 | १०.5 |

*स्रोत : घरधुरी सर्भेक्षण २०७७, समूह छलफल, आर्थिक सर्वेक्षण २०७७/७८, मानव विकास प्रतिवेदन २०१४ बाट प्राप्त तथ्यांकको आधारमा गणना गरिएको*

** जनसंख्या वृद्धि दर हालको वार्षिक ३.२ प्रतिशत नै कायम रहने अनुमान गरिएको*

### ५.३ कृषि तथा पशुपालन

**१. पृष्ठभूमि**

कृषि क्षेत्रको योगदान नेपालको कुल गार्हस्थ उत्पादनमा उल्लेख्य रहेको र यस क्षेत्रमा जनसंख्याको ठुलो हिस्सा संलग्न रहेको मात्र नभई नेपालीको जीवनयापनमा समेत यस क्षेत्रको अहम् भूमिका छ। संबिधानले कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य र सहकारीलाई स्थानीय तहको जिम्मेवारीमा राखेको छ। स्थानीय सरकार सञ्चालन ऐनले कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमनका साथै कृषि प्रसारको व्यवस्थापन, सन्चालन र नियन्त्रणलाई स्थानीय तहको अधिकार क्षेत्रभित्र राखेको छ। यसै सिलसिलामा कृषिको उत्पादन बढाउनमा स्थानीय विकासको स्तर र योजना तथा आवश्यकता अनुसार भूउपयोग योजना सहित वैज्ञानिक व्यवस्थापन गर्न सबै स्थानीय तहले आ-आफ्नो क्षेत्रमा भू उपयोग योजना बनाई लागू गर्नुपर्ने कानूनी व्यवस्था समेत गरेको छ।

**२. वस्तुगत अवस्था**

यस गाउँपालिकाको जीविकोपार्जनको मुख्य आधार कृषि तथा पशुपालन हो। यहाँका करिब ८५% घरपरिवारको जमिन कृषिमा प्रयोग भएको छ। त्यसको ९०% ले कृषि उपज बिक्री गर्ने गरेका छन्। यस गाउँपालिकामा २ वटा तरकारी पकेट क्षेत्र (वडा ५ र ६) र एक एक वटा फलफुल (वडा ५), कफी (वडा ४), लसुन (वडा १) र कुखुरा पकेट क्षेत्र (वडा ५) रहेका छन्। करिब १२००० वटा बाख्रा पालन गरिएका छन्। हाल ७ जना बन्दागोवी, काउली र टमाटर उत्पादन गर्ने व्यावसायिक कृषक रहेका छन्। यहाँ ४२ घरधुरी चौरीपालक कृषक तथा १२ वटा कृषि तथा पशु फार्म दर्ता छन्। वडा नं ४ मा मुला तथा कफी खेति छ भने वडा नं २ मा ३ जना कृषकले भेडी गोठमा

४०० जति भेडा पाल्ने गरेका छन्। गाउँपालिकामा १९ वटा कृषक समूह र ८ वटा कृषि तथा पशु फार्म दर्ता छन्। यस गाउँपालिका भित्र १६ वटा चरन क्षेत्र छन् । यहाँ मुख्यतया किसानहरूले व्यावसायिक रूपमा तरकारी र नगदे बालि लगाउने गरेका छन् । मुख्यतया आलु, टमाटर, लसुन, कोदो, मकै, धानको उत्पादन र पशुपालन हुने गरेको छ । यो गाउँपालिकाको वडा नम्बर १, २ र ६ मा करिब ३७ घर चौंरी पालक कृषक रहेका छन्।  संघीय सरकारको चौंरी प्रवर्द्धन कार्यक्रम सञ्चालनमा छ । हाल करिब ८०० भन्दा बढी चौंरी छन्। यहाँबाट बंगुर र बाख्रा निकासी हुने गरेको छ लोकल कुखुरा र भेडा पालनकालागि पनि यो गाउँपालिकाको हावापानी उपयुक्त छ।साथै यहाँ टिमुर खेतीको पनि सम्भावना रहेको छ। यहाँको कृषि उपजको निकासी धुन्चे बजार र त्रिशुली बजारमा हुने गरेको छ। भविष्यमा तिब्बतसम्म बिस्तार हुन सक्ने सम्भावना रहेको छ । समूह छलफलबाट प्राप्त सूचना अनुसार यस गाउँपालिकामा आफ्नै उत्पादनले बर्ष भरि खान पुग्ने घरपरिवार करिब २०% रहेका छन् भने करिव ६०% लाई आफ्नो उत्पादनले तिन महिनाभन्दा कम खान पुग्छ ।

## ३. प्रमुख समस्या

उत्पादनको बजार सम्म पहुँचमार्गको नियमितता नभएकोले बिक्रीमा समस्या हुनु, निर्वाहमुखी कृषि प्रणाली हुनु, कृषकहरूको नगदे बालि लगाउने प्रचलन नहुनु, कृषि उपजको उचित भण्डारणको व्यवस्था नहुनु, सिंचाइको सुविधा कम हुनु, बीउ, बिजन तथा कृषि सामग्रीको आपूर्ति समयमा नहुनु र न्यून हुनु र कृषि प्राविधिकको कमी हुनु, स्थानीय हावा, पानी र माटो सुहाउँदो कृषि र पशुपालनको विकास हुन नसक्नु, किसानको माग अनुसारको सेवा प्रवाह हुन नसक्नु, कृषि पकेटक्षेत्रमा पनि कृषि सामाग्रीको आपूर्ति तथा प्राविधिक सेवा पर्याप्त नहुनु, कृषिको व्यवसायीकरण गर्न नसकिनु, सीप सिकेका युवालाई कृषिमा आकर्षित गर्न नसकिनु, कृषि उत्पादन क्यालेन्डर तयार नहुनु, कृषि मूल्य श्रृखलामा जोडन नसकिनु, व्यावसायिक रूपमा पशुपालन हुन नसकिनु, भूउपयोग प्रणाली लागू हुन नसकिनु, अन्तर निकाय समन्वयको कमी हुनु आदि रहेका छन्।

## ४. अवसर तथा चुनौती

### (क) अवसर

संघ, प्रदेश र स्थानीय तह सबैको कृषि क्षेत्रको विकास प्राथमिकतामा रहनु, विशिष्ट प्रकारको पशुपालन जस्तै, चौंरी र भेडा पालन तल्लो क्षेत्रमा बाख्रापालनको लागि उपयुक्त हावापानी हुनु, संघ र प्रदेशबाट समेत विभिन्न कार्यक्रम सञ्चालनमा रहनु, प्रादेशिक र स्थानीय मौसमी सडक सञ्जालको सबै वडामा पहुँच हुनु, सिंचाइको स्रोत यथेष्ट हुनु, चरण क्षेत्र प्रसस्तै हुनु, काठमाडौं र नुवाकोट जिल्लाको सदरमुकाम बिदुर मात्र नभई धुन्चे जस्ता बजार नजिक हुनु, भविष्यमा तिब्बतसम्म बजारको पहुँच विस्तार गर्ने सम्भावना हुनु, कृषि र पशुपालन समूह/व्यवसायको संस्थागत विकास हुनु, कृषकहरू नगदेबाली र बेमौसमी तरकारी खेतीतर्फ आकर्षित हुनु, छुर्पी

उत्पादन, कफी प्रशोधन, कुटानी पिसानी मिल जस्ता कृषिमा आधारित उद्योग सञ्चालन हुनु, आदि यस क्षेत्रका अवसरको रूपमा रहेका छन्।

**(ख) चुनौती**

कृषकलाई आवश्यक प्राविधिक सेवा समयमै उपलब्ध गराउनु, मल बिउ लगायतको कृषि सामग्रीको सहज आपुर्ति गर्नु, कृषि उपज भण्डारण संरचनाको निर्माण र सञ्चालन गर्नु, पकेट क्षेत्रमा उत्पादित कृषि उपजलाई बजारसम्मको सहज पहुँच पुर्याउनु, कृषि बजार बिस्तार गर्नु, युवाहरूलाई कृषि क्षेत्रमा आकर्षित गर्नु, कृषि उत्पादन क्यालेन्डर तयार गरी त्यसको आधारमा कृषि कार्य गर्न कृषकहरूलाई उत्साहित गर्नु, निर्वाहमुखी कृषि तथा पशुपालनलाई ब्यबसायिकतामा रुपान्तरण गर्नु, बैज्ञानिक भू उपयोग प्रणाली लागू गर्नु, कृषि तथा पशुजन्य उत्पादनको उचित मूल्य सुनिश्चित गर्नु, संघीय तथा प्रादेशिक अनुदान एवं प्रत्यायोजित कार्यक्रमहरू स्थानीय आवश्यकता र प्राथमिकतासँग जोड्नु र कृषि पेशामा आकर्षित युवालाई टिकाई राख्नु चुनौतीको रूपमा रहेका छन्।

५. **लक्ष्य :** गाउँपालिकाको कुल गार्हस्थ्य उत्पादनमा कृषिक्षेत्रको योगदान वृद्धि भएको हुने।

६. **उद्देश्य :**

आधुनिक र व्यावसायिक कृषि/पशुपालनको विकास र विस्तार गर्नु।

७. **रणनीति**

(१) कृषिको आधुनिकीकरण गर्दै व्यवसायीक बनाउने।

(२) व्यावसायिक पशुपक्षी पालनमा कृषकहरूलाई आकर्षित गर्ने।

(३) कृषकलाई कृषि सम्बन्धी आधुनिक प्राविधिक सेवा सहज उपलब्ध गराउने।

(४) कृषि उत्पादनको बजार बिस्तार गर्ने।

५) भूउपयोग योजना बनाई कार्यान्वयन गर्ने।

८. **कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| १. कृषिको आधुनिकीकरण गर्दै व्यवसायीक बनाउने। | (१) कृषि र पशुपालनको सम्भावनाको आधारमा थप पकेट क्षेत्रको विस्तार गरिनेछ।<br>(२) समग्र कृषि क्षेत्रलाई व्यावसायिकतातर्फ उत्प्रेरित गर्न अनुदानको व्यवस्था गरिनेछ।।<br>(३) प्रांगारिक कृषि कार्य र मल खादको उत्पादनका लागि व्यावसायिक कृषक र कृषक समूहसँग सहकार्य गरिनेछ।<br>(४) कृषकलाई बीउबिजन लगायत कृषि सामग्रीको उपलब्ध गराउन निजी क्षेत्र, एग्रोभेट र सहकारी परिचालन गरिनेछ।<br>(५) उन्नत प्रविधिको प्रयोग गर्ने किसानलाई त्यस्तो प्रविधि भित्र्याउन सहयोग पुरयाउन अनुदानको व्यवस्था गरिनेछ। |

| | |
|---|---|
| | (६) किसानको वर्गीकृत तथ्यांक अध्यावधिक गरी निर्वाहमुखी कृषकलाई व्यवसायीकरणतर्फ आकर्षित गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।<br>(७) सम्भाव्यताको आधारमा विभिन्न क्षेत्रहरूमा फलफुल तथा अन्य उच्च मूल्य हुने बालीहरूको खेति प्रवर्द्धन गरिनेछ।<br>(८) भूमिहीन, सीमान्त र साना किसानलाई जग्गा पट्टामा (lease) उपलब्ध गराई बाँझो जमिन लगायत कृषियोग्य भूमिको पूर्ण सदुपयोग गर्न सहजीकरण गरिनेछ।<br>(९) जमिनको माटोको जाँच गरी माटो उपचारका साथै माटो अनुकूलको खेती प्रणाली लागू गरिनेछ।<br>(१०) टनेल, ग्रिन हाउस तथा आधुनिक कृषि औजार अनुदानमा वितरण गरिनेछ।<br>(११) टिमुर खेति तर्फ किसानलाई आकर्षित गरिनेछ।<br>(१२) कृषकलाई उत्पादकत्वमा आधारित अनुदान तथा पुरस्कारको व्यवस्था गरिनेछ।<br>(१३) एक घर एक फलफुल उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ।<br>(१४) कफी र अलैंची खेतीको सम्भाव्यता अध्ययन गरी खेती विस्तार गरिनेछ।<br>(१५) ओखर र स्याउ उत्पादन बढाउने कार्यक्रम लागू गरिनेछ।<br>(१६) रैथाने प्रजातिको बाली संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ। |
| (२) व्यावसायिक पशुपक्षी पालनमा कृषकहरूलाई आकर्षित गर्ने । | (१) सम्भावित पशुपक्षीको पहिचान गरी उपयुक्त नश्लको पशुपक्षी पालनमा प्रोत्साहित गरिनेछ।<br>(२) रैथाने जातका पशुको नश्ल सुधार गरिनेछ।<br>(३) चरन क्षेत्र र घाँस प्रशस्त हुने स्थानहरूमा व्यावसायिक बाख्रापालन क्षेत्रको विकास गरिनेछ।<br>(४) कृषकहरूमा सचेतना अभिवृद्धि गर्न कृषि प्रसार सेवालाई प्रभावकारी बनाइने छ।<br>(५) पशुजन्य उत्पादनको बजार सूचना कृषकहरूलाई सहज उपलब्ध गराउन निजी क्षेत्र र सहकारीको परिचालन गरिनेछ।<br>(६) बंगुर, मौरी पालन पोल्ट्री फार्म (लोकल कुखुरा) सञ्चालनलाई प्रोत्साहित गरिनेछ ।<br>(७) चौंरी पालन संरक्षण र चौंरी बिमा कार्यक्रम सञ्चालन गरिनेछ।<br>(८) चरण क्षेत्रको विकास र विस्तार गरिनेछ।<br>(९) अण्डा उत्पादनमा आत्मनिर्भर बनाउन लेयर्स पालन व्यवसायलाई |

| | |
|---|---|
| | प्रोत्साहित गरिनेछ। |
| (३) कृषकलाई कृषि सम्बन्धी आधुनिक प्राविधिक सेवा सहज उपलब्ध गराउने। | (१) उन्नत कृषि प्रविधिमा कृषकको पहुँच सुनिश्चित गरीनेछ।<br>(२) युवाहरूलाई स्रोत व्यक्ति मार्फत कृषि प्राविधिक शिक्षा दिई गाउँपालिकामा कृषि प्राविधिकको यथेष्ट व्यवस्था गरिनेछ।<br>(३) कृषि विषय अध्ययन गरिसकेका विद्यार्थीहरूलाई व्यावहारिक ज्ञान दिलाउन internship को रूपमा गाउँपालिकामा ल्याई कृषकलाई सेवा पुर्याउने व्यवस्था मिलाइनेछ।<br>(४) अगुवा कृषक ज्ञान, सीप तथा अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गरिनेछ।<br>(५) कृषि ज्ञान केन्द्र, पशु सेवा केन्द्रसँग समन्वय गरी घुम्ती कृषि पाठशाला लगायत तालिम कार्यक्रम सञ्चालनको व्यवस्था मिलाइने छ।<br>(६) सहुलियतको माध्यमबाट वेमौसमी तरकारी उत्पादनलाई प्रोत्साहित गरिनेछ।<br>(७) पोस्ट हार्भेस्ट तालिम सञ्चालन गरी उत्पादनको समयमा खेर जाने तरकारीको सुरक्षित भण्डारण गरी मूल्य अभिवृद्धि गरिनेछ। |
| (४) कृषि उत्पादनको बजार विस्तार गर्ने | (१) स्थानीय कृषिजन्य उत्पादनको वर्गीकरण, प्रारम्भिक प्रशोधन गर्दै मूल्य श्रृंखलामा आबद्ध गरिनेछ।<br>(२) कृषि बाली तथा पशु विमाको व्यवस्था गरिनेछ।<br>(३) कृषि उपज संकलन केन्द्र र शीत भण्डार निर्माण एवं सञ्चालनमा सहकारी र निजी क्षेत्रसँग सहकार्य गरिनेछ।<br>(४) गाउँपालिकामा उत्पादन हुने कृषि उपजहरूको उत्पादन क्यालेन्डर तयार गरिनेछ र सोको आधारमा प्रदेश सरकारसँग समन्वय र अन्य स्थानीय तहसँग सहकार्य गरी कृषि उत्पादनको बजार पहिचान गरी कृषकलाई सूचना प्रदान गरिनेछ।<br>(५) सहकारी र निजी क्षेत्रसँग सहकार्य गरी गाउँपालिकामा उत्पादन हुने कृषि उपजहरूको तिब्बतमा निर्यात गर्न आवश्यक पहल गरिनेछ।<br>(६) गाउँपालिकामा खाद्य बैंक सञ्चालन गरी कृषि उत्पादन सहज बिक्री गर्ने तथा खाध्य सुरक्षा सुनिश्चित गरिनेछ।<br>(७) सोलार र रष्टिक स्टोर निर्माण गरी कृषि उत्पादन भण्डारण क्षमता बढाइने छ। |
| ५) भूउपयोग योजना बनाई | १. गाउँपालिका क्षेत्रको वस्तुस्थिति, जनसंख्या वृद्धिदर, खाद्यान्न |

| | | |
|---|---|---|
| कार्यान्वयन गर्ने | | तथा आवासको आवश्यकता, आर्थिक विकास तथा पुर्वाधार निर्माणकोलागि भूमिको मागमा हुने वृद्धि लगायतका आधारमा उपयोग क्षेत्र निर्धारण गरी दिर्घकालिन भूउपयोग योजनाको आधार पत्र तयार गरिनेछ। |
| | २. | भूउपयोग ऐन २०७६, मापदण्ड तथा कार्यविधि अनुसार गाउँपालिकाभित्रको भूमिलाई स्थानीय आवश्यकता र अवस्थाको आधारमा वर्गीकरण गरिनेछ। |
| | ३. | भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको प्राविधिक सहयोग लिई भूउपयोग क्षेत्र नक्सा अध्यावधिक गरिनेछ। |
| | ४. | भूउपयोग क्षेत्र नक्सा तथा गाउँपालिकाको आर्थिक, सामाजिक र पूर्वाधार विकासको योजनाको आधारमा भूउपयोग योजना तयार गरिनेछ। |
| | ५. | गाउँपालिकाभित्रको भूउपयोग क्षेत्र वर्गीकरण नक्शा बमोजिम जग्गा धनी श्रेस्ता र प्रमाणपुर्जामा अध्यावधिक गरिनेछ। |
| | ६. | निर्धारित भूउपयोग क्षेत्रको आधारमा जग्गा धनी श्रेस्ता र प्रमाणपुर्जा वितरण गरिनेछ। |

## ९. प्रमुख कार्यक्रम

### (क) गाउँपालिकाबाट सञ्चालन हुने प्रमुख कार्यक्रमहरू

(१) कृषि पकेट क्षेत्र विकास तथा विस्तार कार्यक्रम (फलफूल- वडा नं. ५, धान, कफी तथा उच्छ मूल्यका उत्पादन-वडा नं. ४, आलु, किवी, ओखर वडा नं. २)

(२) कृषि प्रसार कार्यक्रम

(३) माटो विश्लेषण तथा सुधार कार्यक्रम

(४) चौंरी पालन संरक्षण कार्यक्रम

(५) व्यावसायिक पशुपालन प्रवर्द्धन तथा पशु नश्ल सुधार कार्यक्रम

(६) बाख्रा पालन प्रवर्द्धन कार्यक्रम

(७) डेरी प्रवर्द्धन कार्यक्रम

(८) मत्स्य विकास कार्यक्रम

(९) शीत भण्डार निर्माण तथा कृषि उपज बजारीकरण कार्यक्रम

(१०) वैज्ञानिक भूउपयोग योजना तर्जुमा र कार्यान्वयन

११) बिमा कार्यक्रम

१२) युवा लक्षित कार्यक्रम

(१३) एक घर एक फलफूल कार्यक्रम

(१४) चरण क्षेत्र विकास र विस्तार

**(ख) प्रदेश तहबाट सञ्चालन हुने प्रमुख कार्यक्रमहरू**

वैज्ञानिक भू-उपयोग योजना तर्जुमा

**(ग) सङ्घीय तहबाट सञ्चालन हुने प्रमुख कार्यक्रमहरू**

वैज्ञानिक भू-उपयोग योजना तर्जुमा

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, जोन सुपरजोन कार्यक्रम

**१०. अपेक्षित उपलब्धि**

कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान रु. ७७.८४ करोड पुगेको हुने, कृषि उत्पादनले ३ महिनाभन्दा कम खान पुग्ने परिवार ६० प्रतिशतबाट २५ प्रतिशत भएको हुने, आयातित खाधान्नमा गरिने हालको पारिवारिक कुल खर्चको ३५ प्रतिशतबाट घटी २५ प्रतिशत भएको हुने।

## ५.४ पर्यटन तथा संस्कृति

**१. पृष्ठभूमि**

स्थानीय रोजगारी सृजना र आय आर्जनका लागि पर्यटन महत्वपूर्ण क्षेत्र हो। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन, नवीन पर्यटकीय सेवाहरूको पहिचान, विकास तथा स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन, घरवास पर्यटन जस्ता कार्य गाउँपालिकाको अधिकार क्षेत्रभित्र राखेको छ।

**२. वस्तुगत अवस्था**

यस पालिकामा रक क्लाइम्बिङ्ग गराउन सकिने बिजुली ढुंगा र जुरे ढुंगा (जहाँ) जस्ता साहसिक पर्यटन विकास गर्ने स्थलहरू छन् । पार्क बनाउन सकिने पाच्र्याङ र समर्थली, चौरी महोत्सवको लागि उपयुक्त स्थान लारच्याङटार रहेको छ। यस गाउँपालिका हुँदै गोसाईंकुण्ड जाने पदमार्ग जिरो-भोर्ले-सेर्सुंङ-दोक्लाम हुँदै गोसाईंकुण्ड जाने पदमार्ग हाल २ दिनको हिंडाइबाट पुगिन्छ भने यसलाई छोट्याएर १ दिनको हिंडाईमा गोसाईंकुण्ड पुग्ने गरी विकास गर्न सकिने सम्भावना रहेको छ। यस गाउँपालिकामा आन्तरिक पर्यटक वार्षिक करिब १ हजार आउने गरेका छन्। यो गाउँपालिका तामाङ मौलिक र विशिष्ट संस्कृतिको पनि धनी छ। तर पर्यटकीय सुविधाका लागि आवश्यक पूर्वाधारहरू बनिसकेका छैनन्।

**३. प्रमुख समस्या**

पर्यटन पूर्वाधारको विकास हुन नसक्नु, पर्यटन विकास सम्बन्धी गुरूयोजना नहुनु, पर्यटकीय उपजको पहिचान एवं बाजारिकरण हुन नसक्नु, पर्यटकहरूलाई आवश्यक पर्ने होटल लगायतका सेवा सुविधा उपलब्ध नहुनु, स्थानीयस्तरमा उपलब्ध विशिष्ट कला संस्कृति र भौगोलिक अवस्थाको प्रचार प्रसार हुन नसक्नु यस क्षेत्रका प्रमुख समस्या हुन्।

**४. अवसर र चुनौती**

**(क) अवसर**

नौकुण्डको अवस्थिति, काठमाडौँबाट सबैभन्दा भन्दा नजिक चौंरी पालन हुनु, कृषि पर्यटनको सम्भावना हुनु, तामाङको विशिष्ट मौलिक संस्कृति हुनु, **गोसाईंकुण्ड** जाने पर्यटकीय पदमार्गमा पर्नु, साहशिक पर्यटन (रक क्लाइम्बिङ्ग) का लागि स्थानहरू हुनु आदि यस गाउँपालिकामा पर्यटन विकासमा अवसरको रूपमा रहेका छन्।

**(ख) चुनौती**

नौकुण्ड अवस्थित क्षेत्रमा पर्यटनको विकास गरी पर्यटक आकर्षित गर्नु, साहसिक पर्यटन (Rock climbing) को विकास गर्नु, घरमा आधारित (home stay) र पर्यापर्यटनको विकास गर्नु पर्यटकीय पूर्वाधार विकास गर्नु, पर्यटकीय गन्तव्य र उपजको बजारीकरण गर्नु, आधारभूत पर्यटकीय सुविधाहरूको व्यवस्था गर्नु, निजी क्षेत्रलाई पर्यटन व्यवसायतर्फ आकर्षित गर्नु, यस क्षेत्रका प्रमुख चुनौतीको रूपमा रहेका छन्।

**५. लक्ष्य:** गाउँपालिकाको कुल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान वृद्धि भएको हुने।

## ६. उद्देश्य

स्थानीय आय र रोजगारी वृद्धिमा पर्यटन क्षेत्रको योगदान बढाउनु।

## ७. रणनीति

(१) साहसिक पर्यटन र पर्या पर्यटनको पूर्वाधारको विकास गर्ने।

(२) पर्यटन क्षेत्रको लाभलाई स्थानीयकरण गर्ने।

## ८. कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| (१) साहसिक पर्यटन र पर्या पर्यटनको पूर्वाधारको विकास गर्ने। | (१) गाउँपालिकाभित्रको पर्यटन विकास गुरूयोनना निर्माण गरिनेछ।<br>(२) गुरुयोजनाको प्राथमिमकिता अनुसार पर्यटकीय पूर्वाधारको विकास गरिनेछ।<br>(३) पर्यटन क्षेत्रमा सहुलियत तथा सहजीकरण गरी निजी क्षेत्रको लगानी आकर्षित गरिनेछ।<br>(४) लारच्याङटारमा हरेक वर्ष माघी/अंग्रेजी नयाँ वर्षमा चौंरी महोत्सव आयोजना गरिनेछ।<br>(५) पर्यटन बोर्डसँग सहकार्यमा नौकुण्ड तालमा पर्यटन क्षेत्र विकास गरिनेछ।<br>(६) तामाङ संस्कृतिमा आधारित रही होमस्टेको विकास र प्रबर्ध्दन गरिनेछ ।<br>(७) नौकुण्डको पर्यटकीय पहिचान र उपजहरूको प्रचार प्रसार गरिनेछ।<br>(८) गोसाईंकुण्ड जाने सबैभन्दा छोटो पदमार्गको निर्माण गरिनेछ।<br>(९) निजी क्षेत्रसँग सहकार्य गरी जुरेढुंगा र बिजुली ढुंगामा साहसिक पर्यटन (रक क्लाइम्बिङ) को शुरुवात गरिनेछ। |
| (२) पर्यटन क्षेत्रको लाभलाई स्थानीयकरण गर्ने। | (१) चौंरी महोत्सवमा प्रस्तुत गर्ने स्थानीय उत्पादनहरूको विकास गरिनेछ।<br>(२) होमस्टे सञ्चालन गर्न आवश्यक तालिम तथा सहयोग उपलब्ध गराइनेछ।<br>(३) अतिथि सत्कार सेवा सम्बन्धी अभिमुखीकरण गरिनेछ।<br>(४) स्थानीय उत्पादनमा आधारित खानाको मेनुको विकास गरिनेछ ।<br>(५) स्थानीय उत्पादनमा आधारित कोशेलीघर सञ्चालनमा प्रोत्साहित गरिनेछ।<br>(६) पर्यटकीय पूर्वाधार निर्माणमा सकेसम्म स्थानीय सामग्रीको प्रयोगलाई प्राथमिकता दिइनेछ। |

**९. प्रमुख कार्यक्रमहरू**

**(क) गाउँपालिकाबाट सञ्चालन हुने**

(१) नौकुण्डको पर्यटकीय विकास गुरु योजना निर्माण

(२) लारच्याङटार चौंरी महोत्सव

(३) पर्यटकीय पूर्वाधार विकास

(४) रक क्लाइम्बिङ प्रतिस्पर्धा

(५) ऐतिहासिक स्थल तथा सांस्कृति संरक्षण र विकास

(६) तामाङ संस्कृतिको होमस्टे विकास कार्यक्रम

(७) क्षमता विकास।

**(ख) प्रदेश तहबाट सञ्चालन हुने**

पर्यटन प्रवर्द्धन कार्यक्रम

**(ग) संघीय सरकारसँगको समन्वयमा गरिने**

- पर्यटन बोर्डबाट पर्यटन प्रवर्द्धन
- तालिम तथा परचार प्रसार कार्यक्रम
- पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम ।

**१०. अपेक्षित उपलब्धि**

गाउँपालिकाको गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको हिस्सा ३ प्रतिशत पुगेको हुने । नौकुण्डको पर्यटकीय विकास गर्न गुरुयोजना निर्माण भएको हुनेछ। लारच्याङटारमा वार्षिक रूपमा चौंरी महोत्सव आयोजना भएको हुनेछ। कम्तीमा एक स्थानमा रक क्लाइम्बिङ शुरु भएको हुनेछ। गाउँपालिकामा तामाङ संस्कृतिको कम्तीमा एउटा होमस्टे सञ्चालनमा आएको हुनेछ।

## ५.५ उद्योग, व्यापार तथा व्यवसाय

### १. पृष्ठभूमि

उद्योग तथा व्यापार स्थानीय आर्थिक विकासको एक मुख्य आधार हो। स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई उद्यमशीलता विकास गर्ने, लघु, घरेलु तथा साना उद्योगको नियमन, विकास प्रवर्द्धन र व्यवस्थापन गर्ने, स्थानीय बजार तथा हाट व्यवस्थापनजस्ता अधिकार तथा जिम्मेवारी तोकेको छ। यसपालिकाको भौगोलिक अवस्थिति, लगानी र कच्चा पदार्थको उपलब्धता र बजारको अवस्था हेर्दा कृषिमा उत्पादनमा आधारित लघु घरेलु उद्योग तथा मिनरल वाटर उद्योगको सञ्चालन नै आर्थिक विकासको आधार बन्न सक्छ।

### २. वस्तुगत अवस्था

हाल यस गाउँपालिकामा २०९ वटा उद्योग व्यपार र व्यवसाय रहेका छन्। ती उद्योग व्यवसायमा ५५२ जना संलग्न छन् (आर्थिक गणना, २०७५)। जिल्ला स्थित घरेलु उद्योग कार्यालयमा हाल सम्म यस गाउँपालिकालाई कार्यक्षेत्र बनाएर कुल १९३ उद्योग दर्ता भएका छन्। ती मध्ये उत्पादन मुलक २५, कृषि तथा वनजन्य ११०, निर्माण ७, पर्यटन ७ र सेवामुलक ४७ उद्योग छन्। चौंरीको दूधको छुर्पी, चीज जस्ता लघु तथा कफी प्रशोधन जस्ता घरेलु उद्योग सञ्चालनमा रहेका छन्। यहाँ अर्ग्यानिक कफी उत्पादनको सम्भावना छ साथै मिनरल वाटर प्रशोधन गर्ने उद्योग सञ्चालन गर्न सकिन्छ। यस गाउँपालिकामा हाल स्थानीय बजार केन्द्र ४ वटा रहेका छन्।

### ३. प्रमुख समस्या

सङ्घीय ऐनसँग प्रदेश कानून बाझिएकाले स्थानीय तहको अधिकार संकुचन हुनु, सर्वयाम सडकको पहुँच नहुनु, गाउँपालिकाले सार्वजनिक निजी साझेदारी नीति तयार नगर्नु, नागरिकमा उद्यमशीलताको कमी, वैदेशिक रोजगारी प्रतिको आकर्षणले औद्योगिक व्यावसायिक गतिविधि न्यूनता, औद्योगिक पूर्वाधारको अभाव, उद्योग खोल्न आबश्यक पुँजी र प्रविधिको अभाव हुनु, निजी क्षेत्रसँग दीर्घकालीन लगानी गरी प्रतिफल लिने धैर्यता नहुनु, राष्ट्रिय निकुन्जको कारण काष्ठजन्य उद्योग सञ्चालन गर्न बाधा पर्नु, स्थानीय उत्पादनको लागत महँगो पर्नु, विप्रेषणलाई औद्योगिक लगानीमा परिचालन गर्न नसकिनु, परम्परागत रूपमा मात्र व्यापार र व्यवसाय सञ्चालन गर्नु, सेवामूलक व्यवसायको महत्व कम बुझ्नु यस क्षेत्रको प्रमुख समस्याको रूपमा रहेका छन्।

### ४. अवसर र चुनौती

#### (क) अवसर

नेपाल सरकारको एक गाउँपालिका एक औद्योगिक ग्रामको नीति रहनु, नेपाल सरकारको MEDPA कार्यक्रम सञ्चालन हुनु, कोभिडको कारण वैदेशिक रोजगारी र देशको अन्य भागमा रोजगारीको अवसर कम भएकाले गाउँका युवाहरू गाउँमै व्यवसाय गर्नप्रति आकर्षित हुनु, चौंरीको

चीज उत्पादन, अर्ग्यानिक कफीको प्रशोधन, आलु चिप्स उत्पादनको सम्भावना हुनु, बिदेसमा निर्यात गर्न सकिने मिनरल वाटरको स्रोत हुनु, राष्ट्रिय विद्युत् प्रशारण लाइनमा जोडिनु, विदेशबाट सीप र ज्ञान हासिल गरेका युवा जनशक्ति उपलब्ध रहनु, साना तथा लघु उद्योग व्यवसायमा सहुलियत पूर्ण कर्जा उपलब्ध गराउन सरकारको नीति रहनु आदि यस क्षेत्रको अवसरहरू हुन्।

**(ख) चुनौती**

नागरिकमा उद्यमशीलताको विकास गर्नु, औद्योगिक ग्रामको स्थापना गर्नु, स्थानीय उत्पादनलाई मूल्यश्रृङ्खलामा आवद्ध गर्नु, चौंरीको दूधबाट विभिन्न दुग्धजन्य बस्तु उत्पादन गरी प्रवर्द्धन गर्नु, उध्यमशील युवाहरूलाई सीप र पुँजीको उपलब्ध गराउनु, सेवामुलक व्यवसायको महत्व बुझाई सोको विकास र विस्तार गर्नु, विप्रेषण आयलाई औद्योगिक क्षेत्रमा परिचालन गर्नु जस्ता चुनौतीहरू रहेका छन्।

**५. लक्ष्य**

गाउँपालिकाको कुल गार्हस्थ उत्पादनमा उद्योग तथा व्यापार क्षेत्रको योगदान बढेको हुने।

**६. उद्देश्य**

(१) उद्यमशीलताको विकास मार्फत स्थानीय कच्चा पदार्थ, श्रम र सीपमा आधारित उद्योगको विकास गर्नु।

(२) प्रभावकारी र स्वस्थ व्यवसायको प्रवर्द्धन गरी आपूर्ति व्यवस्थालाई सहज बनाउनु।

**७. रणनीति**

(१) नागरिकहरूमा उद्यमशीलताको विकास गर्ने।

(२) उद्योग तथा सेवा क्षेत्रको विकास र बिस्तारमा निजी क्षेत्र परिचालन गर्ने।

(३) उत्पादित वस्तुको बजार प्रबर्धन गर्ने।

(४) आवश्यक उपभोग्य वस्तुको आपूर्ति सहज बनाउने।

**८. कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| (१) नागरिकहरूमा उद्यमशीलताको विकास गर्ने। | (१) उद्यमशीलता विकासको लागि गाउँपालिका कार्यालयभित्र एक जिम्मेवार संयन्त्र बनाइनेछ।<br>(२) उद्यमी बन्न चाहने युवाहरूलाई पहिचान गरी उद्यमशीलता सम्बन्धी तालिमको व्यवस्था गरिनेछ।<br>(३) वैदेशिक रोजगारीबाट फर्किएका युवाहरू, गाउँका अन्य युवाहरू र उद्यमी व्यवसायीलाई आवश्यक पुँजीको उपलब्ध गराउन सम्बन्धित बैंक वित्तीय संस्थासँग समन्वय गरी आवश्यक जमानतको व्यवस्था गरिनेछ।<br>(४) रोजगारी सिर्जना गर्ने उद्यम व्यवसायलाई स्थानीय करमा छुट प्रदान गरी लगानी आकर्षित गरिनेछ। |

| | |
|---|---|
| | (५) सहुलियतपूर्ण कर्जा कार्यक्रममा लक्षित उद्यमीको पहुँच पुरयाउन आवश्यक सहजीकरण गरिनेछ।<br>(६) स्थानीय कच्चा पदार्थमा आधारित रोजगारमूलक उद्यम विकासमा स्टार्टअप पुजी लगायतको सहयोग गरिनेछ।<br>(७) कृषि तथा पशुजन्य उत्पादनमा आधारित उद्योगको स्थापना र सञ्चालनमा प्रोत्साहन दिइनेछ। |
| (२) उद्योग तथा सेवा क्षेत्रको विकास र बिस्तारमा निजी क्षेत्र परिचालन गर्ने। | (१) सार्वजनिक निजी साझेदारी सम्बन्धी नीति बनाई कार्यान्वयन गरिनेछ।<br>(२) गाउँपालिका क्षेत्रभित्र औद्योगिक विकास गर्न औद्योगिक विकास गुरुयोजना तयार गरिनेछ।<br>(३) निजी क्षेत्रलाई उद्योग स्थापना गर्न आवश्यक विद्युत् सेवा र स्थानीय मार्गको विस्तार गरिनेछ ।<br>(४) आधारभूत पूर्वाधारसहितको औद्योगिक ग्रामको स्थापना गरिनेछ ।<br>(५) निजी क्षेत्र सँग सहकार्य गरी नागरिकहरूको समेत सहकार्यमा एक मिनरल वाटर प्रशोधन उद्योग सञ्चालनमा ल्याउन पहल गरिनेछ।<br>(५) जिल्लाको उद्योग वाणिज्य संघसँग सहकार्य गरी स्थानीय उद्योग वाणिज्य संघको गठन गरिनेछ। |
| (३) उत्पादित वस्तुको बजार प्रबर्धन गर्ने। | (१) स्थानीय उत्पादनको सम्भाव्य बजारको पहिचान गर्न निजी क्षेत्रलाई सहयोग गरिनेछ ।<br>(२) आर्थिक विकासका लागि आवश्यक गाउँपालिकाका विभिन्न शाखा हरूको काम एकीकृत रूपमा सञ्चालन गर्न आवश्यक नीति बनाई एक संयन्त्र निर्माण गरिनेछ।<br>(३) स्थानीय उत्पादनको खरिद र बजारीकरणमा सहकारीलाई प्रोत्साहन गरिनेछ।<br>(४) स्थानीय उत्पादनलाई बजारश्रृङ्खलामा आबद्ध गर्न औद्योगिक प्रदर्शनीहरूमा सहभागी गराइनेछ।<br>(५) गाउँमा उत्पादित वस्तुहरूको बजार विस्तार गरी बजारसम्म पहुँच पुर्याउन प्रदेश र अन्य स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ।<br>(६) उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ र सीपयुक्त जनशक्ति उपलब्ध गर्न नजिकका स्थानीय तहसँग सहकार्य गरिनेछ।<br>(७) लघु, साना तथा घरेलु उद्योगहरूले उत्पादन गरेको वस्तुहरूको |

| | |
|---|---|
| | नामकरण (Branding) गर्न गाउँपालिकाको तर्फबाट आवश्यक पहल गरिनेछ।<br>(८) संघीय सरकारसँगको सहकार्यमा लघु उद्यम विकास कार्यक्रम सञ्चालन गरिनेछ। |
| (४) आवश्यक उपभोग्य वस्तुको आपूर्ति सहज बनाउने। | (१) स्थानीय उत्पादन तथा आपूर्तिको सहज व्यवस्थापनका लागि स्थानीय हाटबजारलाई प्रोत्साहित गरिनेछ।<br>(२) गाउँपालिकामा खाद्यवस्तु लगायत अन्य आवश्यक वस्तुको सहज आपूर्तिको लागि सहकारी र निजी क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ।<br>(३) गाउँपालिकामा खाद्य बैंक स्थापना गरी गुणस्तरीय खाद्य सामग्री सुलभ दरमा सहज उपलब्ध गराउन सहकारीसँग सहकार्य गरिनेछ।<br>(४) गाउँपालिकाभित्र सहज आपूर्ति व्यवस्थापनका साथै कालोबजार नियन्त्रण गर्न स्थानीय उद्योग वाणिज्य संघसँग सहकार्य गरी नियमित अनुगमन र नियमन गरिनेछ।<br>(५) स्थानीय प्रशासनसँग समन्वय गरी अस्वस्थ व्यापार गर्नेलाई आवश्यक कारबाही गर्ने व्यवस्था मिलाइनेछ।<br>(६) खाध्य प्रयोगशालासँगको समन्वयमार्फत अखाद्य वस्तुको परिक्षण गरी बिक्री वितरण रोकिनेछ। |

**९. प्रमुख कार्यक्रम**

**(क) गाउँपालिकाबाट सञ्चालन हुने**

१. लघु उद्यम प्रवर्द्धन कार्यक्रम
२. युवा उद्यमशीलता विकास कार्यक्रम
३. सार्वजनिक निजी साझेदारी प्रवर्द्धन कार्यक्रम
४. उत्पादनको बजारीकरण तथा प्रवर्द्धन कार्यक्रम
५. व्यवसाय विस्तार कार्यक्रम
६. बजार नियमन तथा अनुगमन कार्यक्रम

**(ख) प्रदेश सरकारसँगको समन्वयमा हुने कार्यक्रम**

१. विविध सीप विकास तालिम
२. उद्योग, ब्यापार र व्यवसायमा सहजीकरण
३. उद्योग, व्यवसाय दर्ता तथा नियमन
४. प्रविधि हस्तान्तरण सहयोग कार्यक्रम

**(ग) संघीय सरकारसँगको सहकार्यमा सञ्चालन हुने**

१. औद्योगिक ग्राम निर्माण

२. बजारीकरण

३. लगानी अभिवृद्धि

४. सीप विकास र उद्यमशीलता प्रबर्द्धन

५. अन्तर तह समन्वय र सहकार्य

## १०. अपेक्षित उपलब्धि

कुल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान १२.४७ प्रतिशत पुगेको हुने। स्थानीय बजारको संख्या वृद्धि भई ९ वटा पुगेको हुने। सार्वजनिक निजी साझेदारी नीति आई कार्यान्वयनमा आएको हुने। कम्तीमा एउटा मिनरल वाटर प्रशोधन गर्ने उद्योग सार्वजनिक निजी साझेदारीमा सञ्चालनमा आएको हुने। स्थानीय उद्योग वाणिज्य संघ गठन भई सक्रिय रहेको हुने।

## ५.६ वित्तीय तथा सहकारी क्षेत्र

**१. पृष्ठभूमि**

सहकारी क्षेत्र यस पालिकाको आर्थिक विकासको एक आधार हुन सक्छ। पन्ध्रौं योजनाले सहकारी मार्फत स्वावलम्बी, उत्पादनमुखी, दिगो एवम् न्यायोचित आर्थिक विकास गर्ने लक्ष्य राखेको छ। नेपालको संविधानले स्थानीय तहलाई आफ्नो भौगोलिक क्षेत्रमा रहेका सहकारीको, दर्ता, प्रवर्द्धन विकास र नियमन गर्ने अधिकार तथा जिम्मेवारीको व्यवस्था गरेको छ।

**२. वस्तुगत अवस्था**

यस गाउँपालिकामा जम्मा एउटा बैंकको शाखा र ८ वटा बचत समूह तथा सहकारी संस्था रहेका छन्। यी सबै वडा नम्बर १, ३ र ४ मा केन्द्रित छन्। यस गाउँपालिकाका करिब ६१ प्रतिशत घरपरिवारको बैंक खाता रहेको छ। गाउँपालिका ८५४ जनाले जीवन बिमा गरेका छन्। साना किसान बैंकबाट सञ्चालित सक्रिय साना किसान कृषि सहकारीहरू चालु रहेका छन्।

**३. प्रमुख समस्या**

गाउँपालिकामा सहकारी सम्बन्धी जिम्मेवार शाखा नहुनु, गाउँ पालिकामा सहकारीको समग्र विकास नभएको हुनु, अधिकांश सहकारी हरू बचत समूह मात्र हुनु, सहकारी सूचना केन्द्रको अभाव हुनु, सहकारी संस्थाहरू सहकारीको सिद्धान्त अनुसार सञ्चालन नहुने राष्ट्रीय प्रवृत्ति हुनु, वित्तीय साक्षरताको कमी हुनु, एउटामात्र बैंक सञ्चालनमा हुनु आदि यस क्षेत्रका प्रमुख समस्या हुन्।

**४. अवसर र चुनौती**

**(क) अवसर**

सहकारी मार्फत साना साना बचत भई पुँजीको निर्माण हुनु, साना बचत समुह, महिला र कृषि उत्पादन समूहरू सहकारीमा आवद्ध हुने अवसर हुनु, करिब दुई तिहाइ घरपरिवारको बैंक खाता हुनु, नागरिकहरूमा जीवन बिमा गर्ने अभ्यास शुरु हुनु आदि यस क्षेत्रका अवसरहरू रहेका छन्।

**(ख) चुनौती**

नागरिकहरूलाई सहकारीतर्फ आकर्षित गरी सहकारीको बिस्तार गर्नु, गाउँपालिकाको आर्थिक विकासमा सहकारीको योगदान प्रभावकारी बनाउनु, सहकारीको प्रभावकारी नियमन गर्नु, उत्पादन र बितरणमुलक सहकारीको विकास र विस्तार गर्नु, कृषि सामग्रीको आपूर्ति, कृषि उत्पादन र संकलन, बजारीकरणलाई सहकारीकरण गर्नु, बैंक तथा वित्तीय संस्थाको सेवा सुविधा सबै वडामा विस्तार गर्नु, सहुलियतपूर्ण ऋणको सुविधामा आवश्यक पर्ने नागरिकको पहुँच वृद्धि गर्नु यस क्षेत्रका चुनौतीहरू हुन्।

**५. लक्ष्य**

उत्पादनशील क्षेत्रमा सहकारीको लगानी वृद्धि भएको हुने।

**६. उद्देश्य**

(१) सहकारी संस्थाको विकास र विस्तार गर्नु।

(२) वित्तीय पूर्वाधार निर्माणमा सहजीकरण गरी वित्तीय सेवा विस्तार गर्नु।

## ७. रणनीति

(१) सहकारीको विकास र विस्तार गर्ने।

(२) उत्पादन तथा वितरण सहकारीलाई प्रोत्साहन गर्दै कृषि क्षेत्रको विस्तार र विकासमा सहकारीको भूमिका वृद्धि गर्ने।

(३) वित्तीय सेवाको सहज पहुंच उपलब्ध गराउने ।

## ८. कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| (१) सहकारीको विकास र विस्तार गर्ने। | (१) पालिकामा सहकारी सम्बन्धी इकाई र सूचना केन्द्रको स्थापना गरी सहकारी सम्बन्धी तथ्यांक अद्यावधिक गरिनेछ।<br>(२) सहकारी स्थापना र सञ्चालन सम्बन्धी नीति ल्याइनेछ।<br>(३) नागरिकहरूलाई सहकारी शिक्षाको व्यवस्था गरिनेछ।<br>(४) सहकारीको सहज दर्ताको व्यवस्था गरिनेछ।<br>(५) सहकारी सदस्यहरूलाई सहकारीका विभिन्न पक्ष सम्बन्धी तालिमको व्यवस्था गरिनेछ।<br>(६) सहकारीको उत्पादनलाई बजारीकरण गर्न आवश्यक सहयोग गरिनेछ।<br>(७) कृषिमा आधारित औद्योगिक सहकारीको लागि आवश्यक मुख्य यन्त्र तथा उपकरणमा अनुदानको व्यवस्था गरिनेछ र यस्ता सहकारीको उत्पादनको बजार प्रवर्द्धन गर्न सहयोग गरिनेछ। |
| (२) उत्पादन तथा वितरण सहकारीलाई प्रोत्साहन गर्दै कृषि क्षेत्रको विस्तार र विकासमा सहकारीको भूमिका वृद्धि गर्ने। | (१) उत्पादन र वितरणमूलक सहकारीको स्थापनामा सहयोग एवम् सहुलियतको व्यवस्था गरिनेछ।<br>(२) साना किसानहरूलाई सहकारीको माध्यमबाट एकीकृत गरी ठूलो आकारको खेति गर्न प्रोत्साहन गरिनेछ।<br>(३) किसानहरूको सहकारीको माध्यमबाट किसानहरूलाई प्रांगारिक खेति गर्न गठन हुने कृषक सहकारीलाई सहुलियत तथा अनुदानको व्यवस्था गरिनेछ।<br>(४) कृषि सामग्री (मल, बीउको) साथै उत्पादनको खरिद बिक्री सहकारीमार्फत गराउन सहजीकरण गरिनेछ।<br>(५) सहकारीमार्फत उत्पादन भएको प्रांगारिक उत्पादनको बजारीकरण गर्न आवश्यक सहयोग गरिनेछ। |

| | |
|---|---|
| | (६) स्थानीय सहकारीहरूलाई जिल्ला, प्रदेश तथा केन्द्रीय सहकारी संघ संस्थासँग सञ्जालीकरण गरिनेछ। |
| (३) वित्तीय सेवाको सहज पहुँच उपलब्ध गराउने । | (१) प्रत्येक वडामा बैंक तथा वित्तीय संस्थाको सेवा विस्तार गर्न सहजीकरण गरिनेछ ।<br>(२) वित्तीय संस्थासँगको समन्वयमा नागरिकहरूलाई वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्न गरिनेछ।<br>(३) "एक घरः एक बैंक खाता" को नाराका साथ प्रत्येक परिवारको कम्तीमा एक बैंक खाता खोल्ने कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गर्न वित्तीय संस्थाहरूसँग सहकार्य गरिनेछ ।<br>(४) नागरिकहरूलाई बिमाको महत्व बुझाउन बिमा कम्पनीहरूसँगको सहकार्यमा आवश्यक अभियान सञ्चालन गरिनेछ। |

## ९. प्रमुख कार्यक्रम

**(क) गाउँपालिकाबाट सञ्चालन हुने**

(१) सहकारी विकास तथा विस्तार कार्यक्रम

(२) सहकारी प्रवर्द्धन कार्यक्रम

(३) सहकारी कृषि कार्यक्रम

(४) उत्पादन सहकारी प्रोत्साहन कार्यक्रम

(५) एक घर एक खाता कार्यक्रम

(६) बिमा अभिमुखीकरण कार्यक्रम।

**(ख) प्रदेश तहबाट सञ्चालन हुने**

१) सहकारी शिक्षा, तालिम

२) अन्तर तह समन्वय

**(ग) सङ्घीय तहबाट सञ्चालन हुने**

१) बैंक वित्तीय संस्थालाई निर्देशन

२) सहकारी शिक्षा

३) अन्तर तह समन्वय र सञ्जालीकरण

## १०. अपेक्षित उपलब्धि

योजनाको अन्तमा सहकारी क्षेत्रको लगानी कुल लगानीको ४ प्रतिशत पुगेको हुने। गाउँपालिकामा सञ्चालित बैंकको शाखा संख्या कम्तीमा ३ वटा पुगेको हुने। बालिग नागरिक वित्तीय साक्षर भएको हुने, गाउँपालिकाका प्रत्येक परिवारको कम्तीमा एक बैंक खाता भएको हुने, कम्तीमा एक-एक वटा सहकारीमा आधारित बिस्तारित खेती र प्रांगारिक खेतीको अभ्यास शुरु भएको हुने, प्रत्येक वडामा एक एक वटा सहकारीबाट कृषि सामग्री बिक्री वितरण भएका हुनेछ।

## ५.७ श्रम, रोजगारी तथा सुरक्षित आप्रवासन

**१. पृष्ठभूमि**

नेपालको संविधानले रोजगारी तथा श्रमको हकलाई मौलिक हकको रूपमा स्थापित गर्नुका साथै वैदेशिक रोजगारीबाट आर्जन भएको पुँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमुलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति अङ्गीकार गरेको छ। पन्ध्रौं योजनाले विप्रेषण आयको उत्पादनमूलक लगानीबाट तिब्र आर्थिक वृद्धि गरी स्वदेशमा रोजगारी सिर्जना गर्ने लक्ष्य राखेको छ। स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई बसाइँ सराइ दर्ता र पारिवारिक अभिलेखको व्यवस्थापन गर्ने जिम्मेवारी तोकेको छ। त्यस्तै गरी नागरिकहरूको रोजगारीको अवस्थाको अभिलेखीकरण र बेरोजगारको तथ्यांक संकलन र व्यवस्थापनका साथै सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रमशक्तिको सूचना र तथ्यांक संकलन र व्यवस्थापन गर्ने अहम् जिम्मेवारी तोकेको छ। स्थानीय आर्थिक सामाजिक विकासमा रोजगारीका अवसर वृद्धिले महत्वपूर्ण स्थान रहने गरेकोले योजनाबद्ध विकासका माध्यमबाट यस क्षेत्रको विकास गर्नुपर्ने आवस्यकता महसुस गरिएको छ ।

**२. वस्तुगत अवस्था**

यस गाउँ पालिकामा हाल कुल जनसंख्याको करिब ८२ प्रतिशत मात्र बसोबास गरिरहेका छन् भने देशको अन्य भागमा १५ प्रतिशत र विदेशमा ३ प्रतिशत बसिरहेका छन्। यस गाउँपालिकाका ५.०३ प्रतिशत नागरिकहरू पूर्ण बेरोजगार छन्। कोभिडको कारण वैदेशिक रोजगारीबाट प्रसस्तै युवाहरू गाउँ फर्किएका छन्। जीविकोपार्जनमुखी कृषि क्षेत्रमा ३३.२ प्रतिशत काम गरिरहेका छन्। यसरी यस गाउँ पालिकामा बेरोजगार, अर्धबेरोजगार जनसंख्याको हिस्सा करिब ३८ प्रतिशत रहेको छ। रोजगारीमा रहेकामा वैदेशिक रोजगारमा २.८२ प्रतिशत (४१७ जना) छन्। ९६७ जनाले कुनै न कुनै प्रकारको सीपमूलक तालिम लिएका छन्। यस गाउँपालिकामा वार्षिक रु. ३५ करोड विप्रेषण आय भित्रिने गरेको अनुमान छ। विप्रेषण आयको अधिकांश हिस्सा दैनिक उपभोगमा खर्च हुने गरेको छ। गाउँपालिकाभित्र न्यून मात्र रोजगारीको अवसर उपलब्ध छ। गाउँपालिकाभित्र विभिन्न व्यवसायमा ५५२ जना संलग्न भएका छन् (आर्थिक गणना, २०७५)।

**३. प्रमुख समस्या**

रोजगार तथा बेरोजगार श्रम शक्तिको अभिलेख नहुनु, स्थानीय स्तरमा रहेका बाह्य तथा विदेशी श्रमिकको लगत नहुनु, पूर्ण बेरोजगार र अर्धबेरोजगारको संख्या उल्लेख्य हुनु, युवा वैदेशिक रोजगारीमा आकर्षित हुनु, नागरिकहरूमा सीपको अभाव हुनु, विप्रेषण आयको अधिकांश रकम दैनिक उपभोगमा खर्च हुनु यस क्षेत्रका प्रमुख समस्या हुन्।

**४. अवसर र चुनौती**

**(क) अवसर**

नेपाल सरकारले गाउँपालिकामार्फत प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्नु, रोजगार र उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सरकारको प्राथमिकतामा पर्नु, वैदेशिक रोजगारीबाट फर्किएका नागरिकहरूले सिकेको सीप र अनुभव प्रयोग गर्ने जोश जाँगर हुनु, उनीहरू गाउँपालिकासँग

साझेदारीमा काम गर्न इच्छुक हुनु, प्रविधिको विकासले स्थानीय उत्पादनको बजारीकरण सहज हुनु, विभिन्न उच्च प्राविधिक ज्ञानमा आधारित उत्पादन सजिलै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा बिक्री गर्न सक्ने सम्भावना बढ्नु, सीप र स्किममा आधारित ऋण प्रवाहको अवसर हुनु आदि यस क्षेत्रका अवसरहरू हुन्।

**(ख) चुनौती**

नागरिकहरूलाई सीपमूलक तालिममार्फत दक्ष बनाई रोजगारीको अवसर उपलब्ध गराउनु, वैदेशिक रोजगारीको लाभलाई अधिकतम बनाउनु, विप्रेषणबाट प्राप्त आयलाई उत्पादनमूलक क्षेत्रमा लगानी गराउनु, आप्रवासनका कारण समाजमा देखिने सामाजिक विकृतिको असर न्यून गर्नु, वैदेशिक रोजगारबाट फर्केका युवाको सीपलाई उद्यमशीलतामा रूपान्तरण गर्नु, पालिकामा रोजगारी र सीपको तथ्यांक प्रभावकारी रूपमा व्यवस्थापन गरी नागरिकहरूका लागि उपयोगी बनाउनु यस क्षेत्रका प्रमुख चुनौती हुन्।

**५. लक्ष्य**

रोजगारीको सिर्जनामार्फत आर्थिक विकास।

**६. उद्देश्य**

रोजगारीका अवसर वृद्धि गर्ने ।

**७. रणनीति**

(१) रोजगार सूचना प्रणाली सक्षम एवम् प्रभावकारी बनाउने ।

(२) स्थानीयस्तरमा रोजगारी सिर्जना गर्ने ।

(३) वैदेशिक रोजगारी व्यवस्थित गर्ने।

**८. कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| (१) रोजगार सूचना प्रणाली सक्षम एवम् प्रभावकारी बनाउने । | (१) गाउँपालिकामा रहेका विभिन्न विभिन्न विषयका दक्ष जनशक्ति, र सीपयुक्त र सीप नभएका श्रमिकको लगत संकलन तथा सूचना व्यवस्थापन गरिनेछ।<br>(२) गाउँपालिकाभित्रको रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्यांक संकलनलाई पूर्णता दिई नियमित रूपमा अद्यावधिक गरिनेछ।<br>(३) रोजगार सूचना केन्द्रलाई सुदृढ गरी रोजगार विनिमय केन्द्रको रूपमा क्रियाशील गरिनेछ।<br>(४) सूचना प्रणालीको प्रयोगबाट रोजगार सम्बन्धी तथ्यांकलाई प्रशोधन गरी नियमित प्रवाह गरिनेछ।<br>(५) वैदेशिक रोजगारीबाट फर्किएका युवा र कोभिडको कारण वैदेशिक रोजगारीमा नगई पालिकासँग साझेदारीमा रोजगारमूलक कार्य गर्न चाहने युवाहरूसँग सहकार्य गरी नमुनाको रूपमा उत्पादनमूलक उद्योग सञ्चालन गरी |

| | |
|---|---|
| | 'उत्पादनदेखि उपभोग सम्मको पूर्ण शृंखला सञ्चालन गरिनेछ।<br>(६) संघीय सरकारसँगको सहकार्यमा रोजगार सम्बन्धी अभिलेख डिजिटलाइज गरी गाउँपालिकाको वेबसाइटमा राख्ने व्यवस्था मिलाइनेछ। |
| (२) स्थानीयस्तरमा रोजगारी सिर्जना गर्ने । | (१) स्थानीयस्तरका विकास कार्यक्रमलाई श्रममूलक बनाउँदै रोजगारका अवसरहरू विस्तार गरिनेछ ।<br>(२) रोजगारमूलक उद्योग व्यवसाय सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।<br>(३) संघीय सरकारसँगको सहकार्यमा रोजगार र उद्यमशीलता प्रवर्द्धन गर्न शैक्षिक प्रमाण-पत्र धितो राखी न्यून ब्याजदरमा ऋण प्रवाहको व्यवस्थालाई गाउँपालिकासम्म ल्याइनेछ।<br>(४) गाउँपालिकाबाट गरिने विकास खर्चलाई स्थानीय रोजगारी सिर्जनासँग आबद्ध गरिनेछ। |
| (३) वैदेशिक रोजगारी व्यवस्थित गर्ने। | (१) संघीय सरकारसँग समन्वय गरी वैदेशिक रोजगारीमा जाने युवाहरूलाई वित्तीय शाक्षरता एवम् सीपमूलक तालिम कार्यक्रम सञ्चालन गरिनेछ।<br>(२) संघीय सरकारसँगको सहकार्यमा वैदेशिक रोजगारीमा जान चाहने श्रमशक्तिलाई आधारभूत सूचना उपलब्ध गराउनका साथै पूर्व-अभिमुखीकरण गर्ने व्यवस्था मिलाइनेछ।<br>(३) वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण आयलाई उत्पादनशील क्षेत्रमा लगानी गरी स्वरोजगार र रोजगारी सृजना गर्न प्रोत्साहित गरिनेछ ।<br>(४) संघ, प्रदेश, र निजी क्षेत्रसँगको सहकार्यमा विप्रेषणबाट प्राप्त आम्दानीलाई स्थानीय उद्योग र व्यवसायमा लगानी गर्न सहजीकरण गरिनेछ।<br>(५) संघीय सरकारसँग सहकार्य गरी वैदेशिक रोजगारीमा गएका श्रमिकको परिवारको लागि मनो-सामाजिक परामर्श सेवा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।<br>(६) वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको सामाजिक पुन:एकीकरण गर्ने कार्यक्रम तयार गरी कार्यान्वयन गरिनेछ।<br>(७) वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको समाजमा सहज पुनर्स्थापना हुने वातावरण बनाइनेछ। |

## ९. कार्यक्रम

### (क) गाउँपालिकाबाट सञ्चालन हुने

१. जनशक्ति तथ्यांक व्यवस्थापन कार्यक्रम

२. रोजगार सूचना केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यक्रम

३. प्रधानमन्त्री रोजगार कार्यक्रम

४. उत्पादन देखि उपभोग शृंखला कार्यक्रम

५. सुरक्षित आप्रवासन कार्यक्रम

६. वित्तीय साक्षरता र विप्रेषणको उत्पादनमूलक उपयोग सम्बन्धी कार्यक्रम

७. सामाजिक पुनर्स्थापना कार्यक्रम

### (ख) प्रदेश तहबाट सञ्चालन हुने

- विभिन्न सीप विकास तालिम

### (ग) सङ्घीय तहबाट सञ्चालन हुने

- रोजगार प्रबर्द्धन कोष
- सामाजिक सुरक्षा र कल्याण
- सीप विकास
- प्रधानमन्त्री रोजगार कार्यक्रम

## १०. अपेक्षित उपलब्धि

हालको आप्रवासनको दर १८ प्रतिशतबाट घटी १० प्रतिशत पुगेको हुनेछ। वैदेशिक रोजगारीमा रहेको हालको जनसंख्या २.८३ प्रतिशत बाट घटी १ प्रतिशत पुगेको हुनेछ। हालको पूर्ण बेरोजगारीको दर ५.०३ प्रतिशतबाट घटी २ प्रतिशत पुगेको हुनेछ। कुनै नै कुनै रूपको बेरोजगारीको हालको दर ३८ प्रतिशतबाट घटी २० प्रतिशत भएको हुनेछ। गाउँपालिकामा रोजगार सूचना केन्द्र डिजिटलाइज भई व्यवस्थित भएको हुनेछ। विप्रेषण आय रु. १०० करोड भएको हुनेछ। विप्रेषण आयको उपभोगमा हुने खर्चको हिस्सा घटेको हुनेछ। विप्रेषण आयको कम्तीमा १५ प्रतिशत देखिने गरी उत्पादन क्षेत्रमा लगानी भएको हुनेछ।

# परिच्छेद– ६
# सामाजिक विकास

## ६.१ शिक्षा

### १. पृष्ठभूमि

शिक्षा मानव विकासको आधारका साथै समाज परिवर्तनको महत्वपूर्ण संवाहक पनि हो । नेपालको सविंधानले प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निशुल्क पाउने व्यवस्था मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ । साथै शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एंव जनमुखी बनाउदै शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक तथा गुणस्तरीय शिक्षाको विकास गर्ने सरकारको नीति रहेको छ ।

### २. वर्तमान शैक्षिक अवस्था

यस गाउँपालिकाको कुल साक्षरता दर ७८ प्रतिशत रहेको छ । ९२ प्रतिशत पुरुष साक्षरता र ६४ प्रतिशत महिला साक्षरता रहेका छन् ।५ प्रतिशत बालबालिका हालसम्म विद्यालयको पहुँचभन्दा वाहिर रहेका छन् भने ९६ प्रतिशत युवा साक्षरता रहेका छन् । गाउँपालिकाको क्षेत्रभित्र सञ्चालित विद्यालयमध्ये २९ वटा सामुदायिक र एउटा संस्थागत गरी कुल ३० वटा विद्यालय सञ्चालनमा रहेका छन् । साथै ३ वटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेका छन् । विद्यालयमा उपलव्ध भौतिक सुविधाको सन्दर्भमा हाल ८ वटा विद्यालयमा कम्प्युटर प्रयोगशाला, ४ वटा विद्यालयमा विज्ञान प्रयोगशाला, ८ वटा विद्यालयमा इमेल, इन्टरनेट सुविधा, ५ वटा विद्यालयमा पुस्तकालय र २९ वटा विद्यालयमा इ–हाजिरी मेसिन जडान भएको छ । साथै ८ वटा विद्यालयमा बाल क्लबहरू गठन भएका छन् । ८ वटा विद्यालय अपाङ्ग मैत्री छन् भने २० वटा विद्यालय अपाङ्ग महिला मैत्री छन् । २९ वटा विद्यालय छात्रा मैत्री छन् भने २० वटा विद्यालयमा महिला शौचालयको सुविधा रहेको छ । आधारभूत तहमा खुद भर्ना दर ८२ प्रतिशत रहेको छ भने माध्यमिक तहमा ९३ प्रतिशत रहेको छ । आधारभूत तहमा शिक्षक विद्यार्थी अनुपात १८ र माध्यमिक तहमा २८ प्रतिशत रहेको छ । आधारभूत तहमा विद्यालय छाड्ने दर १० प्रतिशत छ भने माध्यमिक तहका विद्यालय छाड्ने दर ६ प्रतिशत रहको छ । आधारभूत र माध्यमिक तह गरी अध्ययन गर्ने कुल विद्यार्थीको संख्या ३२७४ रहेका छन् । जसमध्ये १२८९ छात्र १४६१ छात्रा अध्ययनरत छन् । ११८ शुद्ध शिक्षक दरबन्दीमध्ये १७ स्थायी महिला शिक्षक र ६३ स्थायी पुरुष शिक्षक र ३८ करारका शिक्षक कार्यरत रहेका छन् । महिला शिक्षकको अनुपात ३५ प्रतिशत रहेको छ ।

**३. सबल पक्ष**

राम्रो भौतिक संरचना, उपयुक्त शिक्षक विद्यार्थी अनुपात, शिक्षाप्रति सरोकारावालाको सकारात्मक सोच, आवश्यक न्यूनतम दूरीमा विद्यालय, संघसंस्थाहरूको सहयोग, भौतिक संरचनाको प्रयोग, विद्यालयको प्राविधिक धारको सुरुवात आदि जस्ता यस क्षेत्रका सवल पक्ष देखिएका छन् ।

**४. समस्या र चुनौती**

**क) समस्या**

भौगोलिक विकटता, जनचेतनाको कमी, महिला साक्षरता कम हुनु, ३८ वटा शिक्षक करारमा कार्यरत हुनु, दरबन्दी अनुसारका शिक्षकको पूर्ति नहुन, तालिम प्राप्त दक्ष शिक्षकको कमी, स्थानीय भाषामा पाठ्यपुस्तक तयार गरी लागू गर्न नसक्नु, विद्यालय व्यवस्थापनका पदाधिकारीको क्षमता विकास, अभिभावकमा शिक्षाप्रतिको चासो, छात्रा/छात्राबाट कक्षा छाडने दर वढी हुनु, सिकाइ उपलब्धि दर कम हुनु, विषयगत शिक्षकको कमी हुनु, सूचना प्रविधि पक्ष कमजोर रहनु, अभिभावक शिक्षाको कमी हुनु, शिक्षा क्षेत्रको अनुगमन प्रणाली कमजोर हुनु आदि जस्ता यस क्षेत्रका समस्या देखिएका छन् ।

**ख) चुनौती**

रोजगारीमूलक प्राविधिक शिक्षाको विस्तार गर्नु, विद्यालयलाई सूचना प्रविधिमैत्री बनाउनु, सबै माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला सञ्चालनमा ल्याउनु, विद्यालय छाडने दर घटाउनु, सिकाइ उपलव्धि दरमा सुधार ल्याउनु,, स्थानीय भाषामा पाठ्यक्रम विकास गर्नु, अपाङ्ग, बालबालिकामैत्री विद्यालय पूर्वाधार निर्माण गर्नु, विषयगत शिक्षकको व्यवस्थापन गर्नु, महिला तथा युवा साक्षरता बढाउनु, विद्यालयमा खेलकुल पूर्वाधारको विकास गर्नु, विद्यालयमा कक्षा कोठा विस्तार गर्नु, विद्यार्थी संख्या कम भएका विद्यालयको समायोजन गर्नु र कोभिड १९ लगायतका महामारीको अवस्थामा वैकल्पिक पठनपाठनको व्यवस्था गर्नु यस क्षेत्रका प्रमुख चुनौती रहेका छन् ।

**५. अवसर पक्ष**

आधारभुत तथा माध्यमिक शिक्षा अनिवार्य र निःशुल्क भएको सबैधानीक प्रावधान, आधारभूत तथा माध्यमिकसम्मको शिक्षा स्थानीय तहको अधिकार क्षेत्रभित्र रहनु, शिक्षा दिगो विकास लक्ष्य तथा राष्ट्रिय प्राथमिकतामा रहनु, प्रत्येक स्थानीय तहमा एक प्राविधिक विद्यालय स्थापना गर्ने सरकारी नीति हुनु, शिक्षामा नेपाल सरकारबाट अनुदान प्राप्त हुनु, विभिन्न तहका सरकारहरूले विद्यालय भर्ना अभियान जस्ता विभिन्न जागरुकतामूलक र्कायक्म सञ्चालन गर्नु, शिक्षामा अभिभावक र निजी क्षेत्रको लगानी हुनु, अभिभावक स्वयं र जनप्रतिनिधिहरू शैक्षिक विकासप्रति जागरुक रहनु, विभिन्न किसिमका छात्रवृत्ति कार्यक्रमहरू सञ्चालनमा रहनु, बागमती प्रदेशको समेत शिक्षाका अवसरमा सबैका पहुँच सुनिश्चत गर्ने उद्देश्य रहनु, यस गाउँपालिकाको लागि मुख्य अवसरका रूपमा रहेका छन् ।

**६. लक्ष्य**

गुणस्तरिय शिक्षामा सबैको पहुँच सुनिश्चित भएको हुने।

## ७. उद्देश्य

विद्यालयको शैक्षिक गुणस्तरमा सुधार ल्याउनु ।

## ८. रणनीति र कार्यनीति

उपरोक्त उद्देश्य परिपूर्तिका लागि निम्न रणनीति र कार्यनीति लिइएका छन्-

### क) रणनीति

१. विद्यार्थीहरूलाई सिकाइप्रति अभिप्रेरित गर्ने ।

२. शैक्षिक गुणस्तरमा सुधार गर्ने ।

३. विद्यालयको शैक्षिक उपकरण तथा भौतिक पूर्वाधारको विकास गर्ने ।

४. प्राविधिक शिक्षाको विकास गरी रोजगारीका अवसर विस्तार गर्ने ।

### ख) रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. विद्यार्थीहरूलाई सिकाइप्रति अभिप्रेरित गर्ने । | • शिक्षाको मूलधारबाट वञ्चित किशोरकिशोरीहरूका लागि वैकल्पिक शिक्षाको पहल गरिनेछ ।<br>• छात्राहरूलाई शिक्षातर्फ आकर्षित गर्न अध्यक्ष छात्रा प्रोत्साहन कार्यक्रम लागू गर्दै सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा १ देखि १२ सम्मका छात्राहरूको लागि विशेष छात्रवृत्तिको व्यवस्था गरिनेछ ।<br>• विद्यार्थी टिकाउ प्रोत्साहन कार्यक्रम, मुख्य विषय सुधार कार्यक्रम, छात्रवृत्ति जस्ता कार्यक्रम सञ्चालन गरी विद्यार्थीहरूलाई सिकाइप्रति अभिप्रेरित गरिनेछ ।<br>• राष्ट्रिय नीति र मापदण्ड अनुसारको कक्षा ५ सम्मका विद्यार्थी दिवा खाजा कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• शतप्रतिशत साक्षर बनाउन भर्ना अभियान सञ्चालन गरिनेछ ।<br>• कमजोर विद्यार्थीका लागि छात्रवृत्तिको व्यवस्था गरी लागू गरिनेछ ।<br>• कोभिड १९ बाट कमभन्दा कम असर पर्ने सुनिश्चितता गरी बालबालिकाहरूको पठनपाठन तथा शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ<br>• पालिकाभित्रका अध्ययनरत सम्पूर्ण विद्यार्थीका अभिभावकहरूलाई महामारी सचेतना, बालबालिका हेरचाह, बाल अधिकार, सुरक्षित मातृत्व, मनोपरामर्श सेवा लगायतका विषयलाई समेटेर अभिभावक शिक्षा शुरु गरिनेछ ।<br>• सबै बालबालिकालाई विद्यालयमा ल्याउन र टिकाउन आमा समूह, |

| | |
|---|---|
| | सामुदायिक संस्था, बाल क्लब तथा स्थानीय गैससलाई परिचालन गरिनेछ ।<br>• विभिन्न क्षमता भएका बालबालिकालाई सीपमूलक विशेष शिक्षा प्रदान गर्न अन्तर सरकार, अन्तर स्थानीय तह, गैसस र निजी क्षेत्र समेतसँग समन्वय गरी उपयुक्त विद्यालयमा छात्रवृत्तिसहित पठनपाठनको व्यवस्था गरिनेछ ।<br>• सामुदयिक विद्यालयलाई आकर्षणको केन्द्र बनाउन अभिभावक भेलाबाट गरिएको सामाजि परीक्षको सुझाव अनुसार सुधार गरी बढीभन्दा बढी विद्यार्थी भर्ना र निरन्तरता दर बढाउन प्रोत्साहन गरिनेछ ।<br>• विद्यालय, अन्तरविद्यालय खेलकुद, वक्तृत्वकला, हिज्जे, क्विज, योग प्रतियोगिता जस्ता अतिरिक्त क्रियाकलाप सञ्चालन नियमित रूपमा आयोजना गर्न प्रोत्साहन गरिनेछ । |
| २. शैक्षिक गुणस्तरमा सुधार गर्ने । | • आवश्यकताको आधारमा हाल सञ्चालित आधारभूत विद्यालयहरूलाई माध्यमिक तहमा पूर्ण दरबन्दी सहित स्तरोन्नति गरिनेछ।<br>• गाउँपालिकाभित्र सञ्चालित आधारभूत तथा माध्यमिक विद्यालयहरूमा आवश्यक शिक्षक दरबन्दी अनुदानको व्यवस्था गरिनेछ ।<br>• शिक्षा क्षेत्रलाई गुणस्तरीय बनाउन प्रविधिको उच्चतम प्रयोग गरी पठनपाठन क्रियाकलाप सञ्चालन गरिनेछ ।<br>• विद्यालय शिक्षालाई गुणस्तरीय बनाउनु शिक्षक तालिम, विद्यालय व्यवस्थापन, तथा शिक्षक अभिभावक संघका लागि क्षमता विकास तालिम सञ्चालन गरिनेछन् ।<br>• विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको क्षमता अभिवृद्धि गरिनेछ ।<br>• अभिभावक शिक्षक भेला नियमित गरिनेछ र विद्यालयको सामाजिक परिक्षण कार्य समेत नियमित गरिनेछ ।<br>• विद्यालयका शिक्षकका लागि आधारभूत, विषयसँग सम्वन्धित पुनर्ताजगी तालिमको व्यवस्था गरिनेछ ।<br>• विद्यालयको नक्सांकन गरी शिक्षक विद्यार्थीको अनुपात कायम गरिनेछ ।<br>• शिक्षक मूल्यांकनका मान्य पारदर्शी सरचक शिक्षक अभिभावक भेलाबाट तय गरी आर्थिक रूपमा शिक्षकको मूल्यांकन गरिनेछ र उत्कृष्ट शिक्षकलाई पुरस्कारको व्यवस्था गरिनेछ ।<br>• विद्यालयलाई महिला बाल एवं अपाङ्गमैत्री रूपमा विकास गरी |

| | |
|---|---|
| | विद्यालय शिक्षा पूरा गर्न आकर्षित गरिनेछ ।<br>• विद्यालयहरूको नियमित अनुगमन, अन्तरक्रिया, शैक्षिक प्रदर्शनी, शैक्षिक भ्रमण जस्ता कार्यक्रमहरूमार्फत गुणस्तरीयता कायम गरिनेछ ।<br>• बाल विकास केन्द्रलाई प्रभावकारी रूपमा सञ्चालनको लागि आवश्यक स्रोतको व्यवस्था मिलाइनेछ ।<br>• नौकुण्डका सामुदायिक विद्यालय मावि र निमावि तहका ९ वटा विद्यालयहरूका प्रा.वि. कक्षाहरूलाई प्रविधिको प्रयोग गरी अग्रेजीको माध्यमबाट पठनपाठन शुरुवात गरिनेछ ।<br>• सबै विद्यालय बालमैत्री तथा अपाङ्ग मैत्री तथा महिला मैत्री तथा शौचालयको व्यवस्था हुने गरी निर्माण गरिनेछ ।<br>• कक्षा ५ र कक्षा ८ को वार्षिक परीक्षा गाउँपालिकास्तरीय बनाइनेछ । |
| ३. विद्यालयको शैक्षिक उपकरण तथा भौतिक पूर्वाधारको विकास गर्ने । | • वस्तुगत आधार सहितको (SIP) विद्यालय सुधार योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>• विद्यार्थीहरूको प्रतिस्पर्धी क्षमतालाई विकास गर्न गाउँपालिकास्तरीय अतिरिक्त क्रियाकलाप तथा खेलकुदको व्यवस्था गरिनुका साथै गाउँपालिकास्तरीय खेल मैदानको निर्माण गरिनेछ ।<br>• विद्यालयको भौतिक पूर्वाधार (खेलमैलानसहित) र शैक्षिक सुधार कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।<br>• प्रत्येक विद्यालयमा न्यूनतम शैक्षिक सामग्री तथा आवश्यक उपकरण व्यवस्था गरिनेछ ।<br>• प्रत्येक विद्यालयमा निशुल्क स्यानेटरी प्याडहरू वितरण र तिनको व्यवस्थापन सुविधासहितको बालिका शौचालयको व्यवस्था गरिनेछ ।<br>• मापदण्ड अनुसार विद्यार्थीको अनुपातका आधारमा कक्षा कोठाहरूको संख्या वृद्धि गरिनेछ ।<br>• विद्यालयको भवन, कक्षा कोठा, फर्निचर, बोर्ड, खेल तथा पठनपाठन सामाग्री लगायत अपाङ्गता मैत्री, शिशु, बालबालिका तथा छात्रामैत्री बनाइनेछ । |
| ४. प्राविधिक शिक्षाको विकास गरी रोजगारीका अवसर विस्तार | • विद्यालयमा कम्प्युटर, प्रिन्टर, प्रोजेक्टरसहितको ICT कक्षा सञ्चालन गरिनेछ ।<br>• विद्यालयमा विद्युतीय हाजिरीलाई अनिवार्य गरी CCTV Camera को व्यवस्था गरिनेछ । |

| | |
|---|---|
| गर्ने । | • सवै विद्यालयलाई बिज्ञान र प्रविधिसंग, इन्टरनेटसहितको कम्प्युटर तथा सूचना प्रविधिको विकास गरिनेछ ।<br>• माध्यमिक कक्षा सञ्चालन भएका विद्यालयमा ICT विज्ञान प्रयोगशाला, गणित प्रयोगशाला, पुस्तकालय, विषयगत प्रयोगशालाका साधनको उपलव्धता ।<br>• शिशु तथा बालकक्षामा खेलसामग्री, स्मार्ट टि.भी. सहितको बालमैत्री वातावरण निर्माण गरिनेछ ।<br>• एक विद्यालय एक विषय प्रयोगशाला हब वा विषयगत सामग्री हब निर्माण केन्द्र बनाइनेछ ।<br>• प्रत्येक विद्यालयमा सुचना प्रविधिमा दक्ष भएको ICT focal teacher को व्यवस्था गरिनेछ ।<br>• नेपाल सरकारको नीति अनुसार प्राविधिक शिक्षा स्थापना गर्न सम्बन्धित निकायसँग माग गरिनेछ ।<br>• ५ वटा प्राविधिक धारका विद्यालयको व्यवस्थापन गरिनेछ ।<br>• प्राविधिक शिक्षालयसँग समन्वय गरी लक्षित प्राविधिक शिक्षा प्रदान गरिनेछ ।<br>• सबै माध्यमिक विद्यालयहरूमा प्राविधिक धारको सुरुवात गरिनेछ । |

**९. प्रमुख कार्यक्रम**

**(क) स्थानीय तह आफैले सम्पादन गर्ने**

- बालबालिकामैत्री, अपाङ्गमैत्री विद्यालय निर्माण तथा व्यवस्थापन ।
- सूचना प्रविधिमा आधारित प्रविधिमैत्री तथा प्राविधिक विद्यालय सञ्चालन, व्यवस्थापन ।
- विद्यार्थी भर्ना, टिकाउका लागि लक्षित प्रोत्साहन तथा विशेष शिक्षा कार्यक्रम ।
- शैक्षिक नीति तथा योजना तर्जुमा, अनुगमन तथा सुपरीवेक्षण ।
- गाउँपालिका तथा अन्तर विद्यालयस्तरीय खेलकुद तथा अतिरिक्त क्रियाकलाप प्रतियोगिता कार्यक्रम ।
- अभिभावक, शिक्षक क्षमता विकास तथा शिक्षक प्रोत्साहन कार्यक्रम ।
- आधारभुत तहको परिक्षा तथा प्रशासनिक व्यवस्थापन कार्यक्रम ।
- स्थानीय पाठ्यक्रम विकास कार्यक्रम ।

**(ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने**

- शैक्षिक प्रोत्साहन (छात्रवृत्ति, पोशाक, खाजा तथा आवासीय सुविधा) ।
- विशेष शिक्षा ।
- पाठय पुस्तक व्यवस्थापन तथा निःशुल्क पाठ्यपुस्तक वितरण ।
- शिक्षक तालिम ।

- विद्यालय कम्प्युटर शिक्षा ।
- प्रयोगशाला, पुस्तकायलय, अतिरिक्त क्रियाकलाप ।
- खेलमैदान निर्माण
- विज्ञान प्रयोगशाला ई–पुस्तकालय कम्प्युटर ल्याब ।
- पाठ्यक्रम सुधार ।
- शिक्षक दरबन्दी र आपूर्ति ।
- माध्यमिक, उच्च माध्यमिक तहको परीक्षा सञ्चालन ।

**(ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुने**

- विशेष शिक्षा ।
- विद्यालय पुनर्निर्माण ।
- पाठ्यपुस्तक व्यवस्थापन र वितरण ।
- शिक्षक तालिम ।
- दूर शिक्षा ।
- बहुप्राविधिक विद्यालयको स्थापना ।
- आवासीय विद्यालयको स्थापना ।
- विशेष शिक्षा ।
- शैक्षिक मूल्याकन
- माध्यमिक तहको परीक्षा सञ्चालन ।

**१०. अपेक्षित प्रतिफल**

खुद भर्ना दर शतप्रतिशत भएको हुने, साक्षरता दर १०० प्रतिशत पुगेको हुनेछ, पाँच वटा प्राविधिक धारका सञ्चालनमा आएका हुनेछन्, कक्षा १–५ सम्मको स्थानीय पहिचानसहितको पाठ्यक्रम तयार भएको हुने,, सिकाइ उपलव्धि दर ७६ प्रतिशत पुगेको हुनेछ।

## ६.२ आधारभूत स्वास्थ्य र पोषण

### १. पृष्ठभूमि

स्वस्थ जीवन विकासको एक प्रमुख सूचक हो । नेपालको संविधानले आधारभूत स्वास्थ्यलाई मौलिक हकको रूपमा स्थापित गरेको छ भने आधारभूत स्वास्थ्य स्थानीय तहको अधिकार क्षेत्र अन्तर्गत पर्दछ । 'समृद्ध नेपाल, सुखी नेपाली' को दीर्घकालीन सोच सहितको पन्ध्रौं योजनाले गुणस्तरीय स्वास्थ्य सेवामा जोड दिएको छ । वर्तमान स्वास्थ्य नीतिले प्रत्येक वडामा स्वास्थ्य केन्द्र र प्रत्येक गाउँपालिकामा ५ देखि १५ शय्याको अस्पताल स्थापना गर्ने नीति अवलम्बन गरेको छ । दिगो विकासका लक्ष्यहरूमध्ये लक्ष्य नं '३ स्वस्थ र राम्रो जीवन' रहेको छ भने यस अन्तर्गत ६ वटा मुख्य सूचकहरू रहेका छन् ।

### २. वस्तुस्थिति

यस नौकुण्ड गाउँपालिकामा ३ वटा स्वास्थ्य चोैकी, ४ वटा सामुदायिक स्वास्थ्य इकाई रहेका छन् । यार्सा,भोर्ले र पारच्याङ्ग गरी जम्मा ३ वटा स्वास्थ्य संस्थामा बर्थिङ्ग सेन्टर रहेका छन् । जम्मा २३ जना स्वास्थ्यकर्मीहरू स्वास्थ्य संस्थामा कार्यरत छन् भने ३ जना एस बि ए तालिम प्राप्त महिला स्वास्थ्यकर्मी छन् । त्यस्तै गरी जम्मा ६० जना महिला स्वास्थ्य स्वयंसेविकाहरू रहेका छन् । दुईवटा स्वास्थ्य संस्थामा ल्याब सेवा सञ्चालनमा ल्याएको छ । स्वास्थ्य संरचना बारे तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| स्वास्थ्य संरचना | संख्या | स्वास्थ्य संरचना | संख्या |
|---|---|---|---|
| ५ शय्या अस्पताल | १ (निर्माणाधीन) | बर्थिङ सेन्टर | ३ |
| प्राथमिक स्वास्थ्य केन्द्र | ० | गाउँघर क्लिनिक | ६ |
| स्वास्थ्य चौकी | ३ | खोप क्लिनिक | ११ |
| सामुदायिक स्वास्थ्य एकाइ | ५ | | |

यस नौकुण्ड गाउँपालिकामा वि.सं. २०७७/७८ मा परिवार नियोजनको प्रयोग दर ७९% रहेको छ । चार पटक गर्भवती जाँच गराउने महिला ४०.८% रहेका छन् । तालिम प्राप्त स्वास्थ्यकर्मीहरूबाट सुत्केरी गराउने केवल ३३.१% भएको पाइन्छ । संस्थागत सुत्केरी ३३.५% रहेको छ । सुत्केरीपश्चात् ३ पटक जाँच गराउने महिला जम्मा १५.८% रहेका छन् । मातृमृत्यु संख्या शुन्य रहेको छ र नवजात शिशु मृत्यु संख्या ४ रहेको छ । यस पालिकामा सम्पूर्ण खोप लगाएका बालबालिका ९२.१% छन् । पूर्ण खोपयुक्त गाउँपालिकालाई कायमै राख्न निरन्तरता दिइएको छ । शत प्रतिशत बालबालिकाले हेपाटाइटिस बि सहितको पेन्टाभ्यालेन्ट खोपको तीनवटै मात्रा लगाएका छन् । कुपोषणको संख्या ३ रहेको छ । एच.आइ.भी. एड्स र ट्राकोमाको बिरामी संख्या जनाइएको छैन । नौकुण्डलाई खुल्ला तथा दिशामुक्त क्षेत्र घोषणा गरिसकेको छ । जम्मा ९०% घरपरिवारले मात्र तीस मिनेटभित्र स्वास्थ्य संस्थामा पुग्न सक्ने देखिन्छ । यस गाउँपालिकामा एउटा एम्बुलेन्स रहेको छ ।

यस नौकुण्ड गाँउपालिकामा कोभिड १९ बाट सङ्क्रमण हुनेको संख्या १३६ पूगेको छ । त्यसमध्ये १३४ जना निको भए भने २ जना आइसोलेसनमा छन् । कोभिडबाट मृत्यु हुनेको संख्या २ पुगेको छ।यस पालिकामा एउटा क्वारेन्टाइन केन्द्र रहेको छ । यस पालिकामा स्थानीय कोभिड अस्पतालमा चिकित्सक नहुनाले सञ्चालनमा छैन । वैदेशिक रोजगारमा धेरै व्यक्तिहरू विदेश जाने र स्वदेश फर्कने गरेका हुनाले कोभिड जस्ता अरु पनि सरुवा रोगहरू यस जिल्लामा भित्रिन सक्ने सम्भावना रहेको छ । कोभिडका लागि स्थानीय कोषबाट रु. ६ लाख रकम प्राप्त भएको थियो र सो रकम कोभिड रोकथाम, व्यवस्थापन तथा उपचार कार्यक्रममा खर्च भएको जनाइएको छ ।

## ३. प्रमुख समस्या

सिमबन्दीका मानिसहरूको स्वास्थ्य चौकीमा पहुँच नहुनु, वडा नं ४ मा रहेको सामुदायिक स्वास्थ्य इकाइ पायक पर्ने ठाउँमा नभएकोले पहुँच नहुनु, संस्थामा दिइराखेको सेवा, सुविधाको गुणस्तर सुधार नहुनु तथा स्वास्थ्य क्षेत्रमा जनशक्तिको अभाव, त्यस्तै गरी स्वास्थ्य संस्थाका कार्यरत जनशक्तिहरूलाई आवश्यक तालिम नहुनु, भौतिक संरचनाको साथै उपकरण एवं ल्याब सेवाको अभाव, सबै स्वास्थ्य संस्थामा एम्बुलेन्स नहुनु, स्वास्थ्य सूचकहरूको हकमा गर्भवती जाँच चारै पटक गर्न नआउनु, पर्याप्त बर्थिङ सेन्टर नहुनु, नसर्ने दीर्घ रोगहरूको पहिचान नहुनु, स्वास्थ्य संस्थामा हुने सुत्केरीको संख्या बढाउन नसक्नु र तालिम प्राप्त स्वास्थ्यकर्मीहरू पर्याप्त नहुनाले तथा अन्य कारणले घरमा सुत्केरी हुनु, तोकिएको मापदण्डभन्दा बाहेकका अन्य औषधिको आपूर्ति नहुनु, किशोरकिशोरीहरूमा देखिएको दुब्र्यसन नियन्त्रण गर्न नसक्नु प्रमुख समस्याहरूका रूपमा रहेका छन् ।

यस गाउँपालिकामा रहेका ५ प्रमुख रोगहरू यस तालिकामा प्रस्तुत गरिएको छ ।

| क्रसं | प्रमुख रोगहरू |
|---|---|
| १ | श्वासप्रश्वास सम्बन्धी रोग |
| २ | दीर्घ रोग |
| ३ | पाठेघर खस्ने |
| ४ | मानसिक रोग |
| ५ | फंगल संक्रमण |

## ४. अवसर र चुनौती

### (क) अवसर

यस नौकुण्ड गाउँपालिकामा पाँच वर्षमुनिका बालबालिकाहरूको खोप तथा पोषणका सूचकहरू प्रगतिशील देखिनु, यस गाउँपालिकाको प्रत्येक वडामा एक स्वास्थ्य संस्था रहनु, कोभिड अस्पताल स्थापना हुनु, संघीय सरकारबाट अस्पताल स्थापनाको लागी बजेटका साथै दरबन्दी सहित आवश्यक स्वास्थ्यकर्मिको व्यवस्था हुन सक्नु, अन्य स्वास्थ्य संस्थाहरूलाई पनि मापदण्ड अनुसारको सुविधा सम्पन्न बनाउन संघीय र प्रदेशिक सरकारको प्राथमिकतामा रहनु, केही

स्वास्थ्य चौकीमा कोरोना रोकथाम तथा व्यवस्थापन समिति गठित हुनु, रिफरल अस्पतालको रूपमा कालिका सामुदायिक अस्पताल हुनु स्वास्थ्य सेवा सबल बनाउने अवसरहरू हुन् ।

**(ख) चुनौती**

सबै स्वास्थ्य संस्थालाई न्यूनतम मापदण्ड अनुसारको भौतिक पूर्वाधार सहित उपकरण र ल्याब सेवा सञ्चालन गर्नु, स्वास्थ्य संस्था लाई पहुँचयुक्त बनाउनु, अस्पतालमा डाक्टरको दरबन्दी पुरा गर्नु, गर्भवती महिलाद्धारा सुत्केरी गराउन स्वास्थ्य संस्थाको उपयोग बढाउनु, ल्याब तथा अन्य सेवाहरू गुणस्तरीय बनाउनु, रिफरल स्वास्थ्य सेवाको सहज व्यवस्था गर्नु, दीर्घ रोगको पहिचान गर्नु र दुव्र्यसनीमा परेका किशोरकिशोरीहरूको पुर्नस्थापना आदि नौकुण्ड गाउँपालिकाका स्वास्थ्य सम्बन्धी प्रमुख चुनौतीहरू हुन् ।

**५. लक्ष्य**

आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच भएको हुने

**६. उद्देश्य**

गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच पुर्याउनु

**७. रणनीतिहरू**

क) स्वास्थ्य संस्थाको सेवा पहुँचयुक्त बनाउने

ख) स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्ने

ग) रिफरल स्वास्थ्य सेवा सहज गराउने

घ) मातृशिशु तथा पोषण सुरक्षा कायम गर्ने

**८. रणनीति र कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| १. स्वास्थ्य संस्थाको सेवा पहुँचयुक्त बनाउन | १) सिमबन्दीमा स्वास्थ्य सेवाको पहुँचयुक्त स्वास्थ्य संस्थाको स्थापना गरिनेछ।<br>२) वडा नं ६ मा बर्थिङ्ग सेन्टरको स्थापना गरिनेछ।<br>३) प्रत्येक वडामा प्रसुति सेवा सहितको स्वास्थ्य सेवा केन्द्रको विकास गरिनेछ ।<br>४) सरुवा तथा महामारीका रोगहरूको व्यवस्थापनका लागि अस्पतालको सेवा सञ्चालनमा ल्याइनेछ ।<br>५) सरुवा रोग, झाडापखाला लगायतका अन्य सरुवा रोगविरूद्ध जनचेतना अभिबृद्ध गरिने छ।<br>५) प्रत्येक सुत्केरीलाई आफ्नै वडाको स्वास्थ्य संस्थामा जाँच तथा सुत्केरी गराउन प्रोत्साहन गरिनेछ ।<br>६) स्वास्थ्य संस्थाको स्तर अनुसार एक्सरे, ल्याब लगायतका न्यूनतम उपकरण र जनशक्तिको व्यवस्था गरिनेछ । |

| | |
|---|---|
| | ७) कोभिड लगायत अन्य संक्रामक सरुवा रोग विरुद्ध सबै स्वास्थ्य केन्द्रमा विपद् व्यवस्थापन समिति गठन गरिनेछ ।<br>८) संक्रामक सरुवा रोगका लागी आवश्यक पर्दा क्वारेन्टाइनको लागि प्रयोगमा आउन सक्ने भवनहरूको पहिचान गरिनेछ ।<br>९) शिक्षण अस्पतालहरूसँग सहकार्यमा स्थानीय स्वास्थ्य संस्थामा विशेषज्ञ सेवा उपलव्ध गराइनेछ। |
| २. स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्ने | १) स्वास्थ्य संस्थाका आवश्यक कर्मचारी नियुक्ति गरिनेछ ।<br>२) स्वास्थ्य संस्थाका ल्याबका सामानहरूको मर्मत गरिनेछ ।<br>३) महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई आवश्यक तालिम दिइनेछ ।<br>४) स्वास्थ्य जनशक्तिलाई आवश्यक रिफ्रेसर तालिम प्रदान गरिनेछ ।<br>५) स्वास्थ्य बिमाको पहुँच बिस्तार गरिनेछ ।<br>६) स्वास्थ्य संस्थामा रहेका बर्थिङ्ग सेन्टरहरूको गुणस्तरमा वृद्धि गरिनेछ । |
| ३. रिफरल स्वास्थ्य सेवा सहज गराउने | १) कालिका सामुदायिक अस्पताललाई रिफरल अस्पतालको रूपमा विकास गर्न प्रदेश सरकार र अन्य सम्बन्धित निकायसँग सहकार्य गरिनेछ ।<br>२) स्त्री रोग विज्ञ (डाक्टर) द्वारा महिलाहरूको पाठेघर तथा स्तन क्यान्सरको पहिचान र उपचारको लागि स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।<br>३) पालिकामा मोटर बाटोसम्म जाने गरी कम्तीमा तीनवटा एम्बुलेन्स सेवा शुरु गरिनेछ ।<br>४) तत्काल उपचार नहुँदा ज्यानको जोखिममा पर्ने प्रकृतिको सुत्केरी, दुर्घटनामा परेका व्यक्ति आदिको उपचारका लागि संघीय सरकारसँग समन्वय गरी हेली-एम्बुलेन्स सेवा उपलब्ध गराउन सहजीकरण गरिनेछ । |
| ४। मातृशिशु तथा पोषण सुरक्षा कायम गर्ने | १) खाद्य व्यवहारमा सुधार गर्न स्थानीय पौष्टिक खानेकुराको उपयोगमा जोड दिइनेछ ।<br>२) गर्भवती महिलाको गर्भावस्थामा ४ पटक जाँच र सुत्केरी महिलाको ३ पटक जाँचलाई प्रोत्साहन गर्न मासिक रूपमा स्वास्थ्य संस्थाबाट जनचेतनामूलक नाटक प्रदर्शन गरिनेछ । |

| | |
|---|---|
| | ३) पाँच वर्ष मुनिका बालबालिका, गर्भवती तथा सुत्केरी महिलाको स्वास्थ्यलाई ध्यानमा राखी मासिक रूपमा अण्डा तथा गेडागुडी वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४) किशोरवस्थाको गर्भधारणले ल्याउन सक्ने जटिलताबारे जनचेतना जगाउन विद्यालय मार्फत वर्षको तीन पटक विशेष कार्यक्रम आयोजना गराइनेछ । |
| ५. वैकल्पिक स्वास्थ्य सेवाको विस्तार गर्ने | १) आयुर्वेद, होमियोपेथी, प्राकृतिक चिकित्सा उपचार पद्धति प्रभावकारी देखिएका रोगीहरूलाई सो उपचार पद्धति उपयोग गर्न सहजीकरण गरिनेछ<br>२) परम्परागत उपचारमा संलग्न जनशक्तिको क्षमता विकास गरिनेछ ।<br>३) योगाभ्यासलाई नियमित जीवन पद्धतिसँग आबद्ध गर्न प्रोत्साहन गरिनेछ, साथै योग शिक्षालाई विद्यालय शिक्षामा आवद्ध गरिनेछ । |

**९. प्रमुख कार्यक्रमहरू**

**क) गाउँपालिकाले गर्ने**

१) कोभिड शैया सहितको अस्पताल

२) स्वास्थ्य संस्थाको पूर्वाधार विकास

३) स्वास्थ्य विज्ञहरूद्वारा स्वास्थ्य शिविर सञ्चालन

४) एम्बुलेन्स सेवा

५) स्वास्थ्य बिमाको पहुँच बिस्तार

६) सुरक्षित सुत्केरी सेवा

७) पालिकाको समग्र आधारभूत स्वास्थ्य नीति तर्जुमा

**ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने**

१) स्वास्थ्य संस्थाको पूर्वाधार विकास

२) कालिका सामुदायिक अस्पताललाई रिफरल अस्पतालको रूपमा विकास गर्न प्रदेश सरकारसँग समन्वय

**ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुनसक्ने**

१) स्वास्थ्य संस्थाको पूर्वाधार विकास

२) स्वास्थ्य शिविर सञ्चालन

**१०. अपेक्षित उपलब्धि**

योजना अवधिको स्थानीय स्वास्थ्य नीति तर्जुमा भएको हुने, गाउँपालिकामा कम्तीमा ५ बेडको अस्पताल स्थापना भएको हुने, रिफरल अस्पतालसँग सम्बन्ध स्थापित भएको हुने, ८० प्रतिशत महिलाहरू स्वास्थ्य संस्थामा सुत्केरी भएको हुने, किशोरावस्थाको गर्भधारण संख्या २५ भन्दा

कममा पुर्याउने, सुत्केरीपश्चात् ३ पटक जाँच गराउने महिला ५०% पुर्याउने, स्वास्थ्य संस्थामा ३० मिनेटभित्रमा पुग्ने ५०% पुर्याउने ।

## ६.३ लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा लक्षित वर्ग

### १. पृष्ठभूमि

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) वर्तमान अवस्थामा अत्यन्त महत्वपूर्ण सवाल हो । संविधानले समानुपातिक समावेशी र सहभागिताको सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माणका लागि वर्गीय, जातिय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद हिंसा तथा सवै प्रकारको जातीय छुवाछूत एवं विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि, सामाजिक न्याय सुनिश्चित गर्ने संकल्प गरिएको छ । यसैगरी संविधानले महिलाको हक, बालबालिकाको हक, अपाङ्गता भएका व्यक्तिहरूको लागि सामाजिक सुरक्षाको हक, असहाय एकल महिला, अपाङ्गता भएका बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई सामाजिक सुरक्षाको हक, ज्येष्ठ नागरिकको हकका साथै त्यस्ता बर्गसमेतलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षा प्रत्याभूति जस्ता मौलिक हकको व्यवस्था गरेको छ । १५औं योजनाले पनि महिलाको समान तथा अर्थपूर्ण सहभागिता सहित सारभूत समानता कायम गर्ने लक्ष्य राखेको छ । "कोहिपनि छुट्नु हुँदैन" भन्ने मान्यताका साथ दिगो विकास लक्ष्यको लक्ष्य ५ मा लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने भन्ने कुरा उल्लेख गरिएको छ ।

### २. वस्तुगत स्थिति

यस नौकुण्ड गाउँपालिकामा रहेका जम्मा जनसंख्या १४७४२को ५१% महिला रहेका छन्। यसै गरी गाउँपालिका पाश्र्वचित्र २०७६ को तथ्याङ्क अनुसार जनजाति ७४.२८%, बालबालिका ५२.२६% (जन्मे देखि १९ वर्ष समूह, प्रोफाइल तालिका), ज्येष्ठ नागरिक ६.३७% अपाङ्गता भएका व्यक्ति २.३७%, एकल महिला २.२२% रहेका छन् । गाउँपालिकाको औसत साक्षरता ७८% रहेको मा महिला साक्षरता ६४% रहेको छ । सामाजिक सुरक्षा भत्तामा आवद्ध जनसंख्या ५.५३ % रहेको छ । कुल रोजगारीमा महिलाको हिस्सा २०.८०% (स्थलगत सर्वेक्षण) रहेको छ । ७.८३% घरजग्गा मात्र महिलाको स्वामित्वमा रहेको देखिन्छ भने संयुक्त स्वामित्वमा ४.०४% रहेको देखिन्छ । यस पालिकामा निर्वाचित जनप्रतितिधिमा महिला ३८.७१% (१२), दलित तथा अल्पसंख्यक समुदायबाट १६.१३% (५) जना रहेको छ ।

### ३. प्रमुख समस्या

शिक्षा, स्वास्थ्य लगायत सेवामा महिलाको पहुँचमा कमी, नेतृत्व तहमा महिलाको अर्थपूर्ण सहभागितामा कमी, नेतृत्व क्षमता विकासको कमि, महिलामैत्री, बालबालिकामैत्री, अपाङ्गतामैत्री तथा ज्येष्ठ नागरिकमैत्री निति तथा सार्वजनिक स्थलको निर्माण नहुनु, भूस्वामित्वको अधिकार महिलाहरूलाई नदिनु, ज्येष्ठ नागरिकको हेरचाहमा कमी हुँदै जानु, रुढिवादी परम्परा हावी हुनु, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरूलाई समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन हुन नसक्नु, व्यक्ति एवं ज्येष्ठ नागरिकको हक अधिकारको कार्यान्वयन पक्ष फितलो हुनु आदि प्रमुख समस्याका रूपमा रहेका छन् ।

## ४. अवसर र चुनौती

### (क) अवसर

विभिन्न गैरसरकारी संस्थाहरूले लक्षित वर्गलाई प्राथमिकतामा राखी विभिन्न कार्यक्रम सञ्चालन गर्नु, संविधानका मौलिक हकमा समावेशीकरणलाई प्राथमिकता दिई सो अनुसार विभिन्न हक सुरक्षित हुनु, समावेशी प्रतिनिधित्वको संवैधानिक एवं कानूनी व्यवस्था हुनु, महिलाहरू उद्यमी, व्यवसायी बन्न पाउनु, पालिकाको निर्णय प्रक्रियामा संघीयता अनुरूप बालबालिका सम्बन्धी कानून, नीति, योजना, कार्यक्रम तथा संस्थागत संयन्त्रको विकास हुँदै जानु, ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्ने वातावरण सृजना हुँदै जानु, निर्वाचित महिला जनप्रतिनिधि हुनु, लैङ्गिक उत्तरदायी बजेट विनियोजन हुनु, स्थानीय तहमा गठित विभिन्न समितिहरूमा महिलाको ३३% सहभागिता सुनिश्चित हुनु, लैससास नीति बन्नु, अपाङ्गता सम्बन्धी परिचयपत्र वितरण सम्बन्धी कार्यविधि २०७६ पारित भई कार्यान्वयन शुरु हुनु, व्यवसाय, खेलकुद, घरपरिवार तथा वितीय क्षेत्रमा महिलाको पहुँचमा वृद्धि हुनु आदिलाई अवसरका रूपमा लिन सकिन्छ ।

### (ख) चुनौती

सबै महिलाहरूलाई साक्षर बनाउनु, महिलाहरूको घरायसी कामको आर्थिक मूल्याङ्कन गर्नु, लोक सेवा आयोग तथा अन्य रोजगारी सेवामा महिलाहरूलाई प्रतिस्पर्धामा सहभागी गर्नु, सम्बन्धित निकायले लैसाससालाई प्राथमिकतामा राखी लैङ्गिक उत्तरदायी बजेट विनियोजन गर्नु, महिलाहरू माथि हुने सबै प्रकारका हिंसा, विभेद तथा शोषणको अन्त्य गर्नु, बालमैत्री स्थानीय शासन स्थापना गर्नु, ग्रामीण महिलाको जीवनस्तरमा सुधार ल्याउनु, अपाङ्गता भएका व्यक्तिको प्रकृति अनुसारको सेवा प्रवाह गर्नु, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिमैत्री पूर्वाधार विकास गर्नु, सामाजिक सुरक्षा भत्ता वितरण सहज र सेवाग्राहीमुखी बनाउनु, अपाङ्गतामैत्री शिक्षा तथा सहायक सामग्रीको उपलव्धता गर्नु आदिलाई चुनौतीका रूपमा लिन सकिन्छ ।

## ५. लक्ष्य

विकास प्रक्रिया र अवसरमा समावेशीता सुनिश्चित भएको हुने ।

## ६. उद्देश्य

लैङ्गिक समानता र सामाजिक समावेशिता अभिवृद्धि गर्नु ।

## ७. रणनीति

१. महिला तथा लक्षित वर्गका नागरिकहरूको राज्यको विभिन्न योजना निर्माण, छलफल तथा निर्णयहरूमा अर्थपूर्ण सहभागितामा जोड दिने

२. विभिन्न क्षेत्रमा महिलाहरूको नेतृत्व हुने गरी नीति नियम बनाउनुका साथै महिला तथा लक्षित वर्गको आत्मनिर्भरता बढाउन बजेट विनियोजन तथा कार्यक्रम सञ्चालन गर्ने

३. महिला, बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने सबै प्रकारका विभेद, दुर्व्यवहार, शोषण, उपेक्षा एवं हिंसा, बाल विवाह, बेचबिखन, ओसारपसारको अन्त्य गर्ने कुरामा जोड दिने

४. विभिन्न क्षेत्रमा रहेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरूको अन्तरक्षेत्रीय, खण्डीकृत तथ्याङ्क संकलन तथा अभिलेखीकरण गर्ने

५. महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, एवं ज्येष्ठ नागरिकमैत्री भौतिक संरचना निर्माण गर्ने

६. ज्येष्ठ नागरिकलाई सम्मानपूर्ण जिवनयापनको अनुभूति दिलाउन उनिहरूको अनुभव एवं सीपको संरक्षण गर्दै, उक्त सम्बन्धी नीति निर्माण (सहभागितामूलक) गरी उपयोगमा ल्याउने

## ८. कार्यनीति

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| १. महिला तथा लक्षित बर्गका नागरिकहरूको राज्यको विभिन्न योजना निमार्ण, छलफल तथा निर्णयहरूमा अर्थपूर्ण सहभागितामा जोड दिने | • महिला, एकल महिला, दलित र अल्पसंख्यक जनप्रतिनिधिहरूको नेतृत्व क्षमता विकास गरी उनीहरूको भूमिका सशक्त बनाइनेछ ।<br>• विकासका सबै तह र निर्णय प्रक्रियामा महिलाको अर्थपूर्ण सहभागिता बढाउँदै सेवा सुविधा र अवसरमा पहुँच सुनिश्चित गरिनेछ ।<br>• महिलाको कार्यमा सहयोग गरी समानताको स्थिति प्राप्त गर्न पुरुषको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ ।<br>• लक्षित वर्गलाई पहिलो प्राथमिकतामा राखी विभिन्न सीप विकास तालिमहरू सञ्चालन गर्ने । |
| २. विभिन्न क्षेत्रमा महिलाहरूको नेतृत्व हुनेगरी नीति नियम बनाउनुका साथै महिला तथा लक्षित वर्गको आत्मनिर्भरता वढाउन बजेट विनियोजन तथा कार्यक्रम सञ्चालन गर्ने | • महिलाहरूलाई आयआर्जन तथा उत्पादन क्षेत्रमा सहभागी गराई श्रमको उचित मूल्याङ्कन हुने गरी अर्थपूर्ण सहभागितामा जोड दिइनेछ ।<br>• महिला तथा लक्षित वर्गका व्यक्तिहरूलाई जीविकोपार्जन सम्बन्धी सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• आर्थिक सशक्तिकरण र व्यावसायिक कृषिमा जोड दिइनेछ ।<br>• गाउँपालिकास्थित सबै निकायहरूमा लैङ्गिक उत्तरदायी बजेट विनियोजन तथा लैङ्गिक बजेट परीक्षणलाई नियमित र नियमन गरिनेछ ।<br>• महिला तथा लक्षित वर्गहरूको सरल पहुँच हुने गरी बैंक तथा सहकारीसँग सहुलियत कर्जाका लागि समन्वय र सहजीकरण गरिनेछ ।<br>• भूस्वामित्वमा महिलाको अधिकार स्थापितको व्यवस्था मिलाइनेछ । |

| | |
|---|---|
| ३. महिला, बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने सबै प्रकारका विभेद, दुर्व्यवहार, शोषण, उपेक्षा एवं हिंसा, बाल विवाह, बेचबिखन, ओसारपसारको अन्त्य गर्ने कुरामा जोड दिने | • सबै नागरिकहरूमा न्यायिक समितिद्वारा निष्पक्ष सेवा उपलब्ध गर्ने व्यवस्था मिलाइनेछ ।<br>• लैङ्गिक हिंसाको अन्त्यको लागि पालिकास्तरीय सामाजिक सुरक्षा कोषको स्थापना तथा सञ्चालन गरिनेछ ।<br>• मानव बेचबिखन तथा लैङ्गिक हिंसाबाट पीडित र प्रभावितहरूलाई आत्मनिर्भर बनाउन व्यवसायमूलक तालिम प्रदान तथा रोजगारीका अवसरहरूमा सहभागिताका लागि व्यवस्था गरिनेछ ।<br>• महिला विभेद, हिंसा र शोषण जस्ता सामाजिक समस्याका विरुद्ध सचेतना, पीडितको उद्धार र संरक्षण तथा न्यायिक समितिद्वारा निष्पक्ष सेवा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । |
| ४. विभिन्न क्षेत्रमा रहेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरूको अन्तक्षेत्रीय, खण्डीकृत तथ्याङ्क संकलन तथा अभिलेखीकरण गर्ने । | • गाउँपालिकास्तरमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी अन्तरक्षेत्रगत, खण्डीकृत तथ्यांक संकलन एवं अभिलेखनका लागि उपयुक्त प्रविधिको विकास गरिनेछ ।<br>• संकलित तथ्यांक विश्लेषण, अभिलेखीकरण गरी निरन्तर अद्यावधिक गर्ने र राष्ट्रिय तथ्यांकमा योगदान गर्ने व्यवस्था मिलाइनेछ । |
| ५. महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, एवं ज्येष्ठ नागरिक मैत्री भौतिक संरचना निर्माण गर्ने | • निजी तथा सार्वजनिक क्षेत्रको भवन निर्माण तथा डिजाइन बालमैत्री, अपाङ्गतामैत्री, बालमैत्री, ज्येष्ठ नागरिकमैत्री, बनाउन अभियान सञ्चालन गरिनेछ ।<br>• प्रत्येक विद्यालयमा निर्मित संरचना (शौचालय, महिला आराम कक्ष आदि) को निर्माणलाई विद्यालयको अनुशासन, कार्यसम्पादन मूल्यांकनको आधार बनाइनेछ । |
| ६. ज्येष्ठ नागरिकलाई सम्मानपूर्ण जीवनयापनको अनुभूति दिलाउन उनीहरूको अनुभव एवं सीपको संरक्षण गर्दै, उक्त सम्बन्धी निति निर्माण (सहभागितामूलक) गरी | • ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अन्तरपुस्ता सीप हस्तान्तरण, छलफल, र अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन वडा एवं टोलस्तरमा वितरण गर्ने आवश्यक व्यवस्था मिलाइनेछ । |

| | |
|---|---|
| उपयोगमा ल्याउने | |

**९. प्रमुख कार्यक्रम**

**(क) स्थानीय तह आफैले सम्पादन गर्ने**

- लैससास नीति तर्जुमा तथा समायोजन, संशोधन
- नेतृत्व विकास सम्बन्धी आधारभूत तालिम
- महिला पुरुष समविकास तालिम
- महिला तथा लक्षित वर्गका व्यक्तिहरूलाई केन्द्रित जीविकोपार्जन सम्बन्धी कार्यक्रम
- सीप विकास तालिम (होजियारी, सिंचाइ, ढाका, बुनाइ)
- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान
- बाल विवाह अन्त्य सम्बन्धी जनचेतनामूलक कार्यक्रम
- बाल क्लव तथा बाल अधिकार सम्बन्धी अभिमुखीकरण कार्यक्रम
- ज्येष्ठ नागरिक भेटघाट तथा स्वास्थ्य शिविर कार्यक्रम
- अपाङ्गता भएका व्यक्तिहरूलाई सहायता सामग्री वितरण कार्यक्रम
- अपाङ्गमैत्री, बालबालिकामैत्री, महिलामैत्री भौतिक संरचना निर्माण

**(ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने**

- न्यायिक समिति क्षमता विकास
- अपाङ्गता भएका व्यक्तिहरूलाई सहयता सामग्री वितरण कार्यक्रम
- अपाङ्गमैत्री, बालबालिकामैत्री, महिलामैत्री भौतिक संरचना निर्माण
- सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीको गठन
- विशेष शिक्षा

**(ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुने**

- न्यायिक समिति क्षमता विकास
- विशेष शिक्षा
- अपाङ्गता भएका व्यक्तिहरूलाई सहायता सामग्री वितरण कार्यक्रम

**१०. अपेक्षित उपलब्धि**

लैससास नीति तर्जुमा भएको हुने, लैङ्गिक बजेट प्रणाली अवलम्बन भएको हुने, ३०० जनालाई क्षमता विकास तालिम दिइएको हुने, गाउँपालिकाबाट गठन हुने समितिहरूमा ५० प्रतिशत समावेशिता भएको हुने, लैससास अन्तरक्षेत्रीय खण्डीकृत तथ्यांक संकलनको अभ्यास शुरु भएको हुने, प्रादेशिक आयमा महिलाको घरायसी कामको लेखाजोखा भएको हुने, सबै निकायमा लैङ्गिक उत्तरदायी बजेट प्रणाली संस्थागत भएको हुने, लैससास बजेट परीक्षण नियमित भएको हुनेछ ।

## ६.४ युवा तथा खेलकुद

**१. पृष्ठभूमि**

नेपालको संविधानले राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, सामाजिक, सांस्कृतिक र आर्थिक अधिकारहरूको पूर्ण उपयोग गर्ने वातावरण तयार गरी युवाको सर्वाङ्गीण विकास, सशक्तिकरण र युवा उद्यमशिलताका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्ने व्यवस्था गरेको छ । पन्ध्रौं योजनामा खेलकुदको विकास र विस्तार गरी स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार पार्दै अन्तर्राष्ट्रिय जगतमा राष्ट्रको सम्मान अभिवृद्धि गर्दै पहिचान स्थापित गर्ने भनी व्यवस्था भएको पाइन्छ ।

**विद्यमान अवस्था**

यस गाउँपालिकाको कुल जनसख्यामा ४० वर्ष उमेर सम्मको जनसंख्या करिब १०८२८ रहेको ७०.४५प्रतिशत (८३३०) रहेको छ भने करिब २.८५ प्रतिशत युवाहरू वैदेशिक रोजगारमा संलग्न देखिन्छन् ।

**३. प्रमुख समस्या**

गाउँपालिकामा प्रविधियुक्त रोजगारीको कमी हुनु, युवामा उच्च शिक्षाको पहुँचमा कमी हुनु, युवा शक्तिलाई सीप र उद्यमशिल बनाउन समुचित  तालिमको कमी हुनु, युवा लक्षित कार्यक्रमको कमी हुनु, सिकेको सीप र तालिमलाई पूर्ण उपयोग गर्न नसकिनु,, युवा शक्तिलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न नसक्नु, युवा विदेश पलायन हुनु, खेलकुद पूर्वाधारको कमी हुनु, खेलकुद क्षेत्रमा न्यून लगानी हुनु, विद्यालयबाट नै खेलकुदप्रति अभिरुचि जगाउन नसक्नु,, खेलकुद प्रशिक्षणको कमी हुनु, वडा र पालिकास्तरमा खेलकुद क्लब गठन गर्न नसकिनु, जिल्ला, प्रदेश तथा राष्ट्रियस्तरमा पर्याप्त सम्बन्ध कायम हुन नसक्नु जस्ता यस क्षेत्रका प्रमुख समस्या देखिएका छन् ।

**४. अवसर र चुनौती**

**क) अवसर**

युवा विकासका लागि संवैधानिक व्यवस्था हुनु, रोजगार र स्वरोजगारका अवसरका लागि सरकारको उच्च प्राथमिकता रहनु राष्ट्रियस्तरमा नै युवा परिचालन नीति र रणनीति तय हुनु, राज्यबाट युवा रोजगार कार्यक्रम लागू हुनु, विदेशबाट फर्केका सीपयुक्त युवाको सीप परिचालनका लागि प्रोत्साही कार्यक्रम लागू हुन, युवा परिचालन गाउँपालिकाको प्राथमिकतामा रहनु, युवा संलग्न स्थानीय संरचना/संयन्त्र रहनु, गाउँपालिकामा विभिन्न तहमा साथै महिला तथा विशेष समूहका खेलाडीहरूको लागि खेलकुद प्रतियोगिता सञ्चालन गर्नु, खेलकुद पूर्वाधारहरूको क्रमशः विकास हुँदै जानु आदि प्रमुख अवसरका रूपमा रहेका छन् ।

**ख) चुनौती**

युवामा सीप र उद्यमशीलता विकास गर्नु, युवा स्वरोजगारीको वृद्धि गर्नु, राष्ट्रियस्तरबाट उपलब्ध सुविधा र अवसरसंग युवाको पहुँच बढाउनु, पालिकामा रोजगारीका अवसरहरूको वृद्धि गर्नु, युवा प्रतिभा पलायन हुनबाट रोक्नु, युवालाई कुलतमा लाग्नबाट रोक्नु,  क्षमतानुसार सक्षम

युवा जनशक्ति उत्पादनमा ध्यान पुर्याउनु, खेलकुद पूर्वाधारको विद्यालय, वडा र पालिकास्तरमा निर्माण गर्नु, युवाहरूलाई खेलकुदप्रति प्रोत्साहित गराउनु, व्यावसायिक खेलकुदको विकास गर्नु, नियमित खेलकुद प्रतियोगिता आयोजना गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

**५. लक्ष्य**

युवा शक्तिको क्षमतानुसार उपयोग गरिएको हुने ।

**६. उद्देश्य**

१. युवा रोजगार सृजना गर्नु

२. खेलकुदका माध्यमबाट स्वस्थ, सृजनशील र अनुशासित युवाशक्ति विकास गर्नु

**७. रणनीति**

1. युवामा सीप र उद्यमशीलता विकास गरी रोजगारी बढाउने ।
2. स्थान विशेषअनुसार खेलकुद पूर्वाधारको निर्माण र विस्तार गर्ने ।
3. खेलकुदलाई व्यावसायिक रूपमा संस्थागत गर्ने ।

**८. कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. युवामा सीप र उद्यमशीलता विकास गरी रोजगारी बढाउने । | 1. स्वदेश तथा विदेशमा काम गरिरहेका युवाको तथ्यांक संकलन गरी अभिलेख राखिनेछ।<br>2. विद्यालय अध्ययन सम्पन्न गरेका युवाहरूलाई व्यावसायिक तालिमको अवसर प्रदान गरिनेछ ।<br>3. युवाहरूलाई व्यवसायका लागि सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन वित्तीय संस्थाबाट सहज कर्जा उपलब्ध हुने ब्यवस्था गर्न सहजीकरण गरिनेछ ।<br>4. युवाहरूलाई जीवनोपयोगी तथा प्राविधिक शिक्षाका साथै सीपमूलक एवं उद्यमशीलता सम्बन्धी तालिम प्रदान गरिनेछ ।<br>5. विदेशबाट सीप सिकेका युवाहरूलाई तिनको सीप र ज्ञानको प्रयोग गर्न पाउने वातावरण सृजना गरी तिनले चाहेका, व्यवासाय दर्ता, सञ्चालनमा सहजता आउने गरी नीतिगत निर्णय गरिनेछ ।<br>6. स्थानीय तहमा युवा रोजगारमुखी विकास कार्यक्रम तर्जुमा गरिनेछ ।<br>7. युवा शक्तिलाई विपद् व्यवस्थापनको तालिम दिई स्वैच्छिक रूपमा योगदान पुर्याउने वातावरण सृजना गरिनेछ ।<br>8. निजी क्षेत्र, गैसस र विकास साझेदारहरूसँग समन्वय गरी |

| | |
|---|---|
| | युवा रोजगारीलाई प्रवर्द्धन गरिनेछ ।<br>9. परम्परागत पेशा अपनाएका व्यक्तिलाई व्यवसायीकरण गर्नका लागि लगानी अभिवृद्धि गरिनेछ र पुस्तान्तरणलाई प्रोत्साहित गरिनेछ ।<br>10. युवाहरूलाई कुलतमा लाग्नबाट जोगाउन विशेष चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |
| २. स्थान बिशेषअनुसार खेलकुद पूर्वाधार निर्माण र विस्तार गर्ने । | 1. विद्यालय, वडा र गाउँपालिकाको तहमा खेलकुद स्थल निर्माण गर्न पहल गरिनेछ ।<br>2. खेलकुद पूर्वाधारको विकास गुणस्तरयुक्त रूपमा गरिनेछ ।<br>3. अन्तर विद्यालयस्तरीय,, अन्तर वडास्तरीय तथा पालिकास्तरीय खेलकुदको आयोजन गरी उत्कृष्ट खेलाडीलाई शिल्ड, पुरस्कारको आयोजन गरिनेछ ।<br>4. प्रतेक वडामा वडास्तरीय खेल मैदान र गाउँपालिकाको उपयुक्त स्थानमा कभर्ड हलको व्यवस्था गरिनेछ ।<br>5. उत्कृष्ट खेलाडीलाई प्रदेशस्तर तथा राष्ट्रियस्तरको खेल प्रतियोगितामा भाग लिन खेलकुद कोषको व्यवस्था गरिनेछ र प्रशिक्षणको लागि छात्रवृत्ति समेत प्रदान गरिनेछ । |
| ३. खेलकुदलाई व्यावसायिक रूपमा संस्थागत गर्ने | 1. विद्यालय, वडा तथा पालिकास्तरमा क्लबहरूको स्थापना एवं विकास गर्न प्रोत्साहन गरिनुका साथै व्यावसायिकता प्रदान गर्न सहजीकरण छ ।<br>2. फरक क्षमता भएकाहरूको विशिष्टीकृत खेलकुद प्रतियोगिताहरूको आयोजना गरी उनीहरूलाई खेलकुदप्रति आकर्षित गरिनेछ ।<br>3. निजी क्षेत्रसँग सहकार्य र समन्वय गरि विभिन्न खेलकुदको आयोजन गरिनेछ ।<br>4. युवाहरूको क्षमता अभिवृद्धि गरी प्रादेशिक तथा राष्ट्रिय स्तरका प्रतियोगिताहरूका लागि सक्षम बनाइनेछ ।<br>5. प्रादेशिक र राष्ट्रिय रूपमा पहिचान भएका खेलाडीलाई उचित पुरस्कार र सम्मान प्रदान गरिनेछ। |

**९. प्रमुख कार्यक्रम**

**क) स्थानीय तह आफैले सम्पादन गर्ने**

- युवामुखी क्षमता विकास कार्यक्रम
- लगानी अभिवृद्धि योजना
- विकास प्रक्रियामा युवा परिचालन
- खेलकुदको सम्भाव्य क्षेत्र पहिचान
- विद्यालय तहमा प्रतिभावान खेलाडीको पहिचान
- खेलकुद स्थल र कभर्डहलको निर्माण
- व्यावसायिक खेलकुद क्लब निर्माण
- खेलकुद विकास कोष स्थापना

**ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने**

- खेलकुदको सम्भाव्य क्षेत्र पहिचान
- खेलकुद मैदान र कभर्डहलको निर्माण
- प्रदेश एवं राष्ट्रियस्तरको खेलकुद प्रतियोगिता आयोजना

**ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुने**

- खेलकुदको सम्भाव्य क्षेत्र पहिचान
- संघीय खेलकुद प्रतियोगिता

**१०. अपेक्षित उपलब्धि**

युवाहरूमा सीप र उद्यमशीलता अभिवृद्धि भएको हुने, विकासका विभिन्न क्षेत्रमा युवाहरूको संलग्नता बढेको हुने, विपदजन्य अवस्थामा युवाहरू परिचालन भएको हुने, व्यावसायिक खेलकुदहरू शुरु भएको हुने, प्रत्येक वर्ष स्थानीय, प्रादेशिक, जिल्लास्तरीय एवं राष्ट्रिय प्रतियोगिताको आयोजना गरेको हुने, विद्यालय तहमा खेलकुद मैदान निर्माण भएको हुने, गाउँपालिकास्तरीय खेलकुद मैदान, कभर्डहल निर्माण भएको हुने, वार्षिक रूपमा अन्तर विद्यालय खेलकुद प्रतियोगिता आयोजना भएको हुने, युवा खेलकुद सम्बन्धी स्थानीय नीति निर्माण भएको हुने ।

# परिच्छेद- ७
# स्थानीय पूर्वाधार विकास

## ७.१ स्थानीय यातायात क्षेत्र

### १. पृष्ठभूमि

विकासका पूर्वाधारहरू मध्ये यातायात सबैभन्दा महत्वपूर्ण पूर्वाधार हो । नेपालको संबिधान र स्थानीय सरकार सञ्चालन ऐन बमोजिम संघीय र प्रादेशिक नीति र कानूनको अनुकुल हुने गरी स्थानीयस्तरमा निर्माण हुने भौतिक पूर्वाधार तथा यातायात प्रणालीको नीति, कानून, कार्यविधि, मापदण्ड, गुरुयोजना कार्यक्रम आदिको निर्माण, मर्मत सम्भार, सञ्चालन, व्यवस्थापन आदिको जिम्मेवारी स्थानीय सरकारमा रहेको छ ।

### २. विद्यमान स्थिति

यस गाउँपालिकामा अम्बास-भोर्ले-पारच्याङ १३.५ किमि र स्याउबारी लोकिल-वडा नं १ हुँदै यार्सा सम्म २६ किमि, करिब ४० किमि सडक प्रदेश सरकार अन्तर्गत निर्माणाधीन छन् । यसका साथै पालिकामा १३.५ किमि ग्राभेल सडक र २९ वटा पालिकास्तरको १२९ किमि धुले सडकहरू सञ्चालित छन् ।कच्ची सडकको ट्र्याक पालिकाका सबै वडामा पुगेको छ । सञ्चालित सडकहरूको ज्यामिती (सडक ज्योमेट्री) नमिल्नुका साथै आवश्यक न्यूनतम सडकलाई चाहिने किनारातर्फका नाली जस्ता संरचनाहरू पनि नबनेकोले सवारी साधन सञ्चालन गर्न निकै जोखिमपूर्ण रहेको छ । पालिकाले सडक, सडक पुल, पदमार्ग, घोडेटो आदि सबैलाई समेटेर यातायात गुरुयोजना बनाई प्रणालीगत ढंगबाट सडक निर्माण गरिनुपर्ने सो समेत गरेको पाइँदैन ।

### सडक पुल तथा झोलुङ्गे पुलको स्थिति

यस पालिकामा २ वटा नदीहरू र ६ वटा खोलाहरू छन्। पालिकामा हाल ८ वटा झोलुङ्गे पुल र २ वटा सडक पुलहरू (केन्द्रीय स्तर) निर्माणाधीन हुनुका साथै १० वटा घोडेटो बाटोहरू सञ्चालनमा रहेका छन् । गोसाइकुण्ड जाने पर्यटकीय पदमार्गका साथै अन्य ३ वटा अन्य पर्यटकीय पदमार्ग हरू पनि सञ्चालनमा रहेका छन्। गोसाईकुण्ड पर्यटकीय पदमार्गको डिपिआर समेत तयार भइसकेको छ ।

### ३. प्रमुख समस्याहरू

कच्ची र मौसमी सडक मात्र रहनु, महत्वपूर्ण पर्यटकीय तथा धार्मिक, सांस्कतिक स्थलहरूसम्म सडक तथा स्तरीय पदमार्गको पहुँच नहुनु, मुख्य लोकमार्गसँग पालिकाको सडक जोडिन नसक्दा सर्बयाम सडक पालिकामा नहुनु, प्रारम्भिक अध्ययन डिजायन विना नै सडक खोल्ने प्रवृत्ति बढ्नु, धैरै सडकको निर्माण शुरूवात भए तापनि निर्माण भएका सडकहरू ब्यबस्थित हुन नसक्नु, न्यूनतम मापदण्ड अनुसारको पदमार्ग नहुनु, अवश्यकतानुसार सडक पुल तथा झोलुङ्गे पुल नहुनु, सर्बयाम सडक सञ्जालको अभावमा ग्रामीण भेगमा आर्थिक क्रियाकलाप न्यून हुनु आदि

प्रमुख समस्या रहेका छन् ।

**४. अवसर र चुनौती**

**क) अवसर**

सबै गाउँपालिकाको केन्द्रसम्म सर्बयाम सडकले जोडने नीति नेपाल सरकारको रहनु, नुवाकोट जिल्ला सदरमुकाम बिदुर र रसुवा जिल्ला सदरमुकाम धुन्चे जोड्ने सडक कालोपत्रे स्तरको हुनु, उक्त सडक सँग नौकुण्ड गाउँपालिकाको केन्द्र जोडिन अम्बास-भोर्ले-पारच्याङ र स्याउबारी-लोकिल यार्सा सडक निर्माणाधीन रहनु, प्रदेश सडकलाई आधार मानी अन्य शाखा सडकहरू निर्माणाधीन रहनु, गोसाइँकुण्ड जाने पदमार्ग को डि पि आर पालिकाबाट तयार गरिनु, घोडेटो बाटोहरू निर्माणाधीन रहनु, यातायात पूर्वाधार विकास संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहका सरकारको उच्च प्राथमिकतामा रहनु, पालिकाको सबै वडा केन्द्रसम्म सडक ट्र्याक निर्माण हुनु आदि अवसरहरू हुन्।

**ख) चुनौती**

सञ्चालित धुले सडकहरूको स्तरोन्नति गरी सर्बयाम बनाउनु, महत्वपूर्ण बजारकेन्द्र र पर्यटकीय स्थानहरू सर्बयाम सडक संजालसँग जोड्नु, एक घण्टाको फेरोमा झोपुको निर्माण गर्नु, प्रमूख पर्यटकीय स्थलहरूसम्म पर्यटकीय पदमार्ग हरू निर्माण गर्नु, सडकको बिचमा पर्ने खोलाहरूमा सडक पुल निर्माण गर्नु, आधा घण्टाको फेरोमा सर्बयाम सडकको पहुँच पु-याउनु,लोकमार्ग सडक सँग पालिकाको सडक सर्बयाम बनाउनु, जोमेट्री सुधार गर्नु, वातावरणमैत्री सडक निर्माण गर्नु आदि प्रमुख चुनौती हुन्।

**५. विषयगत लक्ष्य**

अधिकतम आधा घण्टाको दूरीमा गाउँपालिकाका सबै नागरिकलाई मोटर बाटोको सुविधा पुगेको हुने ।

**६. उद्देश्य**

सर्वयाम र सुरक्षित यातायात पूर्वाधारको विकास र विस्तार गर्नु ।

**७. रणनीति तथा कार्यनीति**

उपरोक्त लक्ष्य र उद्देश्य प्राप्तिका लागि निम्न रणनीति र नीति अवलम्बन गरिनेछ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. पालिका केन्द्र, सबै वडा केन्द्र र महत्वपूर्ण स्थानमा पहुँच बिस्तार गर्ने सर्बयाम सडक, सडक पुल, झो.पु. हरूको निर्माण गर्ने | १. यातायात गुरुयोजना तयार गरी लागू गरिनेछ,<br>२. सडकको प्राबिधिक अध्ययन, डि.पि.आर. तयारी पछिमात्र सडक निर्माण प्रारम्भ गरिने पद्धतिको विकास गरिनेछ,<br>३. सडक निर्माणमा ठूला मेसिनको प्रयोगलाई निरुत्साहित गरिनेछ,<br>४. सडक निर्माणमा, स्थानीय साधन, स्रोत र सीपको |

| | |
|---|---|
| | अत्यधिक प्रयोग गरी वातावरणमैत्री तथा सहभागितात्मक अवधारणाको प्रयोग गरी रोजगारी समेत श्रृजना गरिनेछ,<br>५. सडकहरूको मापदण्ड तोकी प्राथमिकताको आधारमा वर्गीकरण गरिनेछ,<br>६. सडकको दायाँ-बायाँ सडकको अधिकार क्षेत्र तोकिनेछ र सडक निर्माण गर्दा प्राप्त जग्गाको कित्ताकाट गरी सडकको नाममा स्वामित्व कायम गरिएको सूचना स्थानीय राजपत्रमा प्रकाशित गरिनेछ,<br>७. आवश्यकता अनुसार सडक पुल तथा झोलुङ्गे पुलहरूको निर्माण गर्न अन्य संस्थाहरूसँग सहकार्य गरिनेछ,<br>८. निर्माण र मर्मतको बजेटलाई व्यवस्थित गर्न निर्माणतर्फ ठूलो अंश भार र मर्मततर्फ सानो अंश भार राखी छुट्टै शीर्षकमा बजेट विनियोजन गरिनेछ,<br>९. सडकमा, स्थानीय लाभग्राहीहरू (उपभोक्ता) को सहभागिता र जिम्मेवारी तोकिनेछ ।<br>१०. सडकमा बायोइन्जिनियरिङ प्रयोग गरिँदा सकभर उपभोक्ताहरूलाई काम लाग्ने घाँस, बिरुवा रोपणलाई बढी प्राथमिकता दिइनेछ ।<br>११. इन्जिनियरिङ मापदण्ड अनुसार सडकको मोड सुधार, ग्रेड र ज्यामिति अबलम्बन गरी सुरक्षालाई विशेष ध्यान दिई निर्माण र सुधार गरिनेछ।<br>१२. सडक यातायातलाई भरपर्दो र सुरक्षित गराउन सुरक्षाका सबै उपाय अवलम्बन गरिनेछ। |
| २. सञ्चालित सडकहरूको तथा पुलहरूको नियमित मर्मत सम्भार गरी सर्बयाम सुचारु गर्ने | १. ठेक्का प्रणालीबाट निर्माण भएका सडक तथा पुलहरूको मर्मत सम्भार गर्न नियमानुसार अधिकतम समयसम्म मर्मत कार्यको जिम्मा निर्माणकर्तालाई दिने पद्धति तयार गरी लागू गरिनेछ ।<br>२. उपभोक्ता समितिमार्फत निर्माण गरिएका सडक तथा पुलको मर्मत सम्भारको जिम्मेवारी तत-तत उपभोक्ता समितिलाई नै दिइनेछ ।<br>३. मर्मत सम्भारका लागि गाउँपालिकामा मर्मत सम्भार |

| | |
|---|---|
| | कोष स्थापना गरिनेछ र कोष सञ्चालनको निर्देशिका तर्जुमा गरी कोष परिचालन गरिनेछ ।<br>४. उक्त कोषमा पालिकाको बजेटबाट साल बसाली रूपमा बजेटबाट रकम निकासा गरिनेछ । |
| ३. पर्यटकीय पदमार्ग, घोरेटो, गोरेटोहरू मापदण्ड अनुरूप निर्माण एवं मर्मत सम्भार गर्ने । | १. पालिकामा रहेका प्रसिद्ध पर्यटकीय स्थलहरूमा आवा-गमन गर्ने पदमार्गहरूको, घोडेटो बाटोहरूको निर्माण गरिनेछ ।<br>२. सडक निर्माणको क्रममा विस्थापित पदमार्ग, घोडेटोहरू, गोरेटोहरूलाई मापदण्ड अनुसार निर्माण गरिनेछ ।<br>३. मर्मत सम्भार लाई ब्यबस्थित गर्न नियमित मर्मत, आकस्मिक मर्मत र आवधिक मर्मतमा बजेट व्यवस्था गरी मर्मत गर्ने पद्धतीको विकास गरिनेछ । |

**८. प्रमुख कार्यक्रमहरू**

**क) पालिका आफैले सम्पादन गर्ने**

१. यातायात पूर्वाधार नीति, गुरुयोजना तर्जुमा र कार्यान्वयन

२. सर्वयाम सडक संजाल विकास र बिस्तार

३. सडक पुल र झोलुङ्गे पुल

४. पूर्वाधार मर्मत र सम्भार

५. मर्मत सम्भार कोष स्थापना र सञ्चालन, व्यवस्थापन

६. पर्यटकीय पदमार्ग र वैकल्पिक पदमार्ग निर्माण

७. अन्तरतह समन्वय

**ख) प्रदेश सरकारसँगको सहकार्यमा सम्पादन गर्ने**

१. प्रादेशिक सडक निर्माण

२. पर्यटकीय पदमार्गहरूको निर्माण

३. सडक पुल र लामो स्पानका झो.पु. हरू निर्माण

४. अन्तर सरकार समन्वय

**ग) संघीय सरकारसँग सहकार्य गरी सम्पादन गर्ने**

१. पालिकामा रणनीतिक सडक निर्माण

२. २५ मी. भन्दा ठूलो स्पानको सडकपुल तथा लामो स्पानको झो.पु. निर्माण

३. पर्यटकीय पदमार्ग निर्माण

४. यातायात सम्बन्धी नीति नियम र मापदण्ड पालना

५. अन्तर सरकार समन्वय

**९. अपेक्षित उपलब्धि**

गुरुयोजना तर्जुमा भई कार्यान्वयन भएको हुनेछ, मापदण्ड तयार भई सडकहरूको वर्गीकरण भएको हुनेछ, सडकहरूको स्तरोन्नति भई नागरिकहरूलाई आधा घण्टाको फेरामा सडकसम्मको पहुँच पुगेको हुनेछ, पर्यटकीय पदमार्गहरूको निर्माण भएको हुनेछ, पालिकामा निर्वाध आवागमनको सुविधा भएको हुनेछ ।

## ७.२ भवन, आवास तथा बस्ती विकास

### १. पृष्ठभूमि

गाँस, बास तथा कपास मानिस जीवनको नभई नहुने कुरा हुन् । मानिसलाई सुरक्षित रहन सुरक्षित आवास (भवन) को निकै आवश्यकता हुन्छ । स्थानीय सरकार सञ्चालन ऐनले संघीय तथा प्रदेशको कानुनसँग मिल्ने गरी सुरक्षित बस्ती विकास र भवन निर्माण सम्बन्धी नीति, योजना तथा कार्यक्रम कार्यान्वयन, अनुगमन, नियमन तथा मूल्याङ्कन गर्ने तथा सरकारी भवन, विद्यालय, सार्बजनिक भवन तथा संरचनाको निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापनको जिम्मा स्थानीय सरकारको अधिकार क्षेत्रमा राखेको छ ।

### २. हालको स्थिति

नौकुण्ड गाउँपालिकामा हाल निजी घर जम्मा २९१८ छन्, जसमध्ये जस्तापातको छाना भएका घरधुरी २५२७ छन्, आर.सि.सी. ढलान भएका घर ३५८ छन्, टायलको छाना भएको घर १० काठ र फल्याक को छानाभएको घर २३ वटा रहेको देखिन्छ ।पालिकामा भवन आचार संहिता लागू भई १७८९ घरहरूको नक्सा पास पालिकाबाट भइसकेको छ। नक्सा पास नभएका घर ११२९ छन् । पालिकामा सरकारी भवन १० वटामात्र रहेको अभिलेख छ भने हालसालै गाउँपालिकाको आफ्नो भवन निर्माण सम्पन्न भएको छ। ३ वटा वडा कार्यालय निर्माणाधीन छन् भने ३ वटा भवनमा बृहद मर्मतको आवश्यकता छ ।२०७२ को भूकम्पमा प्रभावित जिल्लाहरूमध्ये रसुवा जिल्ला पनी एक हो । पुनर्निर्माण प्राधिकरणको तथ्याङ्क अनुसार २०७२ को भूकम्पबाट नौकुण्ड गाउँपालिकाको ३३७७ वटा घरहरू प्रभावित भएका थिए जसमध्ये ३१७३ घरहरू पुन; निर्माण सम्पन्न भइसकेका छन् । यस पालिकामा भूकम्प प्रतिरोधी २२२१ घरहरू छन् । निर्माण भएका घरहरूमा ७०.८२% मा माटोको गारो प्रयोग भएको छ भने आरसिसि १.७८% छन् २२.२६% घरहरू शुख्खा ढुङ्गा बाट बनेका छन् । सडक सञ्जालमा जोडिएका १९१७ घरधुरी छन्, भने घोडेटोसँग जोडिएका ९७७ वटा घरधुरी छन् । बाँकी घरधुरीहरू परम्परागत पदमार्गसँग जोडिएका छन् । सरकारी तथा सामुदायिक भवनहरू १७ वटा छन् । पालिकामा ९२ वटा विद्यालयका ३२ भवनहरू छन् पालिकामा २७ वटा स्कुलहरूको २९ भवनहरू छन् भने २४ वटा गुम्बा, १६ वा मन्दिर र ३ वटा चर्च रहेका छन् । पालिकामा ७७% २२२१ भूकम्प प्रतिरोधी घरहरू छन् । २ वटा हे पोका प्रि-फ्याप प्रविधिमा बनेका भवनहरू छन् । हालसम्म २ वटा एकीकृत बस्ती पुनर्निर्माण प्राधिकरणबाट निर्माण भएको छ ।साथै कोरोना रोग नियन्त्रण गर्न वडा-वडामा एउटा आइसोलेसन सेन्टर निर्माण पनि पालिकाको आवश्यकतामा पर्न जाने हुनाले वडा\वडामा प्रीफ्याप आइसोलेसन सेन्टर निर्माण गर्ने कार्य पालिकाको योजनामा समावेश गरिएको छ ।

**३. प्रमुख समस्याहरू**

३ वटा वडा कार्यालयहरू निर्माणा हुन नसक्नु, वडा\वडामा आइसोलेसन सेन्टर निर्माण गर्न नसकिनु, भवन संहिता पूर्णरूपमा लागू हुन नसक्नु, ब्यबस्थित बस्ती विकास गर्न नसक्नु, नवनिर्मित घरहरूमा आफ्नो मौलिकता लोप हुनु आदि प्रमुख समस्याहरू हुन् ।

**४. अवसर र चुनौती**

**क) अवसर**

सुरक्षित आवास,बस्ती विकास संघ, प्रदेश र पालिकाको प्राथमिकता को विषय हुनु, नेपाल सरकारबाट भवन निर्माणको मापदण्डको नमुना जारि गरिनु, अति बिपन्न बर्गको भवन निर्माणमा संघीय सरकारको सहयोग रहनु, सु ब्यवस्थित बस्ती विकास नेपाल सरकारको प्राथमिकतामा रहनु, सार्वजनिक तथा सामाजिक पूर्वाधारमा संघीय सरकार तथा विकास साझेदारको सहयोग रहनु,स्थानीयस्तरमा केही भवन निर्माण सामाग्रि उपलब्ध हुनु,राष्ट्रिय पुन: निर्माण प्राधिकरण तथा अन्य निकायहरूबाट भूकम्पमा क्षति ग्रस्त संरचनाहरूको पुन निर्माण कार्य सञ्चालनमा रहनु, सुरक्षित भवन निर्माण प्रति आम नागरिकहरूको चेतनामा अभिवृद्धि हुनु आदि  अवसर हुन ।

**ख) चुनौती**

सुरक्षित र ब्यबस्थित बस्ती विकास गर्नु, भूकम्पबाट क्षति भएका संरचनाहरूको निर्धारित समय भित्र पुन निर्माण सम्पन्न गर्नु,बालक,महिला,तथा अपाङ्ग मैत्रि भवन निर्माण गर्नु, वडा\वडामा आइसोलेसन सेण्टर निर्माण गर्नु, नया निर्माणहुने घरहरूमा मौलिकता कायम गर्नु,भूकम्प प्रतिरोधी घरहरूनिर्माण गर्न लगाउनु, आरक्ष क्षेत्रमा संरचना निर्माणको अनुमति प्राप्त गर्नु मुख्य चुनौती हुन ।

**५. विषयगत लक्ष्य**

**एकिकृत एवं** सुरक्षित वस्तिहरू बृद्दि भएको हुने।

**६. उद्देश्य**

आचार संहिता बमोजिमका भवन, आवासको निर्माण गर्नु, गराउनु तथा ब्यवस्थित बस्ति विकास गर्नु

**७. रणनीति तथा कार्यनीति**

उपरोक्त लक्ष्य र उद्देश्य प्राप्तिका लागि निम्नानुसारका रणनीति तथा कार्यनीति तय गरिएका छन्:

| रणनीति | कार्यनीति |
|---|---|
| १. सुविधायुक्त, सुरक्षित भवन र आवास निर्माण गर्ने | १. स्थानीय आवश्यकता अनुसार भवन आचार संहिता तर्जुमा गरी लागू गरिनेछ<br>२. सरकारी भवनहरू सकभर एकै स्थानमा निर्माण गरिनेछन,<br>३. सार्बजनिक भवनहरू महिला,बालबालिका जेष्ट नागरिक तथा |

| | |
|---|---|
| | अपाङ्ग मैत्री बनाइने छन्,<br>४. भूकम्पबाट क्षति भएका सरकारी ,निजी, सार्बजनिक घरहरूको पुन: निर्माण कार्य सम्पन्न गरिनेछ,<br>५. भूकम्प प्रतिरोधी भवन निर्माण गर्न स्थानीय बासिन्दाहरूलाई प्रोत्साहित गर्दै दक्ष कामदारलाई तालिम दिइनेछ।<br>६. स्थानीय मौलिकता झल्किने गरी घरको नक्सा पास गरिनेछ ।<br>७. विपन्न बर्गको आवास निर्माणमा संघीय सरकारसँग सहकार्य समन्वय गरिनेछ । |
| २. जोखिमयुक्त बस्ती पहिचान गरी सुरक्षित स्थानमा एकिकृत बस्ती विकास गर्ने | १. बस्ती विकास योजना बनाई लागू गरिनेछ ।<br>२. जोखिमयुक्त स्थानहरू पहिचान गरी नक्सांङ्कन गरिनेछ र संकटासन्न बस्तीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिनेछ<br>३. छरिएर रहेका बस्तीहरूलाई एकिकृत गर्न योजना बनाइनेछ ।<br>४. एकिकृत बस्तीहरूमा आधारभूत सुबिधा सहितका न्यूनतम पूर्वाधारहरू निर्माण गरिनेछ।<br>५. अति विपन्न दलित परिवारका लागि वस्ति विकास गरिने छ। |

**८. प्रमुख कार्यक्रम**

**क) गाउँपालिका आफैले गर्ने**

- बस्ती विकास योजना तर्जुमा
- भवन आचार संहिता-सरकारी तथा सार्वजनिक भवन निर्माण
- अति विपन्न दलित परिवार बस्ती विकास

**ख) प्रदेश सरकारको सहकार्यमा गर्ने**

- अन्तर सरकार तथा अन्य निकायसँग समन्वय
- बस्ती विकास तथा सेवा बिस्तार

**ग) शंघीय सरकारको समन्वयमा गर्ने**

- नीति र मापदण्ड निर्धारण
- पुन; निर्माण र पुनर्स्थापना
- आइसोलेसन सेण्टर निर्माण
- विपन्न वर्ग आवास

**९. अपेक्षित उपलब्धिहरू**

भूकम्पबाट क्षतिग्रस्त निजी, सार्वजनिक, सरकारी भवन तथा पूर्वाधारका संरचनाहरू पूर्णरूपले निर्माण सम्पन्न भएको हुनेछन् वडा/वडामा आइसोलेसन सेण्टर निर्माण भएको हुनेछ, एकिकृत

बस्तीहरूमा न्युनतम पूर्वाधार निर्माण भई सेवा सञ्चालन भएको हुनेछ, भवन आचार संहिता पूर्णरूपमा कार्यान्वयन भएको हुनेछ, बिपन्न बर्ग आवास योजना कार्यान्वयनमा आएको हुनेछ, सार्वजनिक, सरकारी भवनहरू बाल, महिला तथा अपाङ्गमैत्री निर्माण भएको हुनेछन् ।

## ७.३ सिंचाइ तथा नदी नियन्त्रण

### १. पृष्ठभूमि

कृषि उत्पादन मानिस खाद्य सुरक्षाको प्रत्याभूति गराउनका लागि आवस्यक हो । कृषि उत्पादन वृद्धिका लागि सिंचाइ आवश्यक पूर्वाधार हो । स्तानीय सरकार सञ्चालन ऐनमा भएको व्यवस्था अनुसार साना सिंचाइको निर्माण तथा सञ्चालन, नदी जन्य प्रकोप नक्साङ्कन, तटबन्ध, नदी र  पहिरोको नियन्त्रण तथा नदी तथा प्राकृतिक स्रोतको व्यवस्थापन र नियमन स्थानीय सरकारको जिम्मेवारीमा पर्दछ।

### २. सिंचाइ र नदीजन्य प्रकोपको वर्तमान स्थिति

नौकुण्ड गाउँपालिकामा कृषियोग्य जमिन ३३.३५ ब. कि.मी (३३३५ हेक्टर) छ र सिंचाइ योग्य जमिन १९.१७ ब. कि.मी (झन्डै २००० हे) छ । पालिकामा सर्बयाम खोला २ वटा छन् भने स-साना खोलाहरू ६ वटा छन् ।यसका साथै ६ वटै वडामा स- साना झन्डै १०६ वटा पानीको मुहानहरू छन् ।यस पालिकाको निकै स्थानमा पाइपको प्रयोग गरी स्प्रीङ्कल प्रणालीबाट ग्रिन हाउस (टनेल) मा बेमौसमी तरकारी उत्पादन गर्ने गरेको छ । पालिकामा ९ वटा सिंचाइ योजनाहरू सञ्चालनमा छन्। यसरी सञ्चालित नहर, कुलोबाट नियमित सिंचाइ हुने जमिन झन्डै ७.३५ ब.कि.मी (७३५हे) र अन्य प्रणाली बाट झन्डै १५ हे जमिन छ यो दुबै प्रणालीहरूबाट पालिकामा हाल झन्डै ७.५ ब.कि.मी (७५० हेक्टर जमिनमा सिंचाइ सुविधा पुगेकोछ । सिंचाइ कुलो, नहर बाहेक कतै कतै प्लाष्टिक पोखरी बाट पनि सिंचाइ गरी कृषि उत्पादन गरे को पाइन्छ । प्राप्त घरधुरी सर्बेक्षण अनुसार पालिकामा ११४९ घरधुरी आकासे पानीमा निर्भर छ भने १७६९ घरधुरीलाई सिंचाइ सुविधा प्राप्त भएको छ ।

भिरालोपन अत्यधिक भएकोले नदीजन्य प्रकोपबाट पलिकामा निकै क्षतीहुने गरेको छ । पालिकामा रहेका खोलाहरूमध्ये फलाखु र घट्टे खोलाले बढी कटानगर्ने गरेको छ र त्यसबाट पहिरो आई अत्यधिक क्षति पुरयाईरहेको छ ।यसका साथै पालिकामा निर्माण हुने पूर्वाधारका योजनाहरू निर्माण गर्दा प्रयोग हुने ठुल्ठूला मेसिनहरूको प्रयोग र तिनले उत्खनन गरेको अब्यवस्थित माटो पनि पहिरो र कटानको कारण मध्ये एक रहेको छ ।

### ३. प्रमुख समस्या

सिंचाइ योग्य जमिनमा सिंचाइ सुविधा पुर्याउन नसकिनु, नदीजन्य प्रकोप बढ्दै जानु, सिंचाइ योजनाहरूमा नयाँ प्रविधिको प्रयोग हुन नसक्नु विकास निर्माण कार्य गर्दा वातावरणीय पक्षलाई ध्यान नदीनु आदि प्रमुख समस्या देखिएका छन् ।

### ४. अवसर तथा चुनौती

#### क) अवसर

गाउँपालिकाको प्राकृतिक स्रोत स्थानीय सरकारको अधिकारमा रहनु, पालिकामा पानीको स्रोत हुनु, थोरै पानीले पनि पुग्ने माटोको प्रकृति हुनु, यातायातको बिस्तारसँगै नयाँ नयाँ प्रविधिहरूको विकास र बिस्तार हुनु, सिंचाइ राज्यको प्राथमिकतामा पर्नु आदि अवसर हुन् ।

**ख) चुनौती**

सिंचाइ योग्य झन्डै ११०० हे थप जमिनमा सिंचाइ सुविधा बिस्तार गर्नु, सञ्चालित सिंचाइ प्रणालीहरूको संरक्षंण र मर्मत गर्नु, नदी जन्य प्रकोपको न्यूनीकरण र नियन्त्रण गर्नु आदि प्रमुख चुनौतीहरू हुन् ।

**५. विषयगत लक्ष्य**

सिञ्चित क्षेत्रको विकास र बिस्तार हुनुका साथै जल उत्पन्न प्रकोप न्यूनीकरण भएको हुने।

**६. उद्‌देश्य**

सिंचाइयोग्य भूमिमा सर्बयाम सिंचाइ सुविधा पुर्याउनु तथा जल उत्पन्न प्रकोप न्यूनीकरण गर्नु ।

**७. रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. सिंचाइ योग्य भूमिमा सर्बयाम सतह तथा वैकल्पिक सिंचाइ सुविधा बिस्तार गरी सिंचित क्षेत्रको बिस्तार गर्ने । | १. सतह सिंचाइ संरचनाहरूको क्रमशः विकास र बिस्तार गरी सबै सम्भाव्य सिंचाई हुने क्षेत्रमा सर्बयाम सिंचाइ सुविधा बढाउदै लगिने छ<br>२. सम्भाब्य भएका स्थानहरूमा प्लाष्टिक पोखरी, थोपा सिंचाइ, स्प्रिङ्कल आदी सिंचाइ प्रणालीलाई बिस्तार गरिने छ<br>३. सिंचाइ आयोजना निर्माणमा स्थानीय साधन स्रोत साधन र सिपको अधिकतम प्रयोग गरिने छ<br>४. सिंचाइ प्रणाली निर्माण, सञ्चालन, तथा मर्मत सम्भारमा उपभोक्ता समितिलाई प्रोत्साहित गर्न तालिम आदि दिई जिम्मेवार बनाइने छ<br>५. क्षतिग्रस्त भई सञ्चालनमा नरहेका सिंचाइ आयोजनाहरूको पुन: निर्माण, मर्मत गरी पुन: सञ्चालन गरिने छ<br>६. पानीको स्रोत नभएको स्थानमा आकासे पानी संकलन गरी सिचाई सुविधा उपल्बध गराइने छ<br>७. पानीको बहु उपयोगबाट सिंचाई सुबिधा बिस्तार गरिने छ<br>८. पानी प्रयोगको एकिकृत गरु योजना (Water Use Master Plan) तयार गरिने छ। |
| २. जल उत्पन्न प्रकोप नियन्त्रण गरी धन जनको क्षती न्यूनीकरण गर्ने । | १. बाढी, पहिरो तथा नदी कटान जस्ता जोखिमयुक्त स्थानहरूको नक्साङ्कन गरिनेछ<br>२. जोखिमबाट प्रभावित क्षेत्रलाई प्रथमिकता दिई ब्यवस्थापन गरिनेछ<br>३. नदी कटान र पहिरो नियन्त्रणको बिस्तृत अध्ययन गरी |

| | |
|---|---|
| | ब्यवस्थित गर्ने कार्यको लागि जल उपयोग गुरुयोजना बनाई कार्यान्वयन गरिनेछ<br>४. पहिरो तथा नदी नियन्त्रण कार्यमा बायो इन्जिनियरिङ प्रबिधिको प्रयोगमा सरोकार समूहलाई सहभागी गराइनेछ<br>५. खोला तथा नदी उदगम क्षेत्रबाट नै जलाधार क्षेत्र संरक्षण कार्यक्र लागू गरिनेछ । |

**८. प्रमुख कार्यक्रम**

**क) आफैले गर्ने**

- योजनाको अध्ययन
- सतह सिंचाइ निर्माण
- नयाँ प्रबिधिमा आधारित सिंचाइ निर्माण
- क्षमता विकास
- साना साना नदी नियन्त्रण
- बायो-इन्जिनियरिङ
- जलाधार क्षेत्र संरक्षण

**ख) प्रदेश सरकारको समन्वयमा गर्ने**

- प्रदेश स्तरीय सिंचाइ प्रणालीको निर्माण
- पहिरो नियन्त्रण
- मझौला खाले नदी नियन्त्रण
- जलाधार क्षेत्र संरक्षण
- अन्तरतह समन्वय

**ग) संघीय सरकारको समन्वयमा गर्ने**

- नीति निर्माण
- जल उपयोग गुरु योजना
- जलाधार क्षेत्र संरक्षण
- नदी तथा पहिरो नियन्त्रण

**९. अपेक्षित उपलब्धि**

कुल ११०० हे. थप जमिनमा सिंचाइ सुविधा पुगेको हुनेछ, नयाँ प्रबिधिमा आधारित सिंचाइ प्रणाली निर्माण भएको हुनेछ, क्षतिग्रस्त सिंचाइ योजनाहरूको पुनर्स्थापना भएको हुनेछ, जल उपयोग गुरु योजना तयार भई कार्यान्वयन भएको हुनेछ, नदीजन्य प्रकोप नक्साङ्कन गरेको हुनेछ ।

## ७.४ विद्युत् तथा वैकल्पिक ऊर्जा

**१. पृष्ठभूमि**

आम मानिसको जीवनलाई सरल र सहज बनाउनुका साथै आर्थिक तथा सामाजिक विकास मा विद्युत् उर्जाको महत्वपूर्ण भुमिका रहन्छ ।संबिधान तथा स्थानीय सरकार सञ्चालन ऐनले एक मे.वा. सम्मको जल विद्युत् र बैकल्पिक उर्जालाई स्थानीय सरकारको अधीकार सुचीमा राखेको छ । दिगो विकासको लक्ष्यमा ऊर्जाक्षेत्र समेत समावेश भएको र यसलाई राष्ट्रिय र प्रदेश योजनाको पनि प्राथमिकताको विषयमा राखिएको छ।

**२. विद्युत् र बैकल्पिक उर्जाको हालको स्थिति**

यस पालिकाको ६ वटै वडाहरू राष्ट्रिय प्रसारण लाइनमा जोडिएका छन् ।गाउँपालिकामा बत्तिको लागि बिजुली प्रयोग गर्ने घरधुरी २७९४ छन्, मट्टितेल प्रयोग गर्ने घरधुरी छैनन् । ४ घरधुरी छन चेक गर्ने) ,र सोलार प्रयोग गर्ने १२० घरधुरी (वडा नं ३,४,२ मा) छन् । नौकुण्ड गाउ पालिकाको २३९० घरधुरीहरूले इन्धनको लागि दाउरा प्रयोग गर्दछन्, २८२ घरले यल पी ग्यास,९७ घरले बायोग्यास र बाँकीले अन्य स्रोत प्रयोग गर्दछन् ।पालिकामा धुवा रहित चुलो १५० घरधुरीमा जडान भएको छ।यस पालिकामा रसुवा जल विद्युत् ५ मे वा, बेत्रावती जल विद्युत् १४.७ मे. वा. निर्माणाधीन भए पनी हाल यिनीहरूको निर्माण काम कारण बस बन्द छ । अरु कुनै माइक्रो हाइड्रो यस पालिकामा हाल सञ्चालित छैनन ।

**३. प्रमुख समस्या**

विद्युत् आपुर्तिमा नियमितताको अभाव,निर्माणाधीन आयोजनाहरू समयमा सम्पन्न हुन नसक्नु, आर्थिक तथा खाना पकाउने इन्धनको रूपमा विद्युत्लाइ जोडन नसक्नु, विद्युत लाइन कमजोर र नियमित नहुनु आदि प्रमुख समस्या हुन् ।

**४. अवसर र चुनौती**

**क) अवसर**

दुईवटा जल विद्युत् आयोजना निर्माणाधीन हुनु, बितरणलाइनमा क्रमशःसुधारहुदैजानु, विद्युत् आपूर्तिमा सुधार हुँदै जानु,सडक यातायातको बिस्तारले थप विद्युत् योजनाहरू बन्ने सम्भावना बढदै जानु, विद्युतको प्रयोग बत्ति बाहेक औद्यौगिकरणका साथै खाना पकाउने इन्धनको रूपमा प्रयोगमा ल्यउनन सकिनु, सोलार, गोबरग्यास, धुवाँरहित चुलोको आदि बैकल्पिक ऊर्जाको विकासले दाउराको निर्भरतामा कमी आउनु आदि अवसर हुन् ।

**ख) चुनौती**

निर्माणाधीन आयोजनाहरूलाई समयमै सम्पन्न गर्नु, बैकल्पिक ऊर्जाको विकास गर्नु, विद्युत प्रशारण लाइनलाई भरपर्दो बनाउनु, अन्य आर्थिक क्रिया कलापमा प्रयोग गर्ने बानी बसाउनु, आरक्ष क्षेत्रमा पूर्वाधार निर्माण गर्ने अनुमती प्राप्त गर्नु आदी चुनौतीहुन ।

विषयगत लक्ष्य- सबै नागरिकहरूको विद्युत् तथा उर्जामा पहुच बिस्तार गर्ने

**५. विषयगत लक्ष्य**

शतप्रतिशत नागरिकलाई विद्युत सेवा उपलब्ध भएको हुने

**६. उद्देश्य**

सबै नागरिकहरूको विद्युत् तथा ऊर्जामा पहुच बिस्तार गर्नु

**७. रणनीति**

१. सबै घरधूरीमा भरपर्दो विद्युत् सेवाको बिस्तार गर्ने

२. बैकल्पिक ऊर्जाको विकास र बिस्तार गर्ने

**८. रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. सबै घरधुरीमा भरपर्दो विद्युत् सेवाको बिस्तार गर्ने | १. निर्माण सम्पन्न हुन नसकेका जलविद्युत् आयोजनाहरूलाई समयमै सम्पन्न गर्न लगाइनेछ<br>२. केन्द्रीय प्रसारण लाइनमा प्रयोग भएका सामाग्रीहरूको गुणस्तरमा सुधार गरी भरपर्दो बनाइनेछ<br>३. सबै घरधुरीमा राष्ट्रिय प्रशारणलाइनबाट विद्युत् लाइन जडान गरी बितरण गर्न सहजीकरण गरिनेछ<br>४. विद्युतको काम गर्ने प्राबिधिकहरू स्थानीयस्तरमा तयार गरिनेछ<br>५. विद्युत ऊर्जालाई उद्योग, खानापकाउने इन्धनको रूपमा प्रयोग गर्न प्रोत्साहित गरिनेछ<br>६. निजिक्षेत्रलाई सम्भाव्य जल विद्युतमा लागानी गर्न प्रोतसाहित गरिनेछ। |
| २. वैकल्पिक ऊर्जाको विकास र बिस्तार गर्ने | १. बैकल्पिक उर्जा जस्तै बायो ग्यास सोलार आदिको विकास र बिस्तार गरिनेछ ।<br>२. बैकल्पिक ऊर्जामा अनुदान तथा मेचिङ फण्डको ब्यवस्था गरिनेछ । |

**९ . प्रमुख कार्यक्रम**

**क) पालिका आफैले गर्ने**

- लघु जलविद्युत् योजनाहरूको पहिचान र कार्यान्वयनमा निजी क्षेत्रसँग सहकार्य
- लगानी प्रवर्द्धन
- बैकल्पिक ऊर्जा
- सुरक्षित विद्युत् प्रयोग गर्न चेतना वृद्धि

**ख) प्रदेश सरकारको समन्वयमा गर्ने**

- मझौला जल विद्युत् निर्माण
- विद्युत् प्रसारण लाइन

- समन्वय

**ग) संघीय सरकार सँग समन्वय गरी गर्ने**

- लगानी प्रवर्द्धन
- विद्युत् आयोजना निर्माण
- नीति निर्माण
- समन्वय

**१०. अपेक्षित उपलब्धि**

शत प्रतिशत घरधुरीमा राष्ट्रिय प्रसारण लाइन जडान भएको हुनेछ, निर्माणाधीन जलविद्युत् आयोजनाहरू निर्धारित समयमा सम्पन्न भएका हुनेछन्, पालिकाको २५% घरधुरीमा बायोग्यास उत्पादन गरी प्रयोग गरेको हुनेछ ।

## ७.५ खानेपानी तथा सरसफाइ

### १. पृष्ठभूमि

खानेपानी बिना प्राणी बाच्न नसक्ने हुनाले मानिसकोलागी खानेपानी आधारभुत आवश्यकतामध्येको एक हो । नेपालको संबिधानले खानेपानी तथा सरसफाइको पहुँचलाई मौलिक हकको रूपमा लिएको छ। नेपालको संबिधान र स्तानीय सरकार सञ्चाल ऐन मा खानेपानी तथा सरसफाइको सञ्चालन ब्यवस्थापन कार्य तीनवटै सरकारको एकल तथा साझा अधिकारको रूपमा उल्लेख भएको छ ।

### २. खानेपानी तथा सरसफाइको विद्यमान अवस्था

नौकुण्ड गाउपालिकामा बस्ती बस्तीमा साना ठुला गरी १०६ वटा खानेपानीका मुलहरू छन्।६ वटा खोलाहरू पनि पानीको स्रोतको रूपमा रहेका छन् । नौकुण्ड गाउँपालिकामा २०७६ मा खानेपानी तथा सरसफाइ गुरु योजना तयार भई कार्यान्वयनमा आइसकेको छ । गुरु योजना अनुसार कुल खानेपानीको स्रोतमध्ये हाल ९१ वटा स्रोतहरूबाट खानेपानी सञ्चालन भइ राखेको छ । यी स्किमहरू सुधारगरी तयार गरिएका स्किमहरू हुन । यसरी सुधार गरिएको खानेपानीको व्यवस्थाबाट प्रथम चरणमा ८३.९६% घरधुरीमा सफा खानेपानी नियमित सञ्चालनमा थियो भने हाल १२ वटा छुटपुट घरधुरि बाहेक २९१८ वटा घरधुरीमा पाइप धाराको सफा खानेपानी सञ्चालनमा रहेको छ। पालिकामा सार्बजनिक धाराबाट खानेपानी प्रयोग गर्ने घरधुरी २२२५ र एक घर एक धारा बाट पानी प्रयोग गर्ने घरधुरी ६८१ वटाछन्। यस पालिकामा ढल निकासको कुनै योजना सञ्चालनमा रहेको छैन। भिरालो स्थान भएको ले ढलको धैरै आवश्यकता नदेखिए पनि बजार क्षेत्रमा ढल निर्माण गर्न आवश्यक भइ सकेको छ । पालिकामा फोहर ब्यवस्थापनमा केही संस्थाहरू कार्यरत रहेका छन्। हालसम्म घरको फोहरलाई घरमै व्यवस्थापन गर्ने गरेको पाइन्छ ।

पालिकाको नीति अनुसार फोहरलाई कुहिने नकुहिने छुट्याएर कुहिने फोहरलाई मलको रूपमा प्रयोग गर्ने र नकुहिने फोहरलाई नष्ट गर्ने प्रयास भइराखेको सरोकार समूहको छलफलबाट थाहा हुन आएको छ । यस पालिकामा शौचालय भएका घरधुरी २७५३ वटा छन् भने शौचालय नभएका १६५ वटा छन् । २०७६ मा खानेपानी तथा सर सफाइ गुरुयोजना तयार भइसकेको सन्दर्भमा पालिकाले पूर्णरूपमा गुरुयोजनालाई कार्यान्वयन गर्दै खानेपानी तथा सरसफाइको ब्यवस्थापन गर्न उपयुक्त हुन्छ ।

### ३. प्रमुख समस्या

सबै नागरिकलाई स्वच्छ खानेपानी बितरण गर्न नसक्नु, खानेपानीको स्रोत संरक्षणमा पर्याप्त ध्यान पुग्न नसक्नु, खानेपानीको योजनाहरूको मर्मत सम्भार पद्धतिको विकास गर्न नसक्नु, बितरण नियमित नहुनु, पालिकामा खानेपानी सम्बन्धी काम गर्ने दक्ष जनशक्तिको अभाव हुनु, सरसफाइ सम्बन्धी जनचेतनाको कमी हुनु आदि मुख्य समस्याहरू हुन् ।

## ४. अवसर र चुनौती

### क) अवसर

पालिकामा १०६ वटा खानेपानीको मुलका साथै अन्य मुलहरू हुनु, खानेपानी तथा सरसफाइ केन्द्र, प्रदेश र पालिकाको प्राथमिकतामा हुनु, खानेपानीमा सरोकार निकायहरूको चासो र सहकार्य हुनु, खानेपानी तथा सरसफाइप्रति आम नागरिकको चेतनामा अभिबृदि हुँदै जानु आदि आवसरहरू

हुन् ।

### ख) चुनौती

खानेपानीको गुणस्तरमा वृद्धि गरी स्वच्छ तथा सफा खानेपानी बितरण गर्नु, खानेपानीलाई शुद्धिकरण गर्नु, पानीको मुहान र स्रोत संरक्षण गर्नु, निर्माणाधीन खानेपानी योजनाहरूको समयमै निर्माण सम्पन्न गर्नु, सरसफाइ सम्बन्धी जनचेतना जगाउनु, फोहरको उचित व्यवस्थापन गर्नु आदि चुनौती छन्।

## ५. विषयगत लक्ष्य

शतप्रतिशत नागरिकलाई खानेपानी तथा सरसफाई सुविधा उपलब्ध भएको हुने।

## ६. उद्देश्य

सबै घरधुरीमा स्वच्छ खानेपानी आपूर्ति ब्यवस्थाका साथै सरसफाईको दीगो व्यवस्थापन गर्नु ।

## ७. रणनीति तथा कार्यनीति

उपरोक्त लक्ष्य र उद्देश्य प्राप्तिका लागि निम्न रणनीति र कार्यनीति लागू गरिने छ:

| रणनीति | कार्यनीति |
|---|---|
| १. गुणस्तरीय तथा स्वच्छ, खानेपानी सहज रूपमा पहुँच स्थापित गर्ने | १. खानेपानी र सरसफाइ लाई उचित तवरले ब्यबस्थित गर्न खानेपानी तथा सरसफाइ गुरुयोजना अध्याबधिक गरी पूर्णरूपमा लागू गरिनेछ<br>२. खानेपानीको समय समयमा परीक्षण गर्न पालिकामा जनशक्ति सहितको प्रयोगशालाको व्यवस्था गरिनेछ<br>३. खानेपानीलाई प्रशोधन गर्ने प्रणालीहरूको व्यवस्था गरिनेछ<br>४. खानेपानीको बितरणलाई नियमित गर्न खानेपानी तथा सरसफाइ कार्यकर्ता नियुक्त गरी समय समयमा तालिमको व्यवस्था गरिनेछ<br>५. खानेपानी उपभोक्ताहरू लाई सञ्चालन तथा मर्मत को लागि जिम्मेबार बनाउनुको साथै खानेपानी मिटर जडान गरी न्युनतम सुल्कको व्यवस्था गरिनेछ<br>६. यसरी उठेको शुल्कलाई उपभोक्ता समितिमा कोषको |

| | |
|---|---|
| | व्यवस्था गरिने छ र खाने पानीको मर्मत सम्भारमा उक्त कोषलाई कार्यविधि बनाई सञ्चालन गर्ने व्यवस्था गरिनेछ<br>७. पालिकाबाट पनि मर्मत सम्भारको बजेट निकासा गरी उक्तकोषमा राखिने छ<br>८. निर्माणाधीन योजनाहरूलाई समयमै सम्पन्न गरीनेछ<br>९. एक घर एक धाराको राष्ट्रिय लक्ष्य हासिल गर्न कार्यान्वयन गरिने छ। |
| २, सरसफाइको दिगो र उचित व्यवस्था गर्ने | १. चर्पी निर्माण नभएको घरधुरीमा चर्पी निर्माण गरिनेछ ।<br>२. सरसफाइ सम्बन्धी जन चेतना जगाउन बिभीन्न कार्यक्रम सञ्चालन गरिने छन् ।<br>३. फोहर व्यवस्थापनको लागि फोहरलाई मोहर बनाउन घरको फोहर घरमै ब्यबस्थित गर्ने प्रणालीको विकास गर्नुका साथै बजारको फोहरलाई थन्को लगाउन लैण्डफिल साइटको पहिचान गरी निर्माण गरिनेछ ।<br>४. सार्वजनिक स्थानमा निजी क्षेत्रसँग सहकार्य गरी सार्वजनिक शौचालय निर्माण गरी समचालन व्यवस्थापनमा निजी क्षेत्र वा समुदायसँग सहकार्य गरिनेछ।<br>५. एक घर एक चर्पीको लक्ष्य पूरा गर्न अभियानको रूपमा कार्यक्रम सञ्चालन गरिनेछ। |

## ८. प्रमुख कार्यक्रम

### क) पालिका आफैले गर्ने

- गुरु योजना तयारी र कार्यान्वयन
- प्रयोगशाला स्थापना, व्यवस्थापन तथा सञ्चालन
- खानेपानीको स्रोत संरक्षण
- खानेपानी संरचनाहरूको निर्माण तथा मर्मतसम्भार

### ख) प्रदेश सरकारको सहकार्यमा गर्ने

- खानेपानी प्रसोधन सम्बन्धी संरचना निर्माण
- प्रदेश स्तरीय खानेपानी योजना निर्माण
- प्रयोगशाला स्थापना तथा तालिम

**ग) संघीय सरकारको सहकार्यमा गर्ने**

- खानेपानी प्रसोधन सम्बन्धी संरचना निर्माण
- प्रयोगशाला स्थापना र तालिम
- नीति निर्माण
- समन्वय

**९. अपेक्षित उपलब्धिहरू**

सबै घरधुरीमा गुणस्तरिय सफा- श्वच्छ खानेपानी उपलब्ध भएको हुनेछ, निर्माणाधीन खानेपानी योजनाहरू निर्धारित समयमै सम्पन्न भएका हुनेछन्, खानेपानीको परीक्षण गर्न प्रयोगशालाको स्थापना भई सञ्चालनमा आएको हुनेछ, खानेपानी मिटर जडान तथा मर्मत सम्भार कार्यकर्ताको व्यवस्था भई नियमित खानेपानी बितरण भएको हुनेछ, नौकुण्ड गाउँपालिका पूर्ण सरसफाइयुक्त पालिका भएको हुनेछ ।

## ७.६ सूचना तथा सञ्चार

**१. पृष्ठभूमि**

सूचना तथा सञ्चारले विकासको संवाहकको रूपमा काम गर्दछ । सूचना बिना आजको कुनै क्षेत्रको पनी काम कार्यवाही सम्पन्न हुन कठिन हुन्छ । नेपालको संविधानले सूचनाको हकलाई मौलिक हकको रूपमा स्थापीत गरेको छ ।स्थानीय सरकार सञ्चालन ऐनले सूचना प्रविधिको प्रयोग, विद्युतीय शासन, एफ एम सञ्चालन, स्थानीय पत्र पत्रिका आदि जस्ता विषयहरू स्थानीय सरकारको कार्य जिम्मेवारी भित्र तोकेको छ ।

**२. सूचना तथा सञ्चारको विद्यमान स्थिति**

नौकुण्ड गाउँपालिकाको झन्डै ७५% घरधुरीले मोबायल सेवाको प्रयोग गरेको देखिन्छ । पालिकाको १०% घरधुरिले डिस होम टि.भी. को प्रयोग गर्दछन् । पालिकामा एफ एम रसुवा आदी एफ.एम हरू र रेडियो नेपाल सुन्ने झन्डै ३०% घरधुरीले रेडियो तथा एफ.एम सन्ने गर्दछन । इन्टरनेटको नेटवर्क कमजोर भए पनी १०% जति घरहरूले इन्टरनेट सेवाको प्रयोग गरेको पाइन्छ ।पालिकामा एन सेल र एन टि सी को टावर पनी जडान भएको भए पनी नेटवर्क नलाग्ने समस्या ब्यापाक छ । पालिकामा लगभग ५% घरधुरीमा कम्प्युटरको प्रयोग भएको पाइनछ । गाउँपालिकामा लैण्डलाइन टेलिफोन सेवा पुगेको छैन । इन्टरनेट सेवा भए पनी नेटवर्क साह्रै कमजोर भएकोले भरपर्दो छैन ।पालिकामा कुनै पत्र पत्रिका प्रकाशन हुँदैन र पालिकामा स्थानीय एफ.एम छैन ।

**३. प्रमुख समस्या**

लैण्डलाइन टेलिफोन सेवा नहुनु, इन्टरनेट सेवा भरपर्दो नहुनु, स्थानीय पत्र पत्रिका प्रकासित नहुनु, पालिकाको कार्य सम्पादन विद्युत् प्रणालीमा आबद्ध हुनु नसक्नु आदि प्रमुख समस्या हुन् ।

**४. अवसर र चुनौती**

**क) अवसर**

सडक सुविधाले वायरलेस नेटवर्क र अप्टिकल फाइबरको बिस्तार हुन सक्ने, आम मानिसहरूको सूचना प्रणालीप्रति बढ्दो आकर्षण,बिध्यालयहरूमा नबिन सुचना प्रबिधि सहित कम्प्युटर शिक्षाको बिस्तार, टेलिफोन मोबाइल टावर निर्माण हुनु, मोबायल फोनको ब्यापक उपयोग हुनु, पालिकाको आफ्नै वेबसाइट हुनु, पालिकामा विभिन्न एप्सहरूको प्रयोग बढदैजानु आदि अवसरहरू हुन ।

**ख) चुनौती**

सबै नागरिकसम्म सूचनाको पहुँच पुर्याउनु, सामाजिक संजालको दुरूपयोग रोक्नु, अन्तर सरकार समन्वय प्रभावकारी बनाउनु, इन्टरनेट र वाइफाइको पहुँच बढाउनु, पालिकाको सूचना विद्युत् प्रणालीमा आबद्ध गर्नु आदि चुनौती हुन् ।

**५. विषयगत लक्ष्य**

सूचना तथा सञ्चारको विकास र बिस्तार भएको हुने ।

**६. उद्देश्य**

विश्वसनीय सूचना तथा सञ्चारमा नागरिकको सहज पहुँच कायम गर्नु ।

**७. रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. सुचना तथा सञ्चारको पहुँच बिस्तार गर्ने | १. टेलिफोन टावर निर्माण र बिस्तार गर्ने पहल गरिनेछ।<br>२. स्थानीयस्तरमा एफ एम सेवा सञ्चालन गर्न सहजीकरण गरिनेछ<br>३. स्थानीय पत्रिका प्रकाशन गर्न आवश्यक सहयोग गरिनेछ<br>४. बिद्यालय, स्वस्थ्य चौकी, बित्तीय संस्था र गा पा को वडा कार्यालयसम्म भरपर्दो इन्टरनेट सेवा बिस्तार गरिनेछ<br>५. सेवा प्रदायक संस्थाहरूसँग समन्वय गरी भर पर्दो इन्टरनेट र मोबाइल सेवा उपलब्ध गराइनेछ<br>६. अप्टिकल फाइबर लाइनसँग बिस्तारमा सहजीकरण गरिनेछ |
| २. सुचना प्रविधिमा आधारित सेवा प्रणालीको विकास गर्ने | १. वाइफाइ सेवा बिस्तार गरी महत्वपूर्ण स्थानमा फ्री वाइफाइ जोन विकास गरिनेछ<br>२. गाउँपालिका र वडा कार्यालयमा विद्युत् सूचना पूर्वाधारको विकास गरिनेछ<br>३. विद्यालय केन्द्रित इ लाइब्रेरिको विकास र बिस्तार गरिनेछ<br>४. विद्यालयमा कम्प्युटर शिक्षा बिस्तार गरिनेछ<br>५. सूचनाको हक र अधिकार सम्बन्धमा जनचेतनामा अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ<br>६. आवश्यक सेवाहरू सूचना सञ्चार प्रविधिसँग आबद्ध गराई विद्युतीय सुशासन लागू गरिनुका साथै नागरिकको सेवा प्राप्तिमा समय, श्रम र लागत घटाइनेछ । |

**८. प्रमुख कार्यक्रम**

**क) स्थानीय तह आफैले गर्ने**

- एफ एम रेडियो प्रसारण र स्थानीय पत्रिका प्रकाशन सहजीकरण
- विद्युतीय सुशासन प्रणाली स्थापना

- विद्युत् सूचना पूर्वाधार निर्माण
- इ लाइब्रेरी स्थापना
- वाइफाइ टावर निर्माण गर्न पहल

**ख) प्रदेश सरकार सँग समन्वय गरी सम्पादन गर्ने**

- टेलिफोन टावर निर्माण
- विद्युतीय सुशासन प्रणाली स्थापना
- विद्युत् सूचना पूर्वाधार निर्माण

**ग) संघीय सरकार सँग समन्वय गरी सम्पादन गर्ने**

- सूचना हाइवे
- विद्युतीय सुशासन प्रणाली स्थापना
- टेलिफोन टावर निर्माण
- नीति नियम निर्माण
- अन्तर सरकार समन्वय

**९. अपेक्षित उपलब्धि**

पालिकाको सत प्रतिसत परिवारमा सुचनाको प्रवाह पुगेको हुनेछ, बिद्यालयहरूमा इ-लाइब्रेरी स्थापना भइसकेको हुनेछ, ९५% भू क्षेत्र टेलिफोन टावरको दायरामा आइसकेको हुनेछ, टेलीफोन सेवा सबै परिवारमा पुगेको हुनेछ, इन्टरनेट प्रयोग गर्ने परिवार संख्या ३५% पुगेको हुनेछ, स्थानीय एफ एम स्थापना भइसकेको हुनेछ, केही महत्वपूर्ण सेवाहरू विद्युतीय सुशासनमा आधारित हुने ।

# परिच्छेद- ८

# वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

## ८.१ वन, वातावरण जैविक विविधता तथा फोहोरमैला व्यवस्थापन

### १. पृष्ठभूमि

वन, वातावरण, जैविक विविधता, जलवायु परिवर्तन र विपद् व्यवस्थापन दिगो विकासका लक्ष्य प्राप्तिको लागि महत्वपूर्ण अन्तरसम्बन्धित विषयका रूपमा रहेको छ। नेपालको संविधानले पनि वन, वातावरण, जैविक विविधता, जलवायु परिवर्तन र विपद् व्यवस्थापन तीनवटै तहका सरकारको कार्यक्षेत्रभित्र समावेश गरी यस सम्बन्धी नीति, कानून र रणनीति तय गरी लागू गर्नुपर्ने व्यवस्था गरिएको छ भने वातावरण संरक्षण, जैविक विविधता, जलाधार र वन्यजन्तु संरक्षणलाई स्थानीय सरकारको अधिकार क्षेत्रभित्र पर्दछ । स्थानीय सरकार सञ्चालन ऐनले पनि यी क्षेत्रलाई स्थानीय तहको आवधिक तथा वार्षिक योजनामा अन्तरसम्बन्धित विषयका रूपमा समावेश गरी कार्यान्वयन गर्नुपर्ने दर्शाएको छ। स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने नागरिकको मौलिक हककोव्यवस्था संविधानमा समेत गरेको छ। वन, वन्यजन्तु, पक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण सम्बर्धन र दिगो उपयोग सम्बन्धी नीति समेत संविधानमा नै व्यवस्था गरेको छ।

### २. वर्तमान स्थिति

यस गाउँपालिकामा वन क्षेत्र कुल भूमिको ६५ प्रतिशत रहेको छ र यस अन्तर्गत ८१७.९७ हेक्टर क्षेत्रफल रहेको २३ वटा सामुदायिक वन रहेका छन् ।

यस गाउँपालिकामा केही बेंसी भूभाग रहनुका साथै उच्च पहाडी भूभाग रहेको पाइन्छ । धरातलको उचाइ, भौगर्भिक बनावट, भूस्वरूप, पहाड, पाखा र पानी ढलोले हावापानीको अवस्थामा विविधता हुन्छ । तापक्रम, सौर्यशक्ति, वायु र वायुको चाप, वर्षा तथा ओसिलोपन आदिले हावापानीको अवस्था निर्धारण हुने गर्दछ।

गाउँपालिकामा समशीतोष्ण र लेकाली हावापानीमा पाइने प्रायः सबैजसो वनस्पति पाइन्छ जसमा मुख्य साल, खोटेसल्ला, उत्तिस, बाज, गुराँस, धुपी, खर्सु, भोज पत्र जस्ता प्रजाति पाइन्छन् भने जडीबुटीको हकमा चिराइतो (Swertia chirayita), जटामसी (Nardostachys grandiflora), लोक्ता (Daphne bholua), ठूलो ओखती (Astilbe rivularis), निर्मसी (Aconitum heterophylloides) खोटेसल्लाको खोटो (Pinus roxburghii), चुत्रो (Berberis aristata) आदि जस्ता महत्वपूर्ण वनस्पति पाइन्छन् ।

फोहोरमैला विसर्जन सम्बन्धमा घरघरमै व्यवस्थापन गर्ने गरिएको छ। फोहोरको परिमाण धेरै नहुँदा फोहोरमैला विसर्जनको ठूलो समस्या देखिएको छैन । तर विकास हुँदै गएका बजार केन्द्रहरूमा यो समस्या बढ्दो रूपमा देखिन्छ।

**३. प्रमुख समस्या**

इन्धनको लागि दाउरामा अत्यधिक निर्भरता हुनु, सार्वजनिक जग्गामा वन तथा वृक्षरोपण नहुनु, दाउराको बढ्दो प्रयोग, बन्यजन्तु र मानव द्वन्द बढ्नु जंगलमा अत्यधिक आगलागीबाट महत्वपूर्ण वनस्पति र वन्यजन्तु र चराचुरुङ्गीको विनाश हुनु, चोरी सिकारीका कारणले महत्वपूर्ण मृग आदि विविध कारणले जैविक बिबिधता नास हुँदै जानु, तथा चराचुरुङ्गीको संख्या घट्दै जानु, वन प्राविधिक कर्मचारीको न्यून उपस्थिति हुनु, खोटो संकलन कार्य जथाभावी हुनु, वन पैदावार चोरी निकासी बढ्नु, काउलो जस्ता प्रजातिमा रुखै काटेर बोक्रा निकाल्नु, सरोकारवाला निकाय र वन कार्यालय बीच समन्वयको कमी, वातावरणीय चेतनाको कमी, विकास र वातावरण बीच उचित सन्तुलन मिलाउन नसकिनु आदि यस क्षेत्रका समस्या हुन् ।

**४. अवसर र चुनौती**

**क) अवसर**

वन, वातावरण संरक्षण र जैविक विविधता, जलाधार, वन्यजन्तु संरक्षण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापनको विषय संविधानद्वारा नै स्थानीय तहको अधिकार क्षेत्रभित्र समेत समावेश गरिनु, यी विषय सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन सम्बन्धी विषय गाउँपालिकाको अधिकार क्षेत्रभित्र रहनु, सबै वडामा सामुदायिक वन हुनु, पर्या पर्यटनको सम्भावना हुनु , जडीबुटी संकलन, निकासी र बजारीकरणबाट आयआर्जन हुनु, तीनवटा मध्यबर्ती क्षेत्र उपभोक्ता समितिरहनु,सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो कार्यक्रमको वार्षिक योजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनुपर्ने तथा वन पैदावार बिक्रीबाट प्राप्त आयको दश प्रतिशत गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने कानूनी व्यवस्था हुनु, न्यून कार्बनमुखी तथा वातावरण मैत्री विकास अवलम्बनका कार्य गर्नु आदि जस्ता अवसर रहेका छन् ।

**क) चुनौती**

वन, वातावरण संरक्षण र जैविक विविधता, जलाधार, वन्यजन्तु संरक्षण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन राष्ट्रिय, प्रादेशिक नीति, कानून, रणनीति तथा मापदण्डको स्थानीयकरण गर्नु, वन क्षेत्रको विकास र विस्तार गर्नु, सामुदायिक वनको कार्ययोजना स्थानीय योजना प्रक्रियामा समावेश गरिनु, बन्यजन्तु र मानव द्वन्द कम गर्नु, मध्यबर्ती क्षेत्र उपभोक्ता समिती र सामुदायिक वनको आयलाई स्थानीय कोषमा जम्मा गर्नु, स्थानीयस्तरमा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन गरिनु, घरघरमै फोहोरमैलाको समुचित व्यवस्थापन गर्नु,चोरी सिकारी नियन्त्रण गर्नु, आगलागी नियन्त्रण गरिनु, वन तथा वातावरणको विकास संरक्षणलाई स्थानीय आयआर्जनसँग आबद्ध गर्नु, इन्धनको लागि दाउराको निर्भरता घटाउनु, अन्तर तह समन्वय गर्नु आदि चुनौती देखिएका छन् ।

**५. लक्ष्य**

जैविक विविधता तथा जलाधार संरक्षण भएको हुने।

**६. उद्देश्य**

वन, जैविक विविधता तथा जलाधार क्षेत्रको संरक्षण गरी विकास र वातावरणवीच सन्तुलन कायम गर्नु ।

७. **रणनीति र कार्यनीति**

क) **रणनीति**

१. जैविक विविधता तथा जलाधार क्षेत्रको संरक्षण गर्ने,

२. वनको संरक्षण, सम्बर्द्धन, तथा व्यवस्थापन गर्ने,

३. वातावरण संरक्षण, नियमन र फोहोरमैलाको व्यवस्थापन गर्न

ख) **कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| जैविक विविधता तथा जलाधार क्षेत्रको संरक्षण गर्ने | • जैविक विविधता र वातावरण जनित परम्परागत ज्ञान, सीप तथा अभ्यासहरूको संरक्षण र प्रवर्द्धन गरिनेछ।<br>• जैविक विविधता संरक्षणका साथै पर्यापर्यटनलाई टेवा पुर्याउन सहजीकरण गरिनेछ ।<br>• वार्ड नं. २ मा संरक्षित वन्यजन्तु हाब्रे (Red Panda) को बासस्थान रहेकोले सोकोसंरक्षणका लागि बिशेष कार्यक्रम तर्जुमा गरिनेछ ।<br>• मानव बन्य जन्तु बीच द्वन्द कम गर्न कृषि बिमा कार्यक्रम लागू गर्न सहजीकरण गरिने छ।<br>• प्राकृतिक स्रोतको समुचित उपयोग एवं दिगो व्यवस्था गर्न वातावरण र विकास बीच सन्तुलन कायम गरिनेछ।<br>• प्राकृतिक स्रोत वातावरण र जैविक विविधता संरक्षण गर्न कार्ययोजना बनाई लागू गरिनेछ।<br>• बन्यजन्तु ले धेरै नोक्सान हुन सक्ने क्षेत्र वार्ड नं. २ मा जडी बुटी खेतिको विस्तार गरिनेछ ।<br>• नदी -२, साना खोला - ६ वटा गरी जम्मा ८ खोलाहरूको जलाधार र संरक्षण गर्नुपर्ने क्षेत्रको पहिचान, सर्वेक्षण गरी योजना प्रक्रियामा समावेश गरी संरक्षण कार्य गरिनेछ ।<br>• खोल्साखोल्सीहरूमा चेक ड्याम बनाई खोला बहाव नियन्त्रको कार्य गरिनेछ ।<br>• खोला, पोखरी तथा जलाधार क्षेत्रको संरक्षणको कार्यक्रम सञ्चालन गरिनेछ<br>• सडक किनारामा फलफूल तथा सौन्दर्य वृद्धि गर्ने जातका बोटबिरुवाको वृक्षारोपण गरिनेछ । |

| | |
|---|---|
| | • विकासका कार्यक्रमहरू सञ्चालन गर्दा कृषि जैविक विविधताको संरक्षणलाई विशेष महत्व दिइनेछ। |
| वनको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापन गर्ने | • वडामा रहेका सामुदायिक वन उपभोक्ता समितिलाई यसको क्षेत्र, वनस्पति, बुट्यान, जैविक विविधता तथा जडीबुटीको लगत संकलन गरी कार्ययोजना तयार गर्नमा सहजीकरण गरिनेछ र म्याद सकिएका कार्ययोजना नवीकरण गरिनेछ ।<br>• सामुदायिक वनको कार्ययोजनालाई गाउँपालिकाको वार्षिक योजनामा समावेश गरी सञ्चालनमा ल्याइने छ।<br>• सामुदायिक वनको कार्ययोजना बमोजिम कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।<br>• कवुलियती वन, धार्मिक वन र निजी वनको समुचित रूपमा संरक्षण, संबर्द्धनमा सहजीकरण गरिने छ।<br>• गाउँपालिकामा स्थानीय आवश्यकतानुसार बोटबिरुवा उत्पादन गर्ने गरी वन नर्सरी स्थापना गरिनेछ । वन नर्सरी स्थापना गर्न मद्यबर्ती क्षेत्र उपभोक्ता समितिलाई प्रोत्साहित गरिनेछ ।<br>• मद्यबर्ती क्षेत्र उपभोक्ता र वन उपभोक्ता समूहको क्षमता विकासको कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• स्थानीय वन उपभोक्ताहरूवाट उत्पादन हुने काठ, दाउरा, स्याउला र घाँसपात जस्ता वन पैदावारको माग र आपूर्ति वीच सन्तुलन कायम गर्न सहजीकरण गरिनेछ ।<br>• वन पैदावारमा आधारित विभिन्न आयआर्जनका कार्यक्रमहरू सञ्चालन गरी स्थानीयस्तरमा रोजगारी प्रवर्द्धन गरिनेछ ।<br>• वन व्यवस्थापन तथा सदुपयोगमा जनसहभागिता र सरोकारवालाको समानुपातिक पहुँच सुनिश्चित गरी वनस्रोत माथि स्थानीय बासिन्दाको अपनत्वको भावना विकास गरिनेछ।<br>• निजी वन विकास र संरक्षणलाई प्रोत्साहित गरिनेछ र वन कार्यालयसँग समन्वय गरी त्यसको व्यवस्थापनमा सहजीकरण गरिनेछ।<br>• वनजंगललाई आगलागीबाट जोगाउन जनचेतनाका साथै अग्नि नियन्त्रणका उपाय अवलम्बन गर्न प्रोत्साहन गरिनेछ । |

| | |
|---|---|
| | • वन क्षेत्रका सरोकारवालाहरू, स्थानीय निकाय, गैरसरकारी संघ संस्थासँग समन्वय गरिनेछ ।<br>• गाउँपालिकाको जैविक विविधताको अभिलेखीकरणमा आवश्यक सहयोग गरिनेछ। |
| वातावरण संरक्षण नियमन र फोहोरमैलाको व्यवस्थापन गर्ने | • वातावरण संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन गरिनेछ<br>• वातावरण संरक्षणमा संलग्न सबै संघ संस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ ।<br>• प्लाष्टिक झोलाहरूलाई पूर्ण प्रतिबन्ध लगाइनेछ ।<br>• स्थानीय खुला तथा सार्वजनिक क्षेत्रहरू सुरक्षित गर्दै संरक्षण गरिनेछ ।<br>• विद्यालय तहमा वातावरण संरक्षण सम्बन्धी अभिमुखीकरण र वातावरणीय सचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>• वातावरण संवेदनशील विशेष गरेर भौतिक पूर्वाधारका योजना र प्राकितक स्रोतको प्रयोग गर्दा प्रारम्भिक परीक्षण (IEE) तथा मुल्यांकन अध्ययन (EIA) गरेर मात्र कार्यक्रम स्वीकृत गर्ने प्रणाली अबलम्बन गरी वातावरण र विकास बीच सन्तुलन कायम गरिनेछ ।<br>• स्थानीयस्तरमा हरित क्षेत्रको विकास, संरक्षण र प्रवर्द्धन गरिनेछ ।<br>• वातावरणीय जोखिम न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि र संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• वडा-वडामा खुला पार्क, उद्यान तथा पिकनिक स्पटको निर्माणगरी हरियाली कायम गर्न सहजीकरण गरिने छ।<br>• घर, आँगन र बजार क्षेत्र सरसफाइयुक्त बनाउन फोहोरमैला व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• उत्पादन हुने फोहोरलाई कुहिने, पुन: प्रयोग हुने र फालिने गरी वर्गीकरण गरिनेछ ।<br>• बजार क्षेत्रको फोहोरलाई व्यवस्थित गर्न व्यवस्थापन समिति गठन गरी व्यवस्थापनका लागि जिम्मेवारी दिइनेछ ।<br>• कुहिने फोहोरलाई कम्पोष्टको रूपमा प्रयोग गर्न प्रोत्साहित गरिनेछ । |

| | |
|---|---|
| | • पुनः प्रयोग गरिने फोहोरलाई बिक्री वितरणको संस्थागत रूपमा संकलन गरी निकासी गर्न निजी क्षेत्रसँग सहकार्य गरिनेछ र यसरी निकासी भएको फोहोरको आयलाई निर्देशिका तयार गरी सम्बन्धित समिति र गाउँपालिकामा रहने गरी व्यवस्था गरिनेछ<br>• बजार क्षेत्रमा व्यवस्थित नाली र ढलको व्यवस्था गरिनेछ । |

**८. प्रमुख कार्यक्रम**

**गाउँपालिका आफैले सञ्चालन गर्ने**

- सामुदायिक वनको लगत तयारी र कार्ययोजना तर्जुमा र स्वीकृति
- वन, पैदावार व्यवस्थापन र बजारीकरण
- जैविक विविधता अभिलेखीकारण र संरक्षण
- अग्नि नियन्त्रण
- अन्तर निकाय, अन्तर तह समन्वय र सहकार्य
- भू तथा जलाधार संरक्षण
- फोहोरमैला व्यवस्थापन
- क्षमता विकास

**प्रदेश सरकारको समन्वयमा गर्ने**

- सामुदायिक, निजी, धार्मिक तथा राष्ट्रिय वनको वर्गीकरण
- राष्ट्रिय वनको संरक्षण र सम्बर्द्धन
- भूक्षय नियन्त्रण र जलाधार संरक्षण
- अग्नि नियन्त्रण
- चोरी सिकारी नियन्त्रण

**संघीय सरकारको समन्वयमा गर्ने**

- स्रोत परिचालन
- सामुदायिक वनको पैदावार, नदीजन्य प्राकृतिक स्रोतको बिक्री र नियमन
- अन्तर तह समन्वय

**९. अपेक्षित उपलब्धि**

योजना अवधिको अन्त्यसम्ममा वन नर्सरीको स्थापना भएको हुने, १७० हेक्टर वृक्षरोपण भएको हुने तेस मध्ये ५६ हेक्टर मा जदिबुटी खेति भएको हुनेछ, वातावरण संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, हरित क्षेत्रमा १० प्रतिशतले वृद्धि भएको हुने, प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि लागू भएको हुने, विद्यालय तहमा वातावरण संरक्षण सम्बन्धी अभिमुखीकरण र वातावरणीय सचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रमहरू सञ्चालन भएको हुनेछ ।

## ८.२ जलवायु परिवर्तन र विपद् व्यवस्थापन

### १. पृष्ठभूमि

नेपालको संविधानले जलवायु परिवर्तन र विपद् व्यवस्थापनलाई तीनवटै तहका सरकारको कार्यक्षेत्रभित्र समावेश गरी आआफ्नो तहमा यी विषय सम्बन्धी नीति, कानून, रणनीति र मापदण्ड तर्जुमा गरी लागू गर्न सकिने व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐनले पनि स्थानीय तहको आवधिक तथा वार्षिक योजनामा जलवायु परिवर्तन, अनुकुलन, विपद् व्यवस्थापन जस्ता अन्तरसम्बन्धित विषयलाई समावेश गरी कार्यान्वयन गरिनुपर्ने व्यवस्था गरिएको छ।

### २. वर्तमान स्थिति

जलबायुजन्य विपदका हिसाबले यो जिल्ला कम जोखिममा परेको भए तापनि जलवायु परिवर्तनका हिसाबले यो जिल्ला जोखिमपूर्ण मानिन्छ, Vulnerability Risk Assessment Report,2021 अनुसार पनि पर्ने दिनहरू घटेको आधारमा हेर्दा रसुवामा १.२ दिन प्रति वर्षका दरले पनि पर्ने दिन कमी भैरहेको देखिन्छ, त्यस्तै सुक्खा दिनहरू बढेको हिसाबले पनि यो जिल्ला जोखिममा रहेको पइन्छ, तथ्यांक हेर्दा १.६ दिन प्रति वर्ष सुक्खा दिन बढेको देखिन्छ।यस गाउँपालिकाको छुट्टै जलवायु सम्बन्धी तथ्यांक नभएकोले रसुवा जिल्लाको धुन्चेस्थित स्टेशनको औसत तथ्यांकलाई आधार मान्दा गर्मी मौसममा अधिकतम तापक्रम १०.६ डिग्री र न्यूनतम तापक्रम -१.५ डिग्री सेल्सियस वरिपरि पुग्छ। आषाढ महिनाबाट मनसुनी वर्षा हुने हुँदा जिल्लाको अन्य भागमा जस्तै यस पालिकामा पनि पानी पर्न थाल्दछ र तापक्रममा कमी भएको महसुस हुन्छ । असार र साउनमा अधिकतम ८६०.७ मिलिमिटरसम्म वर्षा हुन्छ भने हिउँदका ४२.८ मिलिमिटरसम्म मात्र वर्षा भई वार्षिक औसत वर्षा १०७४.७ मिलिमिटरसम्म हुने गर्दछ । सन् २०२१ मा वन तथा वातावरण मन्त्रालय तयार गरेको संकटासन्नता तथा जोखिम विश्लेषण अध्ययनले नेपालको समग्र संकटासन्न विश्लेषण अनुसार रसुवा जिल्ला उच्च जोखिममा रहेको देखाएको छ।नेपाल विपद् प्रतिबेदन २०१९ अनुसार २०१७/२०१८ मा६३८१ विपद्का घटना भएको मध्ये ९६८ जना को मृत्यु भएको थियो भने अनुमानित ७ अर्व भन्दा बढी रुपैयाँको क्षति भएको थियो। नौकुण्ड गाउँपालिकाको ५ नं. वडा यस बर्ष मात्रै पहिरोबाट ४ जना ले ज्यान गुमाएका छन्।

गाउँपालिकामा स्थानीय विपद् व्यवस्थापन समिति गठन भई, नौकुण्ड गाउँपालिकाको विपद् जोखिम प्रतिकार्य योजना २०७७समेत बनेको छ जस अनुसार कोभिड १९ तथा अन्य ससाना आउने विपद् कार्यको व्यवस्थापन गर्ने गरिएको छ ।

### ३. प्रमुख समस्या

जलवायु परिवर्तन र विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून र मापदण्ड तर्जुमा हुन नसक्नु, स्थानीय जलवायु परिवर्तन अनुकुलन कार्य योजना (LAPA) लागू गर्न प्राविधिक जनशक्ति र आर्थिक स्रोतको कमि हुनु, जीविकोपार्जनका लागि प्राकृतिक स्रोतहरू र वर्षातको

पानीमा अधिक निर्भर रहनु, जलवायु परिवर्तनको कारण अतिबृष्टि हुनु र खडेरी पर्नु, बाढी, पहिरो, खडेरी, हावाहुरी, मानव रोगको महामारी, असिना, चट्याङ, आगलागि,कृषिमा रोग किरा र मिचाहा प्रजाति जस्ता प्रकोपहरूले स्थानीयस्तरमा प्रत्यक्ष रूपमा असर परेको महसुस हुनु, वातावरण संरक्षण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी कार्य हेर्ने सम्पर्क व्यक्ति नतोकिनु, व्यवस्थित कार्य योजना बनाई कार्यक्रम सञ्चालन हुन नसक्नु, जंगलमा आगलाग‌ी, चट्याङ आदिका घटनामा वृद्धि हुनु, खहरे खोला भएको कारणले कटान तथा भूक्षयको जोखिम रहनु, स्थानीय वातावरण समितिको क्षमता कमजोर रहनु बर्षेनी प्राकृतिक तथा गैरप्राकृतिक विपद्ले जीउधनका साथै सार्वजनिक, निजी सम्पत्ति, भौतिक संरचनाहरू समेत प्रभावित हुनु आदि यस क्षेत्रका प्रमुख समस्या हुन् ।

**४. अवसर र चुनौती**

**क) अवसर**

अन्तरराष्ट्रिय स्तरमा जलवायू परिवर्तनलाई बैश्विक एजेण्डाको रूपमा कार्यान्वन गर्ने प्रतिबद्धता रहनु,केन्द्रीयस्तारमा जलवायु परिवर्तन र विपद् व्यवस्थापन सम्बन्धी नीति, कानून, रणनीति तर्जुमा भएको हुनु, भई कार्यान्वयनमा रहनु नेपाल सरकारको स्थानीय सरकार सञ्चालन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, वातावरण संरक्षण ऐन २०७६ र जलवायु नीति २०७६, कार्यान्वयनमा रहनु, स्थानीयस्तरमा जलवायु अनुकुलन कार्य योजना तथा विपद् जखिम न्यूनीकरण, व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्ने नीति लिइनु, स्थानीय तहलाई विपद् व्यवस्थापन गर्ने र यस सम्बन्धी कार्यसँग सम्बन्धित संस्थाहरूलाई समन्वय समन्वय र सहकार्य गर्न सक्ने गरी कानुनी व्यवस्था समेत हुनु यसक्षेत्रका अवसर रहेका छन् ।

**ख) चुनौती**

कुण्डहरूमा पानीको श्रोत संरक्षण गर्नु, स्थानीयस्तरमा जलवायु परिवर्तनसम्बन्धी आधिकारिक तथ्यांक संकलन गर्नु, स्थानीय जलवायु अनुकुलन कार्ययोजना लागू गर्नु, जलवायु अनुकुलन सम्बन्धी जनचेतना अभिवृद्धि गर्नु, जलवायु परिवर्तन अनुकुलन संरचना निर्माण गर्नु, कृषि तथा वन क्षेत्रमा जलवायु अनुकुलन प्रविधिको उपयोग बढाउनु, जलवायु परिवर्तनबाट हुने क्षति कम गर्नु, जलवायु परिवर्तनको असरबाट प्रभावित गरिब, विपन्न, महिला, बालबालिका, वृद्धवृद्धाहरू, साधन स्रोतमा कम पहुँच भएका घरधुरी लाई सेवा र टेवा दिनु र खेतबारीमा रासायनिक मलको प्रयोग निरुत्साहित गरी जैविक प्रविधिको उपयोग बढाउनु चुनौती आदि देखिएका छन् ।

**५. लक्ष्य**

जलवायु परिवर्तन र विपद् जोखिमबाट भएको प्रभाव न्यूनीकरण भएको हुने।

**६. उद्देश्य**

जलवायु परिवर्तन र विपद् जोखिमको क्षति कम गर्नु ।

**७ रणनीति र कार्यनीति**

१. स्थानीय जलवायु परिवर्तन अनुकुलन कार्ययोजना अनुसारका कार्यक्रम सञ्चालन गर्ने

२. विपदबाट हुने क्षतिको मात्रा कम गर्ने ।

**रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| स्थानीय जलवायु परिवर्तन अनुकुलन कार्ययोजना अनुसारका कार्यक्रम सञ्चालन गर्ने | • स्थानीय जलवायु परिवर्तन अनुकुलन कार्ययोजनालाई (LAPA) स्थानीयकरण गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>• जलवायु परिवर्तन अनुकुलन सम्बन्धी संस्थागत संयन्त्र स्थापना र बजेट व्यवस्था गरिनेछ ।<br>• सुख्खाको कारणले मूलहरू सुक्दै गएकाले पानी रिचार्ज हुने गरी उपयुक्त क्षेत्रमा पोखरी निर्माण गरिनेछन् ।<br>• स्थानीय खेती प्रणालीमा, जलवायु परिवर्तनले परेको असर न्यूनीकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• खेति प्रणालीमा वैकल्पिक प्रविधि जस्तै थोपा सिंचाई, स्प्रिङ्कलर, प्लाष्टिक पोखारी आदिको प्रयोग गरी भूक्षय नियन्त्रण तथा पानीको बचत गरिनेछ।<br>• पानीको बहुउपयोग गरिनेछ । |
| विपदबाट हुने क्षतिको मात्रा कम गर्ने | • गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी स्थानीय कानून तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>• विपद् जोखिम क्षेत्रको नक्सांकन गरिनेछ ।<br>• हिमताल फुटने सम्भावनाको जोखिम न्यूनिकरण गर्न संघीय सरकार सँग समन्वय गरिनेछ।<br>• विपदको मानवीय तथा भौतिक क्षतिको अभिलेख राखिनेछ।<br>• विपद् व्यवस्थापन कोषमा वृद्धि गरी परिचालन गर्न कार्यविधि बनाई सञ्चालन गरिनेछ ।<br>• गाउँपालिकामा आपतकालीन अवस्थाका लागि आवश्यक न्यूनतम सामग्री भण्डारणको प्रवन्ध गरिनेछ ।<br>• स्थानीय युवाहरूलाई विपद् सम्बन्धी तालिम दिई स्वयंसेवकको रूपमा परिचालन गरिनेछ ।<br>• स्थानीयस्तरमा रेडक्रसको स्थापना र क्रियाशील बनाउन सहकार्य गरिनेछ ।<br>• समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम पहिचान गरी सञ्चालन गरिनेछन् ।<br>• विपद् व्यवस्थापनमा संघ, प्रदेश तथा सरोकार निकाय बीच समन्वय कायम गरी कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• सम्पादन गरिएका कार्यक्रमको अभिलेखीकरण गरिनेछ । |

## ८. प्रमुख कार्यक्रम

**गाउँपालिका आफैले सञ्चालन गर्ने**

- कानूनी पूर्वाधार निर्माण,
- जलवायु अनुकुलन योजना
- आपतकालीन भण्डारण
- विपद् जोखिम नक्साङ्कन,
- विपद् राहत तथा उद्धार, पुनःस्थापना
- समुदायमा आधारित विपद् व्यवस्थापन समिति
- विपद् व्यवस्थापन क्षमता विकास र गाउँपालिकाको विपद जोखिम प्रतिकार्य योजना २०७७ अनुसार कार्यकर्म बनाउने

**प्रदेश सरकारको समन्वयमा गर्ने**

- आपतकालीन भण्डारण
- विपद् जोखिम नक्साङ्कन,
- विपद् राहत तथा उद्धार, पुनस्थापना
- विपद् व्यवस्थापन क्षमता विकास
- आपतकालीन उपचार

**संघीय सरकारको समन्वयमा गर्ने**

- नमुना कानून
- आपतकालीन भण्डारण
- विपद् जोखिम नक्साङ्कन
- विपद् राहत तथा उद्धार, पुनःस्थापना
- स्रोत व्यवस्थापन
- आपतकालीन उपचार

## ९. अपेक्षित उपलब्धि

योजना कार्यान्वयनबाट जलवायु अनुकुलन योजना तर्जुमा भई कार्यान्वयनमा आएको हुने, गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समित क्रियाशील भएको हुने, विपद् व्यवस्थापन कोषमा वृद्धि भइ स्थापना भई सञ्चालनमा आएको हुने, विपद् आपतकालीन भण्डारण व्यवस्था भएको हुने, विपद् नक्साङ्कन भएको हुने, सबै वडामा समुदायमा आधारित विपद् व्यवस्थापन समिति गठन भएको हुने, विपद्जन्य क्षति आधाले कम भएको हुनेछ।

# परिच्छेद– ९

# सुशासन तथा संस्थागत विकास

## ९.१ सुशासन तथा संस्थागत विकास

### १. पृष्ठभूमि

स्थानीय सरकार नागरिकका निकटका सरकार हुन् । राज्यबाट प्रदान गरिने आधारभूत सेवाहरूलाई प्रवाह गर्ने मुख्य जिम्मेवारी स्थानीय तहको रहेको छ । नागरिकले परिवर्तन र लोकतन्त्रको अनुभूति तबमात्रै गर्न सक्दछ जब स्थानीय तहमा सुशासन स्थापना हुन्छ । यसका लागि स्थानीय तहहरू सक्षम, पारदर्शी, भ्रष्टाचार मुक्त, उत्तरदायी र सहभागितामूलक हुन आवश्यक

छ ।

### २. सुशासन तथा संस्थागतको वर्तमान अवस्था

योजना तर्जुमा सम्बद्ध सवै समितिहरू गठन भई क्रियाशील रहेका छन् ।यस पालिकामा हालसम्म विधायन समिति समेत गरी कुल १० वटा समितिहरू क्रियाशिल रहेका छन् । न्यायिक सम्पादनका लागि वडा वडामा मेलमिलाप कक्षको स्थापना भई २५ वटा सक्रिय स्थानीय मेलमिलाप कर्ताहरूबाट न्यायिक सम्पादनको कार्य भैरहेको छ ।कुल ६ वटा वडा सचिवको दरवन्दीमा २ वटा वडा सचिव कार्यरत रहेका छन् । हाल ३ वटा वडाले आफनै वडा भवन (साविकका गाविस) बाट सेवा प्रवाह गरिरहेका छन् भने वाकि दुईवटा वडा कार्यालयका भवन निर्माणाधीन अवस्थामा रहेकाछन र एउटा वडाको वडा भवन निर्माणको पहल भएको छैन । सघीय मन्त्रालयबाट प्राप्त संगठन संरचना अनुसार कुल २५ वटा स्वीकृत दरबन्दीमध्ये १५ वटा मात्रै कार्यरत रहेका छन् । स्थानीय तह संस्थागत क्षमता स्व–मूल्याकन कार्यविधि २०७७ अनुसार कुल अंकभार ६१ प्राप्त गरेको छ । ७ वटा विकास साझेदार र ५ वटा गैरसरकारी संस्था यस गाउँपालिकाभित्र क्रियाशील रहेका छन् । २१ वटा सामुदायिक बन सञ्चालनमा रहेका छन् । यस गाउँपालिकाले हालसम्म कुल ४२ वटा ऐन, निर्देशिका, कार्यविधि/मापदण्ड र नीति तथा मार्गदर्शन स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यसैगरी स्थानीय सञ्चित कोष स्थापना भई सुत्रमा आधारित वित्तीय कारोबार सञ्चालन भएको, पञ्जिकरण, योजना, जिन्सी र वस्तुगत विवरण आदि जस्ता कार्य स्पटवेयरको प्रयोगबाट सञ्चालन भैरहेका छन् ।

### ३. सबल पक्ष

४२ वटा ऐन, कानून, नियमावली, निर्देशिका तथा कार्यविधि तयार हुनु, विषयगत समिति तथा अन्य समितिहरू क्रियाशील रहेको, संगठन संरचना अनुसार विषयगत शाखाहरूको स्थापना तथा कर्मचारीको व्यवस्था हुनु, सस्थागत स्व–मूल्याँकन दस्तावेज तयार भएको र कुल ६१ अंक प्राप्त गरेको, आन्तरिक राजश्व सुधार कार्ययोजना स्वीकृत गरी राजश्व संकलन वृद्धि हुनु, आपतकालीन कोषको व्यवस्था हुनु, सूत्रमा आधारित लेखाप्रणाली सञ्चालनमा हुनु, पालिकाको

शाखा उपशाखामा कम्प्युटर, इन्टरनेट सुविधा हुनु, नविनतम सूचना प्रविधिहरूलाई प्रयोगमा ल्याएको, सुशासनका औजारहरूको (सार्वजनीक सुनुवाई, सार्वजनिक परिक्षण तथा अनुगमन) निरन्तर प्रयोग हुनु, जनप्रतिनीधि तथा कर्मचारीहरू विच समन्वय, सहकार्य र सहयोगको बातावरण हुनु, जस्ता यस पालिकाका प्रमुख सवल पक्षहरू देखिएका छन् ।

**४. समस्या र चुनौती**

**क) प्रमुख समस्या**

स्थानीय आवश्यकता अनुसार पालिकाको संगठन तथा व्यवस्थापनको पुनरावलोकन नहुनु, सभाका दुइवटा (लेखा तथा सुशासन) समिति गठन हुन नसक्नु, विषयगत कर्मचारीको पदपूर्ति नहुनु, ३ वटा वडा कार्यालयको भवन निर्माण नहुनु, जनप्रतिनीधि, विषयगत समिति एंव कर्मचारीको क्षमता विकासका नहुनु, जनप्रतिनिधि तथा कर्मचारीको कार्यविभाजन नहुनु, पालिकाले लक्ष्य अनुसारको आन्तरिक राजश्व सक्लन गर्न नसक्नु, न्यायिक समितिका पदाधिकारीको क्षमता विकास नहुनु, आधुनीक सूचना प्रविधिका पूर्वाधारहरूको उचित प्रयोग गर्न नस्कनु, सहभागितात्मक योजना तर्जुमा तथा अनुगमन पद्धतिका चरणहरूलाई पूर्णरूपले लागू गर्न नसक्नु, डिजिटेल नागरिक बडा पत्रको प्रयोग नहुनु, गुनासो व्यवस्थापन नहुनु, व्यवस्थित अभिलेख तथा सूचना प्रणाली नहुनु, एकिकृत सेवा प्रणालीको शुरुवात नहुनु, पालिका भित्रका सबै संघसस्थाहरूको योजना एकिकृत रूपमा तर्जुमा हुन नसक्नु, आदि जस्ता यस पालिकाका प्रमुख समस्या/कमजोर पक्ष देखिएका छन् ।

**ख) चुनौती पक्ष**

आन्तरिक राजश्व वृद्धि गर्नु, रिक्त दरबन्दीको पदपूर्ति गर्नु, गाउँपालिकाको सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउनु, दिगो विकासका लक्ष्यहरूको स्थानीयकण गर्नु, अन्तर सरकार समन्वय गर्नु, गैससका योजनाहरू पालिकाको योजना प्रक्रियामा समावेश गर्नु आदि प्रमुख चुनौती हुन्।

**५. अवसर पक्ष**

उपभोक्ता समिति, गैसस, सामुदायिक वन र अन्य संघ सस्थाहरू मार्फत कार्यान्वयन हुने पूर्वाधार तथा अन्य आयोजनामा लागत साझेदारी हुने गरेको, स्थानीय इन्टरनेट सेवा प्रदायकहरूको सेवा सञ्चालनमा रहेको, नागरिक समाज तथा स्थानीय संघसंस्था सक्रिय रहेको आदि प्रमुख अवसर हुन्।

**६. लक्ष्य**

नागरिकहरूमा सुशासनको प्रत्याभूत भएको हुने ।

**७. उद्देश्य**

सेवा प्रवाहमा प्रभावकारीता ल्याउनु ।

**८. रणनीति र कार्यनीति**

उपरोक्त उद्देश्य परिपूर्तिकालागि निम्न रणनीति र कार्यनीति लिइएका छन्-

**क) रणनीति**

१. सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाई सेवा सुदृढीकरण गर्ने ।

२. नविनतम सूचना प्रविधिको प्रयोगलाई प्रभावकारी बनाई सुशासन कायम गर्ने ।

३. न्यायिक प्रणालीलाई बैज्ञानिक एंव सेवाग्राहीमैत्री बनाई सेवा सम्पादन गर्ने ।

४. वित्तीय नियन्त्रण कायमगरि आर्थिक अनियमिततामा शुन्य सहनशिलताको नीति अवलम्बन गर्ने ।

५. गाउँपालिकाको एउटै छाताभित्र समन्वय तथा साझेदारी मार्फत लक्षित उपलव्धि हासिल गर्नमा जोड दिने ।

**ख) रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाइ सेवा सुदृढिकरण गर्ने । | • एकिकृत सेवामैत्री गाउँपालिका तथा वडा कार्यालयको प्रशासनिक भवनहरूको निर्माण/पुनः निर्माण गरी छिटो छरीतो तथा पारदर्शी रूपमा सेवा प्रवाह गरिनेछ ।<br>• गाउँपालिकाको विभिन्न सेवा सञ्चालन, व्यवस्थापन, प्रवद्र्धनका लागि कानून, ऐन, विनियम, निर्देशिका, कार्यविधिहरू निर्माण गरी लागुगरिनेछन् ।<br>• स्थानीय आवश्यकताको आधारमा गाउँपालिकाको संगठनात्मक तथा व्यवस्थापनको पुनरावलोकन (O&M) तथा सुझावका आधारमा शाखा, उपशाखा, सेवा केन्द्रको विस्तार तथा कर्मचारीको व्यवस्थापन गरिनेछ ।<br>• गाउँपालिकाको क्षमता विकास योजना तयार गरी सवै कर्मचारीलाई सेवाकालीन तालिम र सबै जनप्रतिनिधिहरूलाई अभिमुखीकरण तालिम गोष्ठि, सेमिनार सञ्चालन गरिनेछन् ।<br>• कर्मचारीहरूको कार्य सम्पादन मूल्याकन पद्धतिलाई प्रभावकारी र बैज्ञानिक वनाई पारदर्शी एंव जवाफदेही बनाई प्रोत्साहन कार्यक्रम लागू गरिनेछ ।<br>• उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारी, उपभोक्ता समिति, तोकिएको समय भन्दा अगाबै सबै योजना समपन्न गर्ने वडा तथा नागरिक समाज संस्थालाई प्रोत्साहन गरिनेछ ।<br>• गाउँपालिकाको दुर्गम वस्तीहरूमा एकिकृत घुम्ती सेवाको कार्यविधि बनाई घुम्ती सेवा विस्तार गरिनेछ ।<br>• व्यावसायिक तथा रोजगारीमुलक तालिम योजना बनाई समावेशी तालिम सञ्चालन गरिनेछ ।<br>• सहभागितात्मक योजना तर्जुमा तथा अनुगमन मूल्याकन पद्धतिलाई समावेशीको आधारमा कार्यान्वयन गरिनेछ ।<br>• कालोबजारी नियन्त्रण तथा अत्यावश्यक वस्तु तथा सेवाको |

| | |
|---|---|
| | उपलव्धताका लागि स्थानीय सरोकारवाला सर्वपक्षीय प्रतिनिधि सम्मिलित निर्माण गरी अनुगमन र नियमन गरिनेछ ।<br>• गाउँपालिका भित्रका सार्वजनिक निकायबाट सम्पादन हुने सेवा कामकारवाहिको मूल्यांकन गरी दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ ।<br>• उपभोक्ता समितिलाई योजना निर्माण स्थलमा नै सुशासन, लेखा व्यवस्थापन वारे अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछन् ।<br>• अभिलेखहरूको भण्डारण, प्रकाशन तथा अध्यावधिक गरिनेछ ।<br>• पञ्जिकरणलाई व्यवस्थित गर्न अनलाईमा आधारित घटना दर्ता प्रणालीलाई सबै बडाहरूमा प्रभावकारी ढंगले व्यवस्थापन गरिनेछ ।<br>• सामाजिक सुरक्षा भत्तालाई बैकिङ प्रणालीमार्फत व्यवस्थित गरिनेछ । |
| २. नविनतम सूचना प्रविधिको प्रयोगलाई प्रभावकारी बनाइ सुशासन कायम गर्ने । | • गाउँपालिकाको कार्यालयमा अत्याधुनिक पूर्वाधार सहितको सूचना तथा अभिलेख केन्द्रका स्थापना गरिनेछ ।<br>• सूचना तथा अभिलेख केन्द्रले चौमासिक रूपमा बुलेटिन प्रकाशन गरिनेछ ।<br>• गाउँपालिकाभित्र रहेका सम्पुर्ण वडा कार्यालय, सरकारी कार्यालय, सामुदायिक विद्यालयहरूमा सेवा प्रवाहलाई प्रविधि मैत्री बनाउन सि.सि. क्यामेरा, ई हाजिरी मेसिन जडान, इमेल, इन्टरनेट, सुविधा विस्तार गरिनेछ ।<br>• कार्यालयको लेखा, प्रशासन, योजना, कार्यक्रम जस्ता महत्वपूर्ण सूचनाहरूको अभिलेख संरक्षणका लागि अभिलेखहरूलाई डिजिटाइजेसन (Digitization) गरिनेछ ।<br>• साझेदार संस्थाहरू समेतको सहकार्य र समन्वयमा गाउँपालिकाको दीर्धकालीन योजना, आवधिक योजना, प्रोफाईल, राजश्व सुधार कार्ययोजना आदि जस्ता कार्यहरू अध्यावधिक गरिनेछन् ।<br>• दैनिक सेवा प्रवाहका कार्यलाई सहज र व्यवस्थित बनाउन गाउँपालिकाको कार्यालय र सम्पूर्ण वडा कार्यालयहरू र सेवा केन्द्रहरूलाई अनलाईन प्रणालीमा सञ्चालन गरिनेछन् ।<br>• अन लाइन सेवा पद्धतिबाट सेवाग्राहीलाई सेवा प्रवाह गरिनेछ । साथै सेवा प्रवाहलाई सूचना मैत्री बनाई लागू गरिनेछ ।<br>• जनताको समस्या, गुनासो तथा पीरमार्काको प्रत्यक्ष समाधानका |

| | |
|---|---|
| | लागि पालिका तथा वडा कार्यालयमा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरी गुनासा व्यवस्थापन गरिनेछ ।<br>• गाउँपालिका तथा वडा कार्यालयमा सूचना पाटी तथा उजुरी पेटिकाको व्यवस्था गरिनेछ ।<br>• गाउँपालिका, वडा कार्यालय, सेवा केन्द्र, विद्‍यालय र अन्य संस्था समेतका कार्यक्रम तथा कार्यप्रगतिको चौमासिक रूपमा सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण कार्यक्रम गरिनेछ ।<br>• लेखा, पञ्जिकरण, राजश्व, योजना, प्रशासन लगायत सबै प्रकारका सेवा डिजिटल माध्यमबाट सेवा प्रवाह गरिनेछ ।<br>• गाउँपालिकाको सवै वडा कार्यालय, सेवा केन्द्र, विद्‍यालय र अन्य संघसस्थामा डिजिटल नागरिक बडापत्र राख्ने व्यवस्था गरिनेछ ।<br>• सूचनाको हकलाई कार्यान्वयन गर्न पालिकाबाट भएका असल अभ्यास तथा महत्वपूर्ण सिकाइहरूलाई अभिलेख तयार गरी अध्यावधिक गरेको बेवसाइटमा सम्पूर्ण नागरिकको लागि राखिनेछ ।<br>• नौकुण्ड गाउँपालिकाको सुन्दरतालाई झल्काई संस्थागत विकासमा टेवा पुर्याउनको लागि नौकुण्ड बृत्तचित्र (डकुमेन्ट्री) को निर्माण गरिनेछ ।<br>• पारदर्शीता एंव सुशानकालागि गाउँपालिकासँग सम्वन्धित सूचनाहरूलाई विज्ञापन तथा छापा सञ्चार माध्यमबाट सार्वजनिकीकरण गरिनेछन् ।<br>• गाउँपालिकाभित्रका विकास निर्माणका कार्यमा पारदर्शिता कायम गर्न योजना स्थलमा नै हरेक योजनाको अनिवार्य रूपमा होडिङ्ग बोर्ड राखिनेछ । |
| ३. न्यायिक प्रणालीलाई बैज्ञानीक एंव सेवाग्राहीमैत्री बनाई सेवा सम्पादन गर्ने । | • न्यायिक कार्यलाई प्रभावकारी बनाउन कानूनी परामर्शदाताको व्यवस्था गरिनेछ ।<br>• न्यायिक समितिको कार्यदक्षता अभिवृद्‍धिका तालिम/अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछन् ।<br>• न्यायिक समितिको कार्यसम्पादनका लागि पालिका तथा वडा कार्यालयमा छुटै इजलास कक्ष र अन्य भौतिक व्यवस्था गरी न्याय सम्पादन कार्य गरिनेछ ।<br>• न्यायिक कार्यलाई प्रभावकारी बनाउन वडा वडामा मेलमिलाप केन्द्र स्थापना गरी तालिम प्राप्त मेलमिलापकर्ताको व्यवस्था गरिनेछ । |

| | |
|---|---|
| | • न्याय निरूपण तथा मेलमिलापका लागि दर्ता तथा फस्यौंट भएका उजुरीको अभिलेखीकरण गरिनेछ ।<br>• न्याय निरूपण तथा मेलमिलापबाट फस्यौंट गरिएका उजुरीहरूलाई सभामा जानकारी गराइनेछ ।<br>• न्यायिक प्रणालीलाई बैज्ञानिक एंव सेवाग्राहीमैत्री बनाई सेवा सम्पादन गरिनेछ । |
| ४. वित्तीय नियन्त्रण कायमगरि आर्थिक अनियमिततामा शुन्य सहनशिलताको नीति अवलम्बन गर्ने । | • गाउँपालिकाको लेखा तथा आर्थिक लेखा परीक्षण तथा राजश्व शाखा/उपशाखा/इकाईको सुदृढीकरण गरिनेछ ।<br>• लेखा प्रशाशन शाखामा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• राजश्व संकल कार्यलाई प्रभावकारी र पारदर्शी बनाउनका लागि सफ्टवेयरको व्यववस्था गरी कार्यान्वयमा ल्याइनेछ ।<br>• वडा कार्यालयलाई लेखा प्रशासन एवं राजश्व प्रशासनलाई नेटवर्किङमा आवद्ध गरिनेछ ।<br>• आम जनता र व्सायीलाई वित्तीय साक्षरता तथा राजश्वको महत्वबारे जनचेतना वृद्धि गर्न कर शिक्षा अभियान सञ्चालन गरिनेछ ।<br>• वार्षिक रूपमा पालिकाबाट उपलव्ध गराइएको सेवाको गुणस्तरमापन कार्य सञ्चालन गरिनेछ ।<br>• करको दायरा विस्तार गरी प्रभावकारी कर प्रणाली लागू गरी दिर्धकालीन आय हुने किसिमका योजनाहरू सञ्चालन गरिनेछ ।<br>• बेरुजु नहुने गरी आर्थिक प्रशासन सञ्चालन गर्ने नीति लिई आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनको साथै आन्तरीक लेखा परीक्षणबाट यथार्थ विवरण प्राप्त हुने व्यवस्था मिलाइनेछ ।<br>• वितिय नियन्त्रण कायम गरी आर्थिक अनियमिततामा शुन्य सहनशिलताको नीति अवलम्बन गर्ने ।<br>• राजश्वका क्षेत्रहरूको पहिचान र अधिकतम परिचालन र उक्त कार्यका लागि सरोकारवालाको सहकार्यमा जोड दिने ।<br>• गाउँपालिकाद्धारा सञ्चालित कार्यक्रम, आयोजना तथा वजेट खर्चको चौमासिक रूपमा प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ । |
| ५. गाउँपालिकाको एउटै छाताभित्र समन्वय तथा साझेदारीमार्फत | • महिला समूह, आमा समूह, बाल क्लव, किशोरकिशोरी समूह, अपाङ्गता भएकाहरू लगायतका सेवाग्राहीहरूको सञ्जालीकरण गरी पृष्ठपोषण प्राप्त गरिनेछ । |

| | |
|---|---|
| लक्षित उपलव्धि हासिल गर्नमा जोड दिने । | • गाउँपालिकाको कार्य क्षेत्र भित्र काम गर्ने विभिन्न अन्तरराष्टिय तथा राष्ट्रिय एवं स्थानीयस्तरका गैरसरकारी संस्थाहरूको कार्यक्रम दोहोरोपना नहुने गरी एकद्धार सेवा प्रणालीमा कार्यक्रम सञ्चालन गराइने छन् ।<br>• सामुदायिक तथा गैरसरकारी सस्थाहरूलाई (सामाजिक परिचालन) सामाजिक सचेतीकरण तथा आर्थिक समृद्धि प्राप्तिका लागि परिचालन गरिनेछन् ।<br>• अन्तर तह तथा अन्तर निकाय समन्वय प्रभावकारी बनाई पारदर्शी रूपमा सेवा प्रवाह गरिनेछ । |

**९. प्रमुख कार्यक्रमहरू**

**क) स्थानीय तह (नौकुण्ड गाउँपालिका) आफैले सम्पादन गर्ने**

१. कार्यालयको संरचना तथा जनशक्ति व्यवस्थापन ।

२. सहभागितात्मक योजना तर्जुमा तथा अनुगमन मूल्याकन व्यवस्थापन ।

३. क्षमता विकास व्यवस्थापन ।

४. राजश्व परिचालन तथा वित्तीय व्यवस्थापन ।

५. सेवा प्रवाह व्यवस्थापन ।

६. सूचना तथा अभिलेख व्यवस्थापन ।

७. पारदर्शी एंव जवावदेहिता व्यवस्थापन ।

८. सामुदायिक तथा गैरसरकारी संस्था व्यवस्थापन ।

**ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने**

१. O&M मा सहजीकरण ।

२. भवन निर्माण ।

३. क्षमता विकास ।

४. सफट वेयर ।

५. विधुतीय प्रतिवेदन प्रणाली ।

**ग) सघींय सरकारसँग सहकार्यमा सम्पादन हुने**

१. नमुना कानून मापदण्ड ।

२. विशेषज्ञ सेवा ।

३. क्षमता विकास ।

४. सफट वेयर ।

५. विद्युतीय प्रतिवेदन प्रणाली ।

**१०. अपेक्षित उपलब्धि**

नागरिकहरूको सेवा सन्तुष्टिको स्तर ६० प्रतिशत पुगेको हुने, सस्थागत स्व मूल्याकँनमा ८५ प्रतिशत अंक प्राप्त गरेको हुने, ४० प्रतिशत सेवाहरू अनलाईनमा आवद्ध भएको हुने,, पालिकाको वेबसाइड अध्यावधिक भएको हुने,, बेरुजुको आकार कुल खर्च रकमको २ प्रतिशतभन्दा कम भएको हुने, सामाजिक सुरक्षाका सेवाहरू बैकिङ प्रणालीबाट सञ्चालन भएका हुने, आन्तरिक राजश्व कुल बजेटको २० प्रतिशत पुर्याउने आदि।

## ९.२ तथ्याङ्क तथा योजना

### १. पृष्ठभूमि

संविधानले अधिकारको सूचीद्वारा निर्धारण गरेको अधिकारको सूचीअनुसारका जिम्मेवारी व्यवस्थित रूपमा सम्पादन गर्न योजनाबद्ध प्रयास आवश्यक हुन्छ। योजनाबद्ध कार्यप्रणालीले मात्र निर्धारित समयमा पूर्व अनुमानिक स्रोत र साधनको अधिकतम प्रयोगद्वारा नियोजित कार्य सम्पादन र लक्ष्य हासिल गर्न सकिन्छ। स्थानीय सरकार सञ्चालन ऐनले गाउँपालिका तथा नगरपालिकाहरूले आफ्नो अधिकारक्षेत्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयक्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। योजना तर्जुमामा यथार्थ बस्तुगत अवस्थाबारे जानकारी दिन तथ्याङ्कको अवश्यकता पदर्छ। स्थानीय सरकार सञ्चालन ऐनले स्थानीयस्तरको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी पार्श्वचित्र, वस्तुगत विवरण तथा स्रोत नक्साको अद्यावधिक अभिलेखन गर्नुपर्ने उल्लेख गरेको छ। यस्ता तथ्याङ्क र सूचनाहरूले योजना प्रक्रियालाई बस्तुगत बनाउनका साथै स्थानीय तहको निणर्य प्रक्रियालाई समेत तथ्य तथ्याङ्क र सूचना आधारित (Evidence-based decision Making) बनाउन सहयोग पुरयाउँदछ।

### २. वर्तमान अवस्था

गाउँपालिका स्थापनापश्चात् राष्ट्रिय जनगणनामा २०६८ मा जनसांख्यिक विवरण, स्वास्थ्य सूचना प्रणाली र शिक्षा सूचना प्रणालीमा आधारित विवरण तथा विषयगत शाखाहरूले स्थानीय स्तरमा संकलन गरेका तथ्याङ्क तथा सूचनाहरू प्रयोगमा ल्याइएको छ। २०७२ सालको भूकम्पपश्चात प्रभावित घरधुरीको सर्वेक्षण सम्पन्न भएको छ। वार्षिक योजना तथा बजेट तर्जुमा लगायतका कार्यहरूमा यिनै तथ्याङ्हरूको प्रयोग गरिंदै आइएको छ। २०७८ सालमा घरधुरी तथा संस्थागत सर्वेक्षणको माध्यमबाट पहिलोपटक बस्तुगत विवरण तयार गरिएको छ भने पहिलो आवधिक योजनाको रूपमा यो योजना तर्जुमा गरिएको छ।

### ३. मुख्य समस्या

स्थानीय अभिलेख सम्बन्धी वस्तुगत विवरण नहुनु, साथै नियमित रूपमा तथ्याङ्क संकलन, प्रशोधन र प्रकाशन नहुनु, स्थानीय तहमा रहेको सार्वजनिक सम्पत्तिको अभिलेख नरहनु, विभिन्न निकायहरूको तथ्याङ्कमा एकरूपता नहुनु, तथ्याङ्क एकीकृत गरी व्यवस्थित राख्ने संस्थागत व्यवस्था नहुनु, सहभागितामूलक योजना प्रणाली प्रभावकारी रूपमा स्थापित हुन नसक्नु, बजेट तर्जुमा सिमितिहरू क्रियाशिल नहुनु, आयोजनाको प्राथमिकीकरण गरी कार्यक्रम विनियोजन नहुनु, आयोजना सम्भाव्यता अध्ययन गरी कार्यान्वयन गर्ने अभ्यासको कमी, अवण्डा दामासाही र टुक्रे तथा वितरणकारी योजनाको बाहुल्यता आदि यस क्षेत्रका प्रमुख समस्याको रूपमा रहेका छन्।

### ४. अवसर र चुनौती

#### (क) अवसर

स्थानीय तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन, योजना प्रणाली सम्बन्धी अधिकार हुनु, निर्वाचित पदाधिकारीको नेतृत्वमा स्थानीय तहको सञ्चालन हुनु, घरधुरी सर्वेक्षण तथा संस्थागत सर्वेक्षणबाट तयार गरिएको बस्तुगत विवरणले योजना तर्जुमा तथा अन्य विकास आयोजनाहरूबाट प्राप्त आधारभूत तथ्याङ्क उपलब्ध हुनु, निकट भविष्यमा हुने राष्ट्रिय जनगणनाले थप उच्च स्तरीय तथ्याङ्क प्राप्त हुनु, विकास आयोजना सम्बन्धमा सामाजिक चेतना वृद्धि हुँदै जानु आदि यस क्षेत्रका प्रमुख अवसर हुन्।

**(ख) चुनौती**

तथ्यांकमा आधारित नतिजामूलक योजना प्रणाली विकास गर्नु, सबै विकास साझेदार, अन्तरराष्ट्रिय, राष्ट्रिय गैरसरकारी संस्थाका आयोजना कार्यक्रमहरूलाई वार्षिक विकास कार्यक्रममा एकिकृत गर्नु, परियोजना बैंक स्थापित गर्नु, टुक्रे योजनाको संख्या २५ प्रतिशत भन्दा कम गर्नु, लक्ष्यको तुलनामा ९० प्रतिशत भन्दा बढी प्रगति हासिल गर्नु आदि प्रमुख चुनौती हुन्।

**५. लक्ष्य**

तथ्यमा आधारित योजना प्रणाली विकास भएको हुने ।

**६. उद्देश्य**

विश्वसनीय तथ्याङ्क र सूचना प्रणाली विकास गर्नु।

**७. रणनीति**

१. खण्डीकृत तथ्याङ्क एवं अभिलेख प्रणाली स्थापना गर्ने,
२. सहभागितामूलक योजना तर्जुमा प्रणालीलाई संस्थागत गर्ने,
३. आयोजना कार्यान्वयन प्रक्रियालाई व्यवस्थित र संस्थागत गर्ने,
४. स्थानीय विकास-साझेदार, गैर सरकारी संस्था, निजी क्षेत्र एवं अन्तर निकाय समन्वय प्रभावकारी बनाउने ।

**८. कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. खण्डिकृत तथ्याङ्क एवं अभिलेख प्रणाली स्थापना गर्ने, | १. पालिकाको आधारभूत खण्डिकृत तथ्याङ्कसहितको वस्तुगत विवरण तयार गरी वार्षिक रूपमा आवधिक गरिने छ ।<br>२. स्रोत नक्सा तयार गरी प्रकाशन गरिने छ ।<br>३. तथ्याङ्क तथा अभिलेख शाखाको स्थापना गरी पालिकास्तरको सूचना तथा तथ्याङ्क उपलब्ध हुने व्यवस्था गरिने छ ।<br>४. गाउँपालिकाको तथ्याङ्कलाई सूचना प्रणालीमा आवद्ध गरी सर्वसुलभ गराइने छ ।<br>५. सूचना तथा तथ्याङ्क सम्बन्धी क्षमता विकास गरिनेछ।<br>६. वस्तुगत विवरण, स्रोत नक्सा तथा अन्य विवरण गाउँपालिकाको वेबसाइटमा रहने व्यवस्था गर्नका साथै वेबसाइटलाई क्रियाशील बनाइनेछ। |

| | | |
|---|---|---|
| २. | सहभागितामूलक योजना तर्जुमा प्रणालीलाई संस्थागत गर्ने | १. बजेट पूर्वानुमान प्रणालीलाई भरपर्दो बनाइने छ र समयमा नै सम्बन्धित शाखा र वडा कार्यालयमा उपलब्ध गराइने छ।<br>२. आवधिक योजना, मध्यमकालीन खर्च संरचना (MTEF) र वार्षिक योजना बीच अन्तरसमबन्ध कायम गरिनेछ।<br>३. बस्ती स्तरबाट नै चरणबद्ध सहभागितामूलक र समावेशी योजना तर्जुमा प्रक्रिया अवलम्बन गरिनेछ ।<br>४. विकास प्रक्रियमा कोही नछुट्न् भन्ने अवधारणा अनुसार बस्ती तहदेखि नै सबै सरोकारवालाको अर्थपूर्ण सहभागिता बढाइनेछ ।<br>५. योजना तर्जुमा समिति र विषयक्षेत्रगत समितिहरूको क्रियाशीलता अभिवृद्धि गरिनेछ ।<br>६. वार्षिक योजना तथा कार्यक्रम सभामा विस्तृत छलफल हुने व्यवस्था मिलाइनेछ । |
| ३. | आयोजना तर्जुमा र कार्यान्वयन प्रक्रियालाई व्यवस्थित र संस्थागत गर्ने | १. परियोजना बैङ्कको स्थापना गरिनेछ ।<br>२. योजना तर्जुमा गर्दा आयोजना प्राथमिकीकरणका आधारमा छनौट गरी वार्षिक कार्यक्रममा समावेश गरिनेछ।<br>३. रु. १० लाखभन्दा माथिका आयोजना सम्भाव्यता अध्ययन र बिस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी त्यस्का आधारमा मात्र समावेश गरिने प्रणाली स्थापित गरिने छ ।<br>४. योजना कार्यान्वयनका लागि वार्षिक तथा चौमासिक पात्रो तयार गरी जिम्मेवारी तालिका सहित समयमै अख्तियारी दिइने प्रणाली स्थापित गरिने छ<br>५. सार्वजनिक परीक्षण र सामाजिक परीक्षण जस्ता नागिरक उत्तरदायी औजारको अनिवार्य पालन गराइनेछ ।<br>६. हाल पहिचान गरिएका प्राथमिकता प्राप्त योजनाहरूलाई (अनुसूची ९) परियोजना बैंकको रूपमा राखिएको छ र अनुसूची ९(क) मा नक्सामा समेत दर्शाएको छ।<br>७. लाभग्राहीहरूलाई प्रारम्भदेखि नै संलग्न गराई सम्पन्न आयोजनाको मर्मतसम्भार तथा दिगोपनाकालागि जिम्मेवार र क्षमतावान बनाइनेछ । |
| ४. | स्थानीय विकास-साझेदार, गैर सरकारी संस्था, निजी क्षेत्र एवं र अन्तर निकाय समन्वय प्रभावकारी बनाउने। | १. स्थानीयस्तरका आयोजना दोहोरो नपर्ने गरी अन्तरतह संजालीकरण र समन्वय गरिनेछ ।<br>२ अन्तरतह र अन्तरसरकार साझेदारीमूलक आयोजनाहरूलाई प्राथमिकता दिइनेछ।<br>३. योजना तर्जुमा प्रक्रियामा गाउँपालिका क्षेत्रमा काम गर्ने विभिन्न निकाय र स्थानीय विकास साझेदार, गैर सरकारी संस्था, निजी क्षेत्रलाई समेत संलग्न गराई त्यस्ता आयोजना गाउँपालिकाको |

| | |
|---|---|
| | वार्षिक योजनामा समावेश गरिनेछ। |

**९. प्रमुख कार्यक्रम**

**(क) गाउँपालिकाबाट सञ्चालन हुने**

१. वस्तुगत विवरण निर्माण, अद्यावधिक र प्रकाशन,

२. स्रोत नक्साको निर्माण र प्रकाशन,

३. सहभागितामूलक एवं समावेशी योजना प्रक्रिया,

४. दिगो विकासका लक्ष्यको स्थानीयकरण,

५. पूर्व सम्भाव्यता, सम्भाव्यता अध्ययन र विस्तृत आयोजना प्रतिवेदन निर्माण,

६. मासिक चैमासिक तथा वार्षिक समीक्षा र प्रतिवेदन,

७. यातायात, खानेपानी तथा सरसफाइ तथा पर्यटन गुरुयोजना लगायतका क्षेत्रगत गुरुयोजनाको निर्माण र कार्यान्वयन,

८. योजना प्रणाली सम्बन्धी क्षमता विकास,

९. मध्यमकालीन खर्च संरचनाको निर्माण,

१० योजना कार्यान्वयनकालागि वार्षिक कार्ययोजान र जम्मेवारी तालिका निर्माण

१०. नियमित अनुगमन र समीक्षा,

११. अनुगमन समितिको क्रियाशीलता,

१२. सामाजिक परीक्षण,सार्वजनिक परीक्षण।

१३. परियोजना बैंक स्थापना

**(ख) प्रदेश तहबाट सञ्चालन हुने**

अन्तर तह समन्वय

**(ग) सङ्घीय तहबाट सञ्चालन हुने**

परियोजना बैंक स्थापना

अन्तर तह समन्वय

**१०. अपेक्षित उपलब्धि**

आधारभूत तथ्याङ्क संकलन भइ अध्याबधिक भएको हुने, सहभागितामूलक एवं समाबेशी योजना तर्जुमा प्रणाली कार्यान्वयनमा आएको हुने, गाउँपालिकाको प्रथम आवधिक विकास योजना कार्यान्वयनमा आएको हुने, नतिजामूखि योजना प्रक्रिया शुरु भएको हुने, टुक्रे योजनाको संख्या २५ प्रतिशतभन्दा कम भएको हुने आदि।

## ९.३ अनुगमन तथा मूल्याङ्कन

**१. पृष्ठभूमि**

स्थानीय तहको विकासको मेरुदण्डको रूपमा रहेका विकास नीति, योजना तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कनको महत्वपूर्ण भूमिका रहन्छ। योजनाबद्ध विकासको प्रयासमा अनुगमनलाई योजना चक्रको अभिन्न हिस्सा र प्रगति सिंहावलोकन गर्ने प्रमुख आधार मान्ने गरिन्छ। कार्यान्यन चरणको समयमा नै आयोजनाहरूमा भएको लगानी तथा साधनको प्रवाह सम्ूचित ढङ्गले भएको छ वा छैन, कार्यतालिका अनुसार क्रियाकलापहरू सुचारु भएका छन् वा छैनन् साथै प्राविधिक तथा व्यवस्थापकीय कमजोरीहरू के के छन् भन्ने जानकारी प्राप्त गर्नुपर्ने हुन्छ, सम्पादित काम तोकिएको लागत र गुणस्तरमा भए नभएको सुनिश्चत गर्नुपर्ने हुन्छ। गाउँपालिकाले आफ्नो स्वीकृत कार्यक्रम अनुसारका आयोजना अलावा आफ्नो भौगौलिक क्षेत्र भित्र सञ्चालित अन्य विकास कार्यक्रमहरूको समेत अनुगमन गरी तत् तत् निकायमा जानकारी पठाउने गर्दछ।

**२. वर्तमान अवस्था**

गाउँपालिकामा अनुगमन तथा सुपरिवेक्षण/मूल्यांकन समिति गठन भएको भएतापनि वार्षिक योजना कार्यान्वयन कार्यतालिका बनाएर कार्यान्वयन हुन सकेको छैन, वार्षिक अनुगमन योजना पनि तयार गरी स्वीकृत भएको पाइएको छैन। अनुगमन गर्दा पूर्वनिर्धारित सूचकहरूको आधारमा हुने गरेको देखिँदैन । अनुगमनलाई सामान्य प्राविधिक निरीक्षणको विषयको रूपमा ग्रहण गर्ने गरेको वा लिने गरिएको पाइन्छ, जनप्रतिनिधिहरूबाट समयबद्ध रूपमा नभई कहिलेकाहीं कुनै कुनै योजनामात्र अनुगमन हुने गरेको। यदाकदा निर्वाचित जनप्रतिनिधिहरू सहितको संयुक्त अनुगमनको अभ्यास पनि भएको पाइन्छ। यसैगरी चौमासिक तथा वार्षिक समीक्षामा प्रगतिको स्थितिको समीक्षा पनि हुने गरेको भएतापनि नियमित र ब्यवस्थित हुने नगरेको, अनुगमनलाई योजना चक्रको अभिन्न हंगको रूपमा पनि स्वीकार गरेको पाइएको छैन। निरीक्षण, सुपरिवेक्षण र अनुगमनलाई खासै भिन्नता छ भन्ने एकै रूपमा महसुस गरिएको देखिन्छ। अनुगमनलाई योजना चक्रको हिस्साको रूपमा पर्याप्त बजेट विनियोजन समेत हुने भएको देखिंदैन। अनुगमनको परम्परागत प्रणाली समस्या समाधानको दृष्टिले त्यति प्रभावकारी हुन सकेको देखिँदैन। स्थानीय योजना तथा कार्यक्रमहरूको नियमित र व्यवस्थित अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापना गरी विकास योजनाको प्रभावकारिता अभिवृद्धि गर्न आवश्यक भएको छ ।

**३. प्रमुख समस्या**

अनुगमन सिमित गठन भए तापनि नियमित अनुगमन हुन नसक्नु, अनुगमनलाई प्राथमिकतामा नराखिनु, कम समय दिनु, ससाना टुक्रे आयोजनाको वर्चश्व र अत्यधिक छरिएर रहेका आयोजनाले गर्दा सवै आयोजना अनुगमन गर्न सम्भव नहुनु, अनुगमनको लागि प्राविधिक कर्मचारीको सीमितता हुनु, अनुगमनका लागि भिन्दै बजेटको विनियोजन नहुनु, अनुगमनका नतिजा सूचकहरू निर्धारण हुन नसक्नु, अनुगमनको प्रतिवेदन प्रणाली नियमित र व्यवस्थित

नहुनु, अनुगमन प्रतिवेदन कार्यपालिकाको बैठकमा छलफलको नियमित प्रक्रियामा समावेश नहुनु, समयबद्ध समीक्षा नहुनु, प्राविधिक मूल्याङ्कनलाई अन्तिम भुक्तानीको आधारकोरूपमा मात्र लिइनु, योजना मूल्यांकन नहुनु, जनप्रतिनिधिहरूलाई सूचकमा आधारित अनुगमनबारे जानकारीको कमी, प्रतिनिधिहरूलाई अनुगमनको महत्वबोध गराउन नसकिँदा अनुगमनले उचित प्राथमिकता प्राप्त गर्न नसक्नु, अनुगमन कर्मकाण्डी बन्नु आदि यस क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन्।

**४. अवसर र चुनौती**

**क) अवसर**

गाउँपालिकास्तरमा उपाध्यक्ष र वडा तहमा वडा अध्यक्षको संयोजकत्वमा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेस गर्नुपर्ने कानुनी व्यवस्था रहनु, स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले अध्यक्ष वा संयोजकको निर्देशनमा अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने कानुनी व्यवस्था रहनु, स्थानीय सरकार सञ्चालन ऐनले गाउँपालिकालाई आफ्नो कार्यक्षेत्रभित्र पर्ने विकास योजनाको अनुगमनसम्बन्धी कानुनी, संस्थागत तथा कार्यविधिगत जिम्मेवारी समेत किटानी व्यवस्था हुनु, अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढीकरण विकास साझेदारको प्राथमिकतामा समेत रहनुलाई प्रभावकारी अनुगमन प्रणाली स्थापना गर्ने अवसरको रूपमा लिनुपर्ने हुन्छ ।

**ख) चुनौती**

अनुगमन मूल्याङ्कन सम्बन्धी विषयलाई संस्थागत गर्नु, नतिजामुखी अनुगमन प्रणालीको स्थापना गर्नु, आयोजना कार्यक्रमको अनुगमनलाई नियमित गराउनु, अनुगमन र मूल्याङ्कनलाई योजनाचक्रको हिस्साको रूपमा व्यवस्थित गर्नु, ठुला आयोजनाको स्वतन्त्र तेस्रोपक्ष मूल्याङ्कन गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौतीको रूपमा रहेका छन्।

**५. लक्ष्य**

योजनाको अपेक्षित नतिजा प्राप्ति र त्यसको उपयोगमा वृद्धि भएको हुने ।

**६. उद्देश्य**

१. नतिजामुखी अनुगमन तथा मूल्यांकन प्रणाली स्थापित गर्नु ।

**७. रणनीति**

१. आवधिक योजना कार्यान्वयनको निरन्तर अनुगमन गर्ने।

२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ बनाउने।

३. समीक्षा र प्रतिवेदन प्रणाली प्रभावकारी बनाउने।

## ८. कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. आवधिक योजना कार्यान्वयनको निरन्तर अनुगमन गर्ने | 1. आवधिक योजनाका आधारमा वार्षिक योजना तर्जुमा गरी आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्यहरू प्राप्त उन्मुख भए नभएको अनुगमन गरिनेछ।<br>2. आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्‌देश्य हासिल भए नभएको उपलब्धि र नतिजा सूचकहरूको विकास गरी मध्यावधि मूल्याङ्कन गरिनेछ।<br>3. आवधिक योजना का सूचकका आधारमा मध्यमकालीन खर्च संरचना तयार गरी प्राथमिकता प्राप्त योजनामा लगानी सुनिश्चित गरिनेछ ।<br>4. आवधिक विकास योजनाको तेश्रो वर्षमा मध्यावधि मूल्याङ्कन र अन्तिम मूल्याङ्कन आवधिक योजनाको समाप्ति पछि गरिनेछ। |
| २. अनुगमन तथा मूल्याङ्‍्कन प्रणालीलाई सुदृढ बनाउने | १. अनुगमन सिमितिको क्षामता विकास गर्दै संस्थागत र क्रियाशील गराइनेछ।<br>२. वार्षिक अनुगमन तालिका तर्जुमा गरी तदअनुसार अनुगमन गरिनेछ। तदअनुसार क्षमता विकासका साथै बजेटको व्यवस्था गरिनेछ।<br>३. विषयगत कार्यक्रमहरूको कार्यक्रमगत सूचकहरूको निर्माण गरी तदअनुसार अनुगमन गरिनेछ।<br>४. आयोजनाको नियमित अनुगमनको जिम्मेवारी तोकिनेछ ।<br>५. अनुगमनपश्चात् अनुगमनकर्ताबाट लिखित रूपमा अनुगमन प्रतिवेदन लिने, यसलाई कार्यपालिकाको नियमित बैठकमा छलफल गरी देखिएका बाधा अड्चन फुकाइनेछ।<br>६. अनुगमन समितिको प्रतिवेदनहरू कार्यपालिकाको नियमित बैठकमा प्रस्तुत र छलफल हुने व्यवस्था गरिनेछ।<br>७. अनुगमन र मूल्याङ्कन प्रतिवेदन गाउँपालिकाको वेबसाइटमा राखिनुका साथै सार्वजनिक समेत गरिनेछ । |
| ३. आवधिक तथा वार्षिक योजना र कार्यक्रम आयोजनाको समीक्षा र प्रतिवेदन प्रणाली | १. चौमासिक तथा वार्षिक समीक्षा र स्थानीय समस्या समाधान सीमितको बैठक राखी वार्षिक विकास योजना तथा कार्यक्रमको नियमित प्रगति समीक्षा गरिनेछ ।<br>२. समीक्षा बैठकमा अनुगमन समितिबाट समष्टिगत अनुगमन प्रतिवेदनमा छलफल गरी समस्याको समाधान गर्ने प्रणालीको स्थापना गरिनेछ।<br>३. चौमासिक र वार्षिक समीक्षामा नियमित रूपमा गाउँपालिकामा सबै |

| | |
|---|---|
| प्रभावकारी बनाउने | सरोकारवालाहरूको संलगनतामा गरिनेछ र तत्काल समस्याको समाधान गरी योजना समयमा नै सम्पन्न गर्न तदारुकता लिइनेछ।<br>४. योजनाको आर्थिक तथा भौतिक प्रगतिको प्रतिवेदन सम्बन्धित तह, निकायमा तोकिएको समयमा पठाइनेछ। यसका लागि संघ र प्रदेशसँग समन्वय गरी कम्प्युटरमा आधारित एकीकृत सूचना प्रणालीका फर्मेटहरू विकास गरी आबद्ध गरिनेछ ।<br>५. विकास आयोजनाको प्रगति नियमित रूपमा सम्बन्धित निकायहरूमा पठाइनेछ ।<br>६. संघीय सरकार र प्रदेश सरकार सँग सहकार्य गरी योजना प्रतिवेदन प्रणालीलाई सफ्टवेयरमा आधारित बनाई सम्बन्धित सबै तह र निकायमा सञ्जालीकरण गरिनेछ । |

## ९. प्रमुख कार्यक्रम

### क) पालिका आफैले गर्ने

1. अनुगमन समितिको संस्थागत विकास र क्षमता अभवृद्धि,
2. अनुगमन प्रणाली, कार्ययोजना र आयोजनागत सूचकहरूको निर्माण,
3. वार्षिक अनुगमन कार्ययोजना (सूचक सहित) तयार गर्ने,
4. अनुगमन कार्यक्रम,
5. समीक्षा तथा स्थानीय समस्या समाधान समिति,
6. छानिएका आयोजनाको तेस्रो पक्ष अनुगमन तथा मूल्याङ्कन,
7. अनुगमन तथा मूल्याङ्कन (monitoring and evaluation guidelines) निर्देशिका निर्माण,
8. सफ्टवेयरमा आधारित योजना प्रतिबेदन प्रणाली,
9. आवधिक विकास योजनाको मध्यावधि समीक्षा ।

### ख) प्रदेशसरकारसँगको सहकार्य गरिने

1. सफ्टवेयरमा आधारित योजना प्रतिवेदन प्रणाली

### ग) संघीय सरकारसँगको सहकार्यमा गर्ने

1. सफ्टवेयरमा आधारित योजना प्रतिवेदन प्रणाली

## १०. अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

### आवधिक गाउँ विकास योजना

आवधिक योजनाको असर, प्रतिफलको नतिजा मापन तथा सञ्चालित कार्यक्रमको प्रक्रिया अनुगमन गरिनेछ। प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी गाउँ कार्यपालिकाको हुनेछ भने यस कार्य अध्यक्षको मार्गनिर्देशनमा रही गाउँपालिका बजेट तथा कार्यक्रम तर्जुमा समिति परिचालन गरिनेछ।

आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कन प्रक्रिया देहाय बमोजिम हुनेछ-

| **तालिका नं**<br>**आवधिक योजनाका अनुगमन र मूल्याङ्कन** | | | |
|---|---|---|---|
| **आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कन प्रक्रिया** | | | |
| **विवरण** | **जिम्मेवारी** | **अनुगमनका समय** | **अनुगमनको तरिका** |
| १. मध्य कालीन खर्च संरचना एवं आवधिक योजनाको अन्तर सम्बन्ध | गाउँ कार्यपालिका | १. वार्षिक योजना तथा कार्यक्रमको मस्यौदा निर्माणका चरणमा । | १. आवधिक योजनाको प्राथमिकता र लक्ष्य सूचकसँग तादात्म्यता भए नभएका तुलनात्मक विश्लेषणमा आधारित,<br>२. आवधिक योजनाका नीति र सिद्धान्त कार्यरूपमा/आयोजनामा रूपान्तरण भए नभएको |
| २. वार्षिक कार्यक्रम र मध्यकालीन खर्च संरचनाको अन्तर सम्बन्ध | गाउँ कार्यपालिका | १. वार्षिक योजना तथा कार्यक्रमको तर्जुमाका चरणमा<br>२. वार्षिक समीक्षामा आवधिक योजनाको परिमाण<br>३. वार्षिक कार्यक्रम कार्यान्वयनका चरणमा नतिजा सूचकमा आधारित भई नतिजालाई परिमाणात्मक (Qunatative○ | १. मध्यमकालीन खर्च संरचनामा आधारित वार्षिक कार्यक्रम भए नभएका मूल्याङ्कन गर्ने ।<br>२. आयोजनाका लागि मध्यमकालीन खर्च संरचनामा सुनिश्चित गरिएको रकम वार्षिक कार्यक्रममा विनियोजन भए नभएको |

| | | | |
|---|---|---|---|
| | | र गुणात्मक (Qualitative० रूपमा अनुगमन गरी समीक्षा गर्ने | |
| २. आवधिक योजनाका मध्यावधि समीक्षा | गाउँ कार्यपालिका | कार्यान्वयनको दुई वर्षपश्चात् अर्थात् आ.व. २०८०/८१ | सहभागितामूलक मध्यावधि समीक्षा (तेस्रो पक्षबाट स्वतन्त्र मूल्याङ्कन) बाट समष्टि योजनाको अपेक्षित उपलव्धिको अवस्था र यसका समुचित वितरणको अवस्था समीक्षा गरी पृष्ठपोषण गर्ने |
| ३. आविधक योजनाको अन्तिम मूल्याङ्कन | गाउँ कार्यपालिका | आ.व २०८२/८३ पछि | योजनाको अपेक्षित उपलव्धि र यसका प्रभाव मूल्याङ्कन हुने गरी सहभागितामूलक अन्तिम समीक्षा (तेस्रो पक्षबाट स्वतन्त्र मूल्याङ्कन) |

**(ख) वार्षिक योजनामा संलग्न कार्यक्रम तथा आयोजना**

वार्षिक योजनामा समावेश कार्यक्रम तथा आयोजना कार्यान्वयनको क्रममा समयमा गुणस्तर कायम गर्न र जाँच वा निरीक्षण गरी कार्यसम्पादन सुनिश्चित गर्न अनुगमन कार्यसञ्चालन गरिनेछ । अनुगमनका क्रममा कार्यान्वयनमा भएका गल्ती कमजोरी तत्काल सुधार गरी समयमा नै आयोजना सम्पन्न गर्नका साथै गाउँपालिकाको कोषको अपव्यय हुनबाट रोकिनेछ।

**(अ) अनुगमन तथा मूल्याङ्कन प्रणाली**

- **नियमित अनुगमनः** सम्बन्धित शाखा प्रमुख वा प्राविधिक वा तोकिएको कर्मचारीबाट कार्यक्रम /आयोजनाको नियमित सुपरीवेक्षण, निश्चित कार्यसम्पादन भएपछि भुक्तानी अगावै सम्पन्न भएका कार्यको मूल्याङ्कन र कार्यसम्पन्न भएपछि कार्यसम्पन्न प्रतिवेदनद्वारा गरिने अनुगमन तथा मूल्याङ्कन कार्य ।
- **अनुगमन समितिबाट हुने अनुगमनः** स्वीकृत अनुगमन कार्ययोजना अनुसार अनुगमन सिमितबाट गरिने कार्यक्रम/आयोजनाको अनुगमन।
- **कायर्पालिकाबाट अनुगमनः** कार्यपालिकाबाट आवश्यकता अनुसार वार्षिक कार्यक्रम तथा आयोजना र पालिकाको भूगोलभित्र सञ्चालित कार्यक्रमहरूको अनुगमन। गाउँपालिकाभित्र अन्य निकायबाट सञ्चालित कार्यक्रमको अनुगमनपश्चात् सो सम्बन्धमा केही गर्नुपर्ने देखिएमा सम्बन्धित निकायमा समेत जानकारी गराइनेछ।

**(आ) गाउँपालिकाले अनुगमन गर्ने आयोजना**

गाउँपालिकाले देहायका आयोजनाहरूको अनुगमन गर्नेछ-

1. गाउँपालिकाबाट स्वीकृत कार्यक्रम वा आयोजनाहरू ।
2. गाउँपालिकाबाट लगानी भएको आयोजनाहरू ।
3. नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त स्रोत साधनमार्फत सञ्चालित आयोजनाहरू।
4. गाउँपालिकाको क्षेत्रभित्र गैरसरकारी संस्थामार्फत सञ्चालित आयोजनाहरू ।
5. गाउँपालिकाले आबश्यक ठानेका अन्य आयोजनाहरू ।

**(इ) अनुगमनमा मूलभूत रूपमा निम्न विषयहरू हेरिनेछन्:**

1. कार्यतालिका अनुसार काम भए नभएको,
2. तोकिएको कामको समय, लागत र गुणस्तर भए नभएको,
3. कार्यसम्पादनको क्रममा कुनै त्रुटि भए नभएको,
4. डिजायनमा वा कार्यान्वयनमा कुनै गल्ती वा कमी कमजोरी भए नभएको ।

**(ई) अनुगमन समिति**

गाउँपालिकाका वार्षिक योजना तथा समावेश भएका कार्यक्रम/आयोजनाको अनुगमनका लागि उपाध्यक्षको संयोजकत्वमा अनुगमन समिति गठन गरिने कानुनी व्यवस्था अनुसार गठन गरिएको

छ । यस अलावा वडा स्तरीय कार्यक्रम/आयोजनाको अनुगमन वडास्तरीय अनुगमन समितिबाट समेत हुने व्यवस्था रहेको छ।

अनुगमन समितिले अनुगमन योजना स्वीकृत गराई नियमित अनुगमनको व्यवस्था मिलाउनेछ। समितिले योजना कार्यक्रमको सूचकका आधारमा अनुगमन गरी प्रतिवेदन पेश गर्ने गराउनेछ। आफूले गरेको अनुगमनका आधारमा तत्काल समाधान गर्नुपर्ने विषयको हकमा तत्कालै प्रतिवेदन गर्ने र अन्यको हकमा मासिक रूपमा कार्यपालिकाको बैठकमा प्रस्तुत गरिनेछ। कार्यपालिकाको बैठकमा अनुगमन प्रतिवेदन नियमित एजेण्डाको रूपमा छलफलमा ल्याइनेछ र समीक्षा बैठकमा समेत अनुगमन सम्बन्धी अवस्थाका बारेमा छलफल गरिनेछ।

अनुगमनमा देहायका मध्ये कुनै तरिकाहरू अपनाइनेछः

1. नियमित प्रतिवेदन लिएर ।
2. स्थलगत अवलोकन गरेर ।
3. सरोकारवालाहरूसँग छलफल गरेर ।
4. नागरिक समाजका संस्थाहरू परिचालन गरेर (मिडिया आदि) ।
5. सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण जस्ता विधिहरू अपनाएर ।

**(उ) मूल्याङ्कन**

गाउँपालिकाले सम्पन्न गरेका कार्यक्रम/आयोजनाले अपेक्षित प्रतिफल प्राप्त भयो भएन ? त्यसको असर तथा प्रभावको लेखाजोखा गरी नतिजाप्रति जवाफदेहिता अभिवृद्धि गर्नका साथै यसको अनुभवबाट पाठ सिकेर भावी कार्यक्रम/आयोजनामा सुधार गर्ने पालिकाले छनौट गरेका

प्राथमिकताप्राप्त आयोजनाहरूको मूल्याङ्कन गरिनेछ। यसरी मूल्याङ्कन गर्दा आन्तरिक वा स्वमूल्याङ्कन वा स्वतन्त्र वा तेस्रो पक्षमार्फत समेत गराइनेछ । आयोजनाको मूल्याङ्कनपश्चात् प्राप्त नतिजा कार्यपालिकाको बैठकमा प्रस्तुत गरी सरोकारवालालाई समेत जानकारी गराइनेछ ।

## ९.४ आन्तरिक राजस्व परिचालन

### १. पृष्ठभूमि

नौकुण्ड गाउँपालिकामा सार्वजनिक क्षेत्र अन्तर्गत गरिने खर्चहरू जुटाउन विभिन्न स्रोतहरूको व्यवस्थापन गर्नुपर्ने हुन्छ । गाउँपालिकामा समग्र रूपमा राजस्व परिचालन प्रभावकारी हुन सकेमानै आवधिक योजनाको लागि चाहिने खर्च जुटाउन सम्भव हुनेछ । नौकुण्ड गाउँपालिकाको हालको वार्षिक बजेटमा आन्तरिक राजस्वको अनुपात न्यून रहेको अवश्थालाई हेर्दा तत्कालका निमित संघीय तथा प्रदेश सरकारको अनुदानमा बढी निर्र्भर रहनुपर्ने बाध्यता रहेको छ ।यस गाउँपालिकामा उद्यमशीलताको अभावले व्यावसायिक उत्पादन तथा उत्पादकत्व न्यून रहनु, अधिकांश गाउँबासीको आर्थिक स्थिति कमजोर रहनु, करको दायरा एवं आधार सीमित रहनु र सम्भाव्य कर तथा गैर करका थप अवसरहरूको उपयोग हुन नसक्नु जस्ता कारणहरूले गर्दा हाललाई आन्तरिक राजस्व बढी अनुपातमा उठाउन सक्ने अवश्था छैन । यसका लागि गाउँपालिकामा भविष्यमा थप आन्तरिक राजस्व परिचालन गर्नका निमित गाउँपालिकाको विद्यमान एवं सम्भाव्य सम्भावनाहरूलाई उपयोग गर्दै राजस्व परिचालनलाई क्रमिक रूपमा बढाउदै लैजानुपर्ने देखिन्छ । यस गाउँपालिका क्षेत्रमा बेत्रावती हाइड्रो १४.७ मेगावाट र रसुवा फलाखुखोला हाइड्रोपावर ५ मेगावाट जलविद्युत आयोजना निर्माणाधीन अवस्थामा रहेकोले ती आयोजनाहरू सम्पन्न भएपछि गाउँपालिकाको आर्थिक क्रियमहलापहरूमा विस्तार भई आन्तरिक राजस्व संकलनमा बढोत्तरी हुने सम्भावना रहेको छ ।

### २. आन्तरिक राजस्वको विद्यमान स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार अन्तर्गत नौकुण्ड गाउँपालिकाको आन्तरिक आयका विद्यमान तथा सम्भाव्य प्रमुख स्रोतहरूमा सम्पत्ति कर, मालपोत कर, व्यवसायकर, सिफारिस तथा अन्य दस्तुर, सेवा शुल्क दस्तुर, बहाल कर, बहाल बिटौरी कर, प्राकृतिक स्रोत उपयोग कर, दर्ता नवीकरण आदि छन् । आन्तरिक राजस्व अन्तर्गत संघ र प्रदेशसँग हुने राजस्व तथा रोयल्टी बाँडफाँटको रकमलाई समेटिएको छैन । विद्यमान अवश्थामा यस गाउँपालिकाको आन्तरिक राजस्व संकलनको रकम भने एकदमै न्यून रहेको छ । आर्थिक वर्ष २०७७/७८ मा SuTRA आंकडा अनुसार यथार्थ राजस्व संकलन रु. २ लाखमा सीमित रहेको छ । कोभिड-१९ को कारणले आर्थिक वर्ष २०७७/७८ देखि बन्दाबन्दी तथा अन्य प्रतिकूलताको कारणहरूले गर्दा गाउँपालिकाको आर्थिक गतिविधिहरू सीमित हुन गई राजस्व संकलनमा प्रतिकूल प्रभाव पर्न गएको देखिन्छ ।

विद्यमान स्थितिमा बाह्य स्रोतहरूमाथीको अत्यधिक निर्भरतालाई क्रमिक रूपमा घटाउँदै लैजान आन्तरिक राजस्व संकलनको स्थितिमा क्रमिक रूपमा व्यापक सुधारको खाँचो छ। यसका लागि गाउँपालिकाको आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि हुनु अपरिहार्य देखिन्छ। गाउँपालिकाको आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि गर्ने उदेश्यले आर्थिक वर्ष २०७७/७८ मा तयार गरिएको राजस्व सुधार कार्य योजनालाई प्रभावकारी रूपमा कार्यान्यवन गर्नुपर्ने आवश्यकता छ ।

## ३. आन्तरिक राजस्व परिचालनका सम्भावनाहरू

नौकुण्ड गाउँपालिकाको आन्तरिक राजस्व संकलनको न्यून अनुपातलाई आगामी वर्षहरूमा क्रमिक रूपमा वृद्धि गर्दै लैजान सम्भाव्य कर तथा गैरकर राजस्वको सूक्ष्म अध्ययन तथा विश्लेषण गरी विषयगत आधारमा सुधारका क्षेत्रहरू पहिल्याई प्रभावकारी कार्यान्वयनको आवश्यकता छ । गाउँपालिकाको राजस्व आम्दानीलाई बढाउन कर तथा गैरकरका दरहरू बढाउँदा वा नया दरहरू कायम गर्दा करदाताहरूको तिर्न सक्ने क्षमता का साथै करदाताको कर तिर्ने तत्परतालाई समेत ध्यान दिइनु पर्नेछ । यस परिप्रेक्षमा गाउँपलिकाको राजस्व सूधार कार्ययोजना, २०७७ ले प्रस्ताव गरे बमोजिम स्थानीयस्तरमा लगाइने कर तथा गैर कर राजस्व प्रणालीलाई प्रगतिशील एवं समन्यायिक स्वरूप दिई करदाता एवं सेवाग्राही मैत्री तुल्याइनुपर्ने हुन्छ । गाउँपालिकाको आन्तरिक राजस्व वृद्धिका लागि स्रोतगत आधारमा निम्न बमोजिमका सम्भावनाहरूलाई ध्यान दिइनु पर्दछ ।

### ३.१ आन्तरिक राजस्व परिचालनका लागि सम्भावनाका क्षेत्रहरू

#### ३.१.१ कर राजस्व

**क) सम्पत्ति कर**

दीर्घकालमा गाउँपालिकाद्धारा घरजग्गामा लगाउने सम्पत्ति कर विश्वसनीय आयको स्रोत हुन सक्ने छ । यसका लागि गाउँपालिकाले वडागत रूपमा घरधुरीको किसिम, लागत रकम, वर्ग क्षेत्रफल, तल्ला संख्या घरले चर्चेको जमिन सहितको अभिलेख तयार गर्नुपर्ने हुन्छ ।सम्पत्ति करबाट बढी राजस्व प्राप्त गर्न हालको दर पुनरावलोकन गरिनु। पर्दछ । ।हाल निर्धारिते दरलाई प्रगतिशील बनाउनु जरुरी छ । गाउँपालिकाले एक छुट्टै सम्पत्ति कर निर्देशिका जारी गरी सोही बमोजिम कार्यान्वयन गर्नु उपयुक्त हुने देखिन्छ ।

**ख) भूमिकर (मालपोत)**

गाउँपालिकाले हरेक वडामा रहेको जमिन मध्ये सम्पत्ति कर लगाएको वाहेकको जमिनलाई मालपोत र भूमिकर प्रयोजनका लागि वर्गीकरण अनुसारको वडागत अनुसार लगत तयार गर्नु पर्दछ । नयाँ भूउपयोग ऐन अनुसार आफनो गाउँपालिका क्षेत्रभित्रको जग्गा जमीनको नक्सांकन गरी वर्गीकरणका अधारमा दररेट कायम गरिनुपर्ने देखिन्छ । जमिनको वर्गीकरण अनुसार र परिमाणलाई मध्यनजर गरी प्रगतिशील किसिमको दर निर्धारण गरिनु पर्दछ । भूमिकर (मालपोत) को दर निर्धारण गर्दा जग्गाको उत्पादकत्व, सिँचाइ सुविधा र उक्त जग्गाबाट हुने वार्षिक उत्पादनलाई विश्लेषण गरी निर्धारण गर्नु उपयुक्त हुनेछ । मालपोतको दरलाई प्रगतिशील बनाउन सुरु दर कम राखी जग्गाको परिमाणअनुसार क्रमशः दर बढाउँदै जानु उपयुक्त हुन्छ ।

**ग) घर बहाल कर (वार्षिक १० प्रतिशत)**

यस गाउँपालिकामा दुई सयभन्दा बढी संख्यामा उद्योग, व्यापार, व्यवसायहरू सञ्चालनमा रहेका र ती व्यापार व्यवसायहरूमध्ये करिब पच्चिस प्रतिशत बहालमा लिएको अनुमानमा घर बहाल कर प्राप्त हुन सक्ने सम्भावना रहेको छ । व्यावसायिक तथा आवासीय प्रयोजनका लागि

बहालमा प्रयोग भएका घर तथा जग्गाको परिमाण, मासिक बहालको दरअनुसारको लगत तयारी, व्यावसायिक तथा आवासीय प्रयोजनका लागि बहाल करको दर निर्धारण र स्वीकृति तथा कार्यान्वयन गर्नुपर्नेछ ।

**घ) व्यवसाय कर**

व्यवसाय करलाई पुँजीगत लगानी र वार्षिक कारोबारको आधारमा प्रगतिशील हिसावले लगाउँदा कानून संगत र समन्यायिक हुनेछ । गाउँपालिका अन्तर्गतका उद्योग, व्यापार तथा व्यवसायहरूलाई दर्ता प्रक्रियामा ल्याई तिनीहरूको पूँजीगत लगानी, मुनाफा, सेवा आदि पक्षहरूलाई मध्यनजर गरी थोक र खुद्रा कारोबार गर्ने आदि आधार समेतमा वर्गीकरण गरेर व्यवसाय करका दरहरू निर्धारण गरी वडास्तरबाट कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्नुपर्नेछ ।

**ङ) जडिबुटी, कवाडी र जीवजन्तुको व्यावसायिक उपयोग कर**

नौकुण्ड गाउँपालिकावाट विभिन्न प्रकारका जडिबुटी निर्यातको सम्भावना छ । यस्का लागि हाल उत्पादन हुने जडीबुटी, कवाडी र जीवजन्तुको नर्या तथा राजस्व असुलीकका लागि सामुदायिक वन उपभोक्ता समितिहरू, मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिहरू लगायत राष्ट्रिय निकुन्ज समिति सँग समन्वय गर्नुपर्ने हुन्छ । यसैगरी गाउँपालिकामा सडक सञ्जाल तथा बजार विस्तार सँगै कवाडी सामानमा कर उठाउन पनि सकिनेछ ।

**च) विज्ञापन कर**

गाउँपालिकाले बिज्ञापनको दर निर्धारण गरेको भए तापनि विज्ञापन कर शीर्षक अन्तर्गत खासै राजस्व प्राप्त हुन सकेको छैन । पारच्याङ, घिचेत पाटिखर्क, यार्सा युवा, सरमथली, भोर्ले, चिती, बडरे, सरस्यु, आरुखर्क, लाङबु, थाङदोर जस्ता यहाँका बजार केन्द्रहरू विज्ञापनका सामाग्री राख्ने क्षेत्र भएकाले भविष्यमा बिज्ञापन करको संकलन बढदै जाने सम्भावना देखिन्छ ।

**३.१.२ गैरकर राजस्व**

**क) बहाल विटौरी शुल्क**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सँर्वजनिक जग्गामा बनेका संरचनाको लगत विवरण अद्यावधिक गरी निर्धारित दर वमोजिम बहाल विटौरी शुल्क वाट राजस्व असुली गर्न सकिने सम्भावनालाई उपयोग गरिनु पर्दछ ।

**ख) अन्य विक्रीबाट प्राप्त (प्राकृतिक एवं खानीजन्य वस्तु)**

नौकुण्ड गाउँपालिकाले खानीजन्य वस्तु (ढुंगा, गिट्टी, वालुवा, स्लेट, माटो) तथा प्राकृतिक स्रोत उत्खनन् तथा संकलन गर्ने एवं आन्तरिक राजस्वका रूपमा संकलन गरेको छैन। लाङटाङ राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र व्यवस्थापनको कारणले प्राकृतिक एवं खानीजन्य वस्तुको विक्रीको सम्भावनालाई सीमित गरेको छ । साथै यस गाउँपालिकामा ठुला नदी नाला नभएको हुँदा गिट्टी, वालुवा बिक्री तथा निकासीको सम्भावना छैन । तथापि स्थानीय नदी नालालाई वातावरणमा प्रतिकुल असर नपर्ने गरी स्थानीय स्तरमा पूर्वाधार तथा अन्य संरचना निर्माणमा ढुंगा, गिट्टी, वालुवाको विक्री गरी राजस्व प्राप्त गर्न सकिनेछ ।

**ग) नक्सा पास दस्तुर**

यस गाउँपालिकामा बजार विस्तार भईरहेकोले पक्की भवनहरूको निर्माण बढ्दो हुनाले आगामी दिनमा पक्की घरहरू निर्माणको नक्सा पासवाट राजस्व प्राप्त गर्न सकिनेछ । यसका लागि नक्सापासलाई अनिवार्य गरी नक्सा पास दस्तुर आम्दानी प्राप्त गर्न सकिन्छ । पक्की र कच्ची संरचनाका साथै अर्ध पक्की संरचनाको समेत नक्सा पासको व्यवस्था गरी दर निर्धारण तथा कार्यान्वयन गर्नु उपयुक्त देखिन्छ । भवनको किसिम, आकार अनुसार नक्सा पास दस्तुर निर्धारण गरी कार्यान्वयनमा ल्याउनु जरुरी देखिन्छ । सार्थ यस क्षेत्रमा विपद् जोखिमका दृष्टिले संवेदनशीलतालाई दृष्टिगत गरी नक्सा पासको माध्यमद्धारा भवन निर्माण मापदण्ड पालना गर्नु गराउनु पनि जरुरी देखिएको छ ।

**घ) व्यवसाय दर्ता/नवीकरण शुल्क**

गाउँपालिकामा व्यवसाय दर्ता तथा नवीकरण शुल्कको विस्तृत आधार तयार गरी दर्ता, नवीकरण तथा सिफारिस जस्ता शीर्षकगत अनुसार राजस्व आय संकलन गर्न सकिनेछ। गाउँपालिका क्षेत्रभित्रका सहकारी, संघसंस्था, उद्योग व्यवसायको दर्ता तथा नवीकरण प्रक्रियालाई प्रभावकारी रूपमा लागू गरेर राजस्व संकलनलाई बढाइनु पर्नेछ । यसका लागि वडागत रूपमा व्यवसायहरूको लगत, उद्यम/व्यवसायको पूँजी लगानी र वार्षिक कारोबार रकमका आधारमा वर्गीकरण गर्ने, व्यवसाय दर्ता तथा नवीकरण प्रक्रियालाई सरल गर्ने, सचेतनामूलक कार्यक्रम सञ्चालन गरी व्यवसाय व्यवसाय दर्ता/नवीकरण शुल्कको संकलन बढाउन सकिनेछ ।

**ङ) सिफारिस तथा प्रमाणित दस्तुर**

गाउँपालिकाई सिफारिस तथा प्रमाणित दस्तुरबाट पनि राम्रो राजस्व प्राप्त हुन सक्नेछ। गाउँपालिकाले प्रचलित कानून वमोजिम गर्ने सिफारिस तथा वडाबाट सिफारिस तथा प्रमाणित गर्ने प्रमुख क्षेत्र प्रमाणित शुल्क, धितो मुल्यांकन सिफारिस, सिफारिस, व्यक्तिगत घटना दर्ता जरिवाना र झै झगडा मुद्दा मामिला निवेदन लगायतका क्षेत्रहरू गाउँपालिका तथा वडाबाट सिफारिस तथा प्रमाणित गरे वापत्को शुल्क को विस्तृत आधार तयार गरी दस्तुर संकलन गर्नुपर्नेछ । यसलाई प्रकृतिका आधारमा सिफारिस तथा प्रमाणित दस्तुरको दर पुनरावलोकन गर्नुपर्नेछ ।

**च) सेवा शुल्क**

लाङटाङ राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रको सीमवर्ती गाउँपालिका भएकोले यस गाउँपालिकामा विभिन्न पर्यटकीय स्थलहरू रहेको तथा होमस्टे र होटलहरू समेत भएको र वार्षिक रूपमा आन्तरिक तथा बाह्य पर्यटक आउने गरेकाले पर्यटन शुल्कको सम्भावना रहेको छ । पर्यटकीय स्थल शुल्क, स्थानीय सडक पूर्वाधार शुल्क, सिँचाइ शुल्क, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क अन्य सेवा शुल्कको सम्भावना रहेको छ ।यस्का लागि शुल्क दर निर्धारण गर्ने, निजी क्षेत्रसँग साझेदारी वा व्यवस्थापन करार गरी कार्यान्वयन गर्दै जाने जस्ता उपायहरू अँगाल्न सकिनेछ ।

**छ) सामुदायिक वनबाट प्राप्त आय**

स्थानीय सरकार सञ्चालन ऐनमा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना गाउँपालिकाबाट स्वीकृत गर्नुपर्ने र त्यसबाट भएको आम्दानीको १०% सम्बन्धित गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोछ । यस गाउँपालिकामा २९ वटा सामुदायिक वन तथा ३ वटा मध्यवर्ती वन क्षेत्र रहेका हुनाले वनको दिगो उपयोगका लागि कार्ययोजना स्वीकृत गरी प्राप्त रकमको १०% रकम गाउँपालिकाका लागि महत्वपूर्ण स्रोत हुन सक्ने देखिन्छ । गाउँपालिकाभित्र रहेका सामुदायिक वनको दिगो उपयोगका लागि कार्ययोजना स्वीकृत गरी प्राप्त रकमको १०% रकम गाउँपालिकाका लागि महत्वपूर्ण स्रोत हुन सक्नेछ । वन ऐन, २०७६ अनुसार सामुदायिक वन उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तीमा ५० प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नुपर्ने प्रावधान रहेकोले पनि यो एउटा राम्रो स्रोत हुन सक्नेछ ।

**ज) घरजग्गा रजिष्ट्रेशन दस्तुर**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका घरजग्गाको स्वामित्व हस्तान्तरण गर्दा लिने र दिने व्यक्तिबाट प्रदेश आर्थिक ऐनमा तोकिए बमोजिम असूल गरिएको राजस्वको ६० प्रतिशत प्राप्त गर्ने गर्दछ ।गाउँपालिकाको लागि यो एउटा विश्वसनिय स्रोत हुन सक्नेछ । स्थानीय सरकार सञ्चालन ऐनमा यस्तो स्वामित्व हस्तान्तरणको कार्य गाउँपालिकाले नै गर्ने उल्लेख गरे तापनि हाल गाउँपालिकामा क्षमता पर्याप्त नरहेको र संघीय सरकार मातहत रहेको जिल्ला मालपोत कार्यालयबाट घरजग्गाको अभिलेख समेत हस्तान्तरण भइनसकेकोले जिल्ला मालपोत कार्यालयले नै प्रदेश कानूनमा तोकिए बमोजिम दस्तुर असूल उपर गर्ने गरेको छ र असूल भएको रकम प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयले मासिक रूपमा सम्बन्धित स्थानीय तह र प्रदेश सरकारको सञ्चित कोषमा दाखिला हुने गरी पठाइनेछ । गाउँपालिकाले घरजग्गाको मूल्यांकन वास्तविक रूपमा कारोबार हुने गरेको मूल्य भन्दा फरक नपरोस भन्नाका लागि आफ्नो गाउँपालिकाको लगत तयार गरी मालपोत कार्यालयमा अद्यावधिक गराउने गर्नु पर्दछ ।

## ३.२ आन्तरिक राजस्व परिचालनको रणनीति तथा कार्यनीति

नौकुण्ड गाउँपालिकाको राजस्व सुधार कार्ययोजना, २०७७ मा उल्लेख भए बमोजिम आन्तरिक राजस्व परिचालन सम्बन्धमा देहाय अनुसारका रणनीतिहरू अवलम्बन गरिनेछन् । उल्लिखित रणनीतिहरू कार्यान्वयनका लागि राजस्व सुधार कार्ययोजनामा विभिन्न कार्यनीतिहरू समेत उल्लेख गरिएका छन् ।

1. राजस्व सम्बन्धी कानूनी व्यवस्था गरी आन्तरिक आयको दायरा फराकिलो बनाउने ।
2. राजस्व प्रशासनको संस्थागत सुदृढीकरण गरी व्यवस्थित बनाउने ।
3. राजस्व प्रणालीलाई सरल, सहज र करदाता मैत्री बनाउने ।
4. समन्वय र सहकार्य अभिवृद्धि गरिने ।
5. राजस्व प्रणाली लाई लैङ्गिक र समावेशी संवेदनशील र उत्तरदायी बनाउने ।

## ४. आन्तरिक राजस्वको प्रक्षेपण

नौकण्ड गाउँपालिकाको आन्तरिक आयका प्रमुख स्रोतहरूमा सम्पत्ति कर, मालपोत कर, व्यवसायकर, सिफारिस तथा अन्य दस्तुर, सेवा शुल्क दस्तुर, बहाल कर, बआल बिटौरी कर, प्राकृतिक स्रोत उपयोग कर, दर्ता नवीकरण आदि रहेका छन् । यस गाउँपालिकाको आन्तरिक राजस्व संकलनको अनुपात भने एकदमै न्यून रहेकोछ । आर्थिक वर्ष २०७७/७८ मा SuTRA को आँकडा बमोजिम यथार्थ आन्तरिक राजस्व संकलन रु.२ लाख मात्र रहेको छ । आवधिक योजना अन्तर्गत गाउँपालिकाको आन्तरिक स्रोत अन्तर्गत राजस्व परिचालनवाट रु. ४.७७ करोड प्राप्त हुने अनुमान गरिएको छ, उक्त रकम संचित कोषमा कुल प्राप्ति अनुमानको करिब २ प्रतिशत मात्र हुने अनुमान गरिएको छ। कोभिड-१९ को कारणले आर्थिक वर्ष २०७७/७८ देखि बन्दाबन्दी तथा अन्य प्रतिकुलताको कारणहरूले गर्दा गाउँपालिकाको आर्थिक गतिविधिहरू सीमित हुन गई राजस्व संकलनमा प्रतिकुल प्रभाव पर्न गएको छ। गाउँपालिकाको आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि गर्ने उद्देश्यले आर्थिक वर्ष २०७७/७८ मा तयार गरिएको राजस्वसूधार कार्य योजना लाई प्रभावकारी रूपमा कार्यान्यवन गर्नुपर्नेछ । राजस्व प्प्तिलाई क्रमिक रूपमा बढाउँदै लैजाने गरी निम्न बमोजिम आन्तरिक राजस्व प्रक्षेपण गरिएको छ ।(तालिका ९.४.१)

**तालिका–९.४.१**

**आन्तरिक राजस्वको प्रक्षेपण**

**(आ.व २०७७/७८ को मूल्यमा) रु. लाखमा**

| क्र. सं. | शीर्षक | ०७७/७८ यथार्थ | ०७८/७९ अनुमान | ०७९/८० प्रक्षेपण | ०८०/८१ प्रक्षेपण | ०८१/८२ प्रक्षेपण | ०८२/८३ प्रक्षेपण | आवधिक योजनाको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | सम्पत्ति कर | 2 | 4.52 | 4.82 | ५.३० | ५.८३ | ६.४२ | २६.८९ |
| | भूमिकर मालपोत | | 33.77 | 40.53 | ४४.५६ | ४९.०४ | ५३.९५ | २,२१.८५ |
| | घरजग्गा रजिष्ट्रेसन दस्तुर प्रदेशबाट | | 7.06 | 7.76 | 8.54 | ९.३९ | १०.३३ | ४३.०८ |
| | घरजग्गा बहाल कर | | 0.68 | 0.75 | 0.83 | ०.९१ | १.०० | ४.१७ |
| | बहाल बटौरी कर | | 0.55 | 0.60 | 0.66 | ०.७३ | ०.८०. | ३.३४ |
| | व्यवसाय कर | | 1.20 | 1.32 | 1.45 | १.६० | १.७६ | ७.३३ |
| | विज्ञापन कर | | 0.66 | 0.72 | 0.79 | ०.८७. | ०.९६ | ४.०० |
| | अन्य कर (जडीबुटी, कवाडी, जीवजन्तु कर) | | 3.02 | 3.32 | 3.66 | ४.०२ | ४.४३ | १८.४५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | जम्मा कर राजस्व | **2** | **51.46** | **59.82** | **65.79** | **72.39** | **79.65** | **3,29.11** |
| | विभिन्न सेवा शुल्क | | 5.33 | 7.60 | 8. 36 | ९.२० | १०.१२ | ४०.६१ |
| | नक्सा पास दस्तुर | | 0.66 | 0.72 | 0.79 | ०.८७ | ०.९६ | ४.०० |
| | सिफारिस दस्तुर | | 6.05 | 6.65 | 7.32 | ८.०५ | ८.६७ | ३६.७४ |
| | अन्य प्रमाणित दस्तुर (घर अभिलेखीकरण) | | 10.37 | 10.40 | ८.०० | ९.०० | ९.०० | ४६.७७ |
| | जम्मा गैरकर राजस्व | | **22.41** | **25.37** | **24.47** | **27.12** | **28.75** | **1,28.12** |
| | **कुल जम्मा राजस्व** | २ | **73.87** | **85.19** | **90.26** | **99.51** | **1,08.40** | **4,57.23** |

**स्रोतः** RIAP **र** SuTRA Data

# परिच्छेद- १०

# नतिजा खाका

# तर्कबद्ध खाका (Logical Framework)

## १०.१ पृष्ठभूमि

योजना प्रक्रियालाई नतिजामुखी बनाउन यस आवधिक योजनाको लक्ष्यदेखि कार्यक्रमसम्मको कारण र असरहरूबीचको अन्तरसम्बन्ध एबं नतिजाका तहहरूको अन्तरसम्बन्ध कायम हुने गरी नतिजा खाकाको रूपमा तर्कबद्ध खाका (Logical Framework) तयार गरिएको छ।

यो तर्कबद्ध खाका तयार गर्दा विषयगत क्षेत्रका आधारमा तहगत नतिजा सूचक (Key result indicators) निर्धारण गरी सबै विषयगत क्षेत्र तथा उपक्षेत्रको लक्ष्य प्राप्तिमा योगदान स्थापित गराउन प्रयास गरिएको छ। सवै विषयगत क्षेत्रको नतिजा एउटै तालिकामा हेर्न सकियोस् भनी एकीकृत नतिजा खाका समेत तयार गरिएको छ।एकीकृत नतिजा खाकामा प्रभाव र असरस्तरको निर्माण गर्दा गाउँपालिकाको समष्टिगत लक्ष्य र उद्देश्य प्राप्तिलाई आधार मानिएको छ।

तर्कबद्ध खाकामा प्रयोग गरिएका सूचकहरू वार्षिक भनी उल्लेख भएकोमा बाहेक अन्य वार्षिक सूचकहरू समष्टिगत (Cumulative) रूपमा प्रस्तुत गरिएको छ।प्रयुक्त तथ्यांकहरू गा.पा. को वस्तुगत विवरण, कार्यशाला गोष्ठीबाट प्राप्त विवरण, गा.पा. सम्बन्धी अन्य दस्तावेजहरूबाट संकलित गरिएका छन्।

## १०.२ एकीकृत तर्कबद्ध खाका

### नौकुण्ड-एकिकृत तर्कवद्ध खाका

| नतिजाको स्तर | नतिजा सूचक | इकाई | आधार वर्ष ७७/७८ | लक्ष्य | | | | | सूचनाको श्रोत | कार्यान्वयन निकाय | जोखिम/अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ.व. ०७८/७९ | आ.व. ०७९०/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | | | |
| प्रभाव | कुल गार्हस्थ्य उत्पादन | **रु करोडमा** | **120.47** | **127.75** | **136.96** | **149.12** | **164.36** | **182.72** | बजेट वक्तब्य गाउंपालिका | गाउंपालिका | |
| | आर्थिक वृद्धि दर | **प्रतिशत** | 3.1 | **6.04** | **7.2** | **8.9** | **10.2** | **11.2** | बजेट वक्तब्य गाउंपालिका | गाउंपालिका | |
| असर-१ | प्रतिब्यक्ति आय | रु हजारमा | १०५.२१ | १११.३४ | ११८.४२ | १२५.६४ | १३०.३१ | १३४.८२ | गा.पा.को प्रगति प्रतिवेदन | गाउंपालिका | प्रदेश र संघ सरकार, निजीक्षेत्र को सहयोग र साझेदारी हुने। |
| | **आफ्नो उत्पादनले ३ महिना भन्दा कम खान पुग्ने परिवार** | **प्रतिशत** | 60.00 | 58.00 | 53.00 | 48.00 | 38.00 | 25.00 | | | |
| असर-२ | साक्षरता दर | **प्रतिशत** | 78 | 82 | 87 | 93 | 100 | 100 | | | |
| | अपेक्षित आयु | प्रतिशत | ७३ | ७३.५ | ७४.० | ७४.३ | ७४.७ | ७५.० | | | |
| | लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.९३१ | ०. ९३५ | ०.९४० | ०.९४५ | ०.९५० | ०.९६० | | | |
| असर- ३ | मोटरबाटोमा पुग्न लाग्ने अधिकतम **समय** | घण्टा:मिनेट | **२:०** | **१:३०** | **१:०** | **०:४५** | **.०:३०** | **०:३०** | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्युत् उपयोग गर्ने घरपरिवार | प्रतिशत | ९५.७६ | ९८ | ९९ | १०० | १०० | १०० | | | |
| | कम्तिमा एक सञ्चारको साधन उपयोग गर्ने नागरिक | प्रतिशत | ७५ | ८५ | ९० | ९५ | ९७ | १०० | | | |
| असर- ४ | सामुदायिक बनको क्षेत्रफल | हेक्टर | ८१८ | ८५० | ९०० | १००० | ११०० | १२०० | | | |
| असर-५ | स्थानीय तह संस्थागत क्षमता स्व—मूल्यांकन | प्राप्त अंक | 61 | 65 | 70 | 75 | 80 | 85 | | | |

## १०.३ विषयगत तर्कबद्ध खाका

## १०.३.१ आर्थिक क्षेत्रको तर्कबद्ध खाका

### (क) समष्टिगत आर्थिक क्षेत्र

| नतिजा स्तर | नतिजा सूचक | इकाई | आधार वर्ष २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | सूचनाका स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | **क) कुल गार्हस्थ उत्पादन (077/७8 को मूल्यमा)** | **रु करोडमा** | **120.47** | **127.75** | **136.96** | **149.12** | **164.36** | **182.72** | गाउँपालिकाको तथ्यांक | **गाउँपालिका** | |
| | **ख) वार्षिक आर्थिक वृद्धि दर** | **प्रतिशत** | 3.1 | **6.04** | **7.2** | **8.9** | **10.2** | **11.2** | गाउँपालिकाको तथ्यांक | **गाउँपालिका** | **संघीय र प्रदेश सरकार र निजी क्षेत्रसँग समन्वय भएको हुने। नयाँ आउने जनप्रतिनिधि योजना कार्यान्वयनमा तदारुक हुने।** |
| **असर 1** | क) कृषि क्षेत्रको वृद्धि दर | प्रतिशत | 3.9 | 5.0 | 6.0 | 7.5 | 9.0 | 9.5 | | | |
| | ख) उद्योग क्षेत्रको वृद्धि दर | प्रतिशत | 4.1 | ६.५ | 9.0 | १२. | १६. | २०.० | | | |
| | ग) सेवा क्षेत्रको वृद्धी दर | प्रतिशत | 5.8 | 7.0 | 8.0 | 9.5 | 10.0 | 10.5 | | | |
| **असर १** | **आर्थिक वृद्धि दर अन्तर्गतका प्रतिफल सूचकहरू** | | | | | | | | | | |
| प्रतिफल १ | कृषि क्षेत्रको उत्पादन (०७७/७८ को मूल्यमा) | रु करोडमा | ५४.५१ | ५७.२४ | ६०.६७ | ६५.२२ | ७१.०९ | ७७.८४ | गाउँपालिकाको तथ्यांक | **गाउँपालिका** | संघीय सरकार, प्रदेश सरकार र निजी क्षेत्रसँग समन्वय भएको हुने । |
| प्रतिफल २ | उद्योग क्षेत्रको उत्पादन (०७७/७८ को मूल्यमा) | रु करोडमा | १२.५९ | १३.४१ | १४.६२ | १६.३७ | १८.९९ | २२.७९ | | | |
| प्रतिफल ३ | सेवा क्षेत्रको उत्पादन (०७७/७८ को मूल्यमा) | रु करोडमा | ५३.३७ | ५७.११ | ६१.६७ | ६७.५३ | ७४.२९ | ८२.०९ | | | |
| प्रतिफल ४ | वैंकमा खाता भएका परिवार | प्रतिशत | ६१ | ६४ | ६९ | ७५ | ८५ | १०० | गाउँपालिकाको तथ्यांक | | संघीय सरकार, प्रदेश सरकार तथा बैंकहरूको सहयोग भएको हुने |
| प्रतिफल ५ | गाउँपालिकाको बजेट खर्च (०७७/७८ को मूल्यमा) | रु करोडमा | ३५.०९ | ४२.०७ | ४५.६२ | ४८.७९ | ५२.२८ | ५५.८७ | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल ६ | आन्तरिक राजस्व (०७७/७८ को मूल्यमा) | रु लाखमा | २.०० | ७३.८७ | ८६.१९ | ८२.२६ | ९०.५१ | ९९.६० | | | |
